२७३

# भक्तपुर
मासिक

Bhaktapur Monthly
भदौ २०७६

ISSN 2705-4454
9 772705 445004




## गाईजात्राको पुरस्कार वितरण कार्यक्रम सम्पन्न

- प्रमुख प्रजापति र चीनको साउथ इस्ट युनिभर्सिटीका प्रतिनिधिमण्डलबीच भेट
- भक्तपुर नगरपालिकामा भक्तपुर काण्डको विरोधमा प्रवचन कार्यक्रम
- नगर प्रमुख प्रजापतिलाई भक्तपुर क्यान्सर अस्पतालमा स्वागत
- नगरप्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर क्यान्सर अस्पताल व्यवस्थापन समिति गठन
- ख्वप विश्वविद्यालयलाई स्वीकृति नदिनुमा सत्तासीन दलको स्वार्थ र पक्षपातपूर्ण व्यवहार
- इतिहासविद् तथा संस्कृतिविद् स्व.लीलाभक्त मुनंकर्मी
- के लिच्छवीहरू नै मल्ल बनेका हुन् ? सन्दर्भ पूर्व मध्यकालीन नेपालको इतिहास
- त्यो ढुंगाको युग यो फलामे युग
- नगरपालिकाका गतिविधिहरू

# पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रमका केही झलक





# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१०    फ्याक्स : ६६१३२०६
website : http://bhaktapurmun.gov.np
email : info@bhaktapurmun.gov.np
Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४०    भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

वर्ष ३६ ★ अङ्क ११ ★ ने.सं. ११३९ ★ वि.सं. २०७६ भाद्र ★ A.D.2019

कार्यालय: भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी (बिढा)

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स


ब्यासी, भक्तपुर

☎ ६६१३८८८

आवरण सज्जा : रेणु    dNo ?= @%.-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)

## एउटा तस्बिर    sf7df8f}+f]/fgL kf]v/Lsf]p6f k'/fgf]rq



(तस्बिर : इन्टरनेट)

'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन।

**'अरूलाई उपदेश दिनको लागि कुशल मानिस त धेरै छन्, तर ती उपदेशमा आफैं आचरण गर्ने मानिस थोरै हुन्छन ।'**– तुलसीदास

## यस अङ्कमा


| क्र.सं. | शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|---|
| १) | गाईजात्राको पुरस्कार वितरण कार्यक्रम सम्पन्न | – | ३ |
| २) | नेमकिपाको सातौं महाधिवेशनको प्रचारार्थ प्राध्यापकहरूको भेला | – | ५ |
| ३) | प्रमुख सुनिल प्रजापतिद्वारा सुर्यमढीस्थित चिभ भजन पाटी उद्घाटन | – | ६ |
| ४) | नेमकिपाको सातौं महाधिवेशनको तयारीस्वरूप प्राध्यापक भेला | – | ७ |
| ५) | नेमकिपाको सातौं महाधिवेशनको तयारीस्वरूप स्वयम्सेवक भेला | – | ८ |
| ६) | भक्तपुर नगरपालिकामा नयाँ कृषि प्रविधिबारे किसान भेला | – | ९ |
| ७) | प्रमुख प्रजापति र चीनको साउथ इस्ट युनिभर्सिटीका प्रतिनिधिमण्डलबीच भेट | – | १० |
| ८) | ख्वप बहुप्राविधिकमा विद्यार्थी अभिमुखीकरण कार्यक्रम | – | ११ |
| ९) | चार महिने जापानी भाषा तालिम उद्घाटन कार्यक्रम | – | १२ |
| १०) | नेपाल क्रान्तिकारी मजदुर संघ ट्रक एकाइ समितिको आयोजनामा मजदुर भेला | – | १३ |
| ११) | असल गुरू बन्नको लागि असल शिष्य हुनु आवश्यक | – | १४ |
| १२) | आयुर्वेदिक उपचार विधि र औषधिसम्बन्धी अभिमुखीकरण कार्यक्रम | – | १६ |
| १३) | भक्तपुर नगरपालिकामा भक्तपुर काण्डको विरोधमा प्रवचन कार्यक्रम | – | १७ |
| १४) | 'गाइँचा म्ये' मुना सार्वजनिक | – | १८ |
| १५) | प्रमुख सुनिल प्रजापतिद्वारा साकोलानस्थित ताहा फल्चा (पाटी) उद्घाटन | – | १९ |
| १६) | वागीश्वरीमा बृहत शिक्षक भेला सम्पन्न | – | २० |
| १७) | भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूबीच जम्मु-काश्मीर मामिलाबारे प्रवचन | – | २१ |
| १८) | 'बिरामीहरूको गुणस्तरीय उपचार सेवा हाम्रो उद्देश्य हो' | – | २२ |
| १९) | भक्तपुर नपाका प्रमुख र नेपाल क्यान्सर रोग निवारण संस्थाका पदाधिकारीबीच भेट | – | २४ |
| २०) | भक्तपुर क्यान्सर अस्पतालको छानबिन समिति गठन | – | २५ |
| २१) | नगर प्रमुख प्रजापतिलाई भक्तपुर क्यान्सर अस्पतालमा स्वागत | – | २६ |
| २२) | 'क्यान्सर अस्पताल जनताको हो' | – | २७ |
| २३) | नगरप्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर क्यान्सर अस्पताल व्यवस्थापन समिति गठन | – | २८ |
| २४) | भक्तपुर क्यान्सर अस्पतालमा भइरहेको आर्थिक भ्रष्टाचारको विषयमा ज्ञापनपत्र | – | २९ |
| २५) | 'गुठी जग्गा र सम्पदा संरक्षणको जिम्मा स्थानीय तहलाई दिनुपर्छ' – प्रमुख प्रजापति | – | ३१ |
| २६) | अपाङ्गता भएका व्यक्तिहरूसँग अन्तरक्रिया कार्यक्रम | – | ३३ |
| २७) | '२० औं अन्तर्राष्ट्रिय युवा दिवस मनाइयो' | – | ३४ |
| २८) | विपद् व्यवस्थापनसम्बन्धी युवा विद्यार्थीहरूलाई अभिमुखीकरण कार्यक्रम | – | ३६ |
| २९) | सहकारी संस्थाहरूले समयमै कर बुझाउनुपर्ने : नगर प्रमुख प्रजापति | – | ३७ |
| ३०) | छाती पुनःस्थापना केन्द्र निर्माण प्रगतिबारे समीक्षा बैठक | – | ३८ |
| ३१) | ख्वप इन्जिनियरिङ कलेजमा प्रा.डा. मोहनमूर्ति पन्तलाई बिदाई कार्यक्रम | – | ३९ |
| ३२) | ख्वप विश्वविद्यालयलाई स्वीकृति नदिनुमा सत्तासीन दलको स्वार्थ र पक्षपातपूर्ण व्यवहार | – | ४१ |
| ३३) | मल्लराजाको राजसभाका ६ थरी | डा. वीरेन्द्रप्रसाद कायस्थ | ४४ |
| ३४) | भक्तपुर नगरपालिकाको बैठक निर्णय | – | ४९ |
| ३५) | इतिहासविद् तथा संस्कृतिविद् स्व.लीलाभक्त मुनंकर्मी | ओम धौभडेल | ७३ |
| ३६) | के लिच्छवीहरू नै मल्ल बनेका हुन् ? सन्दर्भ पूर्व मध्यकालीन नेपालको इतिहास | डा. बलराम कायस्थ | ७७ |
| ३७) | बिषादी र मानव स्वास्थ्य– सबिन ख्याजू | सबिन ख्याजू | ७९ |
| ३८) | भैरवनाथ मन्दिरको जीर्णोद्धार | गौरीबहादुर कार्की | ८२ |
| ३९) | त्यो ढुंगाको युग यो फलामे युग | तेजेश्वरबाबु ग्वँग: | ८४ |
| ४०) | सांस्कृतिक पहिचान खोज्दै भक्तपुर | सपना महर्जन | ८६ |
| ४१) | SKETCHES FROM NIPAL (40) | Henry Ambrose Oldfield | ८८ |
| ४२) | क्यान्सर अस्पतालमा नगरपालिकाको प्रवेश किन ? (सम्पादकको पृष्ठ) | – | ९२ |


**साथमा**


भारतीय शासक वर्गकै आडभरोसामा देशमा सशस्त्र गतिविधि सञ्चालन–५/'कला-संस्कृतिसँगै नगरवासीहरूको सांस्कृतिक उठाउँदै लानुपर्छ'–६/'जम्मु-काश्मीर र भक्तपुर क्यान्सर अस्पताल' बारे प्रवचन कार्यक्रम–८/खेलकुदले नागरिकहरूलाई शारीरिक र मानसिक रूपले स्वस्थ बनाउने–१३/भरोसाका विमल होडा काठमाडौं जिल्ला शाखाबाट निष्काशित–१४/युवा व्यवसायीहरूको भेला–१५/भक्तपुर नगरपालिका अवलोकनमा टोखा नगरपालिकाका जनप्रतिनिधिहरू–३०/गाईजात्रा प्रदक्षिणा मार्गमा सरसफाइ–३२/फोटोग्राफरहरूको भेला सम्पन्न–३३/२० औं अन्तर्राष्ट्रिय युवा दिवस–३५/सापारुको तयारीस्वरूप सफाइ मजदुरहरूको भेला–३६/सापारुको तयारीमा सांस्कृतिक गुरुहरूको भेला–३७/गाईजात्रा व्यवस्थापनबारे सरोकारवालाको बैठक–३८/हनुमानघाटदेखि वासिकचासम्मको बाटोमा वृक्षारोपण –४०/गाईजात्रा प्रदक्षिणा मार्गमा अनुगमन–४१/कौसी खेती तालिम सम्पन्न–४२/भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति र पन्चदेवल विनायक नपाका प्रमुख देवराज देवकोटाबीच भेट–४२/ब्रम्हायणीको मन्दिर पुनःनिर्माणबारे छलफल कार्यक्रम–४३/अनुगमन समितिद्वारा अनुगमन चालू–४३/रंगीन पृष्ठ–४५ देखि ४८/बसिबियाँलो–७६/नेपालको संविधान २०७२, भाग–३३/संक्रमणकालीन व्यवस्था(४७)–८९/घिउकुमारी जुसको फाइदा–९०/भक्तपुर नपा घरदैलो नर्सिङ्ग सेवा २०७६ साउन महिनाको प्रतिवेदन–९०/साउन महिनाको पर्यटक तथ्याङ्क– ९१ ।




# गाईजात्राको पुरस्कार वितरण कार्यक्रम सम्पन्न

भक्तपुर नगरपालिकाको आयोजना भदौ २२ गते गुन्हिपुन्हीको सापारु धैं धैं बला कासा २०७६ (गाईजात्रा पर्व) मा प्रदर्शन गरेका परम्परागत एवम् आधुनिक सांस्कृतिक विधाहरूलाई पुरस्कार एवम् प्रमाणपत्र वितरण कार्यक्रम सम्पन्न भयो ।



g]lskfsf cWoIf gf/fo0fdfg lahS5]+ -/f]lxt_ sfo{qmddf af]Nb}

कार्यक्रममा बोल्नुहुँदै नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले भक्तपुरको पर्यटन प्रवर्द्धन गर्न यहाँका मूर्त र अमूर्त सम्पदाहरू संरक्षण र सम्बर्द्धन आवश्यक भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले यहाँका मौलिक नाच, बाजा, कला र संस्कृतिहरू झल्किने प्रतियोगिताहरू व्यवस्थित रूपमा सञ्चालन गर्नेतर्फ ध्यान दिनुपर्ने बताउनुहुँदै उहाँले नयाँ पुस्तालाई बद्लिँदो समाजसँग प्रतिस्पर्धा गर्न सक्ने ढंगले प्रशिक्षित गर्नु आवश्यक भएको बताउनुभयो ।

गाईजात्रा सुरु हुनु अगाडि त्यसबारे पर्याप्त तयारीहरू गरी प्रगतिशील ढंगले संस्कृतिलाई अगाडि बढाउने सोचको आवश्यकता भएको उल्लेख गर्नुहुँदै नेता बिजुक्छेंले प्रतियोगिता जित्नको लागि मात्र लेख्ने भन्दा पनि समाजको वास्तविकतालाई पाठकमाझ सिर्जनशील ढंगले प्रस्तुत गर्ने सोचकासाथ लेखकहरू अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो ।

नेमकिपाका संघीय सांसद प्रेम सुवालले पर्यटन उद्योग विकासको नाममा सांस्कृतिक अतिक्रमणको खतरा हुनेतर्फ सचेत पार्नुहुँदै भक्तपुरको पर्यटन उद्योग विकास गर्न यहाँका मौलिकता जोगाइराख्नु आवश्यक भएको बताउनुभयो ।

राजश्व चुहावट विधेयक भर्खरै संसदबाट पारित भइसकेको जिकिर गर्नुहुँदै सांसद सुवालले सरकारलाई तिरेको कर सार्वजनिक हुनुपर्नेमा जोड दिनुहुँदै आम्दानीअनुसार कर तिर्ने प्रावधान बनाउनु आवश्यक भएको र सरकारले प्रगतिशील कर निर्धारण गर्नुपर्छ भन्नुभयो ।

उहाँले नेमकिपाको ७ औं महाधिवेशन नजिकिँदै गरेको प्रसँग कोट्याउनुहुँदै उपस्थित जनसमुदायमाझ पार्टीको महाधिवेशनमा सहभागिता जनाई भव्य रूपमा सम्पन्न गर्नको लागि सहयोग पुऱ्याउन आग्रह गर्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले उपत्यकाको भाषा, कला र संस्कृतिमाथि हस्तक्षेप भइरहेको बताउनुहुँदै यसतर्फ सम्बन्धित निकायको ध्यान जान आवश्यक भएको बताउनुभयो । भक्तपुरलाई आन्तरिक र बाह्य पर्यटकहरूको उत्कृष्ट गन्तव्यस्थलको रूपमा स्थापित गर्न भक्तपुर नपा प्रयासरत रहेको उल्लेख गर्नुहुँदै प्रमुख प्रजापतिले गाईजात्रा

प्रदक्षिणा मार्गलाई पर्यटकीय रुटको रूपमा विकास गरी पर्यटन प्रवर्द्धनमा ध्यान दिइरहेको बताउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले भक्तपुरको कला र संस्कृतिलाई जीवन्तता दिन मौलिक सीप तथा प्रविधिहरू नयाँ पुस्तालाई हस्तान्तरण गर्दै लानुपर्ने बताउनुभयो । सरकारले स्मार्ट सिटीको नाममा उपत्यकाको खेतीयोग्य जमिन म्हास्ने काम गरिरहेको बताउनुहुँदै उपप्रमुख जोशीले भूकम्पबाट क्षतिग्रस्त सम्पदाहरू पुन:निर्माणको अन्तिम चरणमा प्रवेश गरेको बताउनुभयो ।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टले भक्तपुरलाई विशेष पहिचान बोकेको सहरको रूपमा स्थापित गर्नु आवश्यक भएको बताउनुहुँदै भक्तपुरका लोप हुन लागेका नृत्य तथा बाजाहरू उजागर गर्ने कार्यमा उल्लेखनीय कार्य गरिरहेको बताउनुभयो ।

भक्तपुर उद्योग वाणिज्य संघका अध्यक्ष रामप्रसाद प्रजापतिले सांस्कृतिक विधाका प्रतियोगिताले कला र संस्कृति प्रवर्द्धनमा महत्त्वपूर्ण टेवा पुऱ्याएको र गाईजात्राको रौनक बढ्नुका साथै नगरबासीहरूको आर्थिक विकासमा पनि टेवा पुगेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका निवर्तमान प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारी, भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवां, ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्व र भक्तपुर नपा वडा नं. ५ वडा सदस्य सम्झना खाइजुले पनि बोल्नुभएको थियो । मूल्याकंनकर्ता चन्द्रबहादुर उलकले नाटक/ख्याल लेखन प्रतियोगिताको परिणाम घोषणा गर्नुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि, विशेष अतिथि र अतिथिहरूले भक्तपुर नपाद्वारा आयोजित गाईजात्रा पर्व २०७६ को अवसरमा २०७६ साउन ३१ गते सापारुका दिन प्रदर्शन गरिएका घिङ्ताङघिसी र माक प्याखं तथा भदौ १ गतेदेखि ६ गतेसम्म प्रदर्शन गरिएका सांस्कृतिक विधाहरूमा प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान हासिल गर्ने सांस्कृतिक टोली र घिङताङघिसी, परम्परागत विधा र आधुनिक विधातर्फका उत्कृष्ट कलाकार र निर्देशकहरूलाई पुरस्कार वितरण गर्नुभएको थियो ।

साथै भक्तपुर नगरपालिकाको आयोजनामा शिक्षा, स्वास्थ्य, वातावरण, सम्पदा, संस्कृति एवम् समसामयिक, राजनैतिक विषयमा भएको जनचेतनामूलक नाटक तथा ख्याल लेखन प्रतियोगिताका विजयीहरूलाई नगद पुरस्कार प्रदान गरिएको थियो ।

पुरस्कार वितरण कार्यक्रममा प्रतियोगितामा प्रथम हुन सफल माक प्याखँ, लाखे प्याखँ, जंगली प्याखँ, कवांचा प्याखँ, नागाचा प्याखँ, खिचा प्याखँ, ख्या प्याखं र देवी प्याखँ पनि प्रस्तुत गरिएको थियो ।



# नेमकिपाको सातौं महाधिवेशनको प्रचारार्थ प्राध्यापकहरूको भेला



नेपाल मजदुर किसान पार्टीको सातौं महाधिवेशनको प्रचारार्थ एवम् समसामयिक विषयमा जानकारी दिने उद्देश्यले भदौ २१ गते ख्वप मावि तथा शारदा क्याम्पस माविमा कार्यरत प्राध्यापकहरूको भेला भयो ।

कार्यक्रममा विद्यालय सञ्चालक समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले देश संकटको बेला बुद्धिजीवीहरू चुप लागेर बस्न नहुने चर्चा गर्दै अन्याय र अत्याचारविरूद्ध बुद्धिजीवीहरू अग्रपङ्तिमा उभिनु आवश्यक छ भन्नुभयो ।

नेमकिपाको नीति र निर्देशनअनुसार भक्तपुर नगरपालिकामा कार्य भइरहेको जानकारी दिँदै उहाँले भन्नुभयो, 'भनपाले कलेजहरू सञ्चालन गर्नु पनि पार्टी निर्देशनकै सिलसिला हो । शिक्षाको माध्यमबाट समाजमा आमूल परिवर्तन गर्ने लक्ष्य भनपाको हो ।'

भक्तपुर क्यान्सर अस्पतालमा भइरहेको भ्रष्टाचार र अनियमिताबारे प्रकाशित समाचार, भनपा र क्यान्सर अस्पतालबीचको समझदारी अस्पतालले उल्लंघन गरेको र त्यहाँ कार्यरत कर्मचारी र नगरवासीको दबाबअनुसार नै हालको लागि भनपाले क्यान्सर अस्पतालको व्यवस्थापन जिम्मा लिनुपरेको चर्चा गर्दै प्रमुख प्रजापतिले भन्नुभयो, 'हामीले गरेको हरेक काम खुला पुस्तक सरह पारदर्शी छ ।'

भारतीय विस्तारवादले नेपालको सीमा क्षेत्रमा बनाएको सडक बाँधको कारण नेपालको अन्न भण्डार तराई क्षेत्र भारतको लागि जल भण्डारमा परिणत भए पनि शासक पार्टीहरूले केही बोल्न नसक्नु लाचारीपन भएको उहाँले बताउनुभयो ।

भेलामा नेपाल प्राध्यापक समाजका अध्यक्ष सरोजराज गोसाईले प्राध्यापकहरूले पढाईका अतिरिक्त समसामयिक राष्ट्रिय र अन्तराष्ट्रिय घटनाक्रमबारे जानकार भई समाजलाई सही बाटोमा अगाडि बढाउने कार्यमा सहयोग गर्नुपर्ने बताउनुभयो ।

'नेमकिपाले भारतीय विस्तारवाद र संरा अमेरिकी साम्राज्यवादविरूद्ध निरन्तर विरोध एवम् संघर्ष गर्नुका साथै अन्याय र अत्याचारविरूद्ध जनतालाई सुसूचित गर्दै आइरहेको छ', उहाँले भन्नुभयो ।

उहाँले नेमकिपाको सातौं महाधिवेशन सफलताको लागि प्राध्यापकहरूबाट सक्रिय सहयोगको अपेक्षा गर्नुभयो ।

भेलामा ख्वप माविका प्राचार्य प्रकाशकुमार श्रेष्ठले पनि बोल्नुभएको थियो ।

# भारतीय शासक वर्गकै आडभरोसामा देशमा सशस्त्र गतिविधि सञ्चालन

नेपाल मजदुर किसान पार्टीको सातौं महाधिवेशनको सिलसिलामा भदौ २१ गते वागीश्वरी कलेजका शिक्षक तथा प्राध्यापकहरूको भेला भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवम् भक्तपुर नगरपालिकाका मेयर सुनिल प्रजापतिले नेमकिपाले सङ्घीय संसद्, प्रदेश संसद र स्थानीय तहलाई उपयोग गरी जनताको सेवा गर्दै आएको स्पष्ट पार्नुभयो ।

उहाँले अरूको भरमा गरेको आन्दोलन र सङ्घर्ष नटिक्ने भन्दै तत्कालीन नेकपा (माओवादी) ले भारतीय शासक वर्गकै आडभरोसामा देशमा सशस्त्र गतिविधि सञ्चालन गरेको विचार राख्नुभयो ।

मेयर प्रजापतिले भक्तपुर क्यान्सर अस्पतालमा भएको भ्रष्टाचार रोक्न र सार्वजनिक सम्पत्तिको रक्षाको निम्ति भक्तपुर नगरपालिकाले पहल गरेको भन्दै स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार नगरपालिकाले अस्पतालको अनुगमन एवम् नियमन गर्नसक्ने धारणा राख्नुभयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवम् नेपाल प्राध्यापक समाजका केन्द्रीय अध्यक्ष सरोजराज गोसाईले देशको सार्वभौमिकता तथा स्वतन्त्रताको निम्ति प्राध्यापकहरूले बोल्ने समय आएको विचार राख्नुभयो । उहाँले भारतीय विस्तारवाद एवम् एकाधिकार पुँजी नै नेपाली सर्वहारा वर्गीय आन्दोलनको मुख्य शत्रु भएको नेमकिपाको धारणाबारे प्रस्ट पार्नुभयो ।

नेपाल क्रान्तिकारी शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष ज्ञानसागर प्रजापतिले अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरूले नेपालको मजदुर वर्गीय आन्दोलनलाई कमजोर पार्न खोजेको भन्दै नेमकिपाले देशभक्तिपूर्ण आन्दोलनलाई अगाडि बढाइरहेको बताउनुभयो ।

नेप्रास, वागीश्वरी कलेज एकाइका अध्यक्ष ग्याहेन्द्रप्रसाद दाहालको सभापतित्वमा सम्पन्न कार्यक्रममा वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठ, शिक्षकहरू उकेश सुवाल, निरु ताल्चाभडेलले पनि प्राध्यापकहरूले नेमकिपालाई ऐक्यबद्धता जाहेर गर्नुपर्ने विचार राख्नुभयो ।

# प्रमुख सुनिल प्रजापतिद्वारा सुर्यमढीस्थित चिभ भजन पाटी उद्घाटन

'भक्तपुरका जनताको क्रान्तिकारी भावनाकै कारण किसानहरूको मोहियानी हक संरक्षण भएको र हरेक परिवारले नयाँ पुस्ताको उज्ज्वल भविष्यका लागि शिक्षा र स्वास्थ्यमालगानीगर्न सकेको हो ।'



नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भदौ २१ गते भनपा ९ सुर्यमढीस्थित चिभ भजन पाटी उद्घाटन गर्दै उक्त विचार व्यक्त गर्नुभएको हो । उहाँले पार्टीको नीति बमोजिम नगरपालिकाले कलेजहरू सञ्चालन गरी प्रत्येक वडामा सयौंको संख्यामा इन्जिनियर, नर्स लगायत दक्ष शैक्षिक जनशक्तिहरू उत्पादन गरिरहेको चर्चा गर्दै समाज परिवर्तनका निम्ति नयाँ पुस्तालाई सही दिशानिर्देश गर्नुपर्नेमा जोड दिनुभयो ।

प्रमुख प्रजापतिले यहीअसोज ३ गतेबाट सुरु हुने नेमकिपाको सातौं महाधिवेशन भव्यताका साथ सफल पार्न सहयोग र उद्घाटन जुलुशमा सहभागिताको लागि अनुरोध गर्नुभयो ।

विनाशकारी भूकम्पका कारण क्षतिग्रस्त सम्पदाहरू पुन:निर्माणमा नगरपालिकाले प्राथमिकता दिइरहेको उल्लेख गर्दै उहाँले सम्पदा पुन:निर्माणको क्रममा पुराना एवं ऐतिहासिक सामग्रीहरूको सकेसम्म प्रयोग गर्दै संरक्षण गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । 'पुरातात्विक महत्वका इँटा, काठ, झिंगटी लगायतको संरक्षण गर्दै जस्ताको तस्तै प्रयोग गरौं', उहाँले भन्नुभयो ।

नगरपालिकाले भक्तपुर क्यान्सर अस्पताल सञ्चालनको लागि जग्गा र आर्थिक अनुदान दिएको प्रष्ट पार्दै जनताको सम्पति माथि भ्रष्टाचार गर्न खोज्ने, गरीब विरामीहरूले सकि नसकी अस्पताललाई तिरेको रकममा अनियमितता गर्न खोज्ने र अस्पताललाई कुनै गैरसरकारी संस्थाको नाममा मनपरी गर्न खोज्नेहरूलाई जनताको साथ र समर्थनमा नगरपालिकाले कार्वाही गरी नयाँ व्यवस्थापन समिति गठन गरेर विरामीको सहज उपचार गराइरहेको जानकारी गराउनुभयो । भ्रष्टाचार विरोधी आन्दोलनको इतिहास रहेको भक्तपुरमा कुनै पनि नाउँमा भ्रष्टाचार सह्य हुननसक्ने उहाँको कथन थियो ।

कार्यक्रममा भनपा ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले सम्पदा पुन:निर्माणमा नि:स्वार्थपूर्वक लाग्ने सम्पूर्ण उपभोक्ता समितिका पदाधिकारीहरू, डकर्मी तथा सिकर्मीहरू एवं स्थानीय जनतालाई धन्यवाद ज्ञापन गर्नुभयो । उहाँले गर्मी र वर्षाको कारण भक्तपुर लगायतका जिल्लामा फैलिएको डेंगु रोगको विषयमा जानकारी गराउँदै रोगबाट बच्न खाल्डाखुल्डी पुर्ने, पानी जम्न नदिने, झुलको प्रयोग गर्ने र रोगको लक्षण देखिनासाथ तत्काल उपचार गराउने कार्यमा सचेत रहन सबैलाई आग्रह गर्नुभयो ।

उपभोक्ता समितिका अध्यक्ष तुल्सीकाजी प्रजापतिको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा स्थानीय अग्रज रत्नभक्त प्रजापति र राम प्रजापतिले पाटी पुन:निर्माण कार्यको विषयमा जानकारी गराउनुभयो ।

नगरपालिकाबाट २२ लाख रूपैयाँ लागत इष्टिमेट तयार गरी नगरस्तरीय योजनाअन्तर्गत पुन:निर्माण गरिएको उक्त पाटीको खुदखर्च भने १४ लाख ९० हजार मात्र रहेको र कार्य मूल्यांकन खर्च १८ लाख रूपैयाँ रहेको कार्यक्रममा सार्वजनिक गरियो ।

# 'कला–संस्कृतिसँगै नगरवासीहरूको सांस्कृतिक उठाउँदै लानुपर्छ'

थालाछेँ बचत तथा ऋण सहकारी संस्थाको बाह्रौं साधारणसभा भदौ २१ गते सम्पन्न भयो । सभामा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुरको कला–संस्कृति र नाच–गान नयाँ पुस्तामा हस्तान्तरण गर्दै लानुपर्ने आवश्यकता औंल्याउनुभयो । भक्तपुरको कला–संस्कृति विश्वव्यापीरूपमा प्रचार भइरहेको चर्चा गर्दै उहाँले हाम्रा कला–संस्कृतिसँगै नगरवासीहरूको सांस्कृतिक स्तर पनि सभ्य बनाउँदै लानुपर्छ भन्नुभयो ।

भक्तपुर क्यान्सर अस्पताल र नगरपालिकाबीच विगतमा भएको सम्झौता क्यान्सर अस्पतालले पालना

# नेमकिपाको सातौं महाधिवेशनको तयारीस्वरुप प्राध्यापक भेला



नेपाल प्राध्यापक समाज, इन्जिनियरिङ कलेज एकाइ समितिको आयोजनामा भदौ २० गते नेपाल मजदुर किसान पार्टीको २०७६ असोज ३, ४ र ५ गते भक्तपुरमा हुने सातौं महाधिवेशन सफल पार्न प्राध्यापक तथा कर्मचारीहरूको भेला कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै नेमकिपाका केन्द्रीय सदस्य तथा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले नेपाल मजदुर किसान पार्टी संख्याले सानो भए पनि विचार र सिद्धान्तमा अडिग रहने नेपालको सच्चा कम्युनिष्ट पार्टी भएको बताउनुभयो ।

नेमकिपाको सातौं महाधिवेशन सफलताका साथ सम्पन्न गर्न प्राध्यापक–कर्मचारीहरूलाई आफ्नो क्षमताअनुसारको आर्थिक, नैतिक र भौतिक सहयोगको लागि आग्रह गर्नुहुँदै उहाँले पार्टीको महाधिवेशन समाजवादी प्रचार अभियानकै सिलसिला भएको प्रस्ट पार्नुभयो ।

भक्तपुर नगरपालिकाले नगरभित्रका पर्ति र सार्वजनिक जग्गा संरक्षणलाई प्राथमिकतामा राख्दै आएको बताउनुहुँदै प्रमुख प्रजापतिले सल्लाघारीस्थित १०८ रोपनी जग्गा अतिक्रमणबाट रोक्न नगरपालिकाले पर्खाल निर्माण र सडक–पेटी व्यवस्थित गर्ने कार्यहरू गर्दै आएको बताउनुभयो ।

भक्तपुर क्यान्सर अस्पतालमा भइरहेको अनियमितता र भ्रष्टाचारको तथ्यहरू प्रस्तुत गर्नुहुँदै प्रमुख प्रजापतिले अस्पतालको सरसफाइमा कार्यरत ३८ जना सफाइ कामदारहरूलाई अस्पताल व्यवस्थापन समितिका तत्कालीन मुख्य पदाधिकारी बिमलकुमार होडा आफै प्रत्यक्ष संलग्न रहेको भरोसा सर्भिसेज प्रा.लि.बाट नियुक्त भई प्रत्येक कामदारबाट मासिक रु. १३ हजारभन्दा बढी भ्रष्टाचार गरिरहेको बताउनुभयो ।

कार्यक्रममा नेपाल प्राध्यापक समाजका अध्यक्ष सरोजराज गोसाईले प्राध्यापक तथा कर्मचारीहरू पार्टीको महाधिवेशनको लागि अगाडि सारिएका राष्ट्रिय–अन्तर्राष्ट्रिय विचारमा प्रस्ट हुनुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर क्यान्सर अस्पतालमा भएको अनियमितता रोक्न भक्तपुर नपाले चालेको कदममा केही राजनीतिक पार्टीहरूले भक्तपुर काण्ड दोहोऱ्याउने र पार्टी नै समाप्त गरिदिनेजस्ता धम्की र टिप्पणी आउनुमा षड्यन्त्रको राजनीति हाबी भइरहेको स्पष्ट भएको बताउनुभयो ।

नेपाल प्राध्यापक समाज, इन्जिनियरिङ कलेज एकाइका अध्यक्ष सुजन माकले असोज ३, ४ र ५ गते हुने पार्टीको महाधिवेशनमा प्राध्यापक–कर्मचारीहरूको तर्फबाट नैतिक, भौतिक र आर्थिक सहयोगको प्रतिबद्धता व्यक्त गर्नुहुँदै महाधिवेशन सफलताको कामना गर्नुभयो ।

कार्यक्रममा ख्वप कलेज अफ इन्जिनियरिङ कलेजका उपप्राचार्य रत्नशोभा प्रजापतिले पनि बोल्नुभएको थियो ।

---

⊃⊃



नगरेको हुँदा नगरपालिकाले जनचाहनाअनुसार नै व्यवस्थापनको जिम्मेवारी लिनुपरेको उहाँले बताउनुभयो । भक्तपुर जिल्ला बचत सङ्घका जगनाथ प्रजापतिले समुदायमा आधारित सहकारीमात्र साँचो अर्थमा जनताको सहकारी हुने बताउनुभयो ।

संस्थाका अध्यक्ष लक्ष्मीप्रसाद ह्यौँमिखाको सभापतित्वमा सम्पन्न उक्त सभामा विभिन्न मित्र साकोसका प्रतिनिधिहरूले सुभकामना मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा असल बचतकर्ता, असल ऋणी, ७० वर्ष नाघेका ज्येष्ठ नागरिकहरूलाई सम्मान गरिएको थियो ।सभाले रामकृष्ण साँगाछेंको अध्यक्षतामा नयाँ सञ्चालक समिति गठन गरेको छ ।

# 'जम्मु–काश्मीर र भक्तपुर क्यान्सर अस्पताल' बारे प्रवचन कार्यक्रम

बागीश्वरी कर्मचारी इकाई समिति भक्तपुरको आयोजनामा भदौ २० गते 'जम्मु–काश्मीर र भक्तपुर क्यान्सर अस्पताल' विषयमा प्रवचन कार्यक्रम सम्पन्न भयो ।



कार्यक्रमका प्रमुख अतिथि नेमकिपाका केन्द्रीय सदस्य तथा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले नेपाल मजदुर किसान पार्टीको सातौं महाधिवेशनको तयारी देशभरि उत्साहका साथ तीव्र गतिमा अगाडि बढिरहेको बताउनुभयो ।

भक्तपुर क्यान्सर अस्पतालको वर्तमान अवस्थाबारे प्रस्ट पार्नुहुँदै प्रमुख प्रजापतिले आर्थिक अनियमितता र भ्रष्टाचार गरी पूर्व सञ्चालक समितिका पदाधिकारीहरूले एकलौटी रूपमा नाफा कमाउने ढंगले अस्पताललाई सञ्चालन गरिरहेको बताउनुभयो ।

उहाँले नगरभित्र रहेका संघ–संस्था तथा अस्पतालको अनुगमन र निरीक्षण गर्ने अधिकार स्थानीय सरकारसँग भएको जिकिर गर्नुहुँदै भक्तपुर नपाद्वारा गठित छानबिन समितिले अस्पतालको अनियमितता र भ्रष्टाचारबारे छानबिन गरिरहेको बताउनुभयो ।

नेमकिपा प्रदेश नं. ३ का प्रदेश सांसद सुरेन्द्रराज गोसाइँ नेपाल मजदुर किसान पार्टीले सडक र संसदमा वैचारिक संघर्ष गरिरहेको र बहुसंख्यक कामदार जनताको राजनीतिक चेतनास्तर उकास्ने गतिविधिहरूमा जोड दिइरहेको बताउनुभयो । उहाँले नेपालको प्रशासन क्षेत्र भ्रष्ट भएकै कारण नेपाली जनताले दुःख पाइरहेको बताउनुभयो ।

स्वतन्त्र र अलग संविधान भएको जम्मु–काश्मीरमा मोदी सरकारको हस्तक्षेप निन्दनीय भएको प्रस्ट पार्नुहुँदै सांसद गोसाइँले राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा हुने अतिक्रमण र दमनको विरोमा नेमकिपाले संघर्ष गर्दै जाने बताउनुभयो ।

बागीश्वरी कलेजका प्राचार्य कृष्णप्रसाद धन्छाले कर्मचारीहरूले समाजलाई बौद्धिक रूपमा सहयोग गर्नुपर्ने र नेमकिपाको सातौं पार्टी महाधिवेशन भव्य रूपमा सम्पन्न गर्न आवश्यक सहयोगको लागि आह्वान गर्नुभयो ।

बागीश्वरी कलेजका सहायक प्राचार्य ज्ञानसागर प्रजापतिले भक्तपुर काण्डलाई राजनीतिक षड्यन्त्रको रूपमा व्याख्या गर्नुहुँदै त्यस्ता षड्यन्त्रबाट कर्मचारी तथा कार्यकर्ताहरू सचेत र संगठित हुनु आवश्यक छ भन्नुभयो ।

बागीश्वरी कर्मचारी इकाई समिति भक्तपुरका अध्यक्ष तुल्सीराम प्रजापतिको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा समितिका सचिव लक्ष्मीप्रसाद गाइँजुले पनि बोल्नुभएको थियो ।

# नेमकिपाको सातौं महाधिवेशनको तयारीस्वरुप स्वयम्सेवक भेला

नेपाल मजदुर किसान पार्टीको सातौं महाधिवेशनको तयारीमा भदौ २० गते स्वयम्सेवक परिचालन समितिको आयोजनामा शनिबार स्वयम्सेवक भेला कार्यक्रम सम्पन्न भयो ।

भेलामा बोल्नुहुँदै नेमकिपाका केन्द्रीय सदस्य एवम् भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले नेमकिपाले पञ्चायती निरंकुशताको विरोधमा गरेको भक्तपुर–काठमाडौंको पैदल र्‍यालीको स्मरण गर्नुहुँदै असोज ३–५ गतेसम्म हुने महाधिवेशनलाई अनुशासित र व्यवस्थित ढंगले सञ्चालन गर्नुपर्ने बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीले अंगीकार गरेको सिद्धान्त र नीतिबारे राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतमा चर्चाको विषय बन्नेको उदाहरणहरू प्रस्तुत गर्नुहुँदै प्रमुख प्रजापतिले पार्टीको सिट संख्या भन्दा पनि पार्टीको विचार र उद्देश्यले महत्त्व राख्ने बताउनुभयो ।

उहाँले निजीकरणको पक्ष लिने र युवा जनशक्तिलाई



विदेश पठाएर समृद्धिको नारा लगाउनुको औचित्य नभएको बताउनुहुँदै नेकपा सरकारले पाखण्डी व्यवहार प्रदर्शन गरिरहेको प्रस्ट पार्नुभयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य तथा स्वयम्सेवक परिचालन समितिका संयोजक उकेश कवां र नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य तथा मञ्च व्यवस्थापन समितिका संयोजक राजेन्द्र चवालले पनि कार्यक्रमको तयारीबारे प्रस्तुतीकरण गर्दै मञ्चको दृश्य समेत देखाउनुभयो ।

# भक्तपुर नगरपालिकामा नयाँ कृषि प्रविधिबारे किसान भेला




भक्तपुर नगरपालिकाको आयोजनामा नयाँ कृषि प्रविधि र समसामयिक विषयमा भदौ २० गते किसानहरूको भेला सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि एवम् भनपाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर क्यान्सर अस्पतालमा नगरपालिकाले चालेको कदमबारे प्रष्ट पार्नुहुँदै क्यान्सर अस्पतालको पूर्व सञ्चालक समितिले निजी संस्थाको रूपमा चलाई मनोमानी ढंगले नाफा कमाइ रहेको तथ्य प्रस्तुत गर्नुभयो । उहाँले भ्रष्टाचार विरोधी जिल्ला भित्र क्यान्सर अस्पतालमा भइरहेको भ्रष्टाचार र अनियमिततालाई रोक्न भनपाले क्यान्सर अस्पताल व्यवस्थापन समिति गठन गरी त्यहाँको कार्य नियमित र सहज ढंगले सूचारु गरिरहेको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीको सातौं महाधिवेशन सफल पार्न सहभागिताको लागि आव्हान गर्नुहुँदै प्रमुख प्रजापतिले विदेशीलाई नागरिकता दिनुपर्ने तर्क राख्नेहरू देशभक्त हुन नसक्ने र विदेशीहरूलाई राजनीतिक अधिकार दिने प्रावधानले देशको सार्वभौमिकता नै खतरामा पर्न सक्ने बताउनुभयो ।

उहाँले डेंगु रोग सामान्य रोग भएपनि महामारीको रूपमा फैलिन सक्ने हुँदा भक्तपुर नगरपालिकाले नगरभित्रका वडा र विद्यालयमा सचेतना कार्यक्रम सञ्चालन गरिरहेको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराले समय र परिस्थितिअनुसार कृषि क्षेत्रमा भित्रिएका नयाँ प्रविधिहरूको प्रयोग गरेर किसानहरू अगाडि बढ्नु उपयुक्त हुने बताउनुभयो । उहाँले कृषि विशेषज्ञको सुझाव लिएर कृषि कार्य गरेको खण्डमा लाभ हुने बताउनुहुँदै भक्तपुर नगरपालिकाका नगरको समस्या बुझेर आवश्यकताअनुसारको तालिम तथा कार्यक्रमहरू सञ्चालन गरिरहेको बताउनुभयो ।

कार्यपालिका सदस्य कृष्णलक्ष्मी दुवालले महामारीको रूपमा फैलिरहेको डेङ्गु रोगबारे अवगत गराउनुहुँदै भक्तपुर नगरपालिकाका सबै वडामा उक्त रोगबारे सचेतना कार्यक्रम सञ्चालन गरिरहेको र डेङ्गु रोग रोकथामको निम्ति सरसफाइमा विशेष ध्यान दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेपाल क्रान्तिकारी किसान संघका उपाध्यक्ष तथा भक्तपुर नपा वडा नं. ६ का वडा सदस्य गोबिन्द दुवालले सरकारले कृषि उत्पादन वृद्धि गर्न भूगोल र मौसम सुहाउँदो बीऊ–बिजनको बन्दोबस्त गर्नुपर्ने र कृषि विज्ञहरूलाई आफ्नो देशमै बसेर काम गर्ने वातावरण तयार गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले राजनीतिप्रति जनताको वितृष्णा देशको लागि हितकर नभएको बताउनुहुँदै शासन सत्तामा पुग्ने राजनीतिक नेताहरूमा इमान्दारिता र जनताको सेवा गर्ने भावना हुनुपर्ने बताउनुभयो ।

कृषि प्राविधिक तालिमका प्रशिक्षक रमेश वैद्यले पर्याप्त कृषि योग्य जग्गाको अभावका कारण कृषि व्यवसाय र कृषिजन्य उत्पादन गर्न किसानहरूलाई समस्या भइरहेको बताउनुहुँदै किसानहरूले नयाँ कृषि प्रविधि अपनाएर अगाडि बढ्नु आवश्यक भएको बताउनुभयो ।

प्रशिक्षार्थीको तर्फबाट लक्ष्मीभक्त दुवालले जेटीए तालिमबारे समीक्षा गर्नुभएको थियो भने उक्त कार्यक्रममा भक्तपुर नपा वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखाले पनि बोल्नुभएको थियो ।

# प्रमुख प्रजापति र चीनको साउथ इस्ट युनिभर्सिटीका प्रतिनिधिमण्डलबीच भेट

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र चीनको नानचिङस्थित साउथ इस्ट विश्वविद्यालय, स्कूल अफ आर्किटेक्चरका प्राध्यापक र स्नातकोत्तर आर्किटेक्चर विषयका विद्यार्थीहरूको संयुक्त टोलीबीच भदौ १८ गते भक्तपुर नगरपालिकाको सभाकक्षमा भेट वार्ता सम्पन्न भयो ।

भेटमा प्रमुख प्रजापतिले चिनियाँ प्रतिनिधि टोलीलाई भक्तपुरमा स्वागत गर्नुहुँदै नेपाल भ्रमण र दुई देशका कलेजबीचको सम्बन्धले चीन र नेपालबीचको सम्बन्ध प्रगाढ बनाउन सहयोग गर्ने बताउनुभयो । चीनको विश्वविद्यालयबाट अध्ययन पूरा गरी फर्केका नेपाली विद्यार्थीहरूले नेपालमा राम्रो सेवा प्रदान गरिरहेकोमा खुशी व्यक्त गर्नुहुँदै प्रमुख प्रजापतिले चिनियाँ सरकारप्रति हार्दिक कृतज्ञता व्यक्त गर्नुभयो ।

भक्तपुर जिल्ला नेपालकै सानो जिल्ला भएको र सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक महत्त्व बोकेको जिल्ला पनि भएको जानकारी दिनुहुँदै उहाँले २०७२ सालको भूकम्पपछि सम्पदा संरक्षणको लागि चिनियाँ सरकारले गरेको सहयोगप्रति आभार प्रकट गर्नुभयो । उहाँले गत वर्ष चिनियाँ संस्कृतिमन्त्री नेपाल भ्रमणमा आउनुहुँदा भक्तपुरलाई 'चिनियाँहरूको तीर्थस्थल' को रूपमा व्याख्या गर्नुभएको स्मरण गर्नुभयो । उहाँले चिनियाँ क्रान्तिकारी साहित्य नेपालीमा अनुवाद अध्ययनले नेपाली युवाहरूलाई वैचारिक रूपमा अगाडि बढ्न मद्दत गरेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाले शिक्षा र स्वास्थ्यलाई उच्च प्राथमिकतामा राख्दै अगाडि बढिरहेको र सरकारले स्वीकृति दिएमा ख्वप विश्वविद्यालय सञ्चालन गर्ने तयारीमा रहेको जानकारी उहाँले दिनुभयो ।



भेटमा साउथ इस्ट विश्वविद्यालयका प्राध्यापक यान आन्नीले चीनले २००७ देखि युनेस्कोको संरक्षणको अध्यक्षता गरिरहेको र नेपाललगायत विश्वका विभिन्न सम्पदा क्षेत्रको व्यवस्थित रेकर्ड राख्न अध्ययन गरिहेको जानकारी दिनुहुँदै भक्तपुरको सम्पदा जीवन्त सम्पदाको रूपमा रहेको उल्लेख गर्नुभयो । उहाँले ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङसँग समन्वय गर्दै दुई देशबीचका कलेजहरूका विद्यार्थीको आदान प्रदान गरी मिलेर अगाडि जान तत्पर रहेको जानकारी दिनुभयो ।

भेटमा प्रमुख प्रजापतिले भनपाद्वारा सञ्चालित कलेजहरू भ्रमण गर्नुभएकोमा आभार प्रकट गर्नुहुँदै चिनियाँ टोलीलाई खाडा, भादगाउँले टोपी र भक्तपुर नपाका प्रकाशनहरू हस्तान्तरण गरी बिदाई गर्नुभयो ।


## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर

## डेङ्गु रोगबारे सूचना

गर्मी र वर्षाको कारण लामखुट्टेमार्फत डेङ्गु रोग फैलिने हुँदा विशेष ध्यान दिनुहुन सम्पूर्ण नगरवासीमा अनुरोध गरिन्छ ।

### डेङ्गु रोगसम्बन्धी सामान्य जानकारी

- डेङ्गु लामखुट्टेको टोकाइबाट सर्ने घातक रोग हो ।
- डेङ्गु भाइरसबाट सङ्क्रमित एडिस प्रजातिको पोथी लामखुट्टेको टोकाइबाट यो रोग सर्छ ।
- एक्कासि उच्च ज्वरो आउनु यसको पहिलो लक्षण हो ।
- डेङ्गुको रोगीको आँखा रातो हुने र दुख्ने, टाउको, पेट, जोर्नी र मांसपेसी दुख्ने, आलस्य हुने, वाकवाकी र वान्ता हुने र रगतमा पानीको मात्रा कम भई रक्तचाप कम हुने आदि लक्षण देखिन्छ ।
- डेङ्गु रोगबाट सानासाना बालबालिका बढी प्रभावित हुन्छन् ।

### ध्यान दिनुपर्ने कुराहरू

- आफ्नो घर वरिपरि सफा राखौं ।
- आफ्नो घर वपरिपरि पानी जम्ने गमला, फूलदानी, खाली बट्टालगायतका भाँडाकुँडा घर आँगनमा नराखौं ।
- आफू बसेको घर वरिपरि पानी जन्म नदिऔं ।
- डेङ्गु रोगबाट बच्न लामखुट्टेको टोकाइबाट जोगिन उपयुक्त उपाय अपनाऔं ।

# ख्वप बहुप्राविधिकमा विद्यार्थी अभिमुखीकरण कार्यक्रम

भक्तपुर नगरपालिकाका प्रमुख एवम् कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा जनताको पनि लगानी रहेको र त्यहाँ अध्ययनरत विद्यार्थीहरूमा समाजप्रतिको उत्तरदायित्वबोध हुनुपर्ने बताउनुभयो ।

भाद्र १८ गते ख्वप बहुप्राविधिक अध्ययन संस्थान पहिलो वर्षमा भर्ना भएका विद्यार्थीहरूलाई अभिमुखीकरण कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले नर्सिङ पेशामार्फत व्यापक दृष्टिकोण राखी बहुसंख्यक जनताको हितमा काम गर्न प्रेरित गर्नुहुँदै नर्सिङ अध्ययन गर्ने विद्यार्थीहरूको व्यवहार राम्रो हुनुपर्ने, सरसफाइमा र अनुशासनमा ध्यान दिनुपर्ने बताउनुभयो ।

नयाँ पुस्ताका विद्यार्थीहरूमा विदेश जाने, धेरै पैसा कमाउने, बिलासी जीवन जिउनेजस्ता सुविधाभोगी बानी विकास भइरहेकोप्रति सचेत पार्नुहुँदै प्रमुख प्रजापतिले आफ्नो मिहिनेत र सीप देशकै माटोमा प्रयोग गर्न मार्गनिर्देशन गर्नुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर क्यान्सर अस्पतालमा आर्थिक हिनामिनाका कारण अस्पताल घाटामा गइरहेको र सञ्चालक समितिहरूले नाफा कमाइरहेको स्थितिले गर्दा क्यान्सर रोगीहरूले महँगोमा उपचार सेवा लिन बाध्य भएको बताउनुभयो । डेंगु रोगबारे र त्यसबाट बच्ने सुरक्षाका उपायबारे जनतालाई सचेत गर्नु आवश्यक भएको उहाँले बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष एवम् कलेज व्यवस्थापन समितिका सदस्य रबिन्द्र ज्याख्वले नर्सिङका विद्यार्थीहरूलाई अध्ययन सँगसँगै सामाजिक गतिविधिहरूमा पनि सहभागिता जनाउन मार्गनिर्देशन दिनुभयो । उहाँले नर्सिङ अध्ययन गरी देशमै सेवा गर्ने उद्देश्य राख्नुपर्ने र समाजको सेवा गर्ने भावनाको विकास गर्नु आवश्यक भएको बताउनुभयो ।

ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्राचार्य डा. रत्नसुन्दर लासिवाले विद्यार्थीहरूले धेरै समय सामाजिक सञ्चालमा खर्चिंदा पढाइमा असर पुग्ने र पढाईप्रति ध्यान नजाने हुँदा यसतर्फ विद्यार्थीहरूलाई सचेत हुन आग्रह गर्नुभयो ।

ख्वप बहुप्राविधिक अध्ययन संस्थान नर्सिङ विभागका विभागीय प्रमुख सुमित्रा बुढाथोकीले विषयवस्तुको ज्ञान, आत्मविश्वास र मिहिनेतले नै योग्य नर्स बन्न सघाउन पुऱ्याउने जिकिर गर्नुहुँदै लगनशील नर्स तयार गर्न कलेज प्रतिबद्ध रहेको बताउनुभयो । कार्यक्रममा ख्वप बहुप्राविधिक पहिलो वर्षका इन्चार्ज शोभामैया प्रजापति र शिक्षिका शोभा प्रजापतिले पनि बोल्नुभएको थियो ।


भक्तपुर नगरपालिकाद्वारा सञ्चालित

**ख्वप कलेज/शारदा क्याम्पस**

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त)

**B B M**

**स्नातक तहमा भर्ना आवेदन फाराम वितरण भइरहेको छ -**

**स्नातक तहमा सञ्चालित शैक्षिक कार्यक्रमहरू**

**BEd, BBS, BA, BASW, BSc Physics, BSc Environmental Science**

**भर्ना समयमा लाग्ने शुल्क**

बीबीएस/बीए : रु. ९,३५०। *
बीएसडब्लू : रु. १५,३५०। *
बीएस्सी भौतिक विज्ञान : रु. १६,२५०। *
बीएस्सी वातावरण विज्ञान : रु. २२,०००। *
बीएड् : रु. ५,३२५। *
बीबीएम : रु. २२,५००। *

**विस्तृत जानकारीको लागि : ०१६६१४३३६**

*** उक्त शुल्क ख्वप मावि र सामुदायिक माविबाट प्लस टु उत्तीर्ण विद्यार्थीहरुको लागि ।**

# चार महिने जापानी भाषा तालिम उद्घाटन कार्यक्रम




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भाद्र १५ गते भक्तपुर नगरपालिकाको आयोजनामा सञ्चालन हुने चार महिने आधारभूत तहको जापानी भाषा तालिमको उद्घाटन गर्नुभयो ।

कार्यक्रममा उद्घाटन मन्तव्य राख्नुहुँदै प्रमुख प्रजापतिले आफूले सिकेको शिक्षा र सीपबाट समाज र देशको हितको निम्ति प्रयोग गर्नुपर्ने र कम समयमा बढी ज्ञान हासिल गर्न प्रशिक्षार्थीहरूलाई उत्साहित गर्नुभयो । भाषा सिकाइ आफैमा गाऱ्हो विषय भएको र निरन्तर अध्ययनले जस्तोसुकै गाऱ्हो र जटिल विषय पनि सरल बन्दै जाने धारणा उहाँले राख्नुभयो ।

भक्तपुर क्यान्सर अस्पतालमा भइरहेको अनियमितता र भ्रष्टाचारका विषयबारे सत्यतथ्य पत्ता लगाउन भक्तपुर नगरपालिकाद्वारा गठित छानबिन समितिले गम्भीरतापूर्वक अध्ययन गरिरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर भ्रष्टाचारविरोधी इतिहास बोकेको ठाउँ भएको र यहाँ हुने अनियमितता र भ्रष्टाचारविरुद्ध निरन्तर संघर्षरत रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिकाले भक्तपुर नपा वडा नं. १ सल्लाघारीस्थित १०८ रोपनी जग्गा संरक्षण र सम्बर्द्धन गर्न पर्खाल निर्माण गरेको प्रस्ट पार्नुहुँदै उहाँले त्यस जग्गालाई अधिकत्तम जनताको हितको निम्ति प्रयोग गर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरलाई कला र संस्कृतिको खुला संग्रहालयको रूपमा व्याख्या गर्नुहुँदै भक्तपुरमा विदेशी पर्यटकहरूको आवागमन वृद्धि भएका कारण नगरपालिकाले विभिन्न भाषाका तालिमहरूको प्रशिक्षण कक्षा सञ्चालन गरिरहेको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले भक्तपुर क्यान्सर अस्पतालको वर्तमान अवस्थाबारे अवगत गराउनुहुँदै नगरबासी युवाहरूको उज्ज्वल भविष्यको निम्ति सीपमूलक र रोजगारमूलक तालिमहरू सञ्चालनमा जोड दिइरहेको बताउनुभयो ।

कार्यक्रममा जापानी भाषा तालिमका प्रशिक्षकद्वय अमिर लिबी र कमलकेशरी खर्बुजाले कक्षामा नियमित उपस्थिति हुनुपर्ने, भाषा सिक्ने रहरले भन्दा सिक्ने भावनाको विकास गर्नुपर्ने र भाषाको माध्यमबाट आफ्नो देशको संस्कृतिबारे विदेशीलाई चिनाउन महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने बताउनुभयो ।

भक्तपुर नपाद्वारा सञ्चालन हुने जापानी भाषा तालिममा ८६ जना प्रशिक्षार्थीहरू छनोट भएका थिए ।



# नेपाल क्रान्तिकारी मजदुर संघ ट्रक एकाइ समितिको आयोजनामा मजदुर भेला

नेपाल क्रान्तिकारी मजदुर संघ ट्रक एकाइ समितिको आयोजनामा भाद्र १४ गते मजदुर भेला भयो ।




भेलामा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले चालक–सहचालकहरूले ट्राफिक नियमलाई राम्रोसँग पालन गर्नुपर्ने र यात्रुहरूलाई प्राथमिकतामा राखेर सवारी चलाउन सुझाव दिनुभयो ।

यातायात मजदुरहरूले विभिन्न देशका मजदुर आन्दोलनबारे अध्ययन गरी राजनैतिकरूपले सचेत र सङ्गठित भई आफ्नो अधिकारको लागि संघर्ष गर्नुपर्ने उहाँले बताउनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, 'सडकमा जथाभावी पार्किङ गर्दा यात्रुहरूले दुःख पाइरहेको हुँदा अरूलाई अप्ठेरो हुने काम गर्नु हुन्न ।'

भारतले सीमा स्तम्भहरू उखेलेर नेपालको सीमा मिचिरहेको र सीमामा सडक निर्माण गरी नेपाली भूमि डुबानमा पारेको तथा नेपाली विस्थापित हुन बाध्य भएकोले भारतीय विस्तारवादको विरोध गर्नु आवश्यक छ, प्रमुख प्रजापतिले जोड दिनुभयो ।

उहाँले भन्नुभयो, 'चालक–सहचालकहरूले कानुनी ज्ञान हासिल गर्नुपर्छ र त्यसको लागि समय समयमा सवारी ऐनसम्बन्धी र राजनैतिक विषयमा प्रशिक्षण चलाउनुपर्छ ।'

ट्रक व्यवसायी संघका पूर्वअध्यक्ष विश्वराम कवांले चालक–सहचालक सभ्य नागरिक बन्नुपर्ने आवश्यकता औँल्याउँदै मादक पदार्थ सेवनबाट चालक–सहचालक टाढा हुनुपर्ने बताउनुभयो ।

उक्त कार्यक्रममा वडा नं. ८ का वडा अध्यक्ष महेन्द्र खायमली र आयोजक समितिका अध्यक्ष राध्येश्याम दुवाल, भक्तपुर ट्रक व्यवसायी संघका सल्लाहकार नविन प्रजापतिले पनि बोल्नुभएको थियो ।

# v]hsbn]gful/sx¿nf0{zf/Ll/s / dfgl;s ¿kn]:j:y agfpg]

सिद्धि गणेश खेलकुद समितिले एक कार्यक्रमको आयोजना गरी भाद्र १४ गते प्रशिक्षण कार्यक्रमको आयोजना गऱ्यो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले शारीरिक र मानसिक रूपले नागरिकहरूलाई स्वस्थ बनाउन भनपाले खेलकुदलाई प्राथमिकतामा राखेको र वडा–वडा र कलेजहरूमा व्यायाम सामग्रीहरू राखी व्यायामको अभ्यास थालनी गरेको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'भक्तपुरलाई सांस्कृतिक नगरको रूपमा जोगाइराख्न नगरपालिकाले कला–संस्कृति संरक्षण गर्न पुरानो नगर क्षेत्रभित्र नगरवासीहरूले बाहेक जग्गा खरिद गर्न नपाउने व्यवस्था गर्न भक्तपुर नगरपालिका अगाडि बढेको छ ।'

नगरपालिकाले जग्गा र पैसा दिएर स्थापना भएको भक्तपुर क्यान्सर अस्पताल केही व्यक्तिहरूको मनोमानी र आर्थिक अनियमितताको कारण नगरपालिकाले व्यवस्थापनको जिम्मा लिनुपरेको हो, उहाँले स्पष्ट पार्नुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, 'आर्थिक अनियमितता गर्नेहरू जहाँ गए पनि अन्ततः कानुनबमोजिम कारबाहीमा पर्ने छन् ।'

भनपा वडा नं. ७ का वडा अध्यक्ष उकेश कवांले सार्वजनिक सम्पत्ति जोगाउने जिम्मेवारी नगरपालिकाको भएकोले




त्यहीअनुसार नगरपालिका अगाडि बढिरहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, 'युवाहरूलाई लक्षित गरी नपाले विभिन्न तालिमहरू सञ्चालन गरिरहेको छ । प्रत्येक युवालाई सीपयुक्त बनाउने सोचले नगरपालिका अगाडि बढ्दै छ ।'

भनपा वडा नं. ६ का पूर्ववडा अध्यक्ष कृष्णगोविन्द खाइजूले युवाहरूलाई विकृतिबाट जोगाउन आवश्यक भएको बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष श्याम लाखाको सभापतित्वमा भएको कार्यक्रममा रामेश्वर लाखा, राजन लाखा र राजेश लाखाले पनि बोल्नुभएको थियो ।

# असल गुरू बन्नको लागि असल शिष्य हुनु आवश्यक



भक्तपुर नगरपालिकाअन्तर्गतको युवा तथा खेलकुद समितिको आयोजनामा प्रशिक्षक एवम् खेलाडीहरूको भेला भाद्र १४ गते सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले असल गुरू बन्नको लागि असल शिष्य हुनु आवश्यक भएको चर्चा गर्दै स-साना बाधा-व्यवधानमा नअल्झी आफ्नो उद्देश्य प्राप्तिको लागि अविचलित भई अगाडि बढ्ने मानिस सफल हुने बताउनुभयो ।

खेलाडीहरूले पनि राजनीति बुझ्नुपर्ने आवश्यकता औंल्याउँदै उहाँले भन्नुभयो, 'राजनीति देश र जनताको निःस्वार्थ सेवा गर्ने भावले हुनुपर्छ । राजनीति गाली-गलौज र मुढे बलले गर्ने होइन । दर्शन र सिद्धान्तप्रति आस्थावान भई राजनीति गर्नेले पछुताउनु पर्ने छैन । राजनीतिको उद्देश्य समाज परिवर्तनको लागि हुनुपर्दछ ।'

भनपा युवा, खेलकुद समितिका सदस्य तथा वडा नं. ७ का वडा अध्यक्ष उकेश कवांले केही ठूला पार्टीका सांसदहरूले आफ्नो नीहित स्वार्थ पूर्ति गर्ने उद्देश्यले भक्तपुरमा अन्तर्राष्ट्रिय रङ्गशाला बनाउने कुरा गरिरहेको बताउँदै अन्तर्राष्ट्रिय रङ्गशाला भक्तपुरमा होइन उपत्यकाभन्दा बाहिर बनाउनुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर नगरपालिकाले आर्थिक र जग्गा प्रदान गरी सहयोग गरेको भक्तपुर क्यान्सर अस्पतालमा भइरहेको भ्रष्टाचार र कमिसनको खेललाई नगरपालिकाले टुलुटुलु हेरेर बस्न नसकिने चर्चा गर्दै उहाँले भनपाभित्र एनजीओ र आईएनजीओको चलखेल सह्य नहुने बताउनुभयो ।

प्रशिक्षक विनोदचरण रायले खेल खेलको लागि मात्र नभई खेलबाट जीवनमा अनुशासनको महत्त्व सिकिने बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष एवम् वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीको सभापतित्वमा भएको कार्यक्रममा सुमित्रा अवालले पनि बोल्नुभएको थियो ।

# भरोसाका विमल होडा काठमाडौं जिल्ला शाखाबाट निष्काशित

नेपाल अर्बुद रोग निवारण संस्था काठमाडौं जिल्ला समितिले भाद्र १० गते भक्तपुर क्यान्सर अस्पतालमा व्यवस्थापन समितिका पदाधिकारीहरू नै आर्थिक स्वार्थमा संलग्न भएको र काठमाडौं जिल्ला शाखाबाट प्रतिनिधित्व गरी केन्द्रीय महासचिव बनेका विमलकुमार होडासमेत त्यस्ता क्रियाकलापमा संलग्न भएकोमा दुःख व्यक्त गरेको छ । समितिका सभापति अजयसिंह सुवालले नेपाल अर्बुद रोग निवारण संस्था केन्द्रीय समितिलाई लेखेको पत्रमा लेखिएको छ, 'एक विशुद्ध सेवा भावले मन, वचन र कर्मले सेवा गरौं भनी वचनबद्ध भई समर्पित हुन पुगेका व्यक्तिहरू नै क्यान्सरका बिरामीहरूबाट प्राप्त हुने सेवा शुल्कबाट सञ्चालित अस्पतालमा केही व्यक्तिको स्वार्थभावले अस्पताल सञ्चालन हुनु दुःखपूर्ण छ ।'

'यो घटनाले नेपाल अर्बुद रोग निवारण संस्थामा लागेका सम्पूर्ण समाजसेवीहरूको शिर निहुरिन पुगेको छ', वक्तव्यमा भनिएको छ ।

वक्तव्यमा संस्थाको वृहत हितलाई ध्यानमा राखी आरोपित व्यक्तिहरूले नैतिकताको आधारमा आफ्नो पदबाट अलग भई निष्पक्ष छानबिनमा सहयोग गर्ने आशा व्यक्त गरिएको छ ।

वक्तव्यमा अघि भनिएको छ, 'भक्तपुर क्यान्सर अस्पतालमा यस शाखाबाट प्रतिनिधित्व गरी केन्द्रमा महासचिव भई कार्यरत विमलकुमार होडाको कम्पनी भरोसा सर्भिस प्रा.लि.बाट (व्यवसायिक तथा आर्थिक लाभको कार्य) श्रमिक आपूर्तिको ठेक्कापट्टामा प्रत्यक्ष संलग्नता रहेको भन्ने समेत पुष्टि हुन आएको र भक्तपुर क्यान्सर अस्पताल नै संस्थाअन्तर्गत नरहने अवस्थाले संस्थाको अहित हुने कार्य गरेको ठहर भई विधानको दफा ३५ (ङ) (च) समेत आकर्षित हुने हुनाले विधानको सोही दफाअनुसार सदस्यता समेत नरहने अवस्थाको सिर्जना भएकोले यस जिल्ला कार्य समितिको निर्णयअनुसार केन्द्रीय कार्य समितिको ध्यानाकर्षण गराउन चाहन्छौं ।'

# युवा व्यवसायीहरूको भेला

भक्तपुर ट्रक व्यवसायी संघ, भक्तपुर ईटा व्यवसायी संघ र भक्तपुर युवा व्यवसायी समाजको संयुक्त आयोजनामा भाद्र ९ गते समसामयिक राजनीति विषयमा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर काण्डबारेका संस्मरणहरू लिपिबद्ध गर्नु आवश्यक भएको र २०४५ मा पञ्चायती व्यवस्थाले नेमकिपाप्रति गरेको ज्यादतीबारे नयाँ पुस्तामाझ छलफल र अन्तरक्रियाहरू चलाउनुपर्छ भन्नुभयो ।

संसद्मा वैचारिक लडाई लड्ने एकमात्र पार्टी नेमकिपा भएको बताउँदै उहाँले वैचारिक रूपमा राम्रो र जनताको पक्षमा काम गर्ने पार्टी नेमकिपा भएको प्रस्ट पार्नुभयो ।

कुनै पनि बेला राज्यस्तरबाट षड्यन्त्र हुनसक्नेतर्फ सचेत हुनुपर्ने आवश्यकता औंल्याउँदै उहाँले भन्नुभयो, 'पञ्चायत समाप्त हुनुमा भक्तपुर काण्डको पनि ठूलो हात छ ।'

नेमकिपा राष्ट्रिय पूँजीपति वर्गको पक्षमा रहेको चर्चा गर्दै प्रमुख प्रजापतिले दुईतिहाइ बहुमत प्राप्त नेकपाको सरकार निजीकरणको पक्ष लिने नक्कली कम्युनिष्ट पार्टी भएको बताउनुभयो ।

भक्तपुर क्यान्सर अस्पतालबारे जानकारी गराउँदै उहाँले भन्नुभयो, 'भक्तपुर क्यान्सर अस्पतालको बेथिति रोक्न उक्त अस्पतालमा अनुगमन र नियमन गर्ने अधिकार भक्तपुर



नगरपालिकालाई छ ।'

कार्यक्रममा भनपा वडा नं. ८ का वडा अध्यक्ष महेन्द्र खायमलीले व्यापारी–व्यसायीहरूको मुख्य उद्देश्य नाफा कमाउनेमात्र हुन नहुने चर्चा गर्दै समाज विकासको निम्ति पनि व्यवसायीहरूले सहयोग एवम् योगदान गर्नुपर्छ भन्नुभयो ।

कार्यक्रममा भक्तपुर ट्रक व्यवसायी संघका संस्थापक अध्यक्ष विश्वराम कवां, ईटा व्यवसायी संघका अध्यक्ष नातिभाइ ह्योम्बा र भक्तपुर ट्रक व्यवसायी प्रा.लि.का लक्ष्मीप्रसाद गोराले पनि बोल्नुभएको थियो । ईटा व्यवसायी संघ र भक्तपुर युवा व्यवसायी समाजको संयुक्त आयोजनामा सोमबार समसामयिक राजनीति विषयमा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।



नेपाल मजदुर किसान पार्टीलाई समुल नष्ट गर्न २०४५ सालमा पञ्चायती राज्य व्यवस्थाले गरेको षड्यन्त्रमूलक भक्तपुर काण्डको भर्त्सनामा सोमबार भक्तपुर नपा वडा नं. ३ को आयोजनामा भक्तपुर काण्डबारे आयोजित कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति ।

# आयुर्वेदिक उपचार विधि र औषधिसम्बन्धी अभिमुखीकरण कार्यक्रम

भक्तपुर नगरपालिका वडा नं. ४ को आयोजनामा भदौ ८ गते आयुर्वेदिक उपचार विधि र औषधिसम्बन्धी अभिमुखीकरण कार्यक्रम भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यतामा सम्पन्न भयो ।

कार्यक्रममा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले भनपा वडा नं. १ र ९ मा पाक्षिक रूपमा निःशुल्क आयुर्वेदिक उपचार सेवा प्रदान गर्दै आएको बताउनुहुँदै आयुर्वेदिक उपचार विधिबारे वडा र विद्यालयहरूमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने योजना रहेको बताउनुभयो ।



k|dv ;lgn k|hfklt sfo{qmddf af]lgxb}

परापूर्वकालदेखि चलिआएको र मानव शरीरलाई हानी नगर्ने आयुर्वेदिक उपचार विधि निकै उपयोगी भएको तथ्य प्रस्तुत गर्नुहुँदै उहाँले आयुर्वेदिक उपचार विधिबारे जनतालाई सुसूचित गर्नु आवश्यक भएको बताउनुभयो ।

भक्तपुर क्यान्सर अस्पतालमा भइरहेको अनियमितता र भ्रष्टाचारको अवस्थाबारे अवगत गराउनुहुँदै प्रमुख प्रजापतिले नगरवासी जनता र अस्पतालमा कार्यरत चिकित्सक तथा कर्मचारीहरूले अस्पतालको ब्यवस्थापनको जिम्मेवारी नगरपालिकाले लिनुपर्ने र अस्पतालमा भइरहेको बेथितिबारे नगरपालिकाले ध्यान दिनुपर्ने आग्रहलाई स्वीकार्दै अस्पतालको व्यवस्थापनको जिम्मा लिनुपरेको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ४ का वडाध्यक्ष कुमार चवालले पुरानो उपचार विधि बिर्सदै गएको अवस्थामा मानव शरीरमा धेरै किसिमको रोगबाट ग्रसित हुनुपरेको र आयुर्वेदिक उपचार विधिको सही सदुपयोगले मानव शरीरलाई फाइदा पुग्ने बताउनुभयो ।

कार्यक्रममा आयुर्वेदक चिकित्सक डा. मनोजकुमार चौधरीले आयुर्वेदिक उपचार विधिको महत्त्व र सकारात्मक पक्षबारे जानकार गराउनुहुँदै उक्त विधिबारे प्रस्तुतीकरण देखाउनुभएको थियो ।

भक्तपुर नपा वडा नं. ४ स्वास्थ्य समितिका अध्यक्ष एवम् कार्यपालिका सदस्य कृष्णलक्ष्मी दुवालले नगरबासीहरूलाई शारीरिक र मानसिक रूपमा स्वस्थ राख्ने उद्देश्यले विभिन्न रोगहरूको स्वास्थ्य शिविर र अभिमुखीकरण कार्यक्रमहरू आयोजना गर्दै आइरहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ४ स्वास्थ्य समितिका सदस्यद्वय कृष्णगोविन्द दुवाल र न्हुछेराम भेले, स्वास्थ्य समितिका सल्लाहकार उपेन्द्र सुवाल, वडा सदस्य राजेन्द्र माकले आयुर्वेदिक उपचार विधिका सकारात्मक पक्षबारे प्रस्ट गर्नुभयो ।

पखाला लागेकालाई नुन, चिनी र पानीले संजीवनीको काम गर्छ ।
झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ ।
सरसफाइमा जति बढी ध्यान दिइन्छ, स्वास्थ्य त्यति नै बढी राम्रो हुन्छ ।

# भक्तपुर नगरपालिकामा भक्तपुर काण्डको विरोधमा प्रवचन कार्यक्रम

नेपाल मजदुर किसान पार्टीलाई समूल नष्ट गर्ने उद्देश्यले २०४५ साल भदौ ९ गते राज्यस्तरबाट रचिएको षड्यन्त्र भक्तपुर काण्डको विरोधमा भक्तपुर नगरपालिकाले भदौ ७ गते जनप्रतिनिधि र नगरपालिकाका कर्मचारीबीच प्रवचन कार्यक्रम गर्‍यो ।



नेपाल मजदुर किसान पार्टीका सचिव एवम् संघीय सांसद प्रेम सुवालको प्रमुख आतिथ्यतामा सम्पन्न प्रवचन कार्यक्रममा बोल्नुहुँदै नेपाली कांग्रेसका कार्यकर्ताहरूले भक्तपुर क्यान्सर अस्पताल विषयमा बोल्दै पुनः भक्तपुर काण्ड घटाउने धम्की दिनुले २०४५ सालको घटनामा नेपाली कांग्रेसको पनि मिलोमतो भएको हो कि भन्ने आशंका उत्पन्न भएको बताउनुभयो ।

२०४५ सालको भक्तपुर काण्ड जर्मनीमा घटेको राइखस्टाग काण्ड जस्तो झुटो षड्यन्त्रबाट भएको बताउनुहुँदै सांसद सुवालले नगरपालिकाका कर्मचारीहरू गलत काम गर्नेहरूको अगाडि झुक्न नहुने तथा देश र समाजको इमानदारीपूर्वक काम गर्न प्रेरित हुनुपर्ने बताउनुभयो ।

जम्मु–काश्मिर मामिलाबारे संसद र सडकमा बोल्ने नेमकिपा मात्र भएको बताउनुहुँदै उहाँले नेकपाले समृद्ध नेपाल र सुखी नेपाली नारा दिएर नेपाली जनतालाई ढाँटिरहेको प्रस्ट पार्नुभयो । राजनीतिक अस्थिरताले हाम्रो देशको स्थिति पनि भुटान जस्तो हुनसक्नेमा सचेत पार्दै झुटा मुद्दाको अगाडि अडान लिन सक्नुपर्छ भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवम् भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले पञ्चायती व्यवस्थाले नेपाल मजदुर किसान पार्टी समाप्त पार्न ठूलो षड्यन्त्र रचेको दिनको स्मरण गर्न जनप्रतिनिधि र कर्मचारीबीच प्रत्येक वर्ष भक्तपुर काण्डको विरोधमा कार्यक्रम गर्ने गरेको बताउनुभयो । उहाँले सत्यको पक्षमा उभिने ज्ञान भक्तपुर काण्डले सिकाएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले नयाँ पुस्तालाई भक्तपुर काण्डको शिक्षाबारे बताउनुपर्ने र समाज निर्माणको निम्ति नयाँ पुस्ताहरू राजनैतिक रूपमा सचेत हुनु आवश्यक छ भन्नुभयो ।

भक्तपुर नगरपालिकाका वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले भक्तपुर काण्डको समयमा भक्तपुर नपाका कर्मचारीहरूमाथि ज्यादती भएको स्मरण गर्नुहुँदै भक्तपुर काण्डपश्चात देशैभरिका नेमकिपाका कार्यकर्तालाई बिगार्ने र लोभमा फसाउने कार्य गरेको आरोप लगाउनुभयो ।

भक्तपुर काण्डको विरोधमा भनपा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले पनि आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।





# 'गाइँचा म्ये' मुना सार्वजनिक

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) को प्रमुख आतिथ्यतामा भदौ ७ गते नेपालभाषामा प्रकाशित गाइँचा म्ये मुना पुस्तक बिमोचन कार्यक्रम सम्पन्न भयो ।

आशाकाजी बासुकला स्मृति प्रतिष्ठानको आयोजनामा शनिबार आयोजित गाइँचा म्ये मुना पुस्तक बिमोचन कार्यक्रममा बोल्नुहुँदै अध्यक्ष बिजुक्छेंले जनताको पक्षमा काम गर्नेहरू सधैं जनताको मनमा रही रहने बताउनुभयो । उहाँले साहित्य वा अरु क्षेत्रमार्फत् समाज र जनताको सेवा गर्ने व्यक्तिहरूलाई समाजले जहिले पनि सम्झिरहने बताउनुभयो ।

२०४५ सालको भक्तपुर काण्ड तत्कालीन पञ्चायती शासकहरूले नेपाल मजदुर किसान पार्टीलाई योजनाबद्ध ढंगले समुल नष्ट पार्न रचेको षड्यन्त्र भएको बताउनुहुँदै त्यो घटनाले भक्तपुरबासीमा कहिल्यै अरुको अगाडि नझुक्ने र आत्मनिर्भर भएर समाजको सेवामा अग्रसर हुने प्रवृत्तिको विकास भएको बताउनुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले साहित्यलाई समाजको ऐनाको रूपमा व्याख्या गर्नुहुँदै भक्तपुरका जात्राहरूलाई मनोरञ्जनका साथै जनताको चेतनास्तर उकास्ने र समाजलाई अगाडि बढाउने अभियानको रूपमा मनाउनु उचित हुने बताउनुभयो ।

गाईजात्रा पर्वको अवसरमा प्रकाशनमा ल्याएको 'गाइँचा म्ये' संग्रहले समाजमा भएका विकृति र विसंगतिहरूलाई जनबोलीमा अभिव्यक्त गर्ने सहज माध्यमको रूपमा सहयोग गर्ने र यो कृति नेपाली साहित्यको क्षेत्रमा नयाँ आयामको रूपमा रहने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल भाषा साहित्य तःमुंज्याका अध्यक्ष तथा जनकवि चन्द्रबहादुर उलकले गाइँचा म्येले समाजका विकृति-बिसंगतिबारे आलोचना गर्ने पक्ष सकारात्मक रहेको बताउनुहुँदै गाइँचा नाचको इतिहासबारे अध्ययन-अनुसन्धान गर्नुपर्ने खाँचो रहेको बताउनुभयो ।




g]kfn dhb'/ ls;fg kf6L{sf cWoIf gf/fo0fdfg lahS5]+ -/f]lxt_n] uf0Ff Do]'dgf k':ts ladf]rg ug{b}

त्रिवि नेपालभाषा केन्द्रीय विभागका ओमकारेश्वर श्रेष्ठले गाइँचा म्ये संग्रह पुस्तक प्रकाशन अतुलनीय कार्य भएको जिकिर गर्नुहुँदै राजनीतिक व्यंग्यमिश्रित जनताको बोली उजागर गर्ने दरिलो किताब भएको बताउनुभयो ।

कार्यक्रममा प्रकाशन समितिका संयोजक कुमारभक्त रञ्जितकार, प्रतिष्ठानका संस्थापक अध्यक्ष ज्योतिकिरण बासुकला र सदस्य राजकिरण बासुकला र रोजाकिरण बासुकलालगायतले पनि गाइचा म्येको महत्त्वमाथि प्रस्ट पार्नुभयो ।

आज बिमोचन गरिएको पुस्तकमा आशाकाजी बासुकला, चन्द्रबहादुर उलक, नाति तुइँतुइँ, नाति कवां, केपी सुवाल, विश्वनाथ प्रजापति, राजकृष्ण गोरा, रामेश्वर मचामसी, विष्णुगोपाल कुसी र भुवन गोसाइँलगायतका गाइँचा म्येहरू संकलित छन् ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित)ले गाइँचा म्ये लेखनमा योगदान पुर्‍याउनुहुने जनकवि चन्द्रबहादुर उलकलाई दोसल्ला ओढाइ सम्मान पत्र प्रदान गर्नुभयो । कार्यक्रमपश्चात भक्तपुर नपा वडा नं. २ का गाइँचा समूहबाट गाइँचा प्याखं प्रदर्शन गरिएको थियो ।

# प्रमुख सुनिल प्रजापतिद्वारा साकोलानस्थित ताहा फल्चा (पाटी) उद्घाटन



eQmk/ gu/kflnsfsf k|d'v ;lgn k|hfkltn]tfxf kmNrf pb3f6g

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भदौ ७ गते भक्तपुर नगरपालिका वडा नं. ९ साकोलानस्थित पुनःनिर्मित ताहा फल्चा (पाटी) उद्घाटन गर्नुभयो ।

उद्घाटन समारोहमा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकासँग सम्पदा संरक्षणको लागि पर्याप्त बजेट नभए पनि जनसहभागिता र जनश्रमदानमार्फत भक्तपुरका सम्पदाहरू कम लागतमा उपभोक्ता समितिमार्फत् पुनःनिर्माण र जीर्णोद्धार भइरहेको बताउनुभयो ।

भक्तपुरको ऐतिहासिक रानी पोखरी र भाजु पोखरी पुनःनिर्माण कार्य अगाडि बढिरहेको र आर्थिक वर्ष २०७६/७७ मा टौमढीमा अवस्थित पाँचतल्ले मन्दिर जीर्णोद्धार गर्ने योजना रहेको बताउनुहुँदै उहाँले भक्तपुर नगरपालिकाले कुनै व्यक्ति विशेषको हितलाई प्राथमिकतामा नराख्ने बरु सिंगो समाजको हितमा काम गर्ने बताउनुभयो ।

भक्तपुर क्यान्सर अस्पतालको वर्तमान अवस्थाबारे प्रस्ट पार्नुहुँदै उहाँले भन्नुभयो– 'अस्पतालको अनियमितता रोक्न र अस्तव्यस्त हुनबाट जोगाउन नगरपालिकाले अस्पताल व्यवस्थापनको जिम्मा लिनुपरेको हो ।'

इन्जिनियरिङ् शिक्षा महँगिदै गएको अवस्थामा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजले देशभरिका विद्यार्थीलाई सस्तोमा गुणस्तरीय इन्जिनियरिङ शिक्षा प्रदान गर्दै आइरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुरको समग्र विकासले राज्यको प्रतिष्ठा बढ्ने जिकिर गर्नुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले नयाँ पुस्तालाई समाजप्रति उत्तरदायी बनाउने र व्यक्तिवादी चिन्तनबाट मुक्त बनाउनुपर्ने आवश्यकता औंल्याउनुहुँदै भक्तपुरका मुर्त–अमुर्त सम्पदा संरक्षणबारे पनि नयाँ पुस्तालाई अभिप्रेरित बनाउँदै लानुपर्ने बताउनुभयो ।

साविक वडा नं. ३ का पूर्व वडाध्यक्ष विष्णुबहादुर मानन्धरले ऐतिहासिक महत्त्व बोकेको ताहा फल्चाको इतिहासबारे प्रस्ट पार्नुहुँदै सरसफाइ र विकास निर्माणका कार्यहरूमा भक्तपुर नगरपालिकाले गरेको कार्य प्रशंसनीय छ भन्नुभयो ।

कार्यक्रममा ९ नं. वडाका प्राविधिक इन्जिनियरि अर्हत बज्राचार्यले पाटी पुनःनिर्माणको कार्य विवरण र प्रतिवेदन प्रस्तुत गर्नुहुँदै पाटी पुनःनिर्माणको लागत इस्टिमेट २४,८१,८९०/४० रहेकोमा कूल खर्च २२,४०,४७०/३४ मा पाटी पुनःनिर्माण कार्य सम्पन्न भएको बताउनुभयो ।

कार्यक्रममा ९ नं. वडाका वडा सदस्य एवम् अनुगमन समिति संयोजक जगतलाल मानन्धर, उपभोक्ता समितिका सचिव सरिता मानन्धर, उपभोक्ता समितिका अध्यक्ष तुल्सीकाजी मानन्धर, उपभोक्ता समिति सदस्य विष्णुबहादुर मानन्धर र कोषाध्यक्ष रामकृष्ण मानन्धरले पनि आ–आफ्नो धारणा प्रस्तुत गर्नुभयो ।



# वागीश्वरीमा बृहत शिक्षक भेला सम्पन्न

वागीश्वरी कलेज र वागीश्वरी माविको कक्षा ११ र १२ मा अध्यापनरत शिक्षक शिक्षिकाहरूको भेला भदौ ७ गते सम्पन्न भयो ।

विद्यालय तथा कलेजको आ.व. २०७६/०७७ को बजेट, भावी नीति तथा कार्यक्रम तथा स्नातक र स्नातकोत्तर तहको कक्षा सञ्चालनबारे छलफल गर्न उक्त भेला आयोजना गरेको हो ।

भेलामा प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख तथा वागीश्वरी कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिले नेपालका सम्पूर्ण इन्जिनियरिङ विषयको सर्भे एउटा प्राइभेट कम्पनीमा गर्नुपर्ने पत्रको आधारमा मन्त्रालयले भक्तपुरका सामुदायिक कलेजहरूलाई पनि विद्युत प्राधिकरणको जग्गामा सर्भे नगराउन पत्र पठाएपछि उक्त जनविरोधी कदमको विरोधमा प्राधिकरणका कुलमान घिसिङसँग कुरा गरिसकेपछि मात्र उक्त निर्णय फिर्ता लिएको स्पष्ट पार्दै हरेक क्षेत्रमा शिक्षकहरू सचेत हुन आग्रह गर्नुभयो ।

भक्तपुर क्यान्सर अस्पतालमा भइरहेको गतिविधिबारे स्पष्ट पार्दै उहाँले स्थानीय तहका क्षेत्रका सामुदायिक संस्था, अस्पताल, विद्यालय, टीम, क्लब आदि कानुनतः स्थानीय तहका सरकारले नियमन र अनुगमन गर्न सक्ने अधिकार भएको र त्यसैका आधारमा क्यान्सर अस्पतालजस्तो संवेदनशील संस्थाको सेवा प्रवाहलाई सुनिश्चितता दिन भक्तपुर नगरपालिकाले जरूरी कदम चालेको बताउनुभयो ।

उहाँले कतिपय राजनीतिक दलले भक्तपुर नगरपालिकाप्रति पूर्वाग्रही सोच राखेर अस्पतालको विषयमा भ्रामक प्रचारबाजी गर्नु आपत्तिजनक भएको बताउनुभयो ।

भक्तपुर नगरपालिका पारदर्शिताको नमुना र आर्थिक अनुशासनमा प्रतिबद्ध नगर भएको उदाहरण दिँदै नगर प्रमुख प्रजापतिले नगरपालिका क्षेत्रभित्र सञ्चालित अस्पतालको अव्यवस्था र अस्तव्यस्तता टुलुटुलु हेरेर मात्र बस्न नसकिने प्रस्ट पार्नुभयो ।

वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठले आ.व. २०७६/७७ को जम्मा ४ करोड ९६ लाख ८० हजार ८२० रूपैया १४ पैसाको बजेट प्रस्तुत गर्नुभयो । बजेटमा उल्लेख भएका महत्त्वपूर्ण बुँदाहरूहरूमा भवन निर्माण, विद्यार्थी तथा शिक्षकको अनुसन्धानमूलक कार्य, जर्नल प्रकाशन, छात्रवृत्तिलगायत रहेका छन् ।

वागीश्वरी माविका सहायक प्राचार्य ज्ञानसागर प्रजापतिले आ.व. १२ करोड ३५ लाख ६२ हजार ६३८ रूपैयाँ ८५ पैसाको विद्यालयको बजेट प्रस्तुत गर्नुभयो । बजेटमा शिक्षक तथा कर्मचारीहरूको तलबमा १३ प्रतिशतदेखि ५८ प्रतिशतसम्म वृद्धि गरेको उल्लेख छ ।

विद्यालयका प्राचार्य कृष्णप्रसाद धन्छाको सभापतित्वमा भएको कार्यक्रममा शिक्षक गेहेन्द्रप्रसाद दाहाल र राजन चौगुठीले पनि बोल्नुभएको थियो । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रविन्द्र ज्याख्वको पनि उपस्थिति थियो ।



# भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूबीच जम्मु-काश्मीर मामिलाबारे प्रवचन

संसारकै ठूलो प्रजातान्त्रिक देश भनिने भारतले स्वायत्त राज्य जम्मु-काश्मीरलाई जनताको भावना र प्रजातान्त्रिक मूल्य मान्यताविपरीत जबरजस्ती आफूमा विलय गरेको विरोधमा भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूबीच साउन ३२ गते प्रवचन कार्यक्रम सम्पन्न भयो।



कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सचिव तथा प्रतिनिधिसभा सदस्य प्रेम सुवालले जम्मु- काश्मीरमाथिको हस्तक्षेपमा भारतीय प्रम मोदीको फासीवादी चरित्र उदाङ्गिएको प्रस्ट पार्नुभयो। भारतले पुरानो गौरव फर्काउने उद्घोषसहित मुसलमान तथा जातीय अल्पसङ्ख्यकहरूमाथि संहार गर्नु तथा भारत, पाकिस्तान र चीनबीच इतिहासकालदेखि विवादित क्षेत्रमा हस्तक्षेप गर्नु मोदीको फासीवाद हो, उहाँले भन्नुभयो।

भारतीय हस्तक्षेपको विरोधमा काश्मिरी जनताको सङ्घर्षप्रति न्यायप्रेमी नेपाली जनताहरूले ऐक्यबद्धता प्रकट गर्नुपर्नेमा जोड दिँदै सांसद सुवालले छिमेकमा बलेको आगो आफ्नो घरमा पनि सल्किन सक्ने खतरा बढेको उल्लेख गर्नुभयो।

उहाँले नेपालको सार्वभौमिकता अक्षुण्ण राख्न भारतसँगको खुला सिमाना बन्द गरी नियमित गर्नुपर्ने, सिमानामा नेपाली सेना तथा सशस्त्र प्रहरी परिचालन गर्नुपर्ने र नागरिकता ऐनमा कडाइ गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

पार्टीका केन्द्रीय सदस्य एवम् नगर प्रमुख सुनिल प्रजापतिले साम्राज्यवादी देशहरूले कुनै देशमा राजनैतिक हस्तक्षेप गर्नुपूर्व आफ्ना दलालहरू तयार गर्ने उल्लेख गर्दै काश्मीरमाथि भारतीय हमलाको विरोधमा नेपाली शासक दलहरू मौन बस्नु भारतीय विस्तारवादको दलाली गर्नु हो भन्नुभयो।

उहाँले भक्तपुर क्यान्सर अस्पताल व्यवस्थापन समितिका जिम्मेवार पदाधिकारीहरूले करोडौँ भ्रष्टाचार गरेको विरोधमा अस्पतालमा कार्यरत डाक्टर, कर्मचारी र स्थानीय जनता आन्दोलित भएको तथा नपाले अस्पताललाई प्रदान गरेको जग्गा सर्तविपरीत गैरसरकारी संस्थाले दुरूपयोग गरिरहेको हुँदा नपाको नेतृत्व नयाँ व्यवस्थापन समिति गठन गरेको बताउनुभयो। बिरामीहरूलाई सस्तोमा गुणस्तरीय उपचार सेवा प्रदान गर्न स्थानीय जनता, अस्पतालका डाक्टर र कर्मचारीहरूको पूर्ण समर्थनमा जनप्रतिनिधिले आफ्नो जिम्मेवारी वहन गरेको उहाँको भनाइ थियो।

कार्यक्रममा पार्टीका वैकल्पिक केन्द्रीय सदस्य एवम् प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले जम्मु-काश्मीरको घटना भारतको आन्तरिक मामिला नभएको चर्चा गर्दै काश्मिरी जनतालाई भारतीय सेनाको व्यारेकमा थुनेर अन्तर्राष्ट्रिय समुदायसँग अलग्ग राख्दा र जघन्य मानव अधिकार हनन गर्दा अन्तर्राष्ट्रिय चासोको विषय बन्नु स्वाभाविक छ भन्नुभयो।

वडाध्यक्ष रवीन्द्र ज्याख्व र नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका अध्यक्ष सविन ख्याजूले जम्मु-काश्मीरको वर्तमान घटनाक्रमबारे विस्तृत जानकारी दिनुभयो।



# ‘बिरामीहरूको गुणस्तरीय उपचार सेवा हाम्रो उद्देश्य हो’

**- नगर प्रमुख सुनिल प्रजापति**

भक्तपुर नगरपालिकाको आयोजनामा भदौ ६ गते भक्तपुर क्यान्सर अस्पतालबारे पत्रकार भेटघाट कार्यक्रम सम्पन्न भयो।

पत्रकार भेटघाट कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका नगर प्रमुख एवम् भक्तपुर क्यान्सर अस्पताल व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाको उद्देश्य क्यान्सर पीडित र अन्य बिरामीहरूको गुणस्तरीय उपचार गर्नु रहेको बताउनुभयो।

उहाँले कतिपय सञ्चारमाध्यमहरूले भक्तपुर नगरपालिकाप्रति पूर्वाग्राही सोच राखेर अस्पतालको विषयमा भ्रामक समाचार संप्रेषण हुनु आपत्तिजनक भएको बताउनुभयो।



भक्तपुर नगरपालिका पारदर्शिताको नमुना र आर्थिक अनुशासनमा प्रतिबद्ध नगर भएको जिकिर गर्नुहुँदै नगर प्रमुख प्रजापतिले नगरपालिकाभित्र सञ्चालित अस्पतालमा अनुगमन गर्ने अधिकार क्षेत्रभित्र रहेको स्पष्ट पार्नुभयो।

कार्यक्रममा उपस्थित विभिन्न सञ्चारमाध्यमका पत्रकारहरूको जिज्ञासामाथि प्रस्ट पार्नुहुँदै प्रमुख प्रजापतिले एनजीओ र आइएनजीओहरू कानुन बाहिर जान नसक्ने स्पष्ट पार्नुभयो। उहाँले एनजीओ र आइएनजीओको आर्थिक अनियमितता र भ्रष्टाचारबारे पनि छानबिन हुनुपर्ने आवश्यकता औंल्याउनुभयो। कुनै पनि संस्थाभित्र भ्रष्टाचार नहोस् भन्ने उद्देश्य भक्तपुर नगरपालिकाको रहेको स्पष्ट पार्नुहुँदै भक्तपुर क्यान्सर अस्पताल जनताको अस्पताल भएको र जनताकै सम्पत्तिको रूपमा विकास गर्ने धारणा उहाँले व्यक्त गर्नुभयो।

कार्यक्रममा भक्तपुर क्यान्सर अस्पतालका मेडिकल डाइरेक्टर एवम् अस्पताल व्यवस्थापन समितिका सदस्य सचिव प्रा.डा. ऋषिकेशनारायण श्रेष्ठले भक्तपुर क्यान्सर अस्पतालले देशभरिका क्यान्सर रोगीहरूको उपचार गरिरहेको तथ्याङ्क प्रस्तुत गर्नुहुँदै नयाँ व्यवस्थापन समिति गठनपश्चात अस्पतालका कर्मचारीहरूको मनोबल बढेको र अझ लगनशील भई बिरामीको सेवामा कार्यरत रहेको बताउनुभयो।

भक्तपुर क्यान्सर अस्पतालको सेवा सुविधामा कुनै किसिमको कमी नभएको र क्यान्सर बिरामीको सेवा अवरुद्ध नहुने प्रतिबद्धता जनाउनुहुँदै डा.श्रेष्ठले भदौ १ गतेबाट सबै किसिमको रोगहरूको अप्रेशन सेवा सुरु भएको जानकारी गराउनुभयो।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष एवम् भक्तपुर अस्पताल छानबिन समितिका संयोजक रबिन्द्र ज्याख्वले क्यान्सर अस्पतालको वर्तमान अवस्थाबारे जानकारी गराउनुहुँदै भक्तपुर क्यान्सर अस्पतालसम्बन्धी नगरपालिकाको प्रेस वक्तव्य प्रस्तुत गर्नुभएको थियो।

## भक्तपुर क्यान्सर अस्पतालसम्बन्धी भक्तपुर नगरपालिकाको प्रेस वक्तव्यको पूर्ण पाठ

भक्तपुर नगरपालिकाद्वारा प्रदान गरिएको जग्गा र आर्थिक तथा अन्य संस्थाहरू समेतको सहयोगमा सञ्चालन भइरहेको भक्तपुर क्यान्सर केयर सेन्टर (हाल भक्तपुर क्यान्सर अस्पताल) मा देशभरिका क्यान्सर रोगका बिरामीहरूको गुणस्तरीय उपचार भइरहेकोमा यो अस्पताल व्यवस्थापन समितिका तत्कालीन पदाधिकारीहरू आर्थिक अनियमितता र भ्रष्टाचारमा संलग्न भएको सञ्चार माध्यमहरूमा समाचार प्रकाशित भएको सबैमा अवगत नै छ। भ्रष्टाचारविरुद्ध संघर्षरत अस्पतालका चिकित्सक एवं कर्मचारीहरू, स्थानीय जनता र भक्तपुर क्यान्सर अस्पताल सहयोग समितिबाट समेत अस्पतालको सञ्चालन एवं व्यवस्थापनको जिम्मेवारी भक्तपुर नगरपालिकाले लिनको लागि लिखित अनुरोध पत्र पेश भएको अवस्थामा यसबारे नगरपालिकाले पदाधिकारीहरूलाई पटक–पटक सम्पर्क गर्दा पनि सम्पर्कमा आउन चाहेनन्।

क्यान्सरजस्तो प्राणघातक रोगको विशिष्ट उपचार हुने संवेदनशील अस्पतालमा व्यवस्थापन समितिका तत्कालीन पदाधिकारीहरूको गैरजिम्मेवारीपन र भ्रष्टाचार कसैको लागि स्वीकार्य हुन सक्दैन। अत: स्थानीय जनप्रतिनिधिको नाताले आफ्नै क्षेत्रभित्रको अस्पतालमा देखिएको समस्यालाई तत्काल समाधान गरी थप व्यवस्थित रूपमा सञ्चालन गर्न तथा बिरामीहरूको स्तरीय उपचार प्रदान गर्ने कार्यमा कुनै वाधा व्यवधान आउन नदिन अस्पतालमा कार्यरत चिकित्सक, कर्मचारी एवं स्थानीय जनताको न्यायोचित आग्रह र आवाजलाई कदर गर्दै यस नगरपालिकाको मिति २०७६ साउन ३० गते बसेको कार्यपालिका बैठकले भक्तपुर क्यान्सर अस्पताल व्यवस्थापन समिति गठन गरेको हो। नगर कार्यपालिकाले नयाँ व्यवस्थापन समिति गठन गर्नुका आधारहरू निम्नानुसार छन् :

१) भक्तपुर नगरपालिकाले मिति २०५८।१०।२४ गते बसेको नगरपालिकाको बोर्ड बैठकको निर्णयअनुसार क्यान्सर पीडित जनताको लागि सस्तो र गुणस्तरीय उपचार सेवा प्रदान गर्ने उद्देश्यसहित क्यान्सर केयर सेन्टर (हाल भक्तपुर क्यान्सर अस्पताल) को नाममा साविक भ.न.पा.वडा नं. १७ (ङ) हाल भ.न.पा.वडा नं. १ कि.नं. २२६ क्षेत्रफल ५-४-०-० जग्गा र रु. २० लाख रूपैयाँ प्रदान गरेको थियो। नपाले प्रदान गरेको जग्गा कुनै व्यक्ति वा संघ संस्थालाई भाडामा दिन हक छाड्न वा हस्तान्तरण गर्न वा बिक्री समेत गर्न नपाउने शर्त उल्लेख भएकोमा सो शर्त विपरीत उक्त जग्गा गैरसरकारी संस्था नेपाल अर्बुद रोग निवारण संस्थाले अनधिकृत रूपले उपभोग गरी आएको देखिएको छ। २०५६ सालदेखि भक्तपुर नगरपालिकाका प्रमुख अस्पताल व्यवस्थापन समितिको उपाध्यक्ष रही आएकोमा विना सूचना हटाइएको छ।

२) भक्तपुर नगरपालिकाभित्र घर, टहरा वा कुनै नयाँ संरचना निर्माण गर्दा अनिवार्य रूपमा नक्सा पास गर्नुपर्ने कानुनी व्यवस्था हुँदा हुँदै नेपाल अर्बुद रोग निवारण संस्थाले कानुनविपरीत संरचना निर्माण गरेको सम्बन्धमा नगरपालिकाले कारबाही गरिरहेको छ।

३) भक्तपुर नगरपालिकाले नगर क्षेत्रभित्र कुनै काम गर्न वा सहयोग गर्न चाहने गैरसरकारी वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू अनिवार्य रूपमा नगरपालिकामा दर्ता गरी स्वीकृति लिनुपर्ने व्यवस्था छ। यसबारे पटक-पटक सूचना जारी गर्दा समेत नेपाल अर्बुद रोग निवारण संस्था भनपामा दर्ता गर्न आएको देखिँदैन।

४) संस्थाको भवन निर्माण ठेक्का र सामान खरिदमा भ्रष्टाचार भएको भनी पटक-पटक सञ्चारमाध्यमहरूमा समाचार प्रकाशित भएका छन्।

५) नगरवासी जनताले समेत उक्त अस्पतालमा भइरहेको बेथितिबारे नगरपालिकाले ध्यान दिनुपर्ने आग्रहसहितको निवेदन मिति २०७६ साउन २९ गते नगरपालिकामा दर्ता गरेका थिए।

६) अस्पतालमा कार्यरत चिकित्सक तथा कर्मचारीहरूले समेत उक्त अस्पतालको ब्यवस्थापनको जिम्मेवारी नगरपालिकाले लिनुपर्ने आग्रहसहितको निवेदन मिति २०७६ साउन ३० गते औपचारिक पत्र दर्ता गरेका थिए।

७) अस्पतालमा कार्यरत सफाइ मजदुरहरूको विषयमा अस्पतालको तत्कालीन व्यवस्थापन समितिले भरोसा सर्भिसेस् प्रा.लि. महाराजगञ्ज काठमाडौंसँग सम्झौता गरिएकोमा आर्थिक अनियमितता भएको भनी समाचारहरू प्रकाशित भएका छन्।

८) अस्पतालको हाताभित्र सञ्चालित ल्याब सेवा, फार्मेसी सेवा र सिटी स्क्यान सेवामा खरिद ऐनअनुसार आवश्यक प्रक्रिया पूरा नगरी निजी क्षेत्रलाई मनोमानी ढंगबाट जिम्मेवारी दिएको सम्बन्धमा पटक-पटक समाचारहरू प्रकाशित भए।

९) अस्पतालमा हाल कार्यरत डाक्टर, नर्स र अन्य सेवाका कर्मचारीहरू हाललाई नियमपूर्वक अस्पतालको तर्फबाट नभई नेपाल अर्बुद रोग निवारण संस्थाको तर्फबाट नियुक्ति गरिएको भन्ने सम्बन्धमा छानबिन पछि स्पष्ट हुने नै छ।

१०) अस्पताल व्यवस्थापन समितिका तत्कालीन पदाधिकारीहरू विभिन्न बहानामा अस्पतालको नाउँमा विदेश भ्रमण गरी अस्पतालको रकम भ्रष्टाचार गरी अस्पतालको प्रतिष्ठामा आँच पुऱ्याइरहेको गुनासो सम्बन्धित पक्षबाट आएको छ। व्यवस्थापन समितिले छानबिन समिति गठन गरिसकेको हुँदा छानबिन समितिले सत्यतथ्य कुरा सार्वजनिक गर्ने नै छ।

११) तत्काल नगरपालिकाले कुनै कदम नचालेको अवस्थामा अप्रिय घटना हुनसक्ने सम्भावना भएकोले नगर कार्यपालिकाको बैठकले नयाँ व्यवस्थापन समिति गठन गरेको हो। नयाँ व्यवस्थापन समिति र तत्कालीन अर्बुद रोग निवारण संस्थाका पदाधिकारीहरूबीच सकारात्मक छलफल भइरहेको छ।

आर्थिक अवस्था कमजोर भएका बिरामीहरूले समेत कम शुल्कमा सहज ढंगबाट क्यान्सर रोगको उपचार पाऊन् भन्ने नगरपालिकाको चाहना हो। बिरामीको उपचार सेवामा सहजता ल्याउने कार्यमा नयाँ व्यवस्थापन समितिले नीतिगत सहयोग गर्छ। नगरपालिकाले गठन गरेको समितिमा समाजका विभिन्न पक्षका विज्ञहरूलाई समावेश गरेसँगै अस्पताल प्रशासन, चिकित्सक एवं कर्मचारीहरूमा उत्साह थपिएको छ। बिरामीहरूको उपचार सेवामा प्रभावकारिता आएको छ।

अस्पताल व्यवस्थापन समितिका पूर्व पदाधिकारीहरूबाट अस्पताल सञ्चालन, डाक्टर तथा कर्मचारी नियुक्ति, ल्याब, फार्मेसी, सीटी स्क्यान सेवालगायतमा अपारदर्शी ढंगबाट निजी क्षेत्रसँग सम्झौता, भवन निर्माण कार्यको ठेक्कामा अनियमितता भएकोलगायतका विषयमा सत्यतथ्य पत्ता लगाई सार्वजनिक गर्न एक छानविन समिति गठन गरी कार्य थालनी समेत भएको जानकारी गराउँदछु।

भक्तपुर क्यान्सर अस्पताल निर्माण एवं सञ्चालनका लागि भक्तपुर नगरपालिका, विभिन्न सरकारी निकाय र नेपाल क्यान्सर रोग निवारण संस्था, रोटरी क्लब, स्थानीय समाजसेवीलगायत सम्पूर्णको सहयोगप्रति धन्यवाद ज्ञापन गर्दछु। साथै आगामी दिनमा अस्पताललाई जनताप्रति उत्तरदायी, पारदर्शी तथा देशकै उत्कृष्ट नमूना अस्पतालको रूपमा स्थापित गर्न सबैको रचनात्मक साथ र समर्थन रहने कुरामा विश्वास व्यक्त गर्दछु।

*सुनिल प्रजापति*
*प्रमुख, भक्तपुर नगरपालिका*

# भक्तपुर नपाका प्रमुख र नेपाल क्यान्सर रोग निवारण संस्थाका पदाधिकारीबीच भेट

भक्तपुर नगरपालिकाका प्रमुख एवम् भक्तपुर क्यान्सर अस्पताल व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापति र नेपाल क्यान्सर रोग निवारण संस्थाका विशिष्ट पदाधिकारीहरूबीच भदौ ६ गते भक्तपुर नगरपालिका वडा नं. १ दुधपाटीस्थित भक्तपुर क्यान्सर अस्पतालको वर्तमान अवस्थाबारे नगरपालिकाको सभाकक्षमा भेट तथा छलफल भयो ।

भेटमा बोल्नुहुँदै नगर प्रमुख प्रजापतिले अस्पतालको वर्तमान स्थितिबारे अवगत गराउनुहुँदै भक्तपुर क्यान्सर अस्पताल सबैको साझा संस्था भएको बताउनुभयो ।

अस्पतालमा भएको भ्रष्टाचारविरुद्ध संघर्षरत अस्पतालका चिकित्सक एवं कर्मचारीहरू, स्थानीय जनता र भक्तपुर क्यान्सर अस्पताल सहयोग समितिबाट समेत अस्पतालको सञ्चालन एवं व्यवस्थापनको जिम्मेवारी भक्तपुर नगरपालिकाले लिनको लागि लिखित अनुरोध पत्र पेश भएको जानकारी गराउनुभयो । प्रमुख प्रजापतिले भक्तपुर क्यान्सर अस्पतालका जिम्मेवार पदाधिकारीहरूलाई पटक–पटक सम्पर्क गर्दा पनि सम्पर्कमा आउन नचाहेकाका कारण स्थानीय जनप्रतिनिधिहरूको नाताले आफ्नो क्षेत्रभित्रको अस्पतालमा देखिएको समस्यालाई तत्काल समाधान गरी थप व्यवस्थित रूपमा सञ्चालन गर्न तथा बिरामीहरूको स्तरीय उपचार प्रदान गर्ने कार्यमा कुनै बाधा व्यवधान आउन नदिन नगरपालिकाको भक्तपुर क्यान्सर अस्पताल व्यवस्थापन समिति गठन गरेको बताउनुभयो ।

उहाँले अस्पताल व्यवस्थापन समितिका पूर्व पदाधिकारीहरूबाट अस्पताल सञ्चालन, डाक्टर तथा कर्मचारी नियुक्ति, ल्याब, फार्मेसी, सीटी स्क्यान सेवालगायतमा अपारदर्शी ढंगबाट निजी क्षेत्रसँग सम्झौता, भवन निर्माण कार्यको ठेक्कामा अनियमितता भएकोलगायतका विषयमा सत्यतथ्य पत्ता लगाई सार्वजनिक गर्न नगरपालिकाले एक छानविन समिति गठन गरी कार्य थालनी समेत भएको जानकारी गराउनुभयो ।

उक्त भेटमा नेपाल क्यान्सर रोग निवारण संस्थाका प्रतिनिधिहरूले भक्तपुर क्यान्सर अस्पतालमा भएको अनियमितता र भ्रष्टाचारको विषय निन्दनीय भएको जिकिर गर्नुहुँदै नगरपालिकाले व्यवस्थापन समितिसँग सल्लाह गरी त्रुटी सच्याउने अवसर प्रदान गर्नुपर्ने र संक्रमणकालको समयमा भनपाले अस्पताल जोगाउन चालेको पहल सकारात्मक भएको तर नेपाल क्यान्सर रोग निवारण संस्थाका पदाधिकारीहरूसँग आवश्यक सल्लाह गरेर मात्रै नगरपालिका अगाडि बढेको भए धेरै राम्रो हुने बताउनुभयो ।



उक्त भेटमा भक्तपुर नगरपालिका वडाध्यक्षहरू र नेपाल क्यान्सर रोग निवारण संस्थाका पदाधिकारीहरू मणिध्वज जोशी, डा. राजेन्द्रप्रसाद बराल, प्रा.डा. प्रदीप वैद्य, शिवभक्त राजभण्डारी, दिवाकर राजकर्णिकार र अस्पताल व्यवस्थापन समितिका पूर्व कोषाध्यक्ष अनन्तप्रसाद धौभडेललगायत उपस्थिति हुनुहुन्थ्यो ।

# भक्तपुर क्यान्सर अस्पतालको छानबिन समिति गठन



भक्तपुर नगरपालिका वडा नं.१ मा सञ्चालित भक्तपुर क्यान्सर अस्पताललाई व्यवस्थित एवं जनउत्तरदायी रूपमा सञ्चालन गर्न एवं कम शुल्कमा बिरामीहरूको गुणस्तरीय उपचार सेवा गर्न टेवा पुऱ्याउने उद्देश्यले नवगठित भक्तपुर क्यान्सर अस्पताल व्यवस्थापन समिति बैठक भदौ १ गते बस्यो ।

भक्तपुर क्यान्सर अस्पतालमा आर्थिक अनियमितता र भ्रष्टाचार भएको विषयमा सञ्चारमाध्यममा समाचार प्रकाशित भएको र जनस्तरबाट समेत आवाज उठिरहेको अवस्थामा एक महिनाभित्र सत्यतथ्य पत्तालगाई सार्वजनिक गर्न भनपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वको संयोजकत्जमा सदस्यहरूमा लेखा परीक्षक कृष्णगोविन्द लाखा र अधिवक्ता अनिता जधारी रहने गरी एक छानबिन समिति गठन गर्ने निर्णय गऱ्यो ।

बैठकले भक्तपुर क्यान्सर अस्पतालको सरसफाइ कार्यका लागि यसअघि भरोसा सर्भिस् प्रा.लि. महाराजगंज, काठमाडौंसँग ठेक्का सम्झौता गरी सफाई कर्मचारीहरूमार्फत कार्य भइरहकोमा अस्पताल प्रशासनबाट प्रति कर्मचारी मासिक पारिश्रमिक प्रदान गरेअनुसार कम्पनीबाट कर्मचारीहरूले नपाएको र श्रम शोषण भएको गुनासो आएको हुँदा आजकै मितिबाट भरोसा सर्भिस प्रा.लि.सँग यस अस्पतालले गरेको सम्झौता भंग गर्ने निर्णय गऱ्यो । साथै उक्त कम्पनीमार्फत यस अस्पतालको नियमित सरसफाइमा इमानदारीपूर्वक कार्य गरिरहेका सुपरभाइजर १ जना र सफाइ कर्मचारीहरू ३७ जना कर्मचारीहरूलाई अस्पतालको शुरु तहको कर्मचारीको रूपमा नियुक्ति गर्ने र उहाँहरूलाई अस्पतालको नियमानुसार मासिक तलब र सुविधा प्रदान गर्ने निर्णय गरियो ।

बैठकले अस्पतालमा कार्यरत कर्मचारीहरूको अन्तिम पदोन्नती भएको मितिदेखि मिति २०७५ चैत्र मसान्तसम्म ५ वर्ष स्थायी नोकरी अवधि पुगेका कर्मचारीहरू तथा मौजुदा कर्मचारी प्रशासन नियमावली अनुसार तह बृद्धि गर्ने, २ वर्ष कार्यकाल पुरा गर्नुभएका चिकित्सिक (रजिष्ट्रार भन्दा माथि) २ जना र ५ वर्ष कार्यकाल पूरा गर्नुभएका ९ जना कर्मचारीहरूलाई नियमावली अनुसार स्थायी नियुक्ति गर्ने निर्णय गऱ्यो ।

अस्पतालमा कार्यरत कर्मचारीहरूले २०७५ चैत्र मसान्त अघिसम्म पाउँदै आएको घरबिदा, पर्वबिदा, बिरामीबिदालगायतका बिदा सुविधा अर्को व्यवस्था नहुञ्जेलसम्मका लागि आजैका मितिदेखि लागु हुनेगरी यथावत कायम गर्ने निर्णय बैठकबाट भयो ।

## प्रमुख सुनिल प्रजापति र राष्ट्रिय पुन:निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशीलचन्द्र ज्ञवालीबीच भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले साउन २६ गते राष्ट्रिय पुन:निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत सुशीलचन्द्र ज्ञवालीसँग भेट गर्नुहुँदै ।

# नगर प्रमुख प्रजापतिलाई भक्तपुर क्यान्सर अस्पतालमा स्वागत

भक्तपुर क्यान्सर अस्पतालको नयाँ व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई भदौ १ गते भक्तपुर क्यान्सर अस्पतालका मेडिकल डाइरेक्टर प्रा.डा. ऋषिकेशनारायण श्रेष्ठले अस्पतालमा स्वागत गर्नुहुँदै बधाई दिनुभयो ।

भक्तपुर क्यान्सर अस्पतालद्वारा आयोजित उक्त कार्यक्रममा संघीय सांसद एवम् अस्पताल व्यवस्थापन समितिका सल्लाहकार प्रेम सुवालले गरिब नेपाली जनताले सस्तो र गुणस्तरीय उपचार पाउन् भन्ने उद्देश्यले भक्तपुर नगरपालिकाले आवश्यक जग्गा प्रदान गरी आर्थिक सहयोग प्रदान गर्दै आएको बताउनुहुँदै अस्पतालमा भइरहेको अनियमितता रोक्न नयाँ व्यवस्थापन समिति गठन भएको र नवगठित व्यवस्थापन समितिले कर्मचारीको वृत्ति विकासका साथै बिरामीहरूलाई गुणस्तरीय सेवा प्रदान गर्न अग्रसर रहने बताउनुभयो ।

अस्पतालमा भइरहेको अनियमितता र भ्रष्टाचारको विषयमा व्यवस्थापन समितिका पदाधिकारीहरूसँग पटक-पटक स्पष्टीकरण माग गरेको बताउनुहुँदै आजको मितिसम्म पनि कोही पनि उपस्थित नभएको आपत्तिजनक भएको बताउनुभयो ।

नगर प्रमुख सुनिल प्रजापतिले नयाँ व्यवस्थापन समितिले आर्थिक अनुशासन र पारदर्शितालाई उच्च प्राथमिकतामा राख्ने प्रतिबद्धता व्यक्त



गर्नुहुँदै उहाँले बिरामीको सेवा र अस्पतालको हितमा काम गर्नेहरूलाई व्यवस्थापन समितिले उत्साहित गर्ने काम गर्ने र भागबण्डा, पक्षपात र आर्थिक अनियमिततालाई बन्द गरिने जानकारी गराउनुभयो ।

आर्थिक अनियमितताका आरोप लागेकाहरूकै हातमा अस्पताल छोड्नुको अर्थ अस्पताललाई थप बर्बादीमा पुऱ्याउनु हुने बताउनुहुँदै सार्वजनिक सम्पत्ति हिनामिना गर्ने जोकोही कानुनी दायरामा आउनुपर्ने र नगरपालिकाले जनस्तरबाट र कानुनी हिसाबबाटै आर्थिक अनियमितता गर्नेहरूलाई जनताबीच ल्याउने प्रस्ट पार्नुभयो । उहाँले क्यान्सर अस्पताल जनताकै सम्पत्ति भएको बताउनुहुँदै कुनै व्यक्ति विशेषको कमाइ खाने भाँडो बनाउन नदिने बताउनुभयो ।

कार्यक्रममा अस्पतालका मेडिकल डाइरेक्टर प्रा.डा. ऋषिकेशनारायण श्रेष्ठले अस्पतालमा भइरहेको अनियमितता र भ्रष्टाचारलाई रोक्न र संस्थालाई बचाउन नगरपालिकाको कदम स्वागतयोग्य भएको बताउनुभयो ।

भक्तपुर क्यान्सर अस्पताल कल्याणकारी समितिका संयोजक शिवराम धुख्वाले अस्पतालको ल्याब तथा फार्मेसीमा भइरहेको भ्रष्टाचारबारे बोल्नुहुँदै व्यवस्थापन समितिका व्यक्तिहरूले कर्मचारीहरूलाई धम्क्याउने कार्य गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर क्यान्सर अस्पतालका प्रशासन प्रमुख राजाराम तजलेले पनि बोल्नुभएको थियो ।



# ‘क्यान्सर अस्पताल जनताको हो’



gu/ k|d'v ;lgn k|hfklt

भक्तपुर क्यान्सर अस्पताल देशकै महत्वपूर्ण र प्रतिष्ठित अस्पताल हो । हजारौं क्यान्सर पीडित नेपाली जनताले उपचार पाइरहेको यस अस्पताल भक्तपुरको गौरब पनि हो । गरिब नेपाली जनताले सस्तो र गुणस्तरीय उपचार पाउन् भन्ने उद्देश्यले भक्तपुर नगरपालिकाले आवश्यक जग्गा प्रदान गर्ने र आर्थिक सहयोग प्रदान गर्दै आएको छ । तर क्यान्सर अस्पतालको लागि दिएको जग्गा भनपाको शर्तविपरीत गैरसरकारी संस्थाले उपभोग गरिरहेको पायौं ।

क्यान्सर पीडित जनताको राम्रो र गुणस्तरीय उपचार गर्नेबाहेक हाम्रो कुनै स्वार्थ छैन । यसअघि जे जस्तो भए पनि आयन्दा अस्पतालको आम्दानी अस्पतालको भौतिक विकास र कर्मचारी व्यवस्थापनकै निम्ति खर्च गरिनेछ । यहाँको सम्पूर्ण आम्दानी र खर्च पारदर्शी बनाइनेछ ।

हामी निर्वाचित भएर आएको दुई वर्ष बित्यो । अस्पताल राम्रो सञ्चालन भइरहेको सोचेर हामीले केही गरेनौं । समय–समयमा आर्थिक अनियमितताका समाचारहरू बाहिर आए । हामीले अस्पताल व्यवस्थापन समितिका पदाधिकारीहरूसँग भेट्ने र छलफल गर्ने प्रयास गर्‍यौं । उहाँहरू सम्पर्कमै आउन चाहनुभएन ।

आर्थिक अनियमितताको कुरा व्यापक भएपछि टोल–टोलबाट जनता आउन थाले, कर्मचारी मित्रहरूले पनि भक्तपुर नगरपालिकाले नै व्यवस्थापन समिति गठन गर्न आग्रहसहित निवेदन दिनुभयो । अस्पतालको परिस्थिति बिग्रँदै गइरहेको थियो । हामी अस्पतालमा बिरामीहरूको उपचारमा अलिकति पनि बाधा पुगेको चाहनौं । समयमै केही नगरेको खण्डमा बिरामीहरूको उपचारमै समस्या हुन सक्ने भएकोले स्थानीय जनता, अस्पतालका चिकित्सक र कर्मचारीहरूको मागलाई ध्यानमा राखी नगरपालिका अगाडि बढेको हो ।

क्यान्सर अस्पताल जनताको हो र जनताकै हितमा प्रयोग हुनुपर्छ । जनताको सार्वजनिक सम्पत्ति कुनै व्यक्ति विशेषले कमाइ खाने भाँडो बनाइ राखेका जस्ता समाचारहरू व्यापक भएपछि हामी जनप्रतिनिधिहरूको नाताले टुलुटुलु हेरेर बस्नु उपयुक्त ठानेनौं । सार्वजनिक सम्पत्ति हिनामिना गर्ने जोकोही कानुनी दायरामा आउनैपर्छ । नगरपालिकाले जनस्तरबाट र कानुनी बाटोबाट आर्थिक अनियमितता गर्नेहरूलाई जनताबीच ल्याउनेछ ।

आर्थिक अनियमितताका आरोप लागेकाहरूकै हातमा अस्पताल छोड्नुको अर्थ अस्पताललाई थप कारबाहीमा पुर्‍याउनु हो । हामी सेवा सुविधामा अलिकति पनि बाधा पुग्न दिनेछैनौं ।


नयाँ व्यवस्थापन समितिले आर्थिक अनुशासन र पारदर्शितालाई उच्च प्राथमिकतामा राख्नेछ । लामो समयसम्म निरन्तर बिरामीको सेवा र अस्पतालको हितमा काम गर्ने चिकित्सक र कर्मचारीहरूलाई व्यवस्थापन समितिले उत्साहित गर्दै लगिनेछ । भागबण्डा, पक्षपात र आर्थिक अनियमिततालाई बन्द गरिनेछ । अन्यायमा परेका कर्मचारीहरूलाई कर्मचारी/चिकित्सकहरूकै सुझावअनुसार आवश्यक व्यवस्था गरिनेछ ।

बीचमा कुनै बाधा व्यवधान आएन भने भक्तपुर क्यान्सर अस्पताल छिटै नै जनस्तरमा सञ्चालित सुविधासम्पन्न नेपालकै राम्रो अस्पतालको रूपमा देशभरिको लागि उदाहरण बन्नेछ ।

आफ्नो हक अधिकारका साथै संस्थामा भइरहेको आर्थिक अनियमितताबारे जनतालाई सचेत पार्ने काम गर्नुभएका पत्रकार, स्थानीय जनता, यस अस्पतालभित्र कार्यरत चिकित्सक र कर्मचारीहरू सम्पूर्णलाई नगरपालिकाको तर्फबाट धन्यवाद ज्ञापन गर्दछौं । अब क्यान्सर अस्पतालको व्यवस्थापन र अनुगमन भक्तपुर नगरपालिकाले गर्नेछ । नगरपालिका सबैको साझा संस्था हो ।

*(भक्तपुर क्यान्सर अस्पतालद्वारा भदौ १ गते आयोजना गरेको स्वागत तथा बधाई कार्यक्रममा भक्तपुर नपाका प्रमुख एवम् अस्पताल व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिद्वारा व्यक्त मन्तव्यको सार–संक्षेप)*

# नगरप्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर क्यान्सर अस्पताल व्यवस्थापन समिति गठन




भक्तपुर क्यान्सर अस्पतालमा हालैका दिनमा व्यवस्थापन समितिका जिम्मेवार पदाधिकारीहरूबाट नै आर्थिक अनियमितता र भ्रष्टाचार भएको संचार माध्यमहरूमा समाचार प्रकाशित भएको र त्यसविरुद्ध स्थानीय जनता तथा अस्पतालका चिकित्सक एवं कर्मचारीहरूबाट संघर्ष भइरहेको अवस्थामा नगरपालिका क्षेत्रभित्र रहेको अस्पतालको अव्यवस्थालाई समयमै समाधान गर्न नगर प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा नयाँ व्यवस्थापन समिति गठन गरियो ।

स्थानीय जनताप्रति उत्तरदायी रही कम शुल्कमा विरामीहरूको स्तरीय उपचार गर्नुपर्नेमा व्यवस्थापन समितिमा रही केही व्यक्तिहरूले व्यक्तिगत स्वार्थ पूरा गर्न भ्रष्टाचार गरेको र यस विषयमा नगरपालिकाका जनप्रतिनिधिहरूले पटक पटक व्यवस्थापन समितिका पदाधिकारीहरूसँग सम्पर्क गर्न खोज्दा पनि सम्पर्कमा नआएपछि अस्पतालको स्वास्थ्य संवेदनशीलतालाई ध्यानमा राखी नगर कार्यपालिकाको साउन ३० गते बसेको बैठकले नयाँ व्यवस्थापन समिति गठन गर्ने निर्णय गरेको नगरपालिका स्रोतले जनाएको छ ।

बैठकले अस्पताल रहेको भक्तपुर जिल्ला क्षेत्र नं. १ बाट निर्वाचित संघीय सांसद प्रेम सुवाल र सोही क्षेत्रबाट प्रदेशसभामा निर्वाचित सांसद सुरेन्द्रराज गोसाईलाई सल्लाहकारमा राखिएको छ ।

*अस्पतालभित्र भइरहेको भ्रष्टाचार र आर्थिक अनियमितताको विरोधमा संघर्षरत स्थानीय जनता, भक्तपुर क्यान्सर अस्पताल कर्मचारी कल्याणकारी समिति र भक्तपुर क्यान्सर अस्पताल सहयोग समितिबाट समेत अस्पतालको सञ्चालन एवं व्यवस्थापनको जिम्मेवारी लिन नगरपालिकामा लिखित अनुरोधपत्र प्राप्त भएको उल्लेख गर्दै अस्पताललाई व्यवस्थित ढंगबाट सञ्चालन तथा बिरामीहरूलाई स्तरीय उपचार सेवा प्रदान गर्न समिति गठन गर्ने निर्णय गरिएको प्रमुख प्रजापतिले बताउनुभयो ।*

समितिमा भक्तपुरका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्ट, वडाध्यक्षहरू रविन्द्र ज्याख्व, उकेश कवां र श्यामकृष्ण खत्री सदस्य रहेका छन् । त्यस्तै नेपाल अर्वुद रोग निवारण संस्था, भक्तपुर शाखाका अध्यक्ष, भक्तपुर क्यान्सर अस्पताल सहयोग समितिका अध्यक्ष र सोही समितिका महिला सदस्य, अस्पतालका मेडिकल डाक्टर प्रतिनिधि र कर्मचारी कल्याणकारी समितिका प्रतिनिधि पनि सदस्य रहेका छन् । अस्पतालका मेडिकल डाइरेक्टर सदस्य सचिव रहने गरी बनाइएको उक्त समितिमा महानगरीय प्रहरी परिसर, भक्तपुरका प्रहरी उपरिक्षकलाई आमन्त्रित सदस्यको रूपमा चयन गरिएको प्रमुख प्रजापतिले जानकारी दिनुभयो ।

क्यान्सर अस्पताल निर्माणका लागि नगरपालिकाको तर्फबाट ११ रोपनी जग्गा प्रदान गरिएको थियो । देशकै नमूनाको रूपमा सञ्चालन भइरहेको अस्पतालमा आर्थिक अनियमितता भइरहेकोमा चिन्ता व्यक्त गर्दै यस विषयमा छानवीन गर्ने तयारी भइरहेको उहाँले अवगत गराउनुभयो ।

# भक्तपुर क्यान्सर अस्पतालमा भइरहेको आर्थिक भ्रष्टाचारको विषयमा ज्ञापनपत्र

भक्तपुर क्यान्सर अस्पतालमा भइरहेको आर्थिक भ्रष्टाचारको विषयमा भक्तपुर नगरपालिका वडा नं. १ देखि १० सम्मका वडाबासीहरूले साउन २९ गते भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई ध्यानाकर्षण गराउँदै ज्ञापनपत्र प्रदान गऱ्यो ।



ज्ञापनपत्र ग्रहण गर्दै प्रमुख प्रजापतिले क्यान्सर अस्पताल कुनै निजी व्यक्तिले खोलेको नभई सार्वजनिक हितमा स्थापना भएको र त्यसका लागि नगरपालिकाको तर्फबाट जग्गा प्रदान गरिएको अवगत गराउँदै नगरबासीहरूको न्यायोचित मागप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको बताउनुभयो ।

त्यसलगत्तै नगर प्रमुखको नेतृत्वमा जनप्रतिनिधिहरूसहित भक्तपुर क्यान्सर अस्पताल दुधपाटीमा स्थलगत भ्रमण गरी अस्पताल व्यवस्थापन समितिका पदाधिकारीहरूसँग सोबारे जानकारी लिन अस्पताल पुग्नुभयो ।

पटक पटक फोन सम्पर्क गर्दा पनि व्यवस्थापन समितिका कुनै पनि पदाधिकारीहरू सम्पर्कमा नआएपछि प्रमुख प्रजापतिले अस्पतालका मेडिकल डाइरेक्टर ऋषिकेशनारायण श्रेष्ठसँग छलफल गर्नुभयो । छलफलमा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले अस्पतालमा भइरहेको भ्रष्टाचारको विषयमा समाचार आएकोमा भक्तपुर नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको बताउनुभयो ।

भक्तपुर क्यान्सर अस्पताल स्थापनाकालदेखि भक्तपुर नगरपालिका अस्पताल व्यवस्थापन समितिको सदस्य भए पनि कुनै पनि बैठकमा नगरपालिकालाई सामेल नगराउनुमा आपत्ति जनाउँदै उहाँले भक्तपुर क्यान्सर अस्पतालले देशैभरिको रोगीहरूको उपचार गरिरहेको र यसलाई निरन्तर सञ्चालनको लागि आवश्यक पहल गर्न सकारात्मक रहेको बताउनुभयो ।

मेडिकल डाइरेक्टर ऋषिकेशनारायण श्रेष्ठले भक्तपुर क्यान्सर अस्पतालमा भएको आर्थिक अनियमिता र भ्रष्टाचारजस्ता कुरा सञ्चारमाध्यममा आएको हुँदा त्यसको सत्यतथ्य छानबिन गरीदिन आग्रह गर्नुभयो । उहाँले अस्पताललाई व्यवस्थित रूपमा



सञ्चालन गर्न तथा बिरामी सर्वसाधारणलाई उपचार सेवामा प्रभावकारिता ल्याउन नगरपालिकाको उपस्थिति हुनुपर्नेमा जोड दिनुभयो ।

## प्रमुख सुनिल प्रजापति हनुमानघाट दक्षिण पाटीको अवलोकनमा



भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले साउन २५ गते भक्तपुर नगरपालिका वडा नं. ७ स्थित हनुमानघाट दक्षिण पाटीको छानामा झिंगटी लगाउने कार्यको अवलोकन गर्नुहुँदै । उक्त कार्यमा स्थानीय गुठीहरुले पनि जनश्रमदान गरेका थिए ।

# भक्तपुर नगरपालिका अवलोकनमा टोखा नगरपालिकाका जनप्रतिनिधिहरू

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग भदौ ३ गते टोखा नगरपालिकाका जनप्रतिनिधिहरूले नगरपालिकाको सभाकक्षमा भेट गर्नुभयो। टोखा नगरपालिकाका उपप्रमुख ज्ञानमाया डंगोलको नेतृत्वमा आएको टोलीलाई स्वागत गर्नुहुँदै नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाको फोहरमैला व्यवस्थापन र विकास निर्माणका कार्यहरूबारे जानकारी गराउनुभयो।

भक्तपुर नगरलाई सरसफाइको उत्कृष्ट नगर बनाउन नगरको १० वटै वडामा ट्राइसाइकलमार्फत् कुहिने र नकुहिने फोहर संकलन गर्दै आएको र फोहर व्यवस्थापनको दीर्घकालीन समाधानको लागि विशेषज्ञ टोली गठन गरी सरसफाइ कार्यलाई थप व्यवस्थित गर्ने कार्य भइरहेको अवगत गराउनुभयो।

उहाँले भक्तपुरका प्रसिद्ध जात्राहरूलाई शान्तिपूर्ण र मर्यादित ढंगले सञ्चालन गर्न भक्तपुर नगरपालिकाले प्रहरी प्रशासनसँग समन्वय गरी अगाडि बढिरहेको बताउनुभयो। भक्तपुर नगरको सुरक्षा र सरसफाइ गतिविधिहरू सीसीटीभीमार्फत् निगरानी भइरहेको जानकारी गराउनुहुँदै प्रमुख प्रजापतिले नगरपालिकाले युवा र महिला लक्षित विभिन्न तालिमहरू सञ्चालन गर्दै आइरहेको बताउनुभयो।

उपप्रमुख रजनी जोशीले शारीरिक एवम् बौद्धिक अपांगता भएका नगरवासीहरूलाई अपांगतासम्बन्धी परिचयपत्र वितरण गर्ने कार्य भइरहेको बताउनुहुँदै भक्तपुरको ऐतिहासिक रानी पोखरीमा सर्वसाधारण जनताको पहुँच बढाउन नेपाली सेनासँग सहकार्य भइरहेको बताउनुभयो।

टोखा नपाका उपप्रमुख डंगोलले टोखा नगरपालिकाको मुख्य आम्दानीको स्रोत सम्पत्ति कर, बहाल कर र व्यवसाय कर भएको बताउनुहुँदै टोखामा फोहरमैला व्यवस्थापन चुनौतीको विषय भएको बताउनुभयो।

भक्तपुर नगरपालिकाले नगरको फोहर व्यवस्थापनमा गरेका कार्यहरूबाट टोखा नपाले पनि सिक्न चाहेको जिकिर गर्नुहुँदै उहाँले टोखामा अनियमित घर निर्माण गर्नेहरू धेरै भएको र जनतालाई करको दायरामा ल्याउने प्रयासमा रहेको बताउनुभयो।

भेटमा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी, टोखा नपा ९ वडाका वडाध्यक्ष जेपी नेपाल, कार्यपालिका सदस्यहरू कल्पना घिमिरे, लीता भुजेल, उर्मिला बि.क., पार्वती अधिकारी, शोभा तामाङ र बनस्थली कलेजका प्राचार्य टंक चापागाई पनि सहभागि हुनुहुन्थ्यो।



# 'गुठी जग्गा र सम्पदा संरक्षणको जिम्मा स्थानीय तहलाई दिनुपर्छ' – प्रमुख प्रजापति

सरकारी, सार्वजनिक र गुठी जग्गा संरक्षणसम्बन्धी जाँचबुझ आयोगको आयोजनामा साउन २८ गते काठमाडौं उपत्यका क्षेत्रभित्रका स्थानीय तहमा रहेका सरकारी, सार्वजनिक, गुठी जग्गा हिनामिना वा अतिक्रमण र नेपाल सरकारबाट सार्वजनिक हितको लागि अधिग्रहण तथा जफत गरिएका जग्गा हिनामिना भएको सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

अन्तरक्रिया कार्यक्रममा भाग लिनुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले गुठी जग्गा, घर तथा सम्पत्तिहरूको संरक्षण र स–साना देवालय, शिवालय, मठ–मन्दिर संरक्षण र मर्मतलगायतका गुठी संस्थानसँग सम्बन्धित अधिकारहरूको जिम्मा स्थानीय तहलाई दिनुपर्ने बताउनुभयो ।

स्थानीय तहलाई अधिकार सम्पन्न बनाएको खण्डमा आयस्रोत पनि बढ्ने र सांस्कृतिक सम्पदाहरूको संरक्षण पनि हुने उल्लेख गर्नुहुँदै उहाँले मठाधीश भनेका गुठी जग्गाको मालिक नभई संरक्षण गर्न राखेका कर्मचारीसरह व्यक्ति मात्र भएको बताउनुभयो ।

सरकारले गुठी विधेयक फिर्ता लिएका कारण गुठी जग्गा कमाउने हजारौं किसानहरू मोहियानी हकबाट बञ्चित भएको बताउनुहुँदै प्रमुख प्रजापतिले भन्नुभयो – 'संस्कृति जोगाउने नाउँमा सम्पदा जोगाइराख्ने किसानहरूको हक खोसिएको छ ।' उहाँले गुठी संस्थानका व्यक्तिहरू नै गुठी जग्गा बेचबिखजस्ता कुत्सित कार्यमा संलग्न भइरहेको बताउनुभयो ।

काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्यले काठमाडौंमा पर्ति र सरकारी जग्गाहरू अतिक्रमण धेरै भइरहेको स्वीकार्दै सार्वजनिक जग्गा जनिएका जग्गाहरूको व्यवस्थित अभिलेखीकरण आवश्यक भएको बताउनुभयो ।



टोखा नगरपालिकाका उपप्रमुख ज्ञानमाया डंगोलले गुठी तथा सरकारी जग्गाको संरक्षण गर्न आफ्नो नगरपालिकाले छुट्टै आयोग गठन गरी सार्वजनिक जग्गा संरक्षण कार्य गरिरहेको बताउनुहुँदै नपाभित्र रहेका सामुदायिक भवन व्यवस्थापनमा कठिनाइ भइरहेको बताउनुभयो ।

कार्यक्रममा विभिन्न महानगरपालिकाका प्रमुख, नगरपालिकाका प्रमुख, उपप्रमुख तथा गाउँपालिकाका अध्यक्षहरूले सरकारी, सार्वजनिक र गुठी जग्गा संरक्षणको पक्षमा आ–आफ्नो राय–सुझाव व्यक्त गर्नुभएको थियो ।



# गाईजात्रा प्रदक्षिणा मार्गमा सरसफाइ

भक्तपुर नगरपालिकाले साउन २८ गते बिहान गाईजात्रा प्रदक्षिणा मार्गमा सरसफाइ गऱ्यो । भक्तपुर नपा वडा नं. १ देखि ५ सम्मको प्रदक्षिणा मार्गमा संघीय सांसद प्रेम सुवाल, उपप्रमुख रजनी जोशी र प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाइँ नेतृत्वको टोली र वडा नं. ६ देखि १० सम्म भक्तपुर नपा प्रमुख सुनिल प्रजापति र प्रदेशसभा सदस्य सृजना सैंजु नेतृत्वको टोलीले सरसफाइ गरेको थियो ।




सरसफाइ कार्यक्रममा बोल्नुहुँदै नेपाल मजदुर किसान पार्टीका सचिव तथा संघीय सांसद प्रेम सुवालले सरसफाइ र संस्कृति भनेको मानव सभ्यताको विकासको सिलसिला भएको बताउनुहुँदै पुर्खाले सिर्जेको कला र संस्कृति संरक्षणलाई भक्तपुर नपाले प्राथमिकता दिँदै आएको बताउनुभयो ।

गाईजात्राको राजनैतिक, सामाजिक महत्त्वबारे नयाँ पुस्तालाई शिक्षित गराउनुपर्ने र सांस्कृतिक सम्पदा संरक्षण, सरसफाइ तथा विकास निर्माण कार्यमा जनताको सहभागिता, जनश्रमदान, आर्थिक अनुशासन, पारदर्शिता आवश्यक भएको बताउनुभयो ।

भारतको विस्तारवादी नीति दक्षिण एसियाका जनताको निम्ति हितकर नभएको धारणा उल्लेख गर्नुहुँदै उहाँले दक्षिण एसियामा शान्ति कायम गर्न भारतले खेलिरहेको भूमिका निन्दनीय भएको बताउनुभयो ।

भारतलाई जम्मु–काश्मिर क्षेत्रमा हस्तक्षेप गर्न अमेरिकी साम्राज्यवादले सहयोग गरिरहेको आशंका व्यक्त गर्नुहुँदै सांसद सुवालले दक्षिण एसियामा हुने लडाइँले साम्राज्यवादीहरूलाई फाइदा पुग्ने बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य तथा नगर प्रमुख सुनिल प्रजापतिले गाईजात्रालाई मनोरञ्जनको रूपमा मात्र नलिई जनतालाई राजनैतिक रूपमा शिक्षित गर्ने अभियानको रूपमा मनाउन आह्वान गर्नुभयो ।

गाईजात्रालाई व्यवस्थित र मर्यादित बनाउन भक्तपुर नगरपालिकाले विभिन्न सरोकारवाला र सांस्कृतिक गुरुसँग छलफल गर्दै अगाडि बढिरहेको बताउनुहुँदै भक्तपुरलाई सबै क्षेत्रमा राम्रो र उदाहरणीय बनाउन नगरबासीहरू र सम्बन्धित सरोकारवालाहरूको साथको आवश्यकता औंल्याउनुभयो ।

प्रदेश नं. ३ का सांसद सुरेन्द्रराज गोसाइँले गाईजात्रा समाजको अभिन्न अंग बनिसकेको र सिंगो सहरलाई जीवन्त, जागरुक र सांस्कृतिक पर्वले उल्लासमय उमंगले भरिपूर्ण बनाउने हिसाबले गाईजात्रा मनाउनुपर्ने बताउनुभयो ।

प्रदेश सांसद सृजना सैंजुले गाईजात्रालाई सांस्कृतिक पर्व सँगसँगै जनताको राजनैतिक चेतनास्तर उकास्ने दबुको रूपमा प्रयोग गर्नु उपयुक्त हुने बताउनुहुँदै भक्तपुर नगरपालिकाले नगरको सांस्कृतिक सभ्यता र विधाहरूलाई उजागर गरी मानव सभ्यतालाई व्यवस्थित ढंगले अगाडि बढाउने अभियान उल्लेखनीय भएको जिकिर गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्व, भक्तपुर नपा वडा नं. ८ का वडाध्यक्ष महेन्द्र खायमली र कार्यपालिका सदस्य सरिना द्योलाले पनि जात्रालाई




मर्यादित ढंगले मनाउन आग्रह गर्नुभयो ।

सरसफाइ कार्यक्रममा भक्तपुर नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी, नेपाल मजदुर किसान पार्टी र जनवर्गीय संगठनका साथीहरू, विभिन्न संघ–संस्था, स्थानीय जनता, विद्यालय, कलेज, टीम–क्लब, सहकारी संस्था, प्रहरी प्रशासनलगायतको सहभागिता रहेको थियो ।

# अपाङ्गता भएका व्यक्तिहरूसँग अन्तरक्रिया कार्यक्रम

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भनपाका जनप्रतिनिधिहरू र अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित सरोकारवाला संघसंस्थाका प्रतिनिधिहरूबीच साउन २७ गते भएको अन्तरक्रिया कार्यक्रमको अध्यक्षता गर्नुहुँदै भक्तपुर नगरपालिकाले नगरपालिका क्षेत्रभित्रका अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्ता परिचय पत्र वितरण सुरु गरिसकेको जानकारी गराउनुभयो ।



चालु आ.व. २०७६।७७ मा अपाङ्गताको क्षेत्रमा नगरपालिकाले १५ लाख रकम विनियोजन गरेको जानकारी गराउनुहुँदै उहाँले अपाङ्गता भएका व्यक्तिहरू पनि समाजको सदस्य भएकोले उनीहरूको क्षमता अभिवृद्धि सम्बन्धी कार्य गर्नुपर्ने र शिक्षाको पहुँच अभिवृद्धि गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा प्रहरी उपरिक्षक सबिन प्रधानले बलियाले कमजोरलाई हेप्ने प्रवृत्तिका कारण हेपाईमा परेका व्यक्तिहरू पछाडि परिरहेको जानकारी गराउनुहुँदै समाजले अपाङ्गता भएका व्यक्तिहरूलाई हेर्ने दृष्टिकोण परिवर्तन गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा समानताको लागि आवाज भक्तपुरद्वारा अपाङ्गता भएका व्यक्तिहरूका लागि सञ्चालन गर्दै आएका विभिन्न कार्यक्रमहरूको बारेमा राजु आचार्यले 'सबैका लागि पढाई' बारे प्रस्तुतिकरण गर्नुभएको थियो भने कार्यपालिका सदस्य रोशनमैँया सुवाल, हिमालयश्वरलाल मूल, नगर शिक्षा समितिका बैकुण्ठ झा, नारदप्रसाद धमला र सहभागीहरूमध्येबाट सुरेश राजभण्डारी, किरण शिल्पकार, रमा ढकालले पनि बोल्नुभएको थियो ।

# फोटोग्राफरहरूको भेला सम्पन्न

भक्तपुर नगरपालिकाको आयोजनामा भएको फोटोग्राफी तालिमका सहभागीहरूको भेला कार्यक्रम श्रावण २८ गते भनपा–९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वको प्रमुख आतिथ्यतामा भक्तपुर नगरपालिकामा सम्पन्न भयो ।

भेलामा वडाध्यक्ष ज्याख्वले भक्तपुरमा मनाइने प्रसिद्ध गाईजात्राको विशेषताको बारेमा जानकारी दिनुहुँदै फोटोग्राफी



तालिम लिएका सहभागीहरूले आफूले सिकेको सीपको अधिकतम प्रयोग गर्न गाईजात्रालाई अवसरको रूपमा लिनुपर्ने बताउनुभयो । भक्तपुर नगरपालिकाले विभिन्न युवा लक्षित तालिमहरू सञ्चालन गर्दै आएको बताउनुहुँदै गाईजात्राको दिनबाट शुरु भई कृष्णाष्टमीसम्म हुने विभिन्न नाचगानलगायतका सांस्कृतिक झलकहरूको फोटो खिच्न आग्रह गर्नुहुँदै श्रावण ३१ गते गाईजात्राको दिन दिनभरी र भाद्र १ गतेदेखि ६ गतेसम्म दिनको ३ बजेदेखि ५ बजेसम्म भक्तपुरको मुख्य मुख्य स्थानहरू (भक्तपुर दरबार स्क्वायर, टौमढी, दत्तात्रय, नासमना) मा हुने प्रदर्शनीको पनि फोटो खिची डकुमेन्टेशन गर्नको लागि सहयोग गर्न अनुरोध गर्नुभयो । फोटोले संस्कृतिकर्मीहरूको सीप हस्तान्तरण गर्न पनि सहयोग गर्ने हुनाले फोटोले इतिहास बोक्ने र खिचेका फोटोहरू प्रमाणको रूपमा रहने पनि जानकारी गराउनुभयो ।

उहाँले सहभागी फोटोग्राफरहरूलाई गाईजात्रा (सापारु) को दिनदेखि कृष्णाष्टमीसम्म खिचेका फोटोहरू मध्ये उत्कृष्ट १० वटा फोटो नगरपालिकामा बुझाइदिनुहुन आग्रह गर्नुहुँदै सो फोटोहरू सम्बन्धित फोटोग्राफरको नाम उल्लेख नगरपालिकाले डकुमेन्टेशन गरी राख्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । नगरपालिकाले संकलन गरेका मध्येबाट उत्कृष्ट फोटोहरू प्रदर्शनीमा राख्ने सोच रहेको पनि जानकारी गराउनुभयो ।

# २० औं अन्तर्राष्ट्रिय युवा दिवस मनाइयो

'पुन:निर्माणमा युवाहरूको सार्थक सहभागिता' भन्ने मूल नाराका साथ भक्तपुर नपाले साउन २७ गते बीसौं अन्तर्राष्ट्रिय युवा दिवस मनायो। कार्यक्रममा भक्तपुर नपाका प्रमुख सुनिल प्रजापतिले पूँजीवादले काम गरी खाने वर्गको हित नगर्ने बताउनुहुँदै नेपालको संविधान बमोजिम समाजलाई नेपाल सरकार समाजवाद उन्मूख दिशातिर अगाडि बढ्न नसकेको बताउनुभयो।



सरकारको कार्यशैली हेर्दा एनजिओ र आइएनजिओले सरकार चलाईरहेको छ भन्दा फरक नपर्ने स्थिति देखिएको बताउनुहुँदै प्रमुख प्रजापतिले एनजिओ र आइएनजिओले ठूल्ठूला पदका मुख्य-मुख्य व्यक्तिहरूलाई पद र पैसा मार्फत खरिद गरिरहेकोमा चिन्ता व्यक्त गर्नुभयो।

निजी क्षेत्रलाई प्रश्रय दिएर वर्तमान सरकार पूँजीवादी बाटोमा बढिरहेको संविधान विपरीत भएको बताउनुहुँदै स्वस्थ नागरिक तयार गर्न भनपाले सबै वडामा शारिरिक व्यायामका सामाग्री थप्न लागेको जानकारी दिनुभयो। उहाँले सभ्य र देशभक्त नागरिकले अरु देशमाथि भएको हस्तक्षेप थिचोमिचोको विरोध गर्नुपर्ने औंल्याउनुभयो।

प्रदेश नं. ३ का सांसद सुरेन्द्रराज गोसाईले विश्वमा भएका अन्याय र अत्याचार विरुद्ध लड्ने व्यक्ति नै वास्तविक अर्थमा युवा हुने बताउनुभयो।

खेलकुदलाई आधुनिक जीवनको अभिन्न अंगको रूपमा विकास गर्ने तर्फ ध्यान दिनुपर्ने बताउनुहुँदै सांसद गोसाईले सामाजिक ध्वंशकारी राजनीतिज्ञ हुन नसक्ने र अपराधीलाई संरक्षण गर्ने र अपराधीलाई उत्साहित गर्नेहरूले राजनीति गर्ने नाममा समाजलाई विगारीरहेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले युवाहरूलाई समाजको मेरुदण्डको रूपमा लिई नगरपालिकाले युवा केन्द्रित तालिममा जोड दिइरहेको बताउनुभयो।

नगरको सामाजिक र आर्थिक विकासको लागि युवाहरूलाई परिचालन गर्नु आवश्यक भएको बताउनुहुँदै उपप्रमुख जोशीले अनुसन्धनात्मक क्रियाकलापबाट समाजलाई अगाडि बढाउने लक्ष्य रहेको बताउनुभयो।

कार्यक्रममा भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले कामदार वर्गको नेतृत्वमा भएको शासन सत्ताले समाजवाद हुँदै साम्यवादको बाटोमा अगाडि बढ्न सक्ने बताउनुभयो।

नेपाल क्रान्तिकारी विद्यार्थी संघका अध्यक्ष सबिन ख्याजुले जम्मु काश्मीरमा भारतले गरेको हस्तक्षेप विरुद्ध न्यायप्रेमी जनताले भारतीय विस्तारवादको विरुद्ध आवाज उठाउनुपर्ने बताउनुभयो।

कार्यक्रममा भनपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्री, वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकला र कार्यपालिका सदस्य सुनिता अवालले पनि समाजमा युवाहरूले गर्नुपर्ने योगदान बारे बोल्नुभएको थियो।

अन्तर्राष्ट्रिय युवा दिवसको कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रजापति तथा प्रदेश नं. ३ का सांसद सुरेन्द्रराज गोसाईबाट भक्तपुर नपाका १० वटै खेलकुद समितिलाई खेलकुद सामग्री र भनपाद्वारा सञ्चालित बक्सिङ प्रशिक्षणलाई बक्सिङ रिङ्ग हस्तान्तरण गर्नुभयो।



# २० औं अन्तर्राष्ट्रिय युवा दिबस

सुखी नेपाली समृद्ध नेपाल भन्ने नारा बोक्दै नयाँ नेपाल बनाउने भनेर आएको सरकार खोइ कहाँ छ ? समृद्ध र सुखि नेपाल ?

यहाँको भूमि, गाउँपाखाहरू बाँझो राख्न बाध्य बनाई युवा पौरखी हातहरूले आज बिदेशी भूमिमा पसिना बगाउन बाध्य छन् । यी सबै नयाँ नेपाल समृद्ध नेपाल बनाउने सरकारमा गएका जिम्मेवार व्यक्तिहरू अर्कमण्यताले गर्दा भएको हो ।

यहाँका युवाहरूलाई शिक्षा अनुसारको रोजगारी, श्रम अनुसारको ज्याला नदिई, भएका कलकारखानाहरू सबै निजीकरण गरी दिनमा हजारौं युवाहरू बिदेशमा जान बाध्य बनाउने संघीय सरकार चलाउनेहरू नै जिम्मेवार हुन् । यसरी कर्मठ युवा शक्तिहरू सबै विदेश पलायन गरेर मात्र बच्चा र बृद्धबृढाहरू मात्र बाँकी भएको हाम्रो देश कसरी समृद्ध र सुखी बन्छ ?

भनिन्छ, जुन समाज र देशमा कर्मठ पौरखी युवाहरूको सकृयता हुन्छ त्यो समाज र देश अगाडि बढ्छ जहाँ युवाहरू निस्कृय हुन्छ त्यो देश तुलनात्मक रूपमा जहिले पनि पछाडि परिरहेको हुन्छ, आर्थिक रूपमा होस या देश विकासको हिसाबमा ।

यसरी हाम्रा युवाहरूलाई बिदेश पठाउन बाध्य बनाएर कौडिको मोलमा आफ्नो शक्ति र शीप बेच्न पठाएर यहाँ बच्चा र बुढाबुढीहरू मात्रै राखेर ती कलिला र कमजोर हातबाट कसरी बन्छ देश समृद्ध ?

आफ्नो देशको कर्मशील युवाहरूलाई आफ्नै भूमिमा पसीना बगाउन सक्ने क्षमता अभिबृद्धी गरी विदेशीको भरमा बाँच्न नपरी आत्म निर्भर हुन सक्ने काम र रोजगारीको ग्यारेण्टी दिन नसक्ने सरकारले समृद्ध नेपाल बनाउँछु भनेर आशा र सपना नदेखाए हुन्छ । भोलि वृद्धाश्रम खोलि बिदेशबाट आएका आजका हाम्रा युवाहरू बृद्ध भएर आए पछि सेवा गर्नलाई तम्तयार भएर बसे हुन्छ ।



sfo{flnsf ;b:o ;lgtf k|hfklt-cjfn_

त्यसैले युवाहरू भनेको त यो देशको कर्णाधार हुन, शक्ति हुन । यसरी युवा शक्तिलाई बिदेश पलायन हुनबाट रोक्नु पर्छ । यही माटोमा कर्मशील बनाउन सक्ने क्षमता अभिवृद्धि गरी भएका कलकारखानाहरू सरकारीकरण गरी युवाहरूलाई रोजगार दिनुपर्छ, अनि बन्छ समृद्ध नेपाल ।

यस्तै कुराहरूलाई ध्यानमा राखी भक्तपुर नगरपालिकाले समय अनुकुल युवाहरूलाई आत्मनिर्भर हुन सक्ने युवा लक्षीत विभिन्न तालिमहरू दिँदै आइरहेको छ । नगर बासीहरूको स्वास्थ्यलाई ख्यालमा राखी बच्चा देखी बयस्कसम्मलाई हुने गरी शारीरिक ब्यायामका सामानहरू १० वटै वडामा राखी सकेको सबैमा जानकारी भएकै हो, सोहीअनुसार फेरि १० वटै वडामा अर्को थप ब्यायाम सामानहरू राख्नको लागि आज सामान हस्तान्तरण कार्यक्रम पनि गरेको हो ।

*(भक्तपुर नगरपालिकाको आयोजनामा सम्पन्न २० औं अन्तर्राष्ट्रिय युवा दिवस तथा शारीरिक ब्यायाम सामग्री वितरण कार्यक्रममा कार्यपालिका सदस्य सुनिता प्रजापति(अवाल) ले व्यक्त गर्नुभएको मन्तव्यको सार संक्षेप)*


**'भक्तपुर' मासिकलाई**

**नगर र नगरवासीको हित हुने ऐतिहासिक, सांस्कृतिक एवम् समसामयिक लेख रचना दिई सहयोग गर्नुहोस् ।**

**साथमा सम्वन्धित तस्बिरहरू भए प्राथमिकताकासाथ स्थान दिइनेछ ।**

**लेखकहरूले सम्पर्क फोन नं. पनि दिनुहोला ।**

**रचना पठाउने ठेगाना :**

☐ भक्तपुर नगरपालिका कार्यालय भवन

☐ email - bhaktapurmasik@gmail.com

# विपद् व्यवस्थापनसम्बन्धी युवा विद्यार्थीहरूलाई अभिमुखीकरण कार्यक्रम




भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले साउन २६ गते नगरपालिकाको आयोजनामा भएको चार दिने विपद् व्यवस्थापनसम्बन्धी अभिमुखीकरण कार्यक्रमको उद्घाटन गर्नुभयो ।

उद्घाटन मन्तव्य प्रस्तुत गर्नुहुँदै नगर प्रमुख प्रजापतिले नगरपालिकाले युवा-विद्यार्थीहरूलाई सबै क्षेत्रमा योग्य र सक्षम बनाउने उद्देश्यले तालिमको आयोजना गरेको र भविष्यमा आउन सक्ने सम्भावित खतराबाट जोगाउन तालिमले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

विपद्को समयमा शारीरिक रूपमा अशक्त, बालबच्चा र ज्येष्ठ नागरिक उद्धारलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिनुहुँदै उहाँले आत्तिने र डराउनेभन्दा पनि पीडित व्यक्तिहरूलाई सुरक्षित ढंगले उद्धार कसरी गर्ने भन्नेबारे प्रशिक्षित हुन आग्रह गर्नुभयो ।

कार्यक्रममा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले विपद् व्यवस्थापनको जिम्मा नगरपालिकालाई आएको हुँदा विपद्बाट सम्भाव्य दुर्घटना न्युनीकरणको प्रयासमा नगरपालिका जुटिरहेको बताउनुभयो ।

कार्यक्रममा तालिमका प्रशिक्षक मेजर दिपेन्द्र पोखरेलले नेपाली सेना जनताको जीउधन सुरक्षा र राहतमा अहोरात्र खटिरहेको स्मरण गर्नुहुँदै विपद् जोखिम न्युनीकरणको लागि स्थानीय जनतालाई नै तालिम दिनु उपयुक्त हुने विचार राख्नुभयो ।

भक्तपुर नपा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले विपद् व्यवस्थापनसम्बन्धी तालिम साउन २६ गतेदेखि २९ गतेसम्म सञ्चालन हुने जानकारी दिनुभयो ।

उक्त कार्यक्रमको समापन साउन २९ गते उपप्रमुख रजनी जोशीबाट गर्नुभएको थियो ।

# सापारुको तयारीस्वरूप सफाइ मजदुरहरूको भेला

२०७६ सालको गाईजात्रा पर्व (सापारु) को तयारीस्वरूप साउन २६ गते भक्तपुर नगरपालिकाले नगरपालिकाका सफाइ मजदुरहरूको भेला गऱ्यो ।



भेलामा सम्बोधन गर्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले जात्राको समयमा नगरको सरसफाइ चुनौतीको विषय बन्ने हुँदा सफाइ मजदुरहरूलाई जात्राको दिनमा अझ सक्रिय भएर सरसफाइलाई व्यवस्थित ढंगले सुचारु गर्न आह्वान गर्नुभयो ।

सानो गल्तीले सबै राम्रा कामको अवमूल्यन हुने भएकोले जात्रालाई भव्य र व्यवस्थित रूपमा सञ्चालन गर्न सम्पूर्ण नगरबासीहरूको साथ र सहयोगको आवश्यकता उहाँले औंल्याउनुभयो ।

भक्तपुर नगरपालिकाले कलेज सञ्चालन, सरसफाई व्यवस्थापन, कला संस्कृति र सम्पदा संरक्षण र आवास योजनाहरू व्यवस्थित ढंगले अगाडि बढाइरहेको बताउनुहुँदै भक्तपुर नगरपालिका देशका अरु नपाको लागि उदाहरणीय बनिरहेको जिकिर गर्नुभयो ।

कार्यक्रममा वडा नं ९ का वडाध्यक्ष एवं वातावरण समितिका संयोजक रबिन्द्र ज्याख्वले गाईजात्रामा विभिन्न जिल्ला र विदेशी पर्यटकहरू अवलोकन गर्न आउने भएकोले स्थानीय उत्पादनको प्रवर्द्धनमा पनि ध्यान दिनुपर्ने बताउनुभयो ।

उहाँले जात्रामा भिडभाड हुने भएकोले व्यवस्थित, अनुशासित र कर्तव्यनिष्ठ भई कार्य गर्न र अनुशासनभन्दा बाहिरको गतिविधिमा संलग्न भए कार्यवाही हुने बताउनु भयो ।

कार्यक्रममा नगर निरीक्षक दिलिपकुमार सुवाल र वडा निरीक्षक रामकृष्ण प्रजापतिले पनि बोल्नुभएको थियो ।

# सापारुको तयारीमा सांस्कृतिक गुरुहरूको भेला



भक्तपुर नगरपालिकाको आयोजनामा साउन २५ गते २०७६ सालको गाईजात्रा पर्व (सापारु) मा प्रदर्शन हुने परम्परागत तथा आधुनिक सांस्कृतिक विधाहरूको तयारीस्वरूप सांस्कृतिक गुरुहरूको भेला सम्पन्न भयो ।

नगरका दाफा, भजन, सांस्कृतिक टोलीलगायतको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले गाईजात्रा पर्वलाई व्यवस्थित र मर्यादित रूपमा सम्पन्न गर्न त्यस दिन गाईजात्रा प्रदक्षिणा मार्गमा दुईपांग्रे र चारपांग्रे सवारीसाधन निषेधित गर्ने तयारी रहेको बताउनुभयो ।

भक्तपुर नगरलाई सांस्कृतिक केन्द्रको रूपमा विकास गर्ने सोच रहेको बताउनुहुँदै प्रमुख प्रजापतिले सांस्कृतिक गुरुहरूको सीप नयाँ पुस्तालाई सिकाउँदै देश र जनताको सेवामा आ–आफ्नो क्षेत्रमा योगदान गर्न प्रेरित गर्नुपर्नेमा जोड दिनुभयो ।

सांस्कृतिक पर्व गाईजात्रालाई पेशागत रूपमा विकास गर्नु आजको आवश्यकता भएको औंल्याउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले युवालक्षित रोजगारीमूलक सीपहरूको तालिम सञ्चालन गरिरहेको जानकारी गराउनुभयो ।

भेलामा भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले यस वर्षको गाईजात्रामा विभिन्न कारणले लोप हुन लागेका नाच तथा प्रदर्शनहरूमा आउने ज नकारी गराउनुहुँदै घिन्ताङघिसीलाई व्यवस्थित गर्न र त्यस दिन प्रदर्शन हुने नाचलाई मर्यादित बनाउन घिन्ताङघिसी प्रतियोगिता गरेको जानकारी दिनुभयो ।

कार्यक्रममा विभिन्न विधाका गुरुहरूले संस्कृति संरक्षणमा भक्तपुर नगरपालिकाले गरिरहेको कार्यहरू प्रशंसनीय रहेको र भक्तपुर नपाका सकारात्मक कदममा सहयोग गर्न आफूहरू प्रतिबद्ध रहेको बताउनुभयो ।

# सहकारी संस्थाहरूले समयमै कर बुझाउनुपर्ने : नगर प्रमुख प्रजापति

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यतामा साउन २५ गते भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संस्था लिमिटेडले 'सहकारीमा सन्दर्भ ब्याजदर, कोपोमिस र करसम्बन्धी अन्तरक्रिया' कार्यक्रम सम्पन्न भयो ।




कार्यक्रममा नगर प्रमुख प्रजापतिले सहकारी संस्थाहरूले समयमै कर बुझाउनुपर्ने र करको सदुपयोग भएको/नभएकोबारे चासो लिनुपर्ने बताउनुहुँदै भक्तपुर नगरपालिकाले जनताको गुनासोलाई ध्यानमा राखेर कर नीतिमा सुधार गरेको बताउनुभयो ।

नगरकोटको सडक वर्षौं निर्माण नगर्दा समेत ठेकेदारलाई कारबाही नगरेकोमा आपत्ति जनाउनुहुँदै प्रमुख प्रजापतिले ठेकेदार शासक दलको नजिकको व्यक्ति भएकै कारण आजसम्म पनि ठेकेदारलाई कारबाही नगरेको र लथालिंग सडकका कारण जनताले सास्ती भोग्नुपरिरहेको बताउनुभयो । सरकारले ठेकेदारलाई चलाउनुपर्नेमा ठेकेदारहरूले सरकारलाई चलाइराखेको धारणा प्रमुख प्रजापतिले व्यक्त गर्नुभयो ।

सहकारी संस्थाहरूले पर्यटन क्षेत्रमा लगानी बढाउनुपर्ने, पर्यटनसँग सम्बन्धित होटल, पसल र उपहार सामग्रीहरू उत्पादन गर्ने उद्योगहरूमा लगानी बढाउनुपर्ने उहाँले बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका वडा नं. २ का वडाध्यक्ष हरिप्रसाद बासुकलाले भक्तपुर नगरपालिको सहकारी ऐनबारे प्रस्ट पार्नुभएको थियो भने भक्तपुर नपा सहकारी समन्वय उप–समितिका संयोजक जगन्नाथ प्रजापतिले एक व्यक्ति एक सहकारी मान्य नहुने र समाजका विकृति र विसंगतिविरुद्ध सहकारीहरू लड्न तयार हुनुपर्नेमा जोड दिनुभयो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष कृष्णगोविन्द लाखाजुको सभापतित्वमा भएको उक्त कार्यक्रममा आन्तरिक राजस्व कार्यालयका प्रमुख सूर्यप्रसाद पोखरेल, संघका उपाध्यक्ष हरि बल्लले पनि आ–आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

# गाईजात्रा व्यवस्थापनबारे सरोकारवालाको बैठक

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यतामा २०७६ सालको गाईजात्रा पर्व (सापारु) लाई व्यवस्थित तथा मर्यादित बनाउन ट्राफिक र पार्किङ व्यवस्थापन सम्बन्धमा साउन २४ गते सरोकारवालाहरूको बैठक सम्पन्न भयो ।



बैठकले २०७६ साउन ३१ गतेबाट सुरु हुने गाईजात्रालाई भव्य र सभ्य तरिकाले मर्यादित रूपमा सम्पन्न गर्न जनप्रतिनिधि, कर्मचारी, जिल्ला प्रशासन कार्यालय, महानगरीय प्रहरी वृत्त, महानगरीय ट्राफिक प्रहरी, स्थानीय समुदाय सबैबाट साझा प्रयास गर्ने निर्णय गरियो ।

सापारुको दिन (साउन ३१ गते) दिनभरि गाईजात्रा प्रदक्षिणा मार्ग र त्यस वरपर पुरानो नगर क्षेत्रमा दुईपांग्रे तथा चारपांग्रे सवारीसाधनहरू प्रवेश निषेध गर्ने र सवारीसाधनको पार्किङ व्यवस्थापनका लागि विभिन्न ठाउँमा खुला स्थानहरू छनोट गर्ने र सोही बमोजिम ट्राफिक व्यवस्थापनका लागि महानगरीय प्रहरी तथा महानगरीय ट्राफिक प्रहरीसँगै स्थानीय जनताहरू परिचालित हुने निर्णय गऱ्यो । साथै भक्तपुर नगरभित्र ठाउँ–ठाउँमा ट्राफिक व्यवस्थापनबारे सूचना पाटी, ट्राफिक संकेतको व्यवस्था र यस विषयमा विभिन्न सञ्चारमाध्यममार्फत सार्वजनिक सूचना प्रवाह गर्ने निर्णय गऱ्यो ।

बैठकले गाईजात्रालाई शान्तिपूर्ण रूपमा सम्पन्न गर्न गैरसरकारी रूपमा मादक एवम् लागुपदार्थ सेवन तथा बिक्री वितरणलाई रोक्ने तथा सम्भावित अमर्यादित एवम् आपराधिक क्रियाकलाप न्युनीकरणमा विशेष पहल गर्ने निर्णय गऱ्यो ।

बैठकमा भक्तपुर नपाका जनप्रतिनिधिहरू, जिप्रकाबाट दिलिप लामिछाने, महानगरीय प्रहरी परिसरका रेवतीरमण पोखरेल, पूर्व ट्राफिक प्रहरी निरीक्षक सिताराम हाछेथुलगायतले गाईजात्रा व्यवस्थापनबारे आ–आफ्नो रायसुझाव व्यक्त गर्नुभयो ।

# छाती पुनःस्थापना केन्द्र निर्माण प्रगतिबारे समीक्षा बैठक

भक्तपुर नगरपालिकामा साउन २३ गते भक्तपुरको च्याम्हासिंहमा बन्दै गरेको छाती पुनःस्थापना केन्द्रको प्रगतिबारे समीक्षा बैठक सम्पन्न भयो । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र जापानी अन्तर्राष्ट्रिय चिकित्सा प्राविधिक संस्था जिम्टेफ (JIMTEF) का प्रतिनिधि टोलीबीच सम्पन्न उक्त बैठकमा भवन निर्माण तथा कार्यक्रमका अन्य महत्त्वपूर्ण विषयहरूमा छलफल भयो ।



भेटमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारी, वडा नं. ७ का वडाध्यक्ष उकेश कवां, वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्व, कार्यपालिका सदस्य छोरीमैया सुजखु, उपभोक्ता समिति अध्यक्ष रत्नप्रसाद प्रजापति, साइट इन्जिनियर कृष्णसुन्दर दुवाल, जीमटेफ प्रोग्राम अफिसर सानेइ इसोजुमी, संयोजक लक्ष्मण शाही, सोलिड नेपालका डा. खेमबहादुर कार्कीलगायत उपस्थिति थियो ।

# ख्वप इन्जिनियरिङ कलेजमा प्रा.डा. मोहनमूर्ति पन्तलाई बिदाई कार्यक्रम

भक्तपुर नगरपालिकाका प्रमुख एवम् कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले साउन २२ गते ख्वप इन्जिनियरिङ कलेजबाट अवकाश पाएका प्रा.डा. मोहनमूर्ति पन्तलाई दोसल्ला ओढाई र कदरपत्र प्रदान गर्नुभई बिदाई गर्नुभयो ।

२०६५ साल जेठ १२ गतेदेखि सेवारत प्रा.डा. पन्तले उमेर हदका कारण २०७६ साल साउन २२ गते कलेजबाट अवकाश प्राप्त गर्नुभएको थियो ।

बिदाई कार्यक्रममा प्रमुख प्रजापतिले देशको लागि दक्ष जनशक्ति उत्पादन गर्न प्रा.डा. पन्तले पुऱ्याउनुभएको योगदान र मिहिनेतबारे चर्चा गर्नुहुँदै अवकाश भनेको औपचारिकता मात्र भएको र राम्रो काम गर्नेले समाजमा कामअनुसारको सम्मान र इज्जत पाउने बताउनुभयो ।

उहाँले विश्वविद्यालय स्थापनाका लागि आवश्यक पूर्वाधारहरू तयार हुँदा पनि ख्वप विश्वविद्यालयले सम्बन्धन नपाउनुमा सरकारको नगरपालिकाप्रति पूर्वाग्राही सोच र पक्षपातपूर्ण व्यवहार भएको बताउनुभयो ।

संसारका प्रविधिहरूको विकास मानिसबाटै सम्भव भएको बताउनुहुँदै उहाँले नगरपालिकाद्वारा सञ्चालित कलेजहरूको भक्तपुर नगरपालिकाले अध्ययन–अनुसन्धानको निम्ति छुट्टै बजेट छुट्याएको बताउनुभयो ।

कलेज सञ्चालक समितिका उपाध्यक्ष एवम् भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले आगामी दिनहरूमा पनि प्रा.डा. पन्तले ख्वप इन्जिनियरिङ कलेजको शैक्षिक र व्यवस्थापकीय भूमिका खेल्नेमा विश्वास व्यक्त गर्नुहुँदै विभिन्न विषयका अनुसन्धानकर्ता तयार गर्न ख्वप इन्जिनियरिङ कलेजले खेलेको भूमिकाबारे चर्चा गर्नुभयो ।

ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक र ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवालले नगरपालिकाद्वारा सञ्चालित कलेज स्थापनाका उद्देश्यबारे प्रस्ट पार्नुहुँदै भक्तपुरका जनताले देखेको सपना पूरा गर्न इन्जिनियरिङ कलेज र त्यहाँ अध्यापनरत शिक्षकको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो ।

कार्यक्रममा प्रा.डा. मोहनमूर्ति पन्तले आफ्नो अवकाश जीवनलाई अझ सक्रिय र क्रियाशील ढंगले सदुपयोग गर्ने र नयाँ पुस्तालाई मार्गनिर्देशकको भूमिका निर्वाह गर्ने बताउनुभयो ।

कार्यक्रममा ख्वप इ. कलेजका उपप्राचार्य रबिन्द्र फाँजु र ख्वप कलेज अफ इ. कलेजका उपप्राचार्य रत्नशोभा प्रजापतिले पनि बोल्नुभएको थियो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका विभागीय प्रमुखहरू राजुभाइ त्यात, सुनयना कर्माचार्य, लिबास फैजु, नवराज बुढाथोकी, गजेन्द्रभक्त सुवाल, रीना मानन्धर, अमितशंकर रञ्जित, गणेशराम ध्वजु, काजीबहादुर पञ्च, राजन जति, जसतारा कोजु र रिजिना बज्राचार्यले अवकाश प्राप्त प्राध्यापक पन्तले कलेजमा पुऱ्याउनुभएको योगदानबारे चर्चा गर्नुभयो ।



# हनुमानघाटदेखि वासिकचासम्मको बाटोमा वृक्षारोपण

भक्तपुर नगरपालिका वडा नं. ७ को आयोजनामा हनुमानघाट परिसर तथा हनुमानघाटदेखि वासिकचासम्मको बाटोमा वृक्षारोपण कार्यक्रम साउन २० गते सम्पन्न भयो ।

वृक्षारोपण कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले नगरका विभिन्न ठाउँहरुमा वृक्षारोपण, सरसफाइका साथै कौसी खेतीलगायतका तालिमहरु पनि सञ्चालन गरिरहेको बताउनुभयो ।



श्रमदानबाट सम्पन्न हुने विकास निर्माणका कामहरु सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रमको नाममा अरबौं रुपैयाँ खर्च गरिरहेको बताउनुहुँदै प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाकामा प्रधानमन्त्री रोजगार कार्यक्रममा लागु नभएको बताउनुभयो ।

भक्तपुरलाई सुन्दर बनाउने अभियानमा नगरबासीहरुको साथ र सहयोग आवश्यक भएको बताउनुहुँदै उहाँले नगरपालिकाले नगरबासीहरुमा श्रमदान गर्ने भावना विकास गर्ने हिसाबले काम गर्दै आएको बताउनुभयो ।

वातावरण समितिका संयोजक रबिन्द्र ज्याख्वले नगरलाई सुन्दर, सफा र स्वच्छ पार्ने अभियानमा लागेको बताउनुहुँदै नयाँ र पुरानो पुस्ता मिलेर पर्यावरणीय र वातावरणीय हिसाबले बस्न योग्य ठाउँको रुपमा विकास गर्ने उद्देश्य रहेको बताउनुभयो ।

भक्तपुर नगरभित्र वनको अभाव रहेको उल्लेख गर्नुहुँदै वडाध्यक्ष ज्याख्वले सहरी वनको आवश्यकता र सहरी क्षेत्रमा रुख रोप्दाका फाइदाहरुबारे प्रस्ट पार्नुभयो । सहरी सुन्दरता बढाउन र अक्सिजनको माग पूर्ति गर्न वृक्षारोपणले महत्वपूर्ण भूमिका खेल्ने बताउनुहुँदै उहाँले आफूले रोपेको बिरुवालाई आफैले संरक्षण गर्ने बानी विकास गर्न आग्रह गर्नुभयो ।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले अक्सिजनको माग पूर्ति गर्नुका साथै ध्वनि र वायु प्रदूषण रोक्न वृक्षारोपणले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

कार्यक्रममा वडा सदस्य हरिरत्न गोर्खाली, नेमकिपा वडा नं. ७ का कृष्णगोविन्द लाखाजु र बलराम गोसाइँले वृक्षारोपणको महत्वबारे प्रस्ट पार्नुभयो ।

## भक्तपुर नपा वडा नं. ३ मा उपभोक्ता समितिहरूको भेला

भक्तपुर नगरपालिका ३ नं. वडा समितिको आयोजनामा आ.व. २०७४/७५ र २०७५/७६ मा सञ्चालित योजनाहरू सम्पन्न गर्न गठित उपभोक्ता समितिमा बसी सहयोग गर्नुभएका पदाधिकारीबीच छलफल कार्यक्रम साउन २५ गते सम्पन्न भयो । चालु आ.व. २०७६/७७ मा सञ्चालन हुने योजनाहरूका बारेमा जानकारी गराउने कार्यक्रममा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिलगायत अन्य अतिथिहरू ।



# ख्वप विश्वविद्यालयलाई स्वीकृति नदिनुमा सत्तासीन दलको स्वार्थ र पक्षपातपूर्ण व्यवहार



g]kfn dhb'/ ls;fg kf6L{sf cWoIf gf/fo0fdfg lahS5]+ -/f]lxt_ sfo{qmddf af]lgx'b}

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले मानिस सामाजिक प्राणी भएका कारण सामाजिक कर्तव्य पूरा गर्नु नागरिकको दायित्व हो भन्नुभयो।

साउन १९ गते ख्वप बहु-प्राविधिक अध्ययन संस्थानमा भएको शिक्षक-कर्मचारी भेलामा शिक्षक-कर्मचारीहरूले आफ्नो पदीय जिम्मेवारीका अलावा समाजको परिवर्तित स्थितिलाई समेत बुझेर काम गरेको खण्डमा समस्याहरू कम हुने बताउनुभयो। प्रजग कोरियामा १ सय ११ जनाका लागि १ जना डाक्टर उपलब्ध भएको प्रसंग स्मरण गर्नुहुँदै कम शुल्कमा मेडिकल शिक्षा प्रदान गर्ने ख्वप विश्वविद्यालयलाई स्वीकृति नदिनुमा सत्तासीन दलको स्वार्थ र पक्षपातपूर्ण व्यवहार रहेको बताउनुभयो।

ख्वप नामक शैक्षिक संस्थाहरूको स्थापनाका लागि विगतमा गर्नुपरेको संघर्षको बारेमा बोल्नुहुँदै शिक्षक-कर्मचारीहरूले आफ्नो तर्फबाट सक्दो योगदान गर्नुपर्ने बताउनुभयो। शिक्षक-कर्मचारीहरूलाई इमानदार हुनुका साथै संघर्षशील भावनाबाट पनि अगाडि बढ्न प्रेरित गर्नुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख एवम् संस्थान सञ्चालक समिति अध्यक्ष सुनिल प्रजापतिले शिक्षक-कर्मचारीहरू अरुको तुलनामा अब्बल हुनुपर्ने साथै सांगठनिक नैतिकतालाई भुल्न नहुने बताउनुभयो। प्रधानमन्त्री रोजगार कार्यक्रमका नाममा भएको अनियमितताको प्रसंग उल्लेख गर्नुहुँदै श्रमदानको भावनालाई जीवितै राख्नुपर्ने बताउनुभयो। सम्पूर्ण पूर्वाधार भएको ख्वप विश्वविद्यालय सञ्चालनका लागि आनाकानी गरेजस्तै विभिन्न बहानामा हाल पनि ख्वप नामक संस्थाहरूलाई समय-समयमा दुःख दिइरहेकोले यसविरुद्ध लड्न पनि सम्पूर्ण शिक्षक-कर्मचारीहरूलाई प्रेरित गर्नुभयो।


संस्थानका प्राचार्य डा. रत्नसुन्दर लासिवाले पनि बोल्नुभएको सो भेलामा शिक्षक-कर्मचारीहरूले आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो।

# गाईजात्रा प्रदक्षिणा मार्गमा अनुगमन

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा साउन २१ गते गाईजात्रा प्रदक्षिणा मार्गमा अव्यवस्थित रूपमा रहेका तार र पोलहरू तथा भग्नावशेष एवम् निर्माण सामग्रीहरू व्यवस्थापनबारे अध्ययन अनुगमन गर्‍यो।

बिहान ७ बजे टौमढीमा जम्मा भई प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि, महानगरीय प्रहरी परिसर, नेपाल टेलिकम, विद्युत प्राधिकरण, केबुल नेटवर्क तथा इन्टरनेट प्रदायक संस्थाहरूको संयुक्त टोलीले प्रदक्षिणा मार्गमा अनुगमन गर्‍यो।

अव्यवस्थित रूपमा रहेका तार हटाउन र व्यवस्थापन गर्न सम्बन्धित पक्षलाई तत्काल हटाउन प्रमुख प्रजापतिले अनुगमनस्थलमै निर्देशन दिनुभयो। साथै स्थानीय जनतालाई भग्नावशेष व्यवस्थापन र निर्माण सामग्री हटाउन आग्रह गर्नुभयो।



# कौसी खेती तालिम सम्पन्न

भक्तपुर नगरपालिका ९ नं. वडा समितिको आयोजनामा स्थानीय वडावासीहरूलाई दिइएको तीनदिने कौसी खेती तालिमको साउन १९ गते समापन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका वैकल्पिक केन्द्रीय सदस्य एवं प्रदेशसभा सांसद सृजना सैँजूले घरबाट निस्कने फोहरमैलाको व्यवस्थापन गरी कौसी खेती गर्न सकिने विधिबारे नयाँ पुस्तासँगै ज्येष्ठ महिलाहरूको उत्साहजनक सहभागिताले सामाजिक परिवर्तनमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

हरेक स्थानीय तहमा बिउ बिजन भण्डारण केन्द्र स्थापना गर्न प्रदेश सरकारलाई घच्घच्याएको प्रस्ट पार्दै उहाँले रैथाने बिउ बिजनको संरक्षण गर्न नसके आयातीत बिउले समग्र कृषि प्रणालीमा नकारात्मक प्रभाव पार्ने उल्लेख गर्नुभयो ।

'६० प्रतिशतभन्दा बढी नेपालीहरू कृषि पेशामा लागेको सरकारी तथ्याङ्क भएर पनि वार्षिक १३ सय टनभन्दा बढी फलफूल र तरकारी भारतबाट आयात गर्नुपर्ने विडम्बना हो', उहाँले भन्नुभयो ।

युवा र महिला जनशक्तिलाई उपयोग गर्न नसक्दा बर्सेनि व्यापार घाटा बढिरहेको चर्चा गर्दै सांसद सैँजूले वर्तमान सरकारको दलाली प्रवृत्ति र विदेशी शक्तिसामु आत्मसमर्पण गर्ने बानीले सारा जनताले दुःख पाइरहेको बताउनुभयो ।

महिलाहरूबीच पनि वर्गीय विभाजन हुने बताउँदै उहाँले धनी वर्गका महिलाहरू राष्ट्रपति, मन्त्री, सभामुख भएर पनि नेपाली कामदार महिलाहरूको स्थिति माथि नउठेको हुँदा राजनैतिकरूपमा महिलाहरू सङ्गठित हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा वडाध्यक्ष रवीन्द्र ज्याख्वले नगरको सरसफाइ तथा फोहरमैला व्यवस्थापनमा नगरवासीहरू आफै सक्रिय हुनुपर्ने र त्यसका लागि नगरपालिकाले आवश्यक तालिमहरू सञ्चालन गरिरहेको बताउनुभयो ।



उहाँले सम्पदा कसैको व्यक्तिगत सम्पति नभई मानव सभ्यताकै प्रतीक हुने हुँदा सम्पदा म्हासेर निजी भवन, व्यापारिक क्षेत्र बनाउनु न्यायोचित होइन भन्नुभयो ।

कार्यपालिका सदस्य छोरीमैयाँ सुजखू (प्रजापति)ले तालिमबाट सिकेको सीप र ज्ञान व्यवहारमा प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा सांसद सैँजूले प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र एवम् बीउ वितरण गर्नुभयो ।

तीनदिने तालिमको क्रममा आइतबार प्रशिक्षार्थीहरूले काठमाडौँको फलफूल, नर्सरी एवम् कौसीखेती प्रविधिको स्थलगत अध्ययन भ्रमण पनि गरेका थिए ।

# भक्तपुर नपाका प्रमुख सुनिल प्रजापति र पन्चदेवल विनायक नपाका प्रमुख देवराज देवकोटाबीच भेट



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग साउन २० गते पन्चदेवल विनायक नगरपालिका अछामका प्रमुख देवराज देवकोटाले भेट गर्नुभयो । भेटमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत यामलाल अधिकारी, भक्तपुर नपाका वडाध्यक्षद्वय रबिन्द्र ज्याख्व र श्यामकृष्ण खत्रीको उपस्थिति रहेको थियो ।

# ब्रम्हायणीको मन्दिर पुनःनिर्माणबारे छलफल कार्यक्रम

भक्तपुर नगरपालिका ९ नं. वडा कार्यालयको आयोजनामा ऐतिहासिक एवं धार्मिक महत्त्वको ब्रम्हायणी मन्दिर पुनःनिर्माण तथा मन्दिर परिसर व्यवस्थापन सम्बन्धि छलफल कार्यक्रम ब्रम्हायणीमा एक समारोह बिच भाद्र १२ गते सम्पन्नभयो ।

कार्यक्रममा वडा सदस्य इन्द्रबहादुर प्याथले ब्रम्हायणी मन्दिर पुनःनिर्माणको पहिलो चरणको सुझाब संकलन भएकोले पटक–पटक छलफल गरी पूर्णता दिन विज्ञहरूसँगसमेत सुझाबलिई पुनःनिर्माण गर्ने बताउनु भयो । उहाँले वार्षिक बजेट निर्माणको क्रममा सुझाब संकलन गर्दा यो प्राथमिकतामा पर्ने सुझाबअनुसार यसको पुनःनिर्माण र परिसरमा हरियाली व्यवस्थापन गर्ने बताउनु भयो । उहाँले यहाँको स्थानीयबासीहरूले नै संरक्षण र ध्यानदिनु पर्ने बताउनु भयो ।

कार्यक्रममा सम्पदा शाखा तथा योजना प्रमुख रामगोबिन्द श्रेष्ठले पुरातात्विक सम्पदा संरक्षण गरी पुनःनिर्माण गर्नुपर्ने बताउनु भयो। उहाँले गुरु योजना सहित ब्रम्हायणी मन्दिर र परिसर व्यवस्थापन गर्नुपर्ने बताउनु भयो। उहाँले डकुमेन्टेशनको अभावमा पुनःनिर्माण कार्य ढिलो भएको अनुभव सुनाउँदै त्यस्तो कमिकमजोरी ब्रम्हायणी मन्दिर पुनःनिर्माणमा नहोस् भन्नुभयो ।

कार्यक्रममा ई.बिष्णुकुमार प्रजापतिले पर्टी जग्गा संरक्षण गरी भबन निर्माणबाट थालनी भएको मन्दिर परिसर गुरु योजना बिनाकार्य हुँदा भबनसँगैको बाटोले समस्या निम्तिएको बताउनु भयो । उहाँले मन्दिर परिसरको सिमाङ्कन, बाढी पहिरो रोकथाम, खुल्ला ठाउँ र सुरक्षाको लागि पर्खाल सहित योजनाहरू बिभिन्न संघ संस्थाको सहयोगमा भएको बताउनु भयो ।

कार्यक्रममा ब्रम्हायणी मन्दिर बाराहीमन्दिर जस्तो पागोडा शैलीमा निर्माण गर्नुपर्ने, अहिलेको शैली मदेशको शिखर शैली, ब्रम्हायणीको मुकुण्डो र हाँस सहितको पागोडा शैली, नवदुर्गा गणलाई ठाउँ पुग्ने गरी अलि ठुलो बनाउनु पर्ने, बत्ती र धाराको व्यवस्था गर्नुपर्ने आदि सुझाब सहित वडा प्राविधिक अर्हत बज्राचार्य, वडा सदस्य छोरीमैंया प्रजापति, रामकृष्ण प्रजापति, रत्नप्रसाद प्रजापति, बलराम प्रजापति, विकास प्रजापति, न्हुन्छेराम प्रजापति, लक्ष्मीप्रसाद प्रजापति, कृष्णगोपाल प्रजापति, पूर्णभक्त प्रजापति, रामभक्त डाकुसीं, विष्णु भैंनात्व, विशलाल साखकर्मी, कान्छा लैवा, हरिकृष्ण श्रेष्ठ, सरस्वती धन्छा, दश प्रजापति,माधव प्रजापति आदिले बोल्नु भएको थियो ।

# अनुगमन समितिद्वारा अनुगमन चालू

भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक वडाध्यक्ष राजकृष्ण गोरा (३) को संयोजकत्वमा विभिन्न मितिमा भक्तपुर नगरभित्रका बधशाला, मिनिमार्ट र डेरी तथा दुग्ध उत्पादन गर्ने उद्योगमा अनुगमन गरियो ।

श्रावण २७ गते बधशाला अनुगमन गर्दा मासुजन्य चिजमा तुरुन्त संक्रमण भई ठूलठूला रोग लाग्न सक्नेहुँदा सफाइमा विशेष ध्यान दिनुपर्ने मासु विक्रिमा प्रयोग गर्ने सामानहरू खिया परेकोले त्यस्तो सामान हटाई स्टिलको प्रयोग गर्ने, ढक–तराजु नविकरण र दर्ता नविकरण गर्ने सुझाव दिएका थिए भने नियमानुसार नगर्नेलाई र खान योग्य नभएका बस्तुहरू नियन्त्रणमा लिई नष्ट गरेका थिए ।

त्यस्तैगरी श्रावण २८ गते भक्तपुर नगरका विभिन्न मिनिमार्टहरूमा म्याद नाघेका सामानहरू पाएकोले नष्ट गरेको थियो। त्यहाँ राखिएका पाकेजिङ सामानमा लेवल राख्न र सरसफाईमा ध्यान दिन र व्यवस्थित गर्न सुझावदिइयो । न्यू नपुखु मिनिमार्टमा म्याद नाघेको खाद्य वस्तु देखिएकोले सो सामान नष्ट गराई पहिलोपटकलाई रु. १०००/– जरिवाना गरेको पनि व.नि. रामकृष्ण प्रजापतिले जानकारी गराउनु भयो ।

त्यस्तै गरी अनुगमनलाई निरन्तरता दिंदै भाद्र १६ र १७ गते डेरी तथा दुग्ध पदार्थ उत्पादन गर्ने दही भण्डारको निरिक्षण गर्दा स्वस्थकर दुग्ध पदार्थमात्र विक्रि गर्नु पर्ने, सर–सफाइमा ध्यान दिनुपर्ने, लेवल राख्नुपर्ने नवीकरण नगरेकाले गर्नु पर्ने सुझाव दिएका थिए ।

अनुगमनमा अनुगमन समितिका सदस्यहरू कार्यपालिका सदस्य रोशन मैयाँ सुवाल, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका खाद्य निरिक्षक योगेन्द्र ढुङ्गेल र खाद्य प्राविधिक सहायक नवराज आचार्य, भनपा श्यानिटेशनका न.नि. दिलिप कुमार सुवाल, व.नि.रामकृष्ण प्रजापति, कर उपशाखाका मोहनदेबी व्याञ्जू र विष्णु केशरी जोशी, महानगरीय प्रहरी परिसरका प्रहरी सहायक निरिक्षक रामचन्द्र खड्का, नवराज थापा र सम्शेर बहादुर श्रेष्ठ, उद्योग बाणिज्य संघका सञ्जय जोन्छे, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापाको सहभागी थियो ।

# मल्लराजाको राजसभाका ६ थरी



डा. विरेन्द्रप्रसाद कायस्थ

भक्तपुरको राजसभामा भाग लिने ६ थरका जाति थियो। यो चलन काठमाडौं ललितपुरमा पनि थियो। काठमाडौंको चलनअनुसार ६ काजी, ललितपुरमा ६ प्रधान र गोरखा दरबारमा राजसभामा भाग लिने ६ थरी -पाण्डे, अर्ज्याल, पन्थ, खनाल, बोहरा र राना थिए भने भक्तपुर राजसभामा जोशी, अमात्य, राजभण्डारी, कसजु (कायस्थ) पक्वां र भडेल थिए । (स्रोत स्व. विजुलीप्रसाद कायस्थको प्रकाशित लेखबाट) मल्लराजाहरूले राजसभाका मुख्य व्यक्तिहरूसँग जुनसुकै महत्त्वपूर्ण कार्यहरूबारे छलफल गर्ने गरिन्थ्यो। जस्तैः युद्धसम्बन्धी छलफल, धार्मिक अनुष्ठानको कार्य सम्पादन, कुनै इमारत, देवस्थल आदिको निर्माण कार्य गर्न दत्त-गुठी राख्न, कुनै मांगलिक कार्यको शुभारम्भ गर्न शुभ-मुर्हुत निधो गर्न, शुभ लक्षण -असल, शकुन ठहर गर्न, राजकाजसम्बन्धी कार्यसम्पादन गर्न, अर्थ-व्यवस्था मिलान, आम्दानी खर्चको लागत राख्न तथा राजालाई आवश्यक परेका बेलामा जुनसुकै सहयोग गर्न यी ६ थरका जाति अर्थात राजसभाका व्यक्ति क्रियाशील हुन्थे।

नेपालको इतिहासमा लिच्छविकालमा विविध दृष्टिकोणबाट निकै महत्त्वपूर्ण मानिन्छ। लिच्छविकाललाई स्वर्णयुग पनि भनिन्छ। यस कालमा नेपालको हरेक प्रकारले उन्नति र प्रगति भएको देखिन्छ। त्यसबेला कुनै एक पक्षको मात्र नभई सम्पूर्ण पक्षको अर्थात् भाषा, साहित्य, कला, वास्तुकला, आर्थिक, राजनीतिक, कुटनीतिक, सामाजिक र सांस्कृतिक आदि हरेक पक्षको उन्नति भएको देखिन्छ। भक्तपुरवासीको जनजीवनमा लिच्छविकालदेखि नै गुठीगाना, दाफा, भजन-कीर्तनमै अभ्यस्त देखिन्छ। वास्तवमा त्यो संस्कृतिक धर्म सँगसँगै तात्कालीन राजनैतिक संगठनको अंगको रूपमा विकसित भएको हो। कला, कौशल र संस्कृतिको विकास नै समाज र राष्ट्रको परिचय हो।

देशअनुसारको संस्कृति फरक-फरक हुन्छन्। संस्कृति नै देश चिनाउने माध्यम हो। संस्कृतिकै कारण कुन व्यक्ति कुन देशको हो भन्ने छुट्याउने चलन पनि छ। जस्तैः भक्तपुरको बिस्केट जात्रा, थिमीको जिब्रो छेड्ने जात्रा, काठमाडौंको घोडा जात्रा, पाटनको मच्छिन्द्रनाथको जात्राले कुन व्यक्ति कहाँको हो भन्ने छुट्याउन सकिन्छ।

सबैलाई आफ्नो संस्कृति प्रिय र उत्कृष्ट लाग्नु स्वाभाविक हो तर हामीले बुझ्नुपर्ने कुरा धर्ममा संस्कृतिको महत्त्व उत्तिकै हुन्छ। संस्कृतिको पृष्ठभूमिमा धर्म हुन्छ। संस्कृतिको मूल नै धर्म हो। धर्मले मनुश्यको जीवनमा सुख शान्ति र समृद्धि गर्ने काम गर्छ तर समयअनुसार संस्कृति पनि परिमार्जित हुँदै गएको हुन्छ।

संस्कृतिभित्र चाडपर्व हुन्छ। चाड बढी सामाजिक हुन्छ, पर्वमा बढी धार्मिक हुन्छ। यसैकारण चाँड पर्व मिसिएको हुन्छ। पर्वमा अध्यात्मिकता बढी हुन्छ। हाम्रो देश नेपालमा बनेका जति पनि चाडपर्वहरू छन्, यिनको ऐतिहासिक, सामाजिक र प्राकृतिक पाटो बढी जोडिएर आएका हुन्छन्। हामीले मान्ने चाडपर्व समयअनुसार मिलाएको देखिन्छ। हाम्रो देश कृषि प्रधान देश भएकाले त्यही अनुसार चाडपर्व निर्माण गरेका छन्। हाम्रा चाडपर्वमा आध्यात्मिक र धार्मिक पक्ष जोडिएको छन्। भाद्र कृष्ण अष्टमीका दिन मनाइने कृष्ण जन्माष्टमी पर्वमा आध्यात्मिक र धार्मिक दुवै पक्ष समावेश छ। किन भने कृष्ण आध्यात्मिक र सांसारिक दुवै हुन्। उनको दर्शनको कुरा र लीलाको यो कुरा पुष्टि गर्छ। त्यस्तै तीजमा नारी शक्तिको पूजा गर्ने चलन छ। यस्ता पर्वहरू मान्दै गर्दा व्यक्ति उत्साहित र अनुग्रसित बन्छ।

मल्ल संस्कृत शब्द हो। जसको अर्थ हुन्छ द्वन्द्वयुद्धमा पोख्त व्यक्ति, पहलमान, कुस्तीबाज भन्ने बुझिन्छ। पौराणिक कालमा पनि मल्ल युद्धको चर्चा पुराणहरूमा पाइन्छ। महाभारतकालमा मल्ल युद्धमा निपुण व्यक्तिहरू जस्तै भिमसेन, दुर्योधन, जरासन्ध आदि। लिच्छविकालमा मल्लयुद्ध गर्ने पहलमानहरूको संगठन नै हुन्थ्यो। यिनीहरूले आफ्नो कला प्रदर्शन गरेर सर्वसाधारण जनतालाई मनोरञ्जन प्रदान गर्दथ्यो। वर्तमान युगमा पनि अमेरिकामा पहलमानहरूको संगठन छ। यी संगठनलाई कुस्ती (रेसलिङ्ग) भनिन्छ। यिनीहरूले पनि आफ्नो कला प्रदर्शन गरेर सर्वसाधारण विश्वका जनता लाई मनेरञ्जन प्रदान गरिरहेका छन्। दक्षिण भारतमा मल्ल उपाधि पदवीका रूपमा धारण गर्ने प्रचलन थियो। भारतका चालुक्य पल्लव आदि शासकहरूले समेत मल्ल पदवी लिएका थिए। अर्थात् कुस्तीमा विजयी व्यक्तिले शासक वा मल्ल उपाधिका रूपमा पाउँथे। नेपालमा पनि राजा अरिदेव मल्ल युद्ध गरी जनतालाई मनोरञ्जन दिइ राखेको बेलामा दरबारमा छोराको जन्म भएकाले अरिदेवले आफ्नो पुत्रलाई मल्ल उपाधि प्रदान गर्यो। यो कुरा वंशावलीमा उल्लेख छन्।

मल्लकालमा भोटसँग पटक-पटक विभिन्न कारणबाट युद्ध परिरहन्थ्यो। भोटेलाई नेवारी भाषामा साँय देश भनिन्छ। बुढापाकाहरू भन्ने गर्दछन् : पटक-पटकको युद्धमा विजय हासिल गरेका भारदार (सेनाको नेतृत्व) कसजू (कायस्थ) लाई विजय उपाधिको रूपमा राजाले 'साँयजू' (भोटको राजा) भनी पदवी दिएका थिए। जुन पछि गएर वंश विशेषमा परिणत भयो। आफ्नो नामको पछाडि साँयजू लेख्न थाले। हाल ती साँयजूहरूलाई सैंजू भनी भन्छन्। यो पंक्तिकारका लेखक पनि साँयजू थरका कायस्थ हो।



खिचा प्याखं



जङ्गली प्याखं



भालुं प्याखं



देवी प्याखं



लाखे प्याखं



ख्या प्याखं



कलाँलिचा प्याखं



कवांचा प्याखं



सिंह प्याखं



म्हयेखा प्याखं



नागाचा प्याखं



माक प्याखं

# भक्तपुर नगरपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भक्तपुर नपा वडा नं. २ स्थित ब्यासीमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## मिति २०७६ असार ४ गते बुधबार

**उपस्थिति**

१. प्रमुख श्री सुनिल प्रजापति — उपस्थित
२. उपप्रमुख श्री रजनी जोशी — ऐ
३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री — ऐ
४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला — ऐ
५. वडाध्यक्ष श्री राजकृष्ण गोरा — ऐ
६. वडाध्यक्ष श्री कुमार चवाल — ऐ
७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य — ऐ
८. वडाध्यक्ष श्री हरिराम सुवाल — ऐ
९. वडाध्यक्ष श्री उकेश कवां — ऐ
१०. वडाध्यक्ष श्री महेन्द्र खायमली — ऐ
११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व — ऐ
१२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा — ऐ
१३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल — ऐ
१४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) — ऐ
१५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) — ऐ
१६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला — ऐ
१७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल — ऐ
१८. सदस्य सचिव श्री रोहितराज पोखरेल — ऐ

## निर्णयहरू :

### पाँचौ नगरसभा

भक्तपुर नगरपालिकाको पाँचौ नगरसभाको उद्घाटन समारोह यही २०७६ असार ९ गते विहान ८:०० बजे नगरपालिका सभाकक्षमा आयोजना गर्ने र समारोहमा देहायबमोजिम प्रमुख अतिथि एवं अतिथिहरू आमन्त्रण गर्ने निर्णय गरियो :

प्रमुख अतिथि : नारायणमान बिजुक्छें (रोहित)- अध्यक्ष, नेमकिपा
विशेष अतिथि : प्रेम सुवाल- माननीय संघीय सांसद
अतिथि : नारायणप्रसाद भट्ट- प्रमुख जिल्ला अधिकारी
अतिथि: सबिन प्रधान-प्रहरी उपरीक्षक, महानगरीय प्रहरी परिसर
सभापतित्व ग्रहण एवं नीति तथा कार्यक्रम प्रस्तुत : सुनिल प्रजापति- प्रमुख, भ.न.पा.

### जग्गा खरिद

भक्तपुर नगरपालिका वडा नं. ५ (साविक भ.न.पा. वडा नं. ८) स्थित कि.नं. १०४२ र १०४३ क्षे.फ. क्रमशः ०-१-२-० र ०-०-१-३ को साफुकोठा सांस्कृतिक एवं पुरातात्विक महत्त्व भएको पुस्तकालय भवन भएको र सो कित्ताको परिसरको कित्ता नं. १४३ क्षे.फ. ०-२-०-१ जग्गा समेत लामो समयदेखि नक्सा पास रोक्का रही भवन निर्माण गर्न नसकेको हुँदा उल्लेखित कित्ता नं. १०४२, १०४३ र १४३ क्षे.फ. क्रमशः ०-१-२-०, ०-०-१-३ र ०-२-०-१ को जग्गा प्राप्तिका लागि खरिद प्रक्रिया अगाडि बढाउन मिति २०७६।१।२० गतेको कार्यपालिका बैठकबाट निर्णय भएबमोजिम मिति २०७६।१।२३ गते सूचना प्रकाशित गरिएकोमा जग्गा बिक्री गर्न इच्छुक जग्गाधनीहरूबाट प्राप्त सिलबन्दी प्रस्तावहरू खोली प्रस्तावहरू सम्बन्धमा बोलपत्र मूल्यांकन समितिको बैठक मिति २०७६।२।१५ मा बसी उक्त समितिले दुई प्रस्तावहरूमध्ये कि.नं. १०४२ को जग्गाको कबोल गरिएको मूल्य कित्ता नं. १४३ को भन्दा करिब १६६ प्रतिशत बढी मूल्य कबोल गरिएको अस्वाभाविक मूल्य हुँदा उक्त कि.नं. १०४२ को जग्गा प्रस्तावित मूल्यमा उक्त जग्गा खरिद गर्न वाञ्छित नहुने र लिनै परेमा नगरपालिकाको नाममा रहेको अन्य जग्गासँग मनासिब अनुपातमा सट्टापट्टा गरी वा अधिग्रहण गरी लिन वाञ्छित हुने र अर्को कि.नं. १४३ को जग्गा सम्बन्धमा प्रस्तावित मूल्य र चलन चल्तीको मूल्यसमेतका आधारमा निज प्रस्तावकसँग जिल्ला प्रशासन कार्यालय, भूमिसुधार तथा मालपोत कार्यालयसमेतका प्रतिनिधि राखी प्रस्तावित मूल्यभन्दा के-कति घटी मूल्यमा दिन सकिने हो वार्ता गरी जग्गा खरिद गर्न वाञ्छित हुने व्यहोराको सिफारिस भई पेस हुन आएकोमा श्रीमान् प्रमुखज्यूबाट मिति २०७६।२।२० मा वार्ता समितिमा पेश गर्ने भनी तोकआदेश भएको, वार्ता समिति कार्यदलको मिति २०७६।२।२९ को बैठकबाट भक्तपुर नगरपालिका वडा नं. ५ ( साविक भ.न.पा. वडा नं. ८) स्थित साफुकोठा सांस्कृतिक एवं पुरातात्विक महत्त्व भएको पुस्तकालय भवन भएको परिसर क्षेत्रका जग्गामध्ये भक्तपुर नगरपालिका वडा नं. ५ (साविक भ.न.पा. वडा नं. ८) कि.नं १४३ क्षे.फ. ०-२-०-१ को रु. १,५५,००,०००।- (अक्षरेपी एक करोड पचपन्न लाख रूपैयाँ) मा बिक्री गर्न प्रस्ताव गरेकोमा सो प्रस्तावित मूल्य सम्बन्धमा सम्बन्धित वडा कार्यालय भ.न.पा. ५ बाट स्थानीय भद्रभलाद्मी राखी चलन-चल्तीको मूल्य के-कति रहेको बुझिन्छ भनी सर्जमिन बुझी वडा कार्यालयको राय पठाउन लेखी पठाउने र सो प्राप्त भएपछि सम्बन्धित प्रस्तावकसँग प्रस्तावित मूल्यभन्दा के-कति कम मूल्यमा जग्गा बिक्री गर्न सकिने भनी वार्ता गरिने

भनी निर्णय भएकोमा सम्बन्धित वडा कार्यालयबाट सर्जमिन मुचुल्का भई उक्त जग्गाको चलन-चल्तीको मूल्य एकमुष्ट १,५०,००,०००।- (अक्षरेपी एक करोड पचास लाख रूपैयाँ) पर्ने देखिएको भनी राय साथ पेश हुन आएको । सम्बन्धित जग्गाधनीका अधिकृत वारेस रत्नगोपाल त्वायनासँग सो सम्बन्धमा वार्ता गर्दा निजले उक्त जग्गा बोलकबोलमा प्रस्तावित मूल्य भन्दा रु. १५,००,०००।- (अक्षरेपी पन्ध्र लाख रूपैयाँ) र सर्जमिन मुचुल्कामा उल्लेख भएर आएको मूल्य भन्दा रु. १०,००,०००।- (अक्षरेपी दश लाख रूपैयाँ) घटाई प्रस्तावित कित्ता जग्गाको एकमुष्ट रु. १,४०,००,०००।- (अक्षरेपी एक करोड चालिस लाख रूपैयाँ) मा बिक्री गर्न राजी भएको भनी प्रतिबद्धता जनाएको हुँदा उक्त जग्गाको एकमुष्ट रु. १,४०,००,०००।- (अक्षरेपी एक करोड चालिस लाख रूपैयाँ) मा लाभकर सम्बन्धित जग्गावालाले नै व्यहोर्ने गरी भक्तपुर नगरपालिकाको नाममा खरिद गर्न वाञ्छित हुने सिफारिसकासाथ कार्यपालिका बैठकमा पेश हुन आएको हुँदा उक्त जग्गाको एकमुष्ट रु.१,४०,००,०००।- (अक्षरेपी एक करोड चालिस लाख रूपैयाँ) मा लाभकर सम्बन्धित जग्गावालाले नै व्यहोर्ने गरी भ.न.पा.को आ.व. ०७५/७६ को बजेटको भवन तथा जग्गा खरिद शीर्षकबाट खर्च व्यहोर्ने गरी भक्तपुर नगरपालिकाको नाममा खरिद गर्ने, सो जग्गा स्थनीय तह भक्तपुर नगरपालिकाको नाममा खरिद गरिने हुँदा नियमानुसार रजिष्ट्रेसन दस्तुर छुट गरी दिनुहुन भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरलाई अनुरोधसाथ लेखी पठाउने र सो जग्गा खरिदसम्बन्धी कार्य गर्न कानुन सहायक राजकुमार त्वायनालाई अख्तियारी दिने निर्णय गरियो ।

## विभिन्न समितिको निर्णय अनुमोदन

### आर्थिक समिति

**मिति २०७६।२।२७ गते**

१. भक्तपुर नगरपालिका क्षेत्रभित्रका वहालमा राखेका घरधनीहरूलाई बहाल कर बुझाउन ल्याउने सम्बन्धमा आ-आफ्नो वडा कार्यालयबाट पत्राचार गर्ने निर्णय गरियो ।

**मिति २०७६।२।२७ गते**

१. झिगु ख्वपः बचत तथा ऋण सहकारी संस्था लि.बाट विनियम संशोधनको लागि पेश भएकोमा दफा ५५ को कोष बाँडफाँट बाहेक दफा २(४) कार्यक्षेत्र दफा ३३ को सञ्चालन समितिको पदावधिको दफा ७२(घ) सदस्यता र बचत तथा ऋण नीतिको दफा ४, ५, ६ संशोधन गर्न स्वीकृति दिने निर्णय गरियो ।

२. नयाँ कृषि अभियान कृषि सहकारी संस्था लि. को संस्था सूचीकृतको लागि दिएको निवेदनमाथि छलफल हुँदा सूचिकृत गर्न सिफारिस गर्ने निर्णय गरियो ।

### शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति

**मिति २०७६।३।३ गते**

१. भक्तपुर नगरपालिका वडा नं. १ स्थित ऐतिहासिक एवं पुरातात्विक महत्त्वको भाज्या पोखरीको मध्य-भागमा रहेको मन्दिर पुनः निर्माणको लागि त्यस मन्दिरको ऐतिहासिक स्वरूप निर्धारण गर्न प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठको नेतृत्वमा अध्यन टोली गठन गरी प्रतिवेदन प्रस्तुत गरिसकेको अवस्थामा निज प्रा.डा. श्रेष्ठले प्रतिवेदन तयारी गरेबापत पारिश्रमिक माग गरेको मिति २०७६।१।२५ गतेको निवेदनको आधारमा निजलाई भक्तपुर नगरपालिकाको तर्फबाट नगद रु.१ लाख ५० हजार (अक्षेरूपी एक लाख पचास हजार रूपैयाँ मात्र) पारिश्रमिक प्रदान गर्ने निर्णय गरियो ।

२. यस भक्तपुर नगरपालिकाको आयोजनामा युवाहरूलाई लक्षित गरी १० दिने आधारभूत फोटोग्राफी तालिम सञ्चालन गर्न आवश्यक व्यवस्थापनका लागि भनपा ९ का सन्देश प्रजापतिले प्रस्ताव पेश गरे अनुसार कार्यक्रमको अनुमानित बजेट रु. ३६,०००।- (अक्षरेपी छत्तिस हजार रूपैयाँ मात्र) पारित गरियो ।

३. यस भक्तपुर नगरपालिकाद्वारा २०७६ जेठ २६ गतेदेखि सञ्चालित १५ दिने रेडियो प्रस्तोता तालिममा प्रमुख प्रशिक्षक, प्रशिक्षक, व्यवस्थापकलगायतका जिम्मेवारी लिनेहरूलाई देहाय बमोजिम पारिश्रमिकको बन्दोबस्त गर्ने निर्णय गरियोः

प्रमुख प्रशिक्षक प्रकाश सायमी - रु.२०,०००।- (कर बाहेक)

प्रशिक्षकहरूलाई-प्रतिव्यक्ति प्रतिघण्टा रु.१५००।- (कर बाहेक)

**तालिमको व्यवस्थापन गर्ने साथीहरू :**

दिपेन्द्र प्रजापति - प्रतिदिन रु.७५०।- (कर बाहेक)

ओम धौभडेल - प्रतिदिन रु.७५०।- (कर बाहेक)

मैयाँ त्वानाबासु - प्रतिदिन रु.७५०।- (कर बाहेक)

### वातावरण तथा पर्यटन समिति

**मिति २०७६।२।२४ गते**

१. वडा-वडामा कुहिने र नकुहिने फोहर छुट्टाछुट्टै राख्न बाल्टिन वितरण गर्ने कार्यक्रममा डेरावालाहरूलाई पनि बाल्टिन वितरण गर्ने र बाल्टिन वितरण गर्दा नगरवासीलाई जस्तै प्रति चुल्होको आधारमा वार्षिक सफाइ शुल्क लिई बाल्टिन वितरण गर्ने निर्णय गरियो ।

२. विश्व वातावरण दिवस २०७६ को उपलक्ष्यमा 'एक विद्यालय एक सम्पदास्थल सरसफाइ कार्यक्रम' अन्तर्गत सम्पदास्थललगायतका क्षेत्रहरूमा सरसफाइ कार्यक्रम सञ्चालन गरेका सम्पूर्ण विद्यालयहरूलाई भक्तपुर नगरपालिकाको तर्फबाट धन्यवाद दिने निर्णय गरियो । उक्त सफाइ कार्यक्रम सञ्चालन गरेका विद्यालयलहरूमध्येबाट प्रत्येक वडाको १ वटा विद्यालय उत्कृष्ट छनौट गर्ने निर्णय भएअनुसार सम्बन्धित वडा

निरीक्षकले सफाइ कार्यक्रमको निरीक्षण अनुगमन गरी उत्कृष्ट छनौट गरिएका निम्न विद्यालयहरूको नामावली पत्रिकामा प्रकाशन गर्ने निर्णय गरियो ।

१. वडा नं. १ – गणेश मा.वि., भार्वाचो
२. वडा नं. २ – शारदा मा.वि., यालाछें
३. वडा नं. ३– महेन्द्र विद्या आश्रम, बाराही स्थान
४. वडा नं. ४ – साइनिङ्ग स्टुडेण्ट एकेडेमी बोर्डिङ्ग स्कूल
५. वडा नं. ५ – विद्या आर्जन ई.से.स्कूल
६. वडा नं. ६ – प्रभात मा.वि.
७. वडा नं. ७ – सुर्योदय मा.वि.
८. वडा नं. ८ – भीम आदर्श आधारभूत विद्यालय
९. वडा नं. ९ – सिद्धी शारदा आधारभूत विद्यालय
१०. वडा नं. १० – स्कलर्स होम एकेडेमी, स्कूल

माथि उल्लेखित सफाइ कार्यक्रममा उत्कृष्ट छनौट भएका प्रत्येक विद्यालयहरूलाई २०७६ जेठ २७ गते भ.न.पा. सभाकक्षमा तपसिलका सामान र नगदसहित पुरस्कृत गर्ने निर्णय गरियो ।

क. फ्रेमसहितको प्रमाण पत्र
ख. स्टाण्डसहितको कुहिने र नकुहिने फोहर राख्ने डस्टबिन– १
ग. कम्पोष्ट बिन – १
घ. नगद रु. ५,०००।– (पाँच हजार)

**३.** नियमित पाक्षिक सरसफाइ कार्यक्रमअन्तर्गत २०७६ असार १ गते बिहान ७:०० बजे भ.न.पा.वडा नं. ३ दरबार क्षेत्र परिसरमा हरियाली प्रवर्द्धन गर्न गमलामा विभिन्न जातका फूल र हरियाली हुने विरुवाहरू रोप्ने निर्णय गरियो । सो कार्यक्रमको लागि आवश्यक हुने गमला थान १०० वटा बन्दोबस्त गर्ने निर्णय गरियो ।

**४.** राममन्दिर पुलदेखि बाराहीपुलसम्मको खोलामा माटो निकाल्ने सम्बन्धमा वडा नं. ४ बाट पेश भएको निवेदनबारे छलफल हुँदा माटो धेरै निकाल्नुपर्ने भएकोले उक्त कार्यक्रमको लागि आवश्यक पर्ने उपकरण र गाडीहरू नगरपालिकामा उपलब्ध नभएको हुँदा आवश्यक बन्दोबस्त गरी माटो निकाल्ने निर्णय गरियो ।

**मिति २०७६।३।२ गते**

**१.** फोहरमैला व्यवस्थापन अध्ययन कार्यक्रमले फोहरमैला व्यवस्थापन गर्नेबारे विभिन्न ४ वटा कार्यक्रम पेश गर्नुभएकोमा निम्न कार्यक्रम निम्न स्थानमा सञ्चालन गर्ने र उक्त कार्यक्रम सञ्चालन गर्नको लागि अध्ययन कार्यक्रमका निम्न महानुभावहरूलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**२.** हेल्थ केयर वेष्ट म्यानेजमेन्ट कार्यक्रम भक्तपुर नगरपालिबाट सञ्चालित जनस्वास्थ्य केन्द्र च्याम्हासिंहमा सञ्चालन गर्ने र अध्ययन कार्यक्रमका पुन भैललाई जिम्मेवारी दिने निर्णय गरियो ।

**३.** ट्रान्सपोर्ट स्टेशन/रिकभरी सेन्टर प्रोग्राम भ.न.पा. वडा नं. ७ स्थित भ.न.पा.ले ग्यारेजको रूपमा प्रयोग रहेको महेश्वरी ग्यारेज भवनमा सञ्चालन गर्ने र उक्त कार्यक्रमको लागि अध्ययन कार्य दलका निम्न व्यक्तिहरूलाई जिम्मेवारी दिने निर्णय गरियो ।

क. रोनिश शाक्य
ख. शुशिला ग्वाछा
ग. अमित शंकर रंजित

**४.** शैक्षिक संस्थामा फोहरमैला छुट्याई संकलन र व्यवस्थापन कार्यक्रम निम्न शैक्षिक संस्थाहरूमा सञ्चालन गर्ने र जिम्मेवारी दिने निर्णय गरियो ।

क. ख्वप इन्जिनियरिङ्ग कलेज र ख्वप कलेज अफ इन्जिनियरिङ्ग
ख. आदर्श आजाद मा.वि., भेलुखेल

उक्त कार्यक्रमको लागि निम्न व्यक्तिहरूलाई जिम्मेवारी दिने निर्णय गरियो–

१. रजिम गणेश
२. इन्दु दुवाल
३. अमित शंकर रंजित

**५.** फोहरमैला व्यवस्थापनबारे स्थानीय स्तरमा अभिमुखीकरण कार्यक्रम वातावरण समितिले छनौट गरिएको १ वटामा वडामा सञ्चालन गर्ने निर्णय गरियो । उक्त कार्यक्रमको लागि निम्न व्यक्तिहरूलाई जिम्मेवारी दिने निर्णय गरियो ।

क. शुशिला ग्वाछा
ख. रोनिश शाक्य
ग. मीरा प्रजापति

## अपाङ्गता भएका व्यक्तिहरूको परिचय पत्र वितरणसम्बन्धी अस्थायी समन्वय समिति

**मिति २०७६।३।२ गते**

**१.** वडा–वडाबाट संकलन गरी पेश गरिएको वर्गिकृत सूची अनुमोदनको लागि बोर्ड बैठकमा पेश गर्ने र अनुमोदनपछि प्राप्त सूचीको परिचय–पत्र तयार गरी सम्बन्धित वडा कार्यालयमार्फत पूर्ण अशक्त–६१, अति अशक्त–१४०, मध्यम–८२ र सामान्य–२८ गरी जम्मा ३१२ जना अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गता परिचय पत्र वितरण गर्ने निर्णय गरियो ।

**२.** यस अपाङ्गता भएका व्यक्तिहरूको परिचय पत्र वितरणसम्बन्धी अस्थायी समन्वय समितिका लागि आ.व. २०७६/७७ को लागि आवश्यक रकम प्रस्ताव गर्न तीन सदस्यीय समिति बनाउने छ । समितिमा निम्नअनुसार सदस्य रहनेछ :

संयोजक : श्री रोशनमैया सुवाल
सदस्य : श्री हिमालयश्वरलाल मूल
सदस्य : श्री डा. रत्नसुन्दर लासिवा

**३.** छुट भएका अपाङ्गहरूको विवरण संकलनको लागि पुनः सूचना प्रकाशित गर्ने ।

ङ. मिति : २०७६/०२/३० को निर्माण समिति निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

क) ल.ई. स्वीकृत सम्बन्धमा

| क्र.सं | योजनाका विवरण | वडा नं. | ल.ई.रकम | रि.ल.ई. रकम | मूल्यांकन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | वडा नं. १ देखि १० सम्मको बाटोहरू मर्मत कार्य | विभिन्न | ४६७,६८०।७३ | | | | | | मर्मत कोष | |
| २ | वडा नं. १ देखि १० सम्मको बाटोको लागि रेन इनलेट र मेनहोल कभर मर्मत कार्य | बिभिन्न | २४२,१८१।६० | | | | | | मर्मत कोष | |
| ३ | पाइपलाइनको भित्र पट्टि राजकूलो मर्मत कार्य | १० | ४७,३०१।८० | | | | | | मर्मत कोष | |

ख) पेश्की फछ्र्यौट सम्बन्धमा

| क्र.सं | योजनाका विवरण | वडा नं. | ल.ई.रकम | रि.ल.ई. रकम | मूल्यांकन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १, | सूर्यमढी पूर्वभिमुख पाटी पुनःनिर्माण कार्य | ९ | २,१५९,२०२।०० | | | १,४९०,६०३।०० | १,५१२,८५५।०० | | | रू.२२,२५५।०० फिर्ता |
| २, | वडा कार्यालय भवनमा रंगरोगन तथा शिशुस्याहारमा स्टोर कोठा बनाउने कार्य | ६ | ७१४,७४४।१२ | | ६०२,३९५।८१ | ४९१,६६३।६१ | ५३४,१५९।०० | | | रू.४२,४९५।३९ फिर्ता |

ग) भुक्तानी सम्बन्धमा

| क्र.सं | योजनाका विवरण | वडा नं. | ल.ई.रकम | रि.ल.ई. रकम | मूल्यांकन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | निर्माणाधीत पर्यटन सूचना केन्द्र भवनमा फिनिसिङ कार्य ठेक्का भुक्तानी बापत् | २ | साहारा कन्स्ट्रक्सन प्रा.लि. | | | | | २,५३४,००१।६४ | नपा | खर्च समर्थन |

घ) उपभोक्ता समिति अनुमोदन सम्बन्धमा

| | | | | |
|---|---|---|---|---|
| १ | हनुमानद्योदेखि घलातेसम्मको बाटोमा ढल निकाश बनाउने | ३ | उपभोक्ता समिति अध्यक्ष पूर्णप्रसाद सुवाल | अनुगमन समिति संयोजक कृष्णगोपाल चौगुठी |
| २ | लान्चा फल्चाबाट सैंजु डेरीसम्मको बाटोमा पीच गर्ने कार्य | ६ | उपभोक्ता समिति अध्यक्ष बुद्धिकुमार मुस्याख्व | अनुगमन समिति संयोजक जितेन्द्र मुनंकर्मी |
| ३ | पुरानो मालपोतदेखि लिगचा बाटो पीच कार्य | ७ | उपभोक्ता समिति अध्यक्ष हरिकृष्ण दनेगुलु | अनुगमन समिति संयोजक रन्जना त्वाती |

मिति २०७६।०३।०४ गतेका निर्माण समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

क) ल.ई. स्वीकृत सम्बन्धमा

| क्र.सं | योजनाका विवरण | वडा नं. | ल.ई.रकम | रि.ल.ई. रकम | मूल्यांकन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | दरबार क्षेत्रको पुरानो जनज्योति पुस्तकालय परिसरमा काँडेबार लगाउने कार्य | २ | ८१,९१७।३० | | | | | | मर्मत कोष | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | रूख–बिरूवा संरक्षणको लागि Tree Gard बनाउने कार्य | | ३३४,८७०।९८ | | | | | | मर्मत कोष | |
| **ख) पेश्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | | |
| १ | वासिकचा बाटो मर्मत कार्य | ३ | १,०३४,१२०।०० | | १,१४२,७९२।९० | ८७४,२९८।३० | ८४५,०००।०० | २,८१८।०० | सडक बोर्ड | पे.फ. |
| २ | दत्तात्रयमा पर्यटक सूचना केन्द्र भवन निर्माण | ९ | ९,०९२,७१०।१५ | | २,४६१,५८६।८७ | २,४५९,१५४।६७ | २०,००,०००।०० | ४५९,१५४।६७ | नपा | आंशिक पे.फ. भई रू.२० लाख पेश्की सिफारिस |
| ३ | ब्रम्हायणी पानी ट्याङ्की निर्माण कार्य | ९ | १,८४१,४४१।२७ | | १,८७९,१४१।०० | १,८३०,५०८।०० | १,२१३,४९६।०० | ३१७,०१३।०० | वडा | जानकारी |
| **ग) भुक्तानी सम्बन्धमा** | | | | | | | | | | |
| १ | ब्रम्हायणी बहुउदेश्यीय भवनको लागि दाची ईंटा, बुट्टा ईंटा खरिद भुक्तानी सम्बन्धी | ९ | आर.आर.कन्टक्सन, भक्तपुर | | | | ११,८४,८२८।९३ | नपा | खर्च समर्थन | |
| **घ) उपभोक्ता समिति अनुमोदन सम्बन्धमा** | | | | | | | | | | |
| १ | सल्लाघारी सिद्धपोखरी उत्तरतर्फको चौरमा पर्खाल लगाउने कार्य | ३ | उपभोक्ता समिति अध्यक्ष राजन कोजू | | | | अनुगमन समिति संयोजक विश्वराज शिल्पकार | | | |

## विविध

**क.** भक्तपुर नगरपालिकाद्वारा सञ्चालित लिवाली जग्गा एकीकरण आयोजना क्षेत्रमा परेको साविक भ.न.पा. वडा नं. २(ख) कि.नं. ४२, ५२ र २(घ) कि.नं. ९३, ९५, १९२ र १९८ जग्गा स्वर्गीय ज.ध. केदारनाथ उपाध्यायको नामबाट दमननाथ ढुंगानासमेत जना ३ को नाममा मिति २०६१।२।२७ गते, च.नं. ३९२६ को मा.पो.का.भ.पु.को पत्रबाट यस आयोजनालाई जानकारी प्राप्त भएको र सो पत्रानुसार जग्गा धनी दमननाथ ढुंगानासमेतबाट मिति २०६१।३।९ गते विकसित घडेरी फिर्ताको लागि निवेदन दिएकोमा आवश्यक छलफलको लागि अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

**ख.** लिवाली आवास योजनाअन्तर्गत निवेदक रोशनीलक्ष्मी तुईंतुईंले भ.न.पा.को नाममा रहेको जग्गासँग साटासाट गर्ने प्रस्ताव सम्बन्धमा लिवाली आवास योजनासमेतको जिम्मेवारी प्रदान गरेका इन्जिनियर ओमहरि था श्रेष्ठको टिप्पणीसमेत प्राप्त भएको अवस्थामा अर्को बैठकमा निर्णयार्थ पेश गर्ने निर्णय गरियो ।

**ग.** भक्तपुर नगरपालिकाद्वारा सञ्चालित शिशुस्याहार (बाल विकास केन्द्र) हरूमा अध्ययनरत नानीहरूलाई समयअनुसार बालमैत्री वातावरणमा व्यवस्थित रूपमा अध्यापन गराउन सिलिङ फ्यानहरू, स्मार्ट टि.भी. र क्यासेट प्लेयरको व्यवस्था गर्ने निर्णय गरियो ।

**घ.** भ.न.पा.का भू.पू. श्यानिटेशन इन्जिनियर दिनेश राजभण्डारीको नाममा लिई योजना शाखाको प्रयोजनमा रहेको Epson Printer (CKV) बाट सहयोग प्राप्त २०७२ को भूकम्पपछि पुरानो भवनबाट नयाँ भवनमा सार्ने क्रममा हराएको भन्ने जानकारी प्राप्त भएको भनी मिति २०७६।२।२० गतेको दिनुभएको निवेदनमा, उक्त प्रिन्टर मिनाहा गरिदिने निर्णय गरियो ।

**ङ.** वडा नं. ५ का वडाअध्यक्ष श्री प्रेमगोपाल कर्माचार्यले बृद्ध भत्ताको तेस्रो किस्ता लिई रु.४०२८०००/– वितरण गरी

बाँकी रु. ४८७२००/- फिर्ता गरी आफ्नो नामा रहेको रु. ४५१५२०/- पे.फ. गरिएको बैठकमा जानकारी गराइयो ।

**च.** वडा नं १ का वडाअध्यक्ष श्यामकृष्ण खत्रीले मिति २०७६ बैसाख १३ गते उत्कृष्ट खेलाडी सम्मान तथा मार्चपास प्रतियोगिताको लागि रु. १५०००० पेश्की लिएकामा रु. १३०९७०/- खर्च गरी बाँकी रकम फिर्ता दाखिला गरी नाममा रहेको पे.फ. गरिएको बैठकमा जानकारी गराइयो ।

**छ.** विश्व वातावरण दिवसको अवसरमा भक्तपुर नगरपालिकाबाट आयोजित वृक्षारोपण कार्यक्रममा जलपान खर्च रु. ७६८४०/- सूर्यविनायक पार्टी भेन्यूलाई भुक्तानी दिने निर्णय गरियो ।

**ज.** नपामा विभिन्न समयमा भएको जलपान खर्च बापत रु. १,४५,३३०/- दिव्या स्वीट्सलाई भुक्तानी दिने निर्णय गरियो ।

**झ.** जनसरोकार केन्द्र बुङ्मतीमा भक्तपुरको सांस्कृतिक झाँकी लैजाँदा र ल्याउँदाको गाडी भाडा रु.१३,३४०/- ज्ञानेन्द्र महर्जनलाई भुक्तानी गर्ने निर्णय गरियो ।

## मिति २०७६ असार ८ गते आइतबार

### निर्णयहरू :

**पाँचौ नगरसभा**

**१.** यस नगरपालिकाको यही २०७६ असार ९ गतेबाट शुरु हुने पाँचौं नगरसभामा प्रमुख सुनिल प्रजापतिबाट प्रस्तुत हुने आ.व. २०७६/२०७७ का लागि नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रमबारे छलफल भयो। प्राप्त सुझावहरू समेटेर नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**२.** यस नगरपालिकाको पाँचौं नगरसभामा नीति तथा कार्यक्रम एवं बजेट पेश गर्ने कार्यक्रम तालिका देहाय बमोजिम तय गर्ने निर्णय गरियो :

**नीति तथा कार्यक्रम पेश**

मिति : २०७६ असार ९ गते

समय : विहान ८:०० बजे

(नगर सभाको उद्घाटन समारोहमा)

प्रस्तुतकर्ता : सुनिल प्रजापति-प्रमुख, भक्तपुर नगरपालिका

**नीति तथा कार्यक्रममाथि छलफल एवं पारित**

मिति : २०७६ असार ९ गते

समय : दिनको १:०० बजे

**बजेट पेश**

मिति : २०७६ असार १० गते

समय : दिनको १:०० बजे

प्रस्तुतकर्ता : रजनी जोशी- उपप्रमुख, भक्तपुर नगरपालिका

## मिति २०७६ असार १० गते मंगलबार

### निर्णयहरू

**आ.व. २०७६/७७ को वार्षिक बजेट**

१. यस न.पा.को आ.व. २०७६/०७७ को लागि बजेट तथा कार्यक्रम तर्जमा समितिले पेश गरेको रु.२ अर्ब तेह्र करोड १० लाखको बजेट स्वीकृत गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

२. यस नगरपालिकाको लागि आवश्यक सरसामानको वार्षिक खरिद योजना सम्बन्धमा खरिद इकाई समितिबाट पेश भएको रु.२ करोड ५५ लाख १८ हजार ९२२ को योजना स्वीकृत गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

३. यस नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ्ग कलेजलाई निम्न लिखित कित्ता जग्गाहरू उपभोग गर्ने गरी भोगाधिकार दिने निर्णय गरियो :

| क्र.सं. | ठेगाना | कित्ता नं. | रोपनी | आना | पैसा | दाम |
|---|---|---|---|---|---|---|
| १ | भनपा ८ | ९७ | ० | ४ | ० | १ |
| २ | भनपा ८ | ९९ | ० | ६ | १ | २ |
| ३ | भनपा ८ | २०० | ० | ७ | ३ | २ |
| ४ | भनपा ८ | १९९ | ० | ७ | ३ | २ |
| ५ | भनपा ८ | २३२ | ० | ३ | ० | २ |
| ६ | भनपा ८ | २३३ | ० | ३ | ० | २ |
| ७ | भनपा ८ | १०२ | ० | ५ | २ | ४ |
| ८ | भनपा ८ | १०३ | ० | ५ | २ | ३ |
| ९ | भनपा ८ | १०४ | ० | ४ | ० | ० |
| १० | भनपा ८ | १०५ | ० | २ | २ | १ |
| ११ | भनपा ८ | १०६ | ० | २ | ३ | २ |
| १२ | भनपा ८ | १०७ | ० | २ | २ | ४ |
| १३ | भनपा ८ | १०८ | ४ | १३ | ० | ३ |
| १४ | भनपा ८ | १९७ | ० | ६ | १ | ३ |
| १५ | भनपा ८ | १९८ | ० | ६ | १ | ३ |
| १६ | भनपा ८ | १२१ | ० | ७ | ३ | २ |
| १७ | भनपा ८ | १२२ | ० | ४ | ० | १ |
| १८ | भनपा ८ | १२३ | ० | ४ | ० | १ |
| १९ | भनपा ८ | १२४ | ० | ६ | ३ | २ |
| २० | भनपा ८ | २१४ | ० | ३ | ३ | १ |
| २१ | भनपा ८ | २१५ | ० | ३ | ३ | १ |
| २२ | भनपा ८ | १२६ | ० | २ | २ | ० |
| २३ | भनपा ८ | १२७ | ० | २ | ३ | २ |
| २४ | भनपा ८ | १२८ | ० | २ | ३ | १ |
| २५ | भनपा १ | १३१० | ७ | ४ | ० | ० |
| २६ | भनपा १० | २८४ | ८ | ० | ० | ० |
| जम्मा | | | २६ | १२ | ३ | २ |

४. यस नगरपालिकाद्वारा सञ्चालित ख्वप कलेज अफ इन्जिनियरिङ्गलाई निम्न लिखित कित्ता जग्गाहरू उपभोग गर्ने गरी भोगाधिकार दिने निर्णय गरियो :

| क्र.सं. | कित्ता नं. | रोपनी | आना | पैसा | दाम |
|---|---|---|---|---|---|
| १ | ३५ | ० | १२ | २ | ० |
| २ | ४६ | ० | १३ | ० | ० |
| ३ | ४२ | १ | ६ | ३ | २ |
| ४ | ८९ | ० | ५ | २ | १ |
| ५ | ९० | ० | १४ | ३ | २ |
| ६ | ९१ | ० | १० | २ | २ |
| ७ | ९२ | ० | ९ | ३ | २ |
| ८ | ९३ | ० | ५ | ३ | २ |
| ९ | ९४ | ० | ४ | ० | ० |
| १० | ९५ | ० | ६ | ३ | ० |
| ११ | ९६ | ० | ४ | ० | ० |
| १२ | १०९ | ० | १२ | ३ | २ |
| १३ | ११० | ० | १२ | ३ | २ |
| १४ | १११ | ० | ५ | २ | २ |
| १५ | ११२ | ० | ४ | २ | १ |
| १६ | ११३ | ० | ९ | २ | ० |
| १७ | ११४ | ० | ४ | ० | १ |
| १८ | ११५ | ० | ४ | ० | १ |
| १९ | ११६ | ० | ४ | ० | १ |
| २० | ११७ | ० | ४ | ० | १ |
| २१ | ११८ | ० | ९ | ३ | १ |
| २२ | ११९ | ० | ९ | ० | ३ |
| **जम्मा** | | ११ | १४ | १ | ३ |

५. यस चालू आ.व. २०७५/०७६ मा चालूतर्फ र पूँजीगततर्फ विभिन्न मितिमा यस कार्यपालिकाले गरेका रकमान्तरणसम्बन्धी निर्णयहरू अनुमोदनका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

## मिति २०७६ असार १३ गते शुक्रबार

## निर्णय

### पाँचौं नगरसभा

भक्तपुर नगरपालिकाको विनियोजन विधेयक २०७६, भक्तपुर नगरपालिका विपद् व्यवास्थापन कोष परिचालन निर्देशिका २०७६, भक्तपुर नगरपालिका खेलकुद प्रशिक्षकसम्बन्धी कार्यविधि २०७६ र भक्तपुर नगरपालिकाको आर्थिक विधेयक २०७६ स्वीकृत गरी पाँचौं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

## मिति २०७६ असार १५ गते आइतबार

## निर्णयहरु

### पाँचौं नगरसभा

१. **'भक्तपुर नगरपालिका सवारी दर्ता तथा सञ्चालन गर्न बनेको विधेयक-२०७६'** पारित गरी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

२. **'कला संस्कृति र सम्पदा संरक्षण एवं सम्बर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक-२०७६'** पारित गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

३. निर्माण समितिको निम्न निर्णय अनुमोदन गर्ने निर्णय गरियो :

निर्माण समिति मिति २०७६।०३।१२ गते निर्णय

क) ल.ई. स्वीकृत सम्बन्धमा

| क्र. सं. | योजनाका विवरण | वडा नं. | ल.ई.रकम | रि.ल.ई.रकम | मूल्याकंन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | गय:भिंद्यो पुल निर्माण कार्य (चौथो चरण) | ७ | ९,९९४,०८३।९५ | | | | | | नपा | तेश्रो चरण पे.फ. बाँकी |
| २ | पर्यटन सेवा केन्द्र भवनममा दुई वटा शौचालयमा खापा जडान कार्य | २ | ३६,८३९।१३ | | | | | | मर्मत कोष | |

ख) पेश्की फछ्र्यौट सम्बन्धमा

| क्र. सं | योजनाका विवरण | वडा नं. | ल.ई.रकम | रि.ल.ई. रकम | मूल्याकंन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | भुलांचा बाटो मर्मत कायई | ४ | १,०४४,२३५।११ | | २,२३९,८४५।०० | १,०६५,०७१।६१ | ३००,०००।०० | ७६५,०७१।६१ | सडक बोर्ड | कार्य सम्पन्न |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | सल्लाघारी नपली सृजनानगर | १ | १,०१६,४४६।५१ | | १,०६८,९३२।६६ | १,०११,९८५।४९ | ३३५,०००।०० | ६७६,९८५।४९ | सडक बोर्ड | कार्य सम्पन्न |
| ३ | स्मृतिनगर बाटोमा ढुङ्गा छपाई कार्य | २ | १,८१२,८४४।९८ | | ७२२,५३५।७० | ६५८,०५९।०० | ६००,०००।०० | ५८,०५९।०० | न.पा. | आ.पे.फ. थप पेश्की रू.१ लाख सिफारिस |
| ४ | गयः भिन्चो पुल निर्माण कार्य (तेस्रो चरण) | ७ | ९,९९७,४६०।०२ | | ९,९६८,९२३।१७ | ९,६०७,५३७।५९ | ८,०००,०००।०० | १,६०७,५३७।५९ | न.पा. | कार्य सम्पन्न |
| ५, | महाकाली उकालोदेखि भोलाछेंसम्मको बाटो मर्मत कार्य | ६ | १,००६,८४६।४० | | १,४००,०९०।६९ | १,०५१,९८६।२० | ४५०,०००।०० | ११९,७६४।४५ | सडक बोर्ड | कार्य सम्पन्न |

**ग) भुक्तानी सम्बन्धमा**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | ब्रम्हायणी बहुउद्देश्यीय भवनको लागि वालुवा खरिद भुक्तानीसम्बन्धी | ९ | सुलोक ट्रेडिङ कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | २२९,३९०।६८ | नपा | खर्च समर्थन |
| २, | नपा कार्यालयभित्र लिफ्टमा आल्मुनियम प्यानेल जडान कार्य गरेवापत | ९ | बी. एण्ड. एस. आल्मुनियम एण्ड डेकार्स प्रा.लि, भक्तपुर | १५७,००९।९० | नपा | खर्च समर्थन |

**निर्माण समिति मिति २०७६।०३।१२ गते निर्णय**

**क) ल.ई. स्वीकृत सम्बन्धमा**

| क.सं | योजनाका विवरण | वडा नं. | ल.ई.रकम | रि.ल.ई. रकम | मूल्याकंन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | राममन्दिरदेखि बाराही हनुमन्ते खोलामा माटो निकाल्ने कार्य | ७ | २,८९०,४६३।४१ | | | | | | विपद् व्यवस्थापन | |

**ख) पेश्की फछ्र्यौट**

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | लान्चाफल्चा देखि सैंजु डेरी सार्वजनिक धारासम्म बाटो पीच गर्ने | १० | २,५८३,५६१।७७ | | ९७९,४९८।४५ | ९७९,२७७।०० | १,०००,०००।०० | | | आ.पे.फ. गर्न रू.२०,७२३।०० पेश्की बाँकी रहने गरी थप पेश्की रू १५ लाख |

## मिति २०७६ असार १६ गते सोमबार

## निर्णयहरु

१. भक्तपुर नगरपालिकाबाट सञ्चालित शैक्षिक संस्थाहरु ख्वप इन्जिनियरिङ्ग कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ्ग, ख्वप बहुप्राविधिक अध्ययन संस्थान, ख्वप मा.वि., ख्वप कलेज र शारदा कलेजका अन्तिम लेखा परीक्षण प्रतिवेदन नगरसभामा पेश गर्ने निर्णय गरियो ।

२. नगरसभामा निर्णय अनुमोदन, सेवा करार, अधिकार प्रत्यायोजन, संगठन स्वरुप र दरबन्दी, कर्मचारीहरुको वृत्तिविकास, बजेट रकमान्तरण प्रौदभावी लेखा प्रणाली, योजना जाँचपास तथा फरफारक, वार्षिक खरिद योजना र अन्तिम लेखा परीक्षण प्रतिवेदनबारे प्रस्तावहरु पेश गर्ने निर्णय गरियो ।

३. निर्माण समितिको निम्न निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो :

मिति २०७६।०३।१६ गते निर्माण समिति बैठक निर्णय

क) पेश्की फछ्र्यौट सम्बन्धमा

| क्र.सं | योजनाका विवरण | वडा नं. | ल.ई.रकम | रि.ल.ई. रकम | मूल्याकंन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १, | वडा कार्यालय भवन निर्माण कार्य (दोश्रो चरण) | १ | १०,११७,५०३।७९ | | ११,१६९,७४५।०० | ९,४६३,५०७।९३ | ८,०००,०००।०० | ५२७,८२६।५१ | नपा | कार्य सम्पन्न भई पेश्की फछ्र्यौट |
| २, | दत्तात्रय स्कूल दक्षिणतर्फ गल्ली बाटोहरूमा ईंटा छपाई | ९ | २८४,८१३।४२ | | २८४,८१३।४२ | २५७,७४३।०१ | | २५७,७४३।०१ | नपा | कार्य सम्पन्न भई पेश्की फछ्र्यौट |
| ग) भुक्तानी सम्बन्धमा | | | | | | | | | | |
| १, | ब्रम्हायणी बहुउद्देश्यीय भवनको फिनिसिङ्ग कार्य अन्तर्गत वाल उठाउने, प्लाष्टर गर्ने श्रम ठेक्का ज्याला भुक्तानी | ९ | शान्ती कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | | | | | १,१४८,४८६।०१ | नपा | खर्च समर्थन |

घ) ल.ई. स्वीकृति सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो

| क्र.सं | योजनाका विवरण | वडा नं | ल.ई.रकम | रि.ल.ई. रकम | मूल्याकंन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १, | मंगलतीर्थदेखि राम मन्दिरसम्म खोलाको माटो निकाल्ने कार्य | ३ | २८,९०,४६३।४१ | | | | | | विपद व्यवस्थापन | |

# मिति २०७६ असार २४ गते मंगलबार

## निर्णयहरू

पेश्की फछ्र्यौट सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

मिति २०७६।०३।२० गते निर्माण समिति बैठक निर्णय

क) पेश्की फछ्र्यौट सम्बन्धमा

| क्र.सं. | योजनाका विवरण | वडा नं | ल.ई.रकम | रि.ल.ई. रकम | मूल्याकंन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | मंगलाछें शिशुस्याहार छाना मर्मत कार्य | ४ | ६२४,१३७।९६ | | ६२४,४९९।८० | ५३५,२५२।३८ | ४००,०००।०० | ६७,५७७।९८ | नपा | कार्य सम्पन्न भई पेश्की फछ्र्यौट |
| २ | वडा कार्यालयबाट जि.प्र.का हुँदै पुरानो नपा भवनसम्मको बाटो ढुङ्गा छपाइ | २ | ४,०१४,३६८।१७ | | २,२८५,७३४।६० | २,२५३,१३२।०० | १,३००,०००।०० | ९५३,१३२।०० | पर्किङ स्थल | आ.पे.फ भई थप पेश्की सिफारिस |
| ३ | सृजनानगर पेटी निर्माण कार्य | १ | २,७४८,८७१।७९ | | १,९११,६६८।५१ | १,८७७,०६७।८६ | ९००,०००।०० | ९७७,०६७।८६ | स्रोत अनुमान | आ.पे.फ भई थप पेश्की सिफारिस |
| ४ | खरिपाटी ब्यारेक मुनि द्यो:ला राजकुलो मर्मत | १० | ५०१,२४७।०३ | | ६३४,८७०।७२ | ५०१,२४७।०३ | २००,०००।०० | ३०१,२४७।०३ | नपा | कार्य सम्पन्न भई पेश्की फछ्र्यौट |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | टिबुक्छें घुमावती बाटोमा ढुङ्गा छपाइ | ५ | १,१२४,१५७।०० | | १,१२१,६८१।१९ | ९७२,७४१।०० | ७५०,०००।०० | ३३,४६५।०० | सडक बोर्ड | कार्य सम्पन्न भई पेश्की फछ्र्यौट |
| ६ | बिद्युत प्राधिकरण उत्तरतर्फ शौचालय सुधार | १ | ७४७,१९४।५६ | | ८१९,९१८।०० | ७०९,४३०।५२ | ५००,०००।०० | ८४,९६५।७८ | नपा | कार्य सम्पन्न भई पेश्की फछ्र्यौट |
| ७ | सल्लाधारी १०८ रोपनी जग्गा संरक्षण कार्य | १ | ९,८०१,२९९।९७ | | ९,३८०,९८८।६२ | ८,८३९,१४६।८२ | ८,०००,०००।०० | ८२३,७७७।०० | नपा | आ.पे.फ भई नपुग रकम भुक्तानी सिफारिस |
| ८ | कमलविनायक शौचालय सुधार कार्य | १० | १,२५८,३७२।७७ | | ६८३,९४६।२० | ५६९,८५८।८७ | ४००,०००।०० | ८२३,७७७।२४ | नपा | आ.पे.फ भई थप पेश्की सिफारिस |
| ९ | इन्द्रायणी मन्दिर पछाडीको बाल उद्यान | २ | १,४२७,८९६।७८ | | ७१८,४२३।४७ | ६८२,९९६।०० | ३००,०००।०० | ३८२,९९६।०० | नपा | आ.पे.फ भई थप पेश्की सिफारिस |
| १० | बाराहीस्थान घलाँते हुँदै अरनिको राजमार्ग जाने बाटोमा रितेनिङ वाल लगाउने | ३ | २,५८१,६४४।४५ | | ४,२४२,००४।९१ | २,४९४,३२०।०० | २,३५०,०००।०० | १४४,१३७।५० | नपा | कार्य सम्पन्न भई पेश्की फछ्र्यौट |
| ११ | पुलावाचा हनुमानघाट पुलसम्मको बाटो | ७ | १,१४५,५३१।६८ | | ९८८,५६६। | ८६९,५३३।०० | ३७०,०००।०० | ४९९,५३३।०० | सडक बोर्ड | कार्य सम्पन्न |
| | मर्मत कार्य | | | | ८२ | | | | | भई पेश्की फछ्र्यौट |
| १२ | च्याम्हसिंहमा छाती पुन:स्थापना केन्द्र भवन निर्माण | ९ | ९,९००,१०७।९६ | | ४,७३०,७६४।१४ | ४,१९२,०६४।०० | ३,३००,०००।०० | ८९२,०६४।०० | नपा | आ.पे.फ भई थप पेश्की सिफारिस |

**२. उपभोक्ता समिति अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | राममन्दिरदेखि बाराही हनुमन्ते खोलामा माटो निकाल्ने कार्य | ३ | उपभोक्ता समिति अध्यक्ष कृष्णगोपाल चौगुठी | अनुगमन समिति | |
| २ | रानीपोखरी संरक्षण कार्य (दोश्रो चरण) | १ | उपभोक्ता समिति अध्यक्ष श्यामसुन्दर बाटी | अनुगमन समिति संयोजक गंगालक्ष्मी बमनु | |
| ३ | भाजुपोखरी उत्खनन् कार्य (उ.स.पुन:गठन) | १ | उपभोक्ता समिति अध्यक्ष कृष्णप्रसाद दुमरू | अनुगमन समिति संयोजक रामगोपाल बमनु | |

**क. ल.ई. स्वीकृत सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :**

| क्र.सं | योजनाका विवरण | वडा नं. | ल.ई.रकम | रि.ल.ई. रकम | मूल्यांकन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | रानीपोखरी संरक्षण कार्य (दोश्रो चरण) | १ | २६,३१३,७३६।०० | | | | | | नपा | |
| २ | सल्लाधारी खानेपानी डीप बोरिङ तथा फिल्टरेशन कार्य अन्तर्गत १०० के.भी.ए. क्षमताको ट—ान्सफर्मर जडान कार्य | २ | ९,६४,६४९।०६ | | | | | | नपा | |

ख) म्याद थप सम्बन्धमा

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | ब्रम्हायणी बहुउदेश्यीय भवन फिनिसिङ कार्यअन्तर्गत श्यानिटरी फिटिङ कार्यसम्बन्धी | ९ | बोलपत्रदाता सुन्दर कन्स्ट्रक्सन, | | मिति २०७६ कार्तिक मसान्तसम्म म्याद थप गर्ने निर्णय | नपा बजेट | क्रमागत योजना |
| २ | ब्रम्हायणी बहुउदेश्यीय भवन फिनिसिङ कार्यअन्तर्गत इलेक्ट्रिक फिटिङ कार्यसम्बन्धी | ९ | बोलपत्रदाता सुन्दर कन्स्ट्रक्सन, | | मिति २०७६ कार्तिक मसान्तसम्म म्याद थप गर्ने निर्णय | नपा बजेट | क्रमागत योजना |
| ३ | ब्रम्हायणी बहुउदेश्यीय भवन फिनिसिङ कार्यअन्तर्गत दाची इटा बुट्टा ईटाहरू खरिद सम्बन्धमा | ९ | बोलपत्रदाता आर आर कन्स्ट्रक्सन प्रा.लि. | | मिति २०७६ असोज मसान्तसम्म म्याद थप गर्ने निर्णय | नपा बजेट | क्रमागत योजना |
| ४ | ब्रम्हायणी बहुउदेश्यीय भवन फिनिसिङ कार्यअन्तर्गत लोकल ईटा र वालुवा खरिद सम्बन्धमा | ९ | बोलपत्रदाता सुलोक कन्स्ट्रक्सन प्रा.लि. | | मिति २०७६ असोज मसान्तसम्म म्याद थप गर्ने निर्णय | नपा बजेट | क्रमागत योजना |
| ५ | ब्रम्हायणी बहुउदेश्यीय भवन फिनिसिङ कार्यअन्तर्गत वाल लगाउने, प्लाष्टर गर्नेसम्बन्धी ज्याला भुक्तानी (श्रम ठेक्का) | ९ | बोलपत्रदाता कन्स्ट्रक्सन प्रा.लि. | | मिति २०७६ पौष मसान्तसम्म म्याद थप गर्ने निर्णय | नपा बजेट | क्रमागत योजना |
| ६ | कमलबिनायक शौचालय सुधार कार्य | १० | उपभोक्ता समिति अध्यक्ष लक्ष्मीप्रसाद चवाल | | मिति २०७६ असोज मसान्तसम्म म्याद थप गर्ने निर्णय | नपा बजेट | क्रमागत योजना |
| ७ | पुरानो जगाति बाटोमा ग्राभेलिङ तथा ब्लक छाप्ने कार्य | ७ | उपभोक्ता समिति अध्यक्ष कृष्णलाल किसी | | मिति २०७६ कार्तिक मसान्तसम्म म्याद थप गर्ने निर्णय | नपा बजेट | क्रमागत योजना |

ग) भुक्तानी सम्बन्धमा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | कमलबिनायक प्लानिङ बाटो पीच गर्ने कार्य (ठेक्काको पहिलो रनिङ बील भुक्तानी | ९ | बोलपत्रदाता कनटेक प्रा.लि. | | | ४,९४७,१५७।६१ | नपा | खर्च समर्थन |
| २ | लिवालीमा प्लानिङ बाटो पीच गर्ने कार्य (ठेक्काको पहिलो रनिङ बील भुक्तानी) | ८ | बोलपत्रदाता कनटेक प्रा.लि. | | | ५,५०५,८९३।३७ | नपा | खर्च समर्थन |

**घ.** भ.न.पा. वडा नं. ९, च्याम्हासिंहस्थित छाती पुनःस्थापना केन्द्रको भवन निर्माणको लागि जापानी अन्तर्राष्ट्रिय चिकित्सा प्राविधिक संस्था जिम्टेफबाट आर्थिक सहयोग वापत पहिलो किस्ता रकम रु.५६ लाख प्राप्त भएकोमा उक्त रकम खर्च भएको विवरण र कार्य मूल्यांकन विवरण जिम्टेफमा पठाउने र दोश्रो पेश्की स्वरूप थप रु.५६ लाख माग गर्ने निर्णय गरियो ।

## विविध

**क.** वडा नं. १ का वडाअध्यक्ष श्यामकृष्ण खत्रीले मिति २०७६ बैशाख ११ गते वर्षको उत्कृष्ट खेलाडी सम्मान कार्यक्रमको लागि रु.१,५०,०००।– पेश्की लिएकामा रु.१,२२,०७०।– खर्च गरी बाँकी रकम रु.२७,९३०।– फिर्ता दाखिला गरी पे.फ.. गरिएको अनुमोदन गरियो ।

**ख.** वडा नं. १० का वडाअध्यक्ष लक्ष्मीप्रसाद ह्यौमिखाले कृषि तालिमको लागि रु.२,००,०००।– पेश्की लिएकोमा रु. २,५९,६३२।– खर्च गरी नपुग रकम रु.५९,६३२।– भुक्तानी गरी निजको नाममा रहेको पे.फ.. गरिएको अनुमोदन गरियो ।

**ग.** भक्तपुर नगरपालिकाको मोटरसाइकल नं. बा ६ प ७९५५ र बा ६ प ७९५९ को मर्मत गर्दाको रु.५,३५०।– लक्ष्मी अटो वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

**घ.** नगरपालिकाद्वारा सञ्चालित गाडी नं. बा ५ च २५२८ को मर्मत गर्दाको रु.२२,३७४।– अजिमा अटो वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

**ङ.** नगरपालिकाद्वारा सञ्चालित मोटरसाईकल नं. बा २१ प ३७१ को मर्मत गर्दाको रु.३४३५।– भुक्तानी दिने निर्णय गरियो ।

**च.** ब्रदर्श क्याफेलाई नगरपालिकामा विभिन्न समयमा खाजा उपलब्ध गराए वापत रु.२१,५३०।- भुक्तानी दिने निर्णय गरियो ।

छ. भनपामा विभिन्न समयमा फलफूल उपलब्ध गराएवापत हरिशरण पुडासैनीलाई रु.१८,८५०।- भुक्तानी दिने निर्णय गरियो ।

**ज.** वडा नं. ६ का वडाअध्यक्ष हरिराम सुवालले गड्यौला मल र कौसी खेती तालिमको लागि रु. ५०,०००।- पेश्की लिएकोमा रु.३४,२२३।- खर्च गरी बाकी रकम रु. १५,७७७।- फिर्ता दाखिला गरी पे.फ. गरिएको अनुमोदन गरियो ।

**झ.** वडा नं. १ का वडाअध्यक्ष श्री श्यामकृष्ण खत्रीले सामाजिक सुरक्षा भत्ताको तेस्रो किस्ता रु.२९,२७,२००।- लिई रु.२६,६८,८००।- वितरण गरी बाकी रु.२,५८,४००।- बैंक दाखिला गरी पे.फ. गरिएको अनुमोदन गरियो ।

**ञ.** वडा नं. २ का वडाअध्यक्ष श्री हरिप्रसाद बासुकलाले सामाजिक सुरक्षा भत्ताको तेस्रो किस्ता रु.४२,०९,६००।- लिई रु.४०,२१,६००।- वितरण गरी बाँकी रु.१,८८,०००।- बैंक दाखिला गरी पे.फ. गरिएको अनुमोदन गरियो ।

**ट.** वडा नं. ३ का वडाअध्यक्ष राजकृष्ण गोराले सामाजिक सुरक्षा भत्ताको तेस्रो किस्ता रु.३८,०९,६००।- लिई रु.३५,८५,६००।- वितरण गरी बाँकी रकम रु.२,२४,०००।- बैंक दाखिला गरी पे.फ. गरिएको अनुमोदन गरियो ।

**ठ.** वडा नं. ४ का वडाअध्यक्ष श्री कुमार चवालले सामाजिक सुरक्षा भत्ताको तेस्रो किस्ता रु.५५,०३,२००।- लिई रु.४९,८१,६००।- वितरण गरी बाकी रु.५,२१,६००।- बैंक दाखिला गरी पे.फ. गरिएको अनुमोदन गरियो ।

**ड.** वडा नं. ६ का वडाअध्यक्ष हरिराम सुवालले सामाजिक सुरक्षा भत्ताको तेस्रो किस्ता रु.३८,६९,६००।- लिई रु.३७,४५,६००।- वितरण गरी बाँकी रकम रु. १,२४,०००।- बैंक दाखिला गरी पे.फ. गरिएको अनुमोदन गरियो ।

**ढ.** वडा नं. ७ का वडाअध्यक्ष श्री उकेश कवांले सामाजिक सुरक्षा भत्ताको तेस्रो किस्ता लिई रु.४४,४२,४००।- लिई रु. ४३,२४,८००।- वितरण गरी बाँकी रु. १,१७,६००।- बैंक दाखिला गरी पे.फ. गरिएको अनुमोदन गरियो ।

**ण.** वडा नं. ८ का वडाअध्यक्ष श्री महेन्द्र खायमलीले सामाजिक सुरक्षा भत्ताको तेस्रो किस्ता रु.२०,०९,६००।- लिई रु. १८,२५,६००।- वितरण गरी बाँकी रु. १,८४,०००।- बैंक दाखिला गरी पे.फ. गरिएको बैंठकबाट अनुमोदन गरियो ।

**त.** वडा नं. ९ का वडाअध्यक्ष श्री रविन्द्र ज्याख्वले सामाजिक सुरक्षा भत्ताको तेस्रो किस्ता रु.५२,७२,०००।- लिई रु.४३,८०,०००।- वितरण गरी बाँकी रु. ८,९२,०००।- बैंक दाखिला गरी पे.फ. गरिएको अनुमोदन गरियो ।

**थ.** वडा नं. १ का वडाअध्यक्ष श्यामकृष्ण खत्रीले प्रदेश सरकारको बैठकमा सहभागी हुनका लागि रु. १,००,०००।- पेश्की लिएकोमा रु.१३,५८९।- खर्च गरी बाँकी रकम रु.८६,४११।- फिर्ता दाखिला गरी पे.फ. गरिएको अनुमोदन गरियो ।

**द.** पाँचौं नगर परिषद्को जलपान खर्च रु. ३,९२,६१७।- सूर्यविनायक पार्टी भेन्यूलाई भुक्तानी दिने निर्णय गरियो ।

**ध.** भनपामा विभिन्न समयमा जलपान व्यवस्था गराएबापत दिव्य स्वीट्सलाई रु.८५,२८५।- भुक्तानी दिने निर्णय गरियो ।

**न.** यस नगरपालिकाले लागू गरेको सम्पत्ति कर (घर जग्गा कर) हाल वडाबाट र मालपोत (भूमिकर) नगरपालिका कार्यालयबाट लिने गरिएकोमा आगामी आ.व. २०७६।०७७ देखि एकीकृत रूपमा सम्पत्ति तथा भूमिकर वडाबाटै लिने र सोको लागि आवश्यक दुवै काम गर्ने एउटै सफ्टवेयर प्राप्त गरी वडा वडामा जडान गर्ने कार्यका लागि सम्बन्धित संस्थाहरूसँग दरभाउ पत्र (कोटेशन) माग गरिएकोमा पेश भएका ३ वटा दरभाउ पत्रमध्ये शांग्रीला इन्फरमेटिक्स प्रा.लि. काठमाडौंले पेश गरेको दरभाउ पत्र सबै भन्दा कम अर्थात् मु.अ. कर बाहेक रु.४,४१,०००।- (अक्षेरूपीः चार लाख एकचालिस हजार मात्र) हुन आएकोले उक्त कम्पनीसँग उल्लेखित सफ्टवेयर खरिद गरी जडान गर्ने सम्बन्धी सम्झौता गर्ने निर्णय गरियो ।

## मिति २०७६ असार ३१ गते मंगलबार

## निर्णयहरू

### कर्मचारीहरूको म्याद

यस नगरपालिकामा कार्यरत अस्थायी, करार, मासिक ज्यालादारी सेवामा अटुट रूपमा कार्यरत कर्मचारीहरूलाई यही २०७७ असार मसान्तसम्मका लागि म्याद थप गर्ने निर्णय गरियो:

**क.** भक्तपुर नगरपालिकाको वडा नं. १,२, ५, ६, ७, ९ र १० मा सफाई ठेक्का सम्झौताबाट सफाई कार्य गर्दै आएका ठेकेदारहरूको म्याद २०७६।३।३१ गतेदेखि सकिएको हुँदा २०७६।४।१ गतेदेखि २०७७ असार मसान्तसम्मको लागि सोही ठेकेदारहरूसँग ठेक्का सम्झौता नवीकरण गर्ने निर्णय गरियो ।

**ख.** भक्तपुर नगरपालिकाद्वारा प्रकाशित भक्तपुर मासिक पत्रिकाका सहायक सम्पादक एवं ख्वप पौ पाक्षिक पत्रिकाका सम्पादक आशाकुमार चिकंबन्जारको सम्झौता मिति २०७६।३।३१ गतेदेखि सकिएको हुँदा मिति २०७६।४।१ गतेदेखि २०७७ असार मसान्तसम्मको लागि सम्झौता नवीकरण गर्ने निर्णय गरियो ।

## कर्मचारीहरूलाई प्रोत्साहन

भक्तपुर नगरपालिकामा पाँच वर्ष वा सोभन्दा बढी समय अटुट रूपमा सेवारत स्थायी कर्मचारीहरूलाई कार्य मूल्यांकनको आधारमा नियमानुसार पदोन्नति नभएसम्मका लागि प्रतिव्यक्ति प्रतिमहिना नगद रु.१,०००।– (अक्षेरूपी एक हजार रूपैयाँ मात्र) का दरले प्रोत्साहन रकम प्रदान गर्ने र विभिन्न समयमा स्पष्टिकरण वा कार्वाही गरिएका कर्मचारीहरूलाई उक्त रकम प्रदान नगर्ने निर्णय गरियो ।

नगरपालिकामा सेवारत अस्थायी, मासिक ज्यालादारी, दैनिक ज्यालादारी र करारमा नियुक्त कर्मचारीहरूलाई समेत एक आर्थिक वर्षका लागि सोही बमोजिम प्रोत्साहन रकम प्रदान गर्ने ।

सरसफाइ कार्यका लागि ठेक्कापट्टामा नियुक्त कर्मचारीहरूलाई कार्य मूल्यांकनको आधारमा सोही बमोजिमको रकम शीर्षक मिलाएर प्रदान गर्ने ।

उपरोक्त अनुसारको प्रोत्साहन रकम यही २०७६ साउन महिनादेखि लागू गर्ने र प्रोत्साहन रकम प्रदान गर्न योग्य कर्मचारीहरूको नाम छनौट गर्न पदपूर्ति समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

## विविध

**क.** भक्तपुर नगरपालिकाको स्वामित्वमा रहेका ६ वटा पसल कवलहरू बहालमा दिनेसम्बन्धी मिति २०७६।०३।१२ गते प्रकाशित सूचना अनुसार पेश भएका बोलपत्रहरूमध्ये भ.न.पा.१० कमलविनायकस्थित जनस्वास्थ्य भवन मुनिको पसल नं. ३ को लागि भ.न.पा. १० का भरतप्रसाद भद्राको कबोल अंक वार्षिक बहाल रु.९,६०,०००।–, ब्यासीस्थित २ नं. वडा कार्यालय भवन मुनिको पसल नं. २ को लागि भ.न.पा. ५ का विणेश्वरी लक्ष्मी जोशीको कबोल अंक वार्षिक बहाल रु.१,८५,५५५।– तथा शहीद स्मृति खेल मैदानसँगैको शौचालय मुनिको पसल नं. १ का लागि भ.न.पा. ९ का सुनिल प्रजापतिको कबोल अंक वार्षिक बहाल रु.२,२६,६५६।– अधिकत्तम भएकोले उल्लेखित पसलहरू ५ वर्षका लागि बहालमा दिन अधिकत्तम कबोल गर्नेसँग सम्झौता गर्ने र ती पसलहरूको लागि टेण्डर राख्ने अन्य टेण्डरदाताको धरौटी फिर्ता गर्ने निर्णय गरियो । बाँकी ३ वटा पसलहरूको हकमा अर्को बैठकमा पुनः पेश गर्ने निर्णय गरियो ।

**ख.** यस नगरपालिका क्षेत्रभित्र आवासीय घर निर्माण गरेका जनताको घर जग्गा मूल्यांकन करमा विगत वर्षमा ५० प्रतिशत छुट दिँदै आएकोमा आ.व. २०७६/०७७ को मूल्यांकन करमा छुट नदिने र बांकी बक्यौता करमा भने यही २०७६ कार्तिक मसान्तसम्मका लागि ५० प्रतिशत छुट दिने निर्णय गरियो ।

**ग.** यस नगरपालिका क्षेत्रभित्रका निजी घरहरूमा आवासीय प्रयोजनका लागि मात्र घर/कोठा बहालमा दिइएकाहरूको हकमा वार्षिक १० प्रतिशत कर लिँदै आएकोमा बक्यौता रकममा ५० प्रतिशत छुट र आ.व. २०७६/०७७ को लागि ५ प्रतिशत बहाल कर लिने निर्णय गरियो ।

**घ.** औद्योगिक/व्यवसायिक/सेवामुखी व्यवसाय सञ्चालन गरिरहेकाहरूको हकमा उपरोक्त अनुसारको छुट लागू नहुने निर्णय गरियो ।

**ङ.** पेश्की फछ्र्यौट तथा खर्च समर्थन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

मिति २०७६/०३/२९ गते निर्माण समिति बैठक निर्णय

| क.सं | योजनाका विवरण | वडा नं | ल.ई.रकम | रि.ल.ई.रकम | मूल्याकंन | खुद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क) पेश्की फछ्र्यौट सम्बन्धमा | | | | | | | | | | |
| १, | ख्वालापाला चोक बाटो ढुंगा छपाई | ५ | ३,५५,४३३।८३ | | २,९५,८२७।२८ | २,३८,४६१।०० | १,२०,०००।०० | १,१८,४६१।०० | नपा | कार्य सम्पन्न भई पेश्की फछ्र्यौट |
| २, | रानीपोखरी संरक्षण कार्य (पहिलो चरण) | १ | २५,६७,८७६।४१ | | १८,४२,५२२।५५ | १७,१६,३७४।०० | १२,००,०००।०० | ५,१६,३७४।०० | नपा | आ.पे.फ भई थप पेश्की सिफारिस |
| ख) उपभोक्ता समिति अनुमोदन सम्बन्धमा | | | | | | | | | | |
| १ | कमलविनायक प्लानिङ्ग खुल्ला चौरमा बगैंचा निर्माण कार्य | ३ | उपभोक्ता समिति अध्यक्ष श्यामप्रसाद प्रजापति | | | अनुगमन समिति संयोजक जितेन्द्र मुनंकर्मी | | | | |
| ग) म्याद थप सम्बन्धमा | | | | | | | | | | |
| १ | कुथुबही एक्सप्रेस बसपार्कमा पीच गर्ने कार्य | १ | बोलपत्रदाता कनटेक प्रा.लि. | | | मिति २०७६ पुस मसान्तसम्म म्याद थप गर्ने निर्णय | | समपूरक बजेट | | क्रमागत योजना |
| २ | लिवाली प्लानिङ्ग क्षेत्रमा पीच गर्ने कार्य | ८ | बोलपत्रदाता कनटेक प्रा.लि. | | | मिति २०७६ पुस मसान्तसम्म म्याद थप गर्ने निर्णय | | समपूरक बजेट | | क्रमागत योजना |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | कमलविनायक प्लानिङ्ग क्षेत्रमा पीच गर्ने कार्य | १० | बोलपत्रदाता कनटेक प्रा.लि. | | मिति २०७६ पुस मसान्तसम्म म्याद थप गर्ने निर्णय | समपूरक बजेट | क्रमागत योजना |
| ४ | इन्द्रायणी मन्दिर पछाडीको बाल उद्यान निर्माण कार्य | २ | उपभोक्ता समिति अध्यक्ष कमलश्वरी खर्बुजा | | मिति २०७६ श्रावण मसान्तसम्म म्याद थप गर्ने निर्णय | नपा | क्रमागत योजना |

**घ) भुक्तानी सम्बन्धमा**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कमलविनायक प्लानिङ्ग बाटो पीच गर्ने कार्य (ठेक्काको दोश्रो रनिंङ्ग बिल भुक्तानी | ९ | बोलपत्रदाता कनटेक प्रा.लि. | | | | ३,६३४,१५९।१४ | नपा | खर्च समर्थन |
| २ | लिवालीमा प्लानिङ्ग बाटो पीच गर्ने कार्य (ठेक्काको दोश्रो रनिङ्ग बिल भुक्तानी) | ८ | बोलपत्रदाता कनटेक प्रा.लि. | | | | ३८,०३,८२६।४२ | नपा | खर्च समर्थन |
| ३ | ब्रम्हायणी बहुउद्देशीय भवनको लागि सिमेन्ट खरिद भुक्तानी सम्बन्धी | ९ | सिरुवा कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | | | | ३,४२,४२३।९० | नपा | खर्च समर्थन |

**च.** यस नगरपालिका प्रवेश गर्ने बाह्य पर्यटकहरूलाई पर्यटन शुल्क उठाउँदै आएकोमा नगदबाट शुल्क तिर्दा जोखिमपूर्ण भएको हुँदा २०७६ साउन १ गतेदेखि खरिद भौचरको सुविधा उपलब्ध गराई पाऊँ भन्ने व्यहोरासहित यति ट्राभल्स प्रा.लि. ले मिति २०७६ असार २९ गते प्रेसित गरेको पत्रअनुसार उक्त एति ट्राभल्स प्रा.लि.लाई आवश्यक धरौटी जम्मा गराई भौचरबाट भुक्तानी गर्ने सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**छ.** यस नगरपालिकाको श्यानिटेशन उपशाखाअन्तर्गत कार्यरत सफाई मजदुर, हेल्पर र बगैंचेहरूलाई यही २०७६ साउन १५ गतेदेखि लागू हुने गरी निलो रंग र कलेजी रंगको पोशाक तथा निलो रंगको एप्रोन अनिवार्य रूपमा लागू गराउने निर्णय गरियो ।

**ज.** यस नगरपालिकाद्वारा सञ्चालित शिशु स्याहार केन्द्रहरूमा तत्कालका लागि सम्बन्धित वडा कार्यालयमार्फत खाजा व्यवस्थापन गर्ने र आ.व. २०७६/०७७ का लागि शिशु स्याहार केन्द्रहरूमा नियमित खाजा व्यवस्थापनको लागि खरिद प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**झ.** भक्तपुर नगरपालिकामा विभिन्न पदहरूमा पदपुर्ति गर्न पदपूर्ति समितिका पदाधिकारीहरूलाई भत्ता व्यवस्थापन गर्न प्रशासन प्रमुख अम्बिका धौभडेलले रु.१,७०,०००।– पेश्की लिनु भई रु.२,२८,३०६।– बराबरको बिल भर्पाइ पेश गरी पेश्की फछ्र्यौट गर्नको लागि दिएको निवेदन अनुसार पे.फ. गरी नपुग रकम रु.५८,३०६।– भुक्तानी दिने निर्णय गरियो ।

**ञ.** पेपर क्राफ्ट प्रा.लि र विनायक विद्याश्रमको कर चुक्ता गर्न र इ-फाइलिङ्ग गर्न राजुप्रसाद गाइजुले रु.१,००,०००।– पेश्की लिई रु.१,७१,९८०।– बराबरको बिल भर्पाइ पेश गरी पेश्की फछ्र्यौट गर्नको लागि दिएको निवेदन अनुसार पे.फ. गरी नपुग रकम रु.७१,९८०।– भुक्तानी दिने निर्णय गरियो ।

**ट.** रेडियो प्रस्तोता तालिमका प्रशिक्षकहरूलाई पारिश्रमिक प्रदान गर्न दिपेन्द्र प्रजापतीले रु.५०,०००।– पेश्की लिई रु.९५,३०५।– बराबरको बिल भर्पाइ पेश गरी पेश्की फछ्र्यौट गर्नको लागि दिएको निवेदनअनुसार पे.फ. गरी नपुग रकम रु.४५,३०५।– भुक्तानी दिने निर्णय गरियो ।

**ठ.** भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप सः कार्यक्रमका प्रस्तोता रविन्द्र कुसीलाई कार्यक्रम सञ्चालन गरे वापत २०७५ चैत्रदेखि २०७६ असारसम्मको रु.३३,०००।– भुक्तानी दिने निर्णय गरियो ।

**ड.** भ.न.पा. वडा नं. ५ का वडाअध्यक्ष प्रेमगोपाल कर्माचार्यले कक्षा ८ को परीक्षा सञ्चालन गर्नका लागि रु.५,७५,६०५।– पेश्की लिई रु.८,२१,५९४।– बराबरको बिल भर्पाइ पेश गरी पेश्की फछ्र्यौट गर्नको लागि दिएको निवेदनअनुसार पे.फ. गरी नपुग रकम रु.२,४५,९८९।– भुक्तानी दिने निर्णय गरियो ।

**ढ.** कमलविनायक र लिवाली प्लानिङ्गमा पीच गर्ने कार्यको लागि कन्टेक प्रालिलाई दोश्रो रनिङ बिलको रु.७८,९१,९४६।– भुक्तानी दिने निर्णय गरियो ।

**ण.** भनपाद्वारा सञ्चालित फोहोरमैला संकलन गर्ने ट्राइसाइकल नं. १६७७ को रु.१२,७१२।०५, १६८१ को रु.१२,७१२।५।– र १६७९ को रु.१२,७१२ ।०५ गरी जम्मा रु.३८,१३७।०५ बास इलेक्ट्रिसलाई भुक्तानी दिने निर्णय गरियो ।

**त.** भनपाद्वारा सञ्चालित गाडी नं. ८७५० मर्मत गर्दाको रु ३१,८१५।१५, गाडी नं. ८७८ मर्मत गर्दाको रु.३९,२११।– , गाडी नं. ८७७ मर्मत गर्दाको रु.९८,०५५।७५, गाडी नं. ८७९ मर्मत गर्दाको रु.९३,९३१।२५ र गाडी नं. ८७३ मर्मत गर्दाको ९१,४४५।२५ गरी कुल जम्मा

रु.३,५४,४५८।०४ अजिमा अटो वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

**थ.** भनपाद्वारा सञ्चालित गाडी नं. २२६४ मर्मत गर्दाको रु.११,२३०।- र गाडी नं. ३२४० मर्मत गर्दाको रु.९,१४५।- गरी जम्मा रु.२०,३७५।- एस .जी वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

**द.** भनपाद्वारा सञ्चालित गाडी नं. २२६३ मर्मत गर्दाको रु.४२,३१८।५० सिद्धि गणेश वर्कशपलाई भुक्तानी दिने निर्णय गरियो ।

**ध.** यस नपाको गाडी नं. ६०४९ बाट बा ४२ प ७९७६ को स्कुटरलाई ठक्कर दिंदा स्कुटर चालक बिनिता धिमाल घाइते भई निजलाई उपचार गर्न यस नपाका कानुन अधिकृत गणेशलाल फोजूले रु.१०,०००।- पेश्की रु. ११,९५२।- बिल भर्पाइ पेश गरी पे.फ. गरी नपुग रकम रु.१,९५२।- भुक्तानी दिने निर्णय गरियो ।

## मिति २०७६ साउन ८ गते बुधबार

## निर्णयहरू

### तुमचो, दुगुरे चोखा जग्गा एकीकरणको म्याद थप

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजना अन्तर्गत विकास निर्माणका कार्यहरू अन्तिम चरणमा पुगेको, जग्गा प्रशासनसम्बन्धी विवाद समाधान गर्न केही कार्य बाँकी रहेको र केही कित्ता जग्गामा नापी नक्सा संशोधन समेत गर्नुपर्ने हुँदा आयोजनाको म्याद यही २०७६ पुस मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

### गाईजात्रा पर्व व्यवस्थापन समिति गठन

यस वर्षको गाईजात्रा पर्व (सापारु) को समयमा प्रस्तुत गरिने परम्परागत एवं आधुनिक विधाका सांस्कृतिक प्रस्तुती र घिन्ताङ्घिसीको व्यवस्थापन गर्न देहाय बमोजिमको व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो :

संयोजक : रविन्द्र ज्याख्व

सदस्य : उकेश कवां

सदस्य : राजकृष्ण गोरा

सदस्य : रोशनमैया सुवाल

सदस्य : छोरीमैया सुजखु (प्रजापति)

सदस्य : रत्नकाजी नायभारी

सदस्य : सम्झना खाईजु

### समितिको निर्णयहरू अनुमोदन

विभिन्न समितिको देहाय बमोजिकको निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो:

**युवा तथा खेलकुद समिति**

**मिति २०७५६।४।७ गते**

भक्तपुर नगरपालिकामा पूर्णकालिन खेलकुद प्रशिक्षक नियुक्त हुन पाऊँ भनी निवेदन दिएका खेलकुद प्रशिक्षकहरू मुना बासुकला र रविना सुवाललाई तपसिल अनुसारको विद्यालयहरूमा खेलकुद प्रशिक्षण सञ्चालन गराउन (सहायक स्तर चौथो तह) मा सेवा करारमा पूर्णकालीन खेलकुद प्रशिक्षँक नियुक्त गर्ने निर्णय गरियो :

**तपसिल**

अ. प्रशिक्षक मुना बासुकला : मेधा मा.वि., भ.न.पा. ३
: गणेश मा.वि., भ.न.पा. १
: तारा मा.वि., भ.न.पा. ४
(विशेष खेल टेबुलटेनिस)

आ. प्रशिक्षक रविना सुवाल : बासु मा.वि., भ.न.पा. २
: शान्ति निकेतन मा.वि., भ.न.पा. ४
: आदर्श आजाद मा.वि., भ.न.पा. ५
(विशेष खेल सितेरियो कराते)

**महिला, बालबालिका तथा समाज कल्याण समिति**

**मिति २०७६।३।२७ गते**

१. भक्तपुर नगरपालिकाबाट प्रदान गरिने तपसिल बमोजिमका तालिमका तपसिल अनुसारका प्रशिक्षकहरूलाई तपसिल बमोजिम पारिश्रमिक प्रदान गर्ने निर्णय गरियो :

२. ४ महिने पाक शिक्षा तालिमका लागि :

प्रमुख प्रशिक्षक – श्री श्रीराम बिरबल, भ.न.पा. ३ : पारिश्रमिक मासिक रु.१५,०००।-

सहायक प्रशिक्षक – श्री सुनिल ग्वाछा, भ.न.पा. ६ : पारिश्रमिक मासिक रु.१३,०००।-

३. ४ महिने लेबल १, चिनियाँ भाषा तालिम :

प्रशिक्षक – श्री उर्मिला प्रजापति, भ.न.पा. ६ : पारिश्रमिक मासिक रु.१८,०००।-

४. ४ महिने लेबल २, चिनियाँ भाषा तालिम :

प्रशिक्षक – श्री राजेन्द्र चवाल, भ.न.पा. ५, पारिश्रमिक मासिक रु.१८,०००।-

**कृषि समिति**

**मिति : २०७६।४।२ गते**

भक्तपुर नगरपालिका क्षेत्रभित्रका छाडा र भुस्याहा कुकुरहरूको संख्यामा वृद्धि भई विभिन्न समस्याहरू सिर्जना भएकोले Vet for your pet - the Animal's Clinic सँगको सहकार्यमा भुस्याहा कुकुरमा भ्याकेस्टोमी र रेविज विरुद्ध खोपका साथै व्यवस्थापन कार्य २०७६ श्रावण १० गतेदेखि शुरु गर्ने निर्णय गरियो ।

## निर्माण समिति

### मिति २०७६।४।३ र २०७६।४।८ गते

मिति २०७६/०४/०३ गते निर्माण समिति बैठक निर्णय

क) पेश्की फछ्र्यौट सम्बन्धमा

| क.सं | योजनाका विवरण | वडा नं | ल.ई.रकम | रि.ल.ई.रकम | मूल्याकंन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पेपररिसाइकलिङ्ग पर्खाल निर्माण | १० | ७३५,०४८।९३ | | ७११,९२३।८१ | ६१०,४९६।९० | ५४०,०००।०० | १२,३४६।०० | नपा | कार्य सम्पन्न भई पेश्की फछ्र्यौट |

ख) म्याद थप सम्बन्धमा

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | उद्योग क्षेत्रस्थित नवदुर्गापथ बाटो पीच कार्य | २ | उपभोक्ता अध्यक्ष आशकुमार कोजू | मिति २०७६ आश्विन मसान्तसम्म म्याद थप गर्ने निर्णय | नपा | क्रमागत योजना |
| २ | वडा कार्यालयबाट जि.प्र.का हुँदै पुरानोसम्मको बाटो ढुंगा छपाई | २ | उपभोक्ता अध्यक्ष रोशन सुवाल | मिति २०७६ मंसिर मसान्तसम्म म्याद थप गर्ने निर्णय | नपा | क्रमागत योजना |
| ३ | स्मृतिनगर बाटोमा ढुङ्गा छपाई कार्य | २ | उपभोक्ता अध्यक्ष पुण्यराम स्वगंमिखा | मिति २०७६ आश्विन मसान्तसम्म म्याद थप गर्ने निर्णय | नपा | क्रमागत योजना |
| ४ | इन्द्रायणी द्यो: छें पुन: निर्माण कार्य | २ | उपभोक्ता अध्यक्ष बिनोदचरण राय | मिति २०७७ असार मसान्तसम्म म्याद थप गर्ने निर्णय | नपा | क्रमागत योजना |
| ५ | औद्योगिक क्षेत्रमा सांस्कृतिक केन्द्र भवन निर्माण | २ | उपभोक्ता अध्यक्ष न्हुछेराम कोजू | मिति २०७७ असार मसान्तसम्म म्याद थप गर्ने निर्णय | नपा | क्रमागत योजना |
| ६ | ब्यासी टुरिष्ट बसपार्कमा अटो शौचालयको लागि अण्डर ग्रांउण्ड पानी ट्याङ्की निर्माण | २ | उपभोक्ता अध्यक्ष सिताराम कोजू | मिति २०७७ असार मसान्तसम्म म्याद थप गर्ने निर्णय | नपा | क्रमागत योजना |
| ७ | सिद्धपोखरीमा पेटी निर्माण कार्य | १ | उपभोक्ता अध्यक्ष कृष्णबहादुर दुगुजू | मिति २०७६ चैत्र मसान्तसम्म म्याद थप गर्ने निर्णय | नपा | क्रमागत योजना |
| ८ | ब्यासी टुरिष्ट बसपार्कमा स्मार्ट अटो शौचालय निर्माण | २ | बोलपत्रदाता लाप्को टेक्नोसिस, काठमाडौं | मिति २०७६ श्रावण मसान्तसम्म म्याद थप गर्ने निर्णय | नपा | क्रमागत योजना |

ग) अन्य

१ आ.व.०७५।७६को वार्षिक प्रगति विवरण योजना तथा प्राविधिक शाखा र नक्सा उपशाखाबाट प्राप्त भएकोले सो जानकारी गराइयो ।

२ आ.व.०७६।७७ का लागि समपूरक बजेट र विशेष बजेटअन्तर्गत निम्नानुसार स्वीकृत गरियो :

| सि.नं | योजनाको नाम | वडा नं. | प्रस्तावित बजेट |
|---|---|---|---|
| २.१, | सडक पीच | | १,७९,००००० (एक करोड उन्नासी लाख) |
| २.२, | अरनिको सभाभवन | ६ | १०००००००० (एक करोड) |
| २.३, | तार भूमिगत | | ५००००००० (पचास लाख) |
| २.४, | शहिद स्मृति खेल मैदान | ६ | १०००००००० (एक करोड) |
| २.५, | महेश्वरी खेल मैदान | ७ | १५००००००० (एक करोड पचास लाख) |
| २.६, | कम्पोष्ट प्लाट निर्माण कार्य | ७ | ७३०००००० (त्रियात्तर लाख) |

मिति २०७६/०४/०८ गते बोर्ड बैठक निर्णय

क) पेश्की फछ्र्यौट सम्बन्धमा

| क.सं | योजनाका विवरण | वडा नं | ल.ई.रकम | रि.ल.ई.रकम | मूल्याकंन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पुरानो जगाति बाटोमा ग्राभेलिङ तथा ब्लक छाप्ने कार्य | ८ | १,२१४,५०५।५८ | २,८९६,६४६।९० | १,३१७,१९५।२८ | ८४०,१७०।०० | ४५०,०००।०० | ३९०,१७०।०० | नपा | आ.पे.फ भई थप पेश्की सिफारिस |
| २, | मेर्त उकालो बाटोमा ईटा छपाई | ८ | ६४२,२७२।४४ | १,२९१,६९९।२३ | १,२२९,७२९।२५ | ९९७,९९३।०० | ३००,०००।०० | ६९७,९९३।०० | नपा | आ.पे.फ भई थप पेश्की सिफारिस |
| ३, | तेखापुखु भजन पाटी | ३ | २,०९९,३६४।०८ | | १,१३२,१०१।५१ | १,१२९,३२०।०० | १,२००,०००।०० | | नपा | रू.७०,६८०।०० बैंक दाखिला भई पे.फ. |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४, | ब्यासी नगरकोट सडक दक्षिण पेटी निर्माण कार्य | २ | १,६४५,९०७।६२ | | २,०१२,००७।०१ | १,६१३,००९।०० | १,०००,०००।०० | ६१३,००६।५७ | नपा | संशोधित कार्य समेत समर्थन गरी पे.फ. |
| ख) उपभोक्ता समिति अनुमोदन सम्बन्धमा | | | | | | | | | | |
| १, | सल्लाघारी रिजर्भवायर ट्याङ्कीको लागि ट्रान्सफारम जडान कार्य | २ | उपभोक्ता समिति अध्यक्ष पुण्यराम बाइजू | | अनुगमन समिति संयोजक दानबहादुर पक्कानेवार | | | | | |
| ग) म्याद थप सम्बन्धमा | | | | | | | | | | |
| १, | ब्रम्हायणी बहुउद्देश्यीय भवन फिनिसिङ्ग कार्यअन्तर्गत रंगरोगन कार्य ठेक्कासम्बन्धी | ९ | बोलपत्रदाता सिरूवा कन्स्ट्रक्सन प्रा.लि. | | | | मिति २०७६ पौष मसान्तसम्म म्याद थप गर्ने निर्णय | | नपा बजेट | क्रमागत योजना |
| २, | ब्रम्हायणी बहुउदेश्यीय भवन फिनिसिङ कार्यअन्तर्गत सिमेन्ट, डण्डी खरिद सम्बन्धमा | ९ | बोलपत्रदाता सिरूवा कन्ट्रक्सन प्रा.लि | | | | मिति २०७६ असोज मसान्तसम्म म्याद थप गर्ने निर्णय | | नपा बजेट | क्रमागत योजना |

## विविध

**क.** यस नगरपालिकाको भ.न.पा. ९, तुमचोस्थित निर्माणाधीन ख्वप अस्पताल रहेको जग्गाको स्थायी प्रमाण पूर्जा (लालपूर्जा) प्राप्त गर्न भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरमा पत्राचार गर्ने निर्णय गरियो ।

**ख.** लिवाली जग्गा एकीकरण आयोजना क्षेत्रमा परेको साविक भ.न.पा. वडा नं. २(ख) कि.नं. ४२, ५२ र २(घ) कि.नं ९३, ९५, १९२, १९५ र १९८ जग्गा स्वीर्य ज.ध. केदारनाथ उपाध्यायको नामबाट दमननाथ ढुंगाना समेत जना ३ को नाममा मिति २०६१।२।२७ गते च.नं. ३९२६ को मा.पो.का.भ.पु.को पत्रबाट यस आयोजनालाई जानकारी प्राप्त भएको र सो पत्रअनुसार ज.ध. दमननाथ ढुंगानासमेतबाट मिति २०६१।३।९ गते विकसित घडेरी फिर्ताको लागि निवेदन दिए अनुसार आयोजनाबाट विकसित घडेरी फिर्ताको लिखत तयार गरी मा.पो.का..भ.पु. मा पेश गरी मोठ श्रेष्टासमेत भिडाएको ।

आयोजनाबाट विकसित घडेरीको रूपमा तपसिलका तालिका अनुसार नयाँ नक्सा तथा श्रेष्टा कायम भएकोमा साविक भ.न.पा. २(ख) कि.नं. १९२ क्षे.फ. ०-१०-२-० को दूई खण्डेमध्ये १ खण्ड ०-५-१-० जग्गा छुट भएको हुँदा विकसित घडेरी फिर्ता लिखत पारित हुन बाँकी भएकोले छुट क्षे.फ. ०-५-१-० जग्गाको आयोजनाको पारित नीति अनुसार योगदान प्रतिशत कट्टी गरी बाँकी बिक्री प्लट जग्गामध्येबाट जग्गा व्यवस्था गरी घडेरी फिर्ताको लागि पेश गरेकोमा आयोजना प्रमुख ई. श्री ओमहरि था श्रेष्ठबाट उक्त आयोजना क्षेत्रमा बिक्रीको लागि बाँकी भएका जग्गाहरूमध्ये न्यूनत्तम मोहदा ६ मिटर भएको २(ङ)२ कि.नं. ७३ को क्षे.फ. १३३.९८ व.मी. (०-४-०-३।४२) क्षे.फ.को जग्गा नियमानुसार प्रतिशत कट्टा गर्दा १२.१२ वर्ग मिटर बढी हुने हुँदा आयोजनाको नियमानुसार प्रति व.मि. रु.३९,८०५ का दरले रु.४८२,४३७।- भ.न.पा. दाखिला गराई उक्त कित्ता जग्गा फिर्ता दिन उपयुक्त हुने सुझाव प्राप्त भएकोले सोही अनुसार जग्गा फिर्ता गर्ने निर्णय गरियो ।

## तपसिल

**ग.** भक्तपुर नगरपालिकाको 'भौतिक पूर्वाधार तथा निर्माण मापदण्डसम्बन्धी विनियम २०६० (तेश्रो संशोधन)' को बुंदा नं. ३.२.२. मा पुरानो नगर क्षेत्र अन्तर्गत बुँदा नं. ३.२.२.११ मा बार्दालीसम्बन्धी व्यवस्थामा काठको परम्परागत बार्दाली राख्नुपर्ने छ भनी उल्लेख भएकोमा भवन निर्माण गर्दा काठको बार्दालीको सट्टा इँटाको गारो लगाई निर्माण गरी निर्माण सम्पन्न प्रमाण पत्र माग हुन आएकोमा काठको बार्दाली नभएको कारणले धेरै नक्साहरू निर्माण सम्पन्न लिनबाट बञ्चित हुनुपर्ने अवस्था आएको हुँदा काठको बार्दालीको सट्टा नक्सा पास गर्न पेश हुँदा नै इँटाको बार्दाली राखी पेश भएकोमा नक्सा पास स्वीकृति दिन सक्ने तथा नक्सा पास गर्दा काठको बार्दाली राखी नक्सा पास भए तापनि हाल फिल्डमा इँटाको बार्दली बनाई निर्माण सम्पन्न माग हुन आएको अवस्थामा सो अनुसार नै निर्माण सम्पन्न प्रमाण पत्र दिने निर्णय गरियो ।

**घ.** भक्तपुर नगरपालिकाको स्वामित्वमा रहेका ६ वटा पसल कवलहरू बहालमा दिनेसम्बन्धी मिति २०७६।०३।१२ गते प्रकाशित सूचना अनुसार ३ वटा पसलहरूका लागि अधिकत्तम कबोल गर्नेलाई बहालमा दिनेसम्बन्धी निर्णय यस अघिको बोर्ड बैठकबाट भैसकेको र बाँकी ३ वटा पसल कवलहरूमध्ये वडा नं. ४ अन्तर्गतका २ वटा पसलहरू क्रमशः वडा कार्यालयमुनिको पसल र राम मन्दिर शौचालय मुनिको पसल सम्बन्धित वडाको राय अनुसार बहालमा नलगाउने साथै कमलविनायकस्थित जनस्वास्थ्य भवन मुनिको पसल नं. २ को हकमा उक्त पसलको लागि अधिकत्तम कबोल गर्ने रविशेखर ब्यान्जुलाई बार्षिक बहाल रु. ७,००,१००। मा ५ वर्षका लागि बहालमा दिन निजसँग सम्झौता गर्ने निर्णय गरियो । टेण्डर नपरेका अन्य बोलपत्रदाताहरूको हकमा धरौटी फिर्ता दिने निर्णय गरियो ।

| क्र.सं. | साविक कि.नं. | साविक क्षे.फ. | हाल कि.नं. | हाल क्षे.फ. | कैफियता |
|---|---|---|---|---|---|
| १ | २(ख) ४२ | ०-८-३-० | २ङ१ १४५ | ०-५-३-३ | |
| २ | २(ख) ५२ खण्डे | ०-१०-१-२ | २ङ१ ११० | ०-५-३-१ | |
| ३ | २(ख) ५२ | | | | |
| | २(घ) ९३ | ०-१-०-० | | | |
| | २(घ) ९५ | ०-०-३-२ | | | |
| | २(घ) १९५ | ०-०-२-० | | | |
| | २(घ) १९८ | ०-०-३-२ | २ङ५ २७ | ०-३-१-३ | |
| ४ | ३(घ) १९२ | ०-५-१-० | .............. | .............. | छुट भएको |

# मिति २०७६ साउन १७ गते शुक्रबार

## निर्णयहरू

### गाईजात्रा मूल्यांकन समिति गठन

यस वर्षको गाईजात्रा पर्वको समयमा प्रस्तुत हुने घिन्ताङघिसी, परम्परागत एवं आधुनिक विधाका प्रस्तुतीहरूको मूल्यांकन गर्न देहाय बमोजिमका सांस्कृतिक गुरु, कलाकार एवं विज्ञहरूलाई जिम्मेवारी दिने निर्णय गरियो :

१. कान्छा बासुकला
२. सत्यनारायण दिदिया
३. विश्वनाथ प्रजापति
४. लक्ष्मी नारायण दुवाल
५. पञ्चलाल लाछिमस्यू
६. विष्णु गोपाल कुसी
७. आशा कुमार चिकंबन्जार
८. आशराम वैद्य
९. श्याम सुन्दर शिल्पकार
१०. राजेन्द्र श्रेष्ठ
११. मुक्ति सुन्दर जधारी
१२. कृष्णभक्त प्रजापति
१३. सुलोचना छ्वाजु
१४. इन्दिरा लाछिमस्यू
१५. सिद्धिकुमार अवाल

क. यस वर्षको गाईजात्रा पर्वको समयमा प्रदर्शन हुने सांस्कृतिक विधाहरूको मूल्यांकन गरी प्रथम, द्वितीय, तृतीय, सान्त्वना/सहभागी र विशेष पुरस्कार एवं उत्कृष्ट कलाकारहरूलाई देहाय बमोजिम नगद पुरस्कार (कर बाहेक) प्रदान गर्ने निर्णय गरियो ।

| सांस्कृतिक विधाहरूको नाम | नगद पुरस्कार | | | |
|---|---|---|---|---|
| | प्रथम | द्वितीय | तृतीय | सान्त्वना/सहभागी |
| देवी प्याखं | ३५,०००।– | ३०,०००।– | २५,०००।– | १५,००० ।– |
| भैल प्याखं | | | | |
| माक प्याखं | २१,०००।– | १५,००० ।– | ११,००० ।– | ७,०००।– |
| गाइचा प्याखं | | | | |
| लुसी प्याखं | | | | |
| फाकंदली प्याखं | | | | |
| हुला प्याखं | | | | |
| नागाचा प्याखं | १५,००० ।– | १२,००० ।– | ८,०००।– | ५,०००।– |
| लाखे प्याखं | | | | |
| नटुवाचा (मथु) प्याखं | | | | |
| कलाली प्याखं | | | | |
| भालु प्याखं | | | | |
| जंगली प्याखं | | | | |
| नाटक | २०,०००।– | १५,००० ।– | ११,००० ।– | ९,०००।– |
| गीति नाटक | | | | |
| ख्याल | | | | |
| खिचा प्याखं | ११,००० ।– | ९,०००।– | ७,०००।– | ४,०००।– |
| ख्या प्याखं | | | | |
| कवां चा प्याखं | | | | |
| विशेष पुरस्कार (एउटै मात्र प्रदर्शन भएमा – दोस्रो पुरस्कार अनुसार) | | | | |
| घिंताघिसि | २०,०००।– | १५,००० ।– | १०,००० ।– | ८,०००।– दुईवटा सान्त्वना |
| लाहुरे/झ्याउरे प्याखं | १०,००० ।– | ८,०००।– | ६,०००।– | |
| हनुमान प्याखं | ११,००० ।– | ९,०००।– | | |
| म्हेखा प्याख | | | | |
| गरुड प्याखं | | | | |
| किजापुजा प्याखं | | | | |
| कपाय फेनेगु प्याखं | | | | |
| सलां प्याखं | | | | |
| डा प्याखं | | | | |
| झ्या झ्या प्याखं | | | | |
| उत्कृष्ट कलाकार घिंताघिसि/आधुनिक/परम्परागत | महिला कलाकार | २,०००।– | | |
| | पुरुष कलाकार | २,०००।– | | |
| | बाल कलाकार | २,०००।– | | |

## योजनाको बजेट

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजनाको आ.व. २०७५/०७६ को प्रगति विवरण एवं आ.व. २०७६/०७७ पुस मसान्तसम्मको लागि चालूतर्फ ६०,००,०००।– र पूँजीगततर्फ ८,३९,००,०००।– गरी जम्मा रु.८,९९,००,०००।– (अक्षेरूपी आठ करोड उनान्सय लाख रूपैयाँ मात्र) को अनुमानित बजेट पारित गर्ने निर्णय गरियो ।

तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजनाको

### आर्थिक वर्ष २०७६ असारसम्मको खर्च र आ.व. २०७६/०७७ को अनुमानित बजेट विवरण

| क्र.सं. | संकेत | बजेट खर्च | २०७५/०७६ | २०७५/०७६ | २०७६/०७७ |
|---|---|---|---|---|---|
| | नम्बर | शीर्षक | अनुमानित खर्च | यथार्थ खर्च | अनुमानित खर्च |
| क | चालू खर्च | | | | |
| १ | २१११‍१ | तलब | ३,४००,०००।०० | ३,३९३,७४५।०० | २,०००,०००।०० |
| २ | २११३९ | अन्य भत्ता | ६००,०००।०० | | ५००,०००।०० |
| ३ | २११३९ | नापी र मालपोत खाजा खर्च | ३००,०००।०० | | ३००,०००।०० |
| ४ | २११४९ | बैठक भत्ता | ३००,०००।०० | | ३००,०००।०० |
| ५ | २२३१९ | विज्ञापन, प्रकाशन र अन्य सेवा | २००,०००।०० | १३०,२०३।०० | ५००,०००।०० |
| ६ | २२२१३ | क. मर्मत तथा संभार | १००,०००।०० | ४५,२७९।०० | १,००,०००।०० |
| ७ | २२२१३ | ख. पूर्वाधार मर्मत संभार | | | २००,०००।०० |
| ८ | २२२१२ | सवारी कर्मचारी इन्धन | १००,०००।०० | ७७,२९०।०० | १००,०००।०० |
| ९ | २२७११ | विविध खर्च | २००,०००।०० | ६४,६००।०० | २००,०००।०० |
| | | जम्मा | ५,२००,०००।०० | ३,७११,११७।०० | ६०,००,०००।०० |
| ख | पूँजीगत खर्च | | | | |
| १० | ३११३० | मेशिनरी औजार तथा अन्य उपकरण | २००,०००।०० | १४१,०३८।०० | २००,०००।०० |
| ११ | ३११७१ | क. सार्वजनिक निर्माण सुधार | ८४,६००,०००।०० | ८४,६०८,०००।०० | ७८,७००,०००।०० |
| १२ | ३११७१ | ख. जग्गा नपुग फिर्ता | १००,००,०००।०० | ४१६,५५८।०० | ५,०००,०००।०० |
| | | जम्मा | ९४,८००,०००।०० | ८५,१६५,७७४।९६ | ८३,९००,०००।०० |
| | | कूल जम्मा | १००,०००,०००।०० | ८८,८७६,८९१।९६ | ८९,९००,०००।०० |

| | |
|---|---|
| श्रोततर्फ | |
| बैंक मौज्यादत | ८३,९१०,७६८।७७ |
| थप जम्मा विक्री | ५,९८९।२३१।२३ |
| जम्मा | ८९,९००,०००।०० |

तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजनाको

## प्रगति विवरण आ.व. २०७५/७६

| क्र.सं. | विवरण | परिमाण | एकाई | स्वीकृत ल.ई. (रिभाईज्ड) | भुक्तानी | भुक्तानी बांकी जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| क्रमागत योजना | | | | | | | |
| १ | पाटी | | | | | | |
| १.१ | देगइना पाटी | | | २,९५०,६१८।०० | १,७७०,०००।०० | १,१८०,६१८।०० | पे.फ.बांकी |
| १.२ | वचूहिटी पाटी | | | ३,२९२,१३२।०० | | | सम्पन्न |
| २ | गुसी पको | | | ३८९,४००।०० | | | सम्पन्न |
| ३ | डिप बोरिङ्ग | ३०६ | मि. | ४,१९१,१८६।९५ | ४,१०००,०००।०० | | सम्पन्न |
| ४. | पिच गर्ने कार्य | | | | | | |
| | नक्सा नं. १ | ११३९।५४ | मि | ९,७३८,४२५।६४ | | | सम्पन्न |
| | नक्सा नं. ४ | १०२३।४१ | मि. | ८,९५७,२८४।७२ | ५,९१०,०००।०० | ३,०४७,२८४।७२ | सम्पन्न पे.फ. बाँकी |
| | नक्सा न. ५ | ११०४।८७ | मि. | ९६,३०,५३०।६६ | | | सम्पन्न |
| | जम्मा | | | १६,०९९,०८९।६७ | ११,७८०,०००।०० | ४,२२७,९०२।७२ | |
| ५ | ढलान गर्ने कार्य | ६६६।१६ | मि. | २६,७४८,३७९।९५ | | | सम्पन्न |
| ६ | क्रस पाइप बिछ्याउने कार्य | १०४७।५ | मि. | १,७९६,९६३।०० | | | सम्पन्न |
| ७ | देगइना च्याम्हासिंह ढल र पेटी निर्माण कार्य | २१९।९ | मि. | १,३७८,८७९।०० | | | सम्पन्न |
| ८ | ब्रम्हायणी भाने ढल निर्माण कार्य | १९१।५ | मि. | १६,४५,२७९।०० | | | सम्पन्न |
| | जम्मा | | | ३१,५६९,५००।९५ | | | |
| ९ | विजुली जडान गर्ने कार्य | | | १२,४३३,२११।०० | १२,४३३,२११।०० | | कुल ल.ई. २०७२२०२०।०० को ६० प्रतिशत व्यहोर्ने सम्पन्न |
| | जम्मा | | | ७०,७५१,०९१।९० | १२,४३३,२११।०० | | |

तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजनाको

## प्रगति विवरण आ.व. २०७५/७६

| क्र.सं. | विवरण | परिमाण | एकाई | स्वीकृत ल.ई. (रिभाईज्ड) | भुक्तानी | भुक्तानी बांकी जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| आ.व. २०७५/०७६ का नयां योजना | | | | | | | |
| १ | पिच गर्ने कार्य | | | | | | |
| | नक्सा नं. २ | २४७।०८ | मि. | १,८७८,४१९।९९ | २,८००,०००।०० | | पहिलो पेश्की |
| | नक्सा नं. ३ | ८२९।०८ | मि. | ७,४३३,२२४।६६ | ३,३४०,०००।०० | | दोश्रो पेश्की |
| | जम्मा | | | ९,३११,६४४।६५ | ६,१४०,०००।०० | ३,१७१,६४४।६५ | |
| | नक्सा नं. ६ | ८५३।९७ | मि. | ७,२३२,९०९।८४ | ४,३०००,०००।०० | २,९३२,९०९।८४ | सम्पन्न पे.फे. बाँकी |
| | नक्सा नं. ७ | १०११।६१ | मि. | ८,२२६,६४८।९० | ५,०००,०००।०० | ३,२२६,६४८।९० | सम्पन्न पे.फे. बाँकी |
| | नक्सा नं. ८ | ८७२।३१ | मि | ७,३४७,८१३।६८ | ४,८९३,०००।०० | २,४५४,८१३।६८ | सम्पन्न पे.फे. बाँकी |
| २ | बेची ब्वङा पानी ट्यांकी र वातावरण सुधार कार्य | | | ६,०७३,३४०।९० | ३,६४४,०००।०० | २,४२९,३४०।९० | चालू |
| ३ | च्याम्हासिंहदेखि कमलविनायक चोकसम्म सडकको दायाँ बायाँ पेटी र ढल निर्माण कार्य | | | ६,३६९,७२६।६० | ४,२००,०००।०० | २,१६९,७२६।६० | चालू |
| ४ | तुमचो पुरानो बस्तीमा इँटा छाप्ने कार्य | | | ४,८३५,४३१।६३ | २,४००,०००।०० | २,४३५,४३१।६३ | सम्पन्न पे.फ. बांकी |
| ५ | नक्सा नं. ३ देवाली पूजा गर्ने खुल्ला क्षेत्रमा रिटेनिङ वालको उचाई घटाई वातावरण सुधार गर्ने | | | ९,२००,०००।०० | २०,०००।०० | ९,१८०,०००।०० | चालू |
| ६ | तुमचो र कमलविनायक आयोजना बीचको पेटी निर्माण कार्य | | | ३,७२०,४८०।८१ | ३,७२०,४८०।८१ | | सम्पन्न |
| ७ | ढलान कार्य | | | ६,६८२,०३४।८९ | | | सम्पन्न |
| | जम्मा | | | ६९,०००,०३१।९० | ३४,३१७,४८०।८१ | २८,०००,५१६।२० | |

तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजनाको

## प्रगति विवरण आ.व. २०७५/७६

| क्र.सं. | विवरण | परिमाण | एकाई | स्वीकृत ल.ई. (रिभाईज्ड) | भुक्तानी | भुक्तानी बांकी जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| थपं योजनाहरु | | | | | | | |
| १ | च्याम्हासिंह देगइना पेटी निर्माण कार्य | | | १,४६२,१५३।६१ | | | सम्पन्न |
| २ | देगइना ब्रम्हायणी ढल निर्माण कार्य | | | १,८८५,८२३।३० | | | सम्पन्न |
| ३ | ढलान कार्य (ख्वप अस्पताल बाटो) | | | ९,६४७,१८४।५१ | | | सम्पन्न |
| ४ | सरस्वती नि.मा.वि. अगाडि चौरमा पार्किङ्ग र पर्खाल | | | २,३१८,६२५।४२ | १,२५००,०००।०० | १,०६८,६२५।४२ | चालू |
| ५ | ब्लक नं. १ मा बाटो खोल्ने बाँकी कार्य | | | १,१८१,८१६।३५ | | | सम्पन्न |
| ६ | ब्लक नं. १ मा ढल बिछ्याउने बाँकी कार्य | | | ९५२,१४८।०१ | | | सम्पन्न |
| ७ | पीच गर्ने कार्य प्याकेज नं. ९ | | | ४,२७८,५४३।०० | २,४००,०००।०० | १,८७८,५४३।०० | चालू |
| ८ | ब्रम्हायणी खोला रिटेनिङ वाल निर्माण कार्य | ७८।५ | मि. | ९,९९४,०९७।०० | ६,०००,०००।०० | ३,९९४,०९७।०० | चालू |
| ९ | वांचुहिटी पुनः निर्माण कार्य | | | ३,४०९,९५७।७४ | | | सम्पन्न |
| १० | ब्लक नं. ५ मा ब्लक पेभिङ कार्य (पुरानो पारागन स्कूल) | | | १,३२५,९२४।१२ | | १,३२५,९२४।१२ | चालू |
| | जम्मा | | | ३६,४५६,२७३।०६ | ९,६५०,०००।०० | ८,२६७,१८९।५४ | |
| | कूल जम्मा | | | | ६८,१८०,६९१।८१ | ४०,४९५,६०८।४६ | |
| योजनाहरु २०७६/०७७ | | | | | | | |
| | खानेपानी फिल्टर प्लान्ट निर्माण | | | | | १८,०००,०००।०० | |
| | खुल्ला क्षेत्र विकास कार्यक्रम | | | | | २४०,३९१।५४ | |
| | खुल्ला क्षेत्र विकास कार्यक्रम | | | | | २,०००,०००।०० | खुल्ला क्षेत्रमा सिमा पर्खाल र ब्लक छाप्ने कार्य |
| | कुवा पुनः निर्माण कार्य | | | | | २०४,३९१।५४ | |
| | जम्मा | | | | | ३८,२०४,३९१।५४ | |
| | भौतिक निर्माणतर्फ (क्रमागत सहित) | | | | | ७८,७००,०००।०० | |

## ख्वप अस्पतालको बजेट

भक्तपुर नगरपालिकाद्वारा निर्माणाधीन ख्वप अस्पताल निर्माणको आ.व. २०७५/०७६ को प्रगति विवरण एवं आ.व. २०७६/०७७ को लागि चालूतर्फ रु.५१,३६,०००।- र पूँजीगततर्फ रु.२६,५७,३९,१३३।- गरी जम्मा रु.२७,०८,७५,१३३।- (अक्षरेपी सत्ताइस करोड आठ लाख पचहत्तर हजार एक सय तेत्तीस रूपैयाँ मात्र) अनुमानित बजेट पारित गर्ने निर्णय गरियो ।

| आ.व. २०७६/०७७ को अनुमानित बजेट विवरण | | | | | |
|---|---|---|---|---|---|
| क.सं. | सङ्केत | बजेट खर्च | २०७५/०७६ | २०७५/०७६ | २०७६/०७७ |
| | नम्बर | शीर्षक | अनुमानित खर्च | यथार्थ खर्च | अनुमानित खर्च |
| क | चालु खर्च | | | | |
| १ | २१११ | तलब | १,०००,०००।०० | ३२८,५७५।०० | २,०००,०००।०० |
| २ | २११३९ | अन्यभत्ता | १००,०००।०० | | १५०,०००।०० |
| ३ | २११४९ | बैठक भत्ता | ३००,०००।०० | २७,०००।०० | ३००,०००।०० |
| ४ | २२३१९ | विज्ञापन (अन्यसेवा) | १५०,०००।०० | १११,०९८।०० | ५००,०००।०० |
| ५ | २२२१३ | मर्मत तथा सम्भार | १००,०००।०० | | २५०,०००।०० |
| ६ | २२२१२ | सवारी कर्मचारी इन्धन | ५०,०००।०० | | ५०,०००।०० |
| ७ | २८१४१ | जग्गा बहाल | ३००,०००।०० | | ५००,०००।०० |
| ८ | २८१४२ | घर भाडा | १५०,०००।०० | १५०,०००।०० | ३००,०००।०० |
| ९ | २२१११ | धारा बिजुली | १३६,०००।०० | | १३६,०००।०० |
| १० | २२११२ | टेलिफोन/सन्चार | ३६,०००।०० | ७,६६०।०० | ५०,०००।०० |
| ११ | २२३१९ | कार्यालय सामान | २००,०००।०० | ८,९७०।०० | २००,०००।०० |
| १२ | २२७११ | विविध खर्च | २५०,०००।०० | २३२,२२२।०० | ३००,०००।०० |
| १३ | | परामर्श सेवा | १००,०००।०० | | ४००,०००।०० |
| | | **जम्मा** | **२,८७२,०००।००** | **८६५,५२५।००** | **५,१३६,०००।००** |
| **ख.** | **पुजीगत खर्च** | | | | |
| १४ | ३११३० | मेशिनरी औजार तथा अन्य उपकरण | १,०००,०००।०० | ९५,८००।०० | ५००,०००।०० |
| १५ | ३११२१ | सबारी साधन | ३००,०००।०० | २९६,०८८।०० | |
| १६ | ३१११५ | फर्निचर | १००,०००।०० | २२,५९७।०० | १५०,०००।०० |
| १७ | ३११७१ | क. सार्वजनिक निर्माण सुधार | १३५,७२८,०००।०० | ७०,३६३,८५७।०० | २६५,०८९,१३३।०० |
| | | जम्मा | **१३७,१२८,०००।००** | **७०,७७८,३४२।००** | **२६५,७३९,१३३।००** |
| | | **कूल जम्मा** | **१४०,०००,०००।००** | **७१,६४३,८६७।००** | **२७०,८७५,१३३।००** |
| आय | | | व्यय | | |
| | माटो विक्री | २४००००० | | ७१६४३८६७ | |
| | वोलपत्र | ११९००० | वाकी मौज्दात | ७०८७५१३३ | |
| | न.पा.वाट | १४००००००० | | | |
| | | १४२५१९००० | | १४२५१९००० | |
| | | | | | |
| | बाँकी मौज्दात | ७०८७५१३३ | | | |
| | न.पा.वाट | २०००००००० | | | |
| | | **२७०८७५१३३** | | | |

## समिति निर्णय अनुमोदन

विभिन्न समितिहरूको निम्नानुसारको निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

मिति २०७६।४।१६ गतेको बसेको ख्वप अस्पताल निर्माण समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो:

**क.** आयोजनाको आ.व.२०७५/०७६ को यथार्थ खर्च रु.७,१६,४३,८६७।०० (अक्षेरूपी रु. सात करोड सोह्र लाख त्रियालिस हजार आठ सय सरसठ्ठी) र आ.ब. २०७६/०७७ को अनुमानित बजेट रु.२७,०८,७५,१३३।- (अक्षेरूपी रु. सत्ताइस करोड आठ लाख पचहत्तर हजार एक सय तेत्तीस) स्वीकृतिको लागि भ.न.पा.मा पेश गर्ने निर्णय गरियो ।

**ख.** भवन निर्माण पहिलो चरणको कार्य गर्न देशेमरु कन्स्ट्रक्सनसँग भएको श्रम ठेक्काको सम्झौता म्याद २०७६ असार मसान्तसम्म भएकोमा साइटको स्थितिअनुसार भवनको डिजाइन परिमार्जन गर्नुपर्ने भई समयमा कार्य सम्पन्न हुन नसकेकोले उक्त सम्झौताको म्याद ३ महिना (२०७६ असोज मसान्तसम्म) थप गर्ने निर्णय गरियो ।

**ग.** देशेमरु कन्स्ट्रक्सनसँग RMC M20 (1:1.5:3) प्रति ३.मि. रु १५,०००।- दररेटमा खरिद तथा आपूर्ति गर्ने सम्झौता भएको र भवन विभागको नयाँ मापदण्डअनुसार RMC M20 (1:1.5:3) को सट्टा RMC M25 (1:1:2) को प्रयोग गर्नुपर्ने भएको हुँदा देशेमरु कन्स्ट्रक्सनबाट पेश हुन आएको दररेटसम्बन्धी निवेदनमा RMC M25 (1:1:2) को प्रति घ.मि. रु. १८,५००।- पेश भएतापनि प्रति ३.मि. रु १८,०००।- मा उक्त कन्स्ट्रक्सनबाट खरिद गर्ने निर्णय गरियो ।

**घ.** भवन निर्माण दोस्रो चरणको कार्यअन्तर्गत माथिल्लो तल्लाको Frame Structure (RMC, Reinforcement, Formwork etc.) कार्यको लागि रु.२४,४२,७०,३२४।५४ (अक्षरूपी रु. चौबिस करोड बयालिस लाख सत्तरी हजार तीन सय चौबिस पैसा चवन्न) (भ्याटसहितको) ल.ई. स्वीकृत गर्ने निर्णय गरियो ।

**ङ.** भवन निर्माण दोस्रो चरणको कार्यअन्तर्गत माथिल्लो तल्लाको लागि आवश्यक सामान र ज्याला (आर.एम.सी, डण्डी/बायण्डिङ्ग वायर, सालकाठ र श्रम ठेक्का) को छुट्टाछुट्टै प्याकेज गरी बोलपत्र आह्वानको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**च.** आयोजना अवधिभरको लागि आयोजनाको लेखा राख्न १ जना लेखापाल करारमा नियुक्त गर्ने निर्णय गरियो ।

**छ.** भ.न.पा. कार्यालयको पर्यटन सूचना केन्द्र भवन निर्माण कार्यमा रेखदेख तथा सुपरभिजन कार्य गर्दै आएका भ.न.पा. वडा नं. १० हाल २ बस्ने कृष्णप्रसाद सुवाललाई २०७६ श्रावणदेखि ख्वप अस्पताल भवन निर्माण कार्यको रेखदेख तथा सुपरभिजन गर्न दैनिक हाजिर गराउने निर्णय गरियो ।

### विविध

यस नगरपालिकाका कार्यपालिका सदस्य सरिना ग्वोलाका हजुर आमा मिति २०७६ साउन १३ गते असामयिक निधन भएकोमा मृतकप्रति नगरपालिकाको तर्फबाट हार्दिक श्रद्धाञ्जली एवं शोक सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्ने निर्णय गरियो ।

## मिति २०७६ साउन ३० गते बिहीबार

## निर्णयहरू

### भक्तपुर क्यान्सर अस्पताल व्यवस्थापन समिति गठन

**१)** भक्तपुर नगरवासीहरूसँगै विभिन्न जिल्लाका बिरामीहरूलाई क्यान्सर रोगको स्तरीय सेवा सुविधासहित उपचार गरिरहेको र चिकित्सा स्वास्थ्य क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा ख्यापत कमाउन सफल भक्तपुर क्यान्सर अस्पतालमा हालैका दिनमा व्यवस्थापन समितिका जिम्मेवार पदाधिकारीहरूबाट नै आर्थिक अनियमितता र भ्रष्टाचार भएको सञ्चारमाध्यमहरूमा समाचार प्रकाशित भएको, भ्रष्टाचारविरुद्ध अस्पतालका चिकित्सक एवं कर्मचारीहरूबाट संघर्ष भइरहेको एवं स्थानीय जनता, भक्तपुर क्यान्सर अस्पताल कर्मचारी कल्याणकारी समिति र भक्तपुर क्यान्सर अस्पताल सहयोग समितिबाट समेत अस्पतालको सञ्चालन एवं व्यवस्थापनको जिम्मेवारी लिन यस नगरपालिकामा लिखित अनुरोध पत्र प्राप्त भएको हुँदा अस्पताललाई व्यवस्थित ढंगबाट सञ्चालन तथा बिरामीहरूलाई स्तरीय उपचार सेवा प्रदान गर्न देहायबमोजिम पदाधिकारीहरू रहने गरी भक्तपुर क्यान्सर अस्पताल व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो :

१) अध्यक्षः सुनिल प्रजापति-प्रमुख, भक्तपुर नगरपालिका
२) सदस्यः नारायणप्रसाद भट्ट-प्रमुख जिल्ला अधिकारी, भक्तपुर
३) सदस्यः रबिन्द्र ज्याख्व, वडाध्यक्ष, भनपा ९
४) सदस्यः उकेश कवां, वडाध्यक्ष, भनपा ७
५) सदस्यः श्यामकृष्ण खत्री, वडाध्यक्ष, भनपा १
६) सदस्यः नेपाल अर्बुद रोग निवारण संस्था, भक्तपुर शाखाका अध्यक्ष
७) सदस्यः भक्तपुर क्यान्सर अस्पताल सहयोग समितिका अध्यक्ष
८) सदस्यःभक्तपुर क्यान्सर अस्पताल सहयोग समितिका महिला सदस्य
९) सदस्यःभक्तपुर क्यान्सर अस्पतालका मेडिकल डाक्टर प्रतिनिधि
१०) सदस्यः भक्तपुर क्यान्सर अस्पताल कर्मचारी कल्याणकारी समितिका प्रतिनिधि
११) सदस्य सचिवः मेडिकल डाइरेक्टर, भक्तपुर क्यान्सर अस्पताल
**आमन्त्रित** सदस्यः प्रहरी उपरीक्षक, महानगरीय प्रहरी परिसर, भक्तपुर

व्यवस्थापन समितिले आफ्नो कार्यविधि आफैं बनाउन सक्नेछ ।

**२)** भक्तपुर क्यान्सर अस्पताललाई व्यवस्थित, पारदर्शी र जनउत्तरदायी ढंगबाट सञ्चालन गर्ने उद्देश्यले देहाय बमोजिमका प्रतिष्ठित व्यक्तित्वहरूलाई अस्पताल व्यवस्थापन समितिको सल्लाहकारमा चयन गर्ने निर्णय गरियो :

१) माननीय प्रेम सुवाल-भक्तपुर जिल्ला क्षेत्र नं १ का निर्वाचित संघीय सांसद
२) माननीय सुरेन्द्रराज गोसाइँ-भक्तपुर नगरबाट प्रदेश सभामा निर्वाचित सांसद

**३)** २०७६ साउन ३१ गतेबाट शुरु हुने सापारु (गाईजात्रा) लाई व्यवस्थित र मर्यादित रूपमा सम्पन्न गर्न तथा यस अवधिमा नगरका चोक-चोकमा प्रस्तुत हुने सांस्कृतिक विधाहरूको व्यवस्थित प्रदर्शनी कार्यमा नगरपालिकाका सबै जनप्रतिनिधि तथा कर्मचारीहरू सक्रियतापूर्वक लाग्ने निर्णय गरियो ।

# इतिहासविद् तथा संस्कृतिविद् स्व.लीलाभक्त मुनंकर्मी



ओम धौभडेल

नेपालको इतिहासमा राजधानीसँग जोडिएको भक्तपुरको योगदान अतुलनीय छ। भक्तपुरको माटोमा जन्मेका केही सपूतहरूका योगदान कारण सम्पूर्ण भक्तपुरबासीको शीर गर्वले ठाडो हुन्छ, आफू भक्तपुरबासी भएकोमा गौरवान्वित महसुस गर्छ। भक्तपुरको माटोमा जन्मेर यहाँको कला, संस्कृति, सम्पदाप्रति माया दर्साउने इतिहासविद् तथा सस्कृतिविद् लीलाभक्त मुनंकर्मी आज हाम्रो माझ हुनुहुन्न । तर उनको योगदान हरेक भक्तपुरबासीले आजपर्यन्त सम्झिरहेका छन्। उनको बिषयमा लिपिबद्ध गर्न पाउनु म स्वयम्को लागि सौभाग्यको बिषय हो।

भक्तपुरको माटोमा जन्मी–हुर्की यही माटोको सेवा गर्ने भक्तपुरका एक सच्चा सपूतमा इतिहासविद् तथा संस्कृतिविद् लीलाभक्त मुनंकर्मी हुनुहुन्छ। इतिहासविद् तथा संस्कृतिविद् लीलाभक्त मुनंकर्मीबारे प्राय: कमलाई मात्र जानकारी भएको सर्न्दभमा हालसालै भक्तपुर नगरपालिकाले स्थानीय पाठ्यक्रम २०७५ मा विभिन्न विधाका ६ जना विशिष्ट ब्यक्तित्वहरूको जीवनीअर्न्तगत इतिहासविद् तथा संस्कृतिविद् लीलाभक्त मुनंकर्मीको जीवनी पनि समावेश गरिएको छ। यसअर्न्तगत इतिहासविद् तथा संस्कृतिविद् लीलाभक्त मुनंकर्मीको जीवनको हरेक मोडबारे यहाँ उल्लेख गर्ने जमर्को हुनेछ।

भक्तपुर नगरका विभिन्न टोलहरूमा घट्खा टोल पनि एक हो। भक्तपुर दरबार क्षेत्रबाट सोझै दक्षिणतिर जाने एउटा गल्ली छ। दरबार क्षेत्र लायकूबाट बोलाछेँ जाने बाटोको नाउँ नै घट्खा हो। त्यस ठाँउमा वि. सं. १९८४ भाद्र ३० गते पिता विष्णुभक्त मुनंकर्मी र माता हंसमाया मुनंकर्मीको कोखबाट एक बालकको जन्म भयो। नेवार समुदायको विधि–विधानबाट हुनुपर्ने सबै पूरा गरी बालकको नाम लीलाभक्त राखियो। बाल्यकालमै पिताको मृत्यु भएका कारण उहाँको बाल्यकाल सुखद् रहेन। उहाँको आमाले उहाँलाई हुर्काउनुभयो। उहाँको बढीजसो समय



:j=nLnfeQm dg+sdL{

मामाघरमा बित्थ्यो। मावली परिवार भक्तपुरको एक नामी प्रधानाङ्ग परिवार तेखाचोका सरदार थिए। उहाँको बाल्यकालको धेरै समय त्यही सरदार परिवारमा बित्थ्यो। सानैमा पिताजीको मृत्यु अनि मावलीमा हुर्कन परेको अवस्थामा मावली परिवारमा शुरुदेखि नै शिक्षाको जागरण रहेको हुँदा उहाँले पढ्ने वातावरण पाउनुभयो। श्रीपद्म माध्यमिक विद्यालयबाट टेष्ट परीक्षा पास गरी सोही विद्यालयबाट म्याट्रिक पास गर्नुभएको थियो। उच्च शिक्षाको लागि काठमाडौंको त्रिचन्द्र कलेज भर्ना हुनुभयो। घरको सबै विधि–ब्यवहारदेखि अन्य घरायसी कामले गर्दा उहाँले पढाईलाई निरन्तरता दिन सक्नुभएन।

मुनंकर्मी पुर्ख्यौली पहिचान थियो। जहाँ "मु" भन्नाले मुख्य भन्ने अर्थ लाग्छ। अनि "नं" भनेको लुगा हो। "कर्मी" भनेको बनाउने मान्छे हो। यस अर्थमा मुनंकर्मी भनेको मुख्य लुगा सिउने भन्ने बुझिन्छ। मुनंकर्मीहरूको काम श्री तलेजु भवानीको लागि मुख्य लुगा सिउने हो। यसकारण लीलाभक्त मुनंकर्मीको पूर्खा श्री तलेजु भवानीको लागि पोशाक बनाउने काम गर्थ्यो। यस्तो पारिवारिक पृष्ठभूमि भएको परिवारमा जन्मेका लीलाभक्त मुनंकर्मीको बाल्यकाल परिवारको पुर्खौली काममा सघाउनेदेखि नजिकैको श्रीपद्म विद्यालयमा पठनपाठनमा लागे। सोही विद्यालयबाट उहाँले म्याट्रिक पास गर्नुभयो। बरु आफ्नै पुर्ख्यौली पेशामा आवद्ध हुनुभयो र बुबाले सुरु गर्नुभएको ब्यापार–ब्यवसायतिर लाग्नुभयो। तत्कालीन समयमा भक्तपुरका साहु–महाजनहरू भारततिर ब्यापार गर्न जान्थे। सुरुका दिनमा उहाँ पनि हिसाब

राख्ने कारिन्दाको रूपमा नेपालको तराई हुँदै भारतमा कयौं पटक पुगे। भारतको सिक्किम दार्जिलिङदेखि काशी बनारस हुँदै नेपाल फर्कने ब्यापारिक मार्ग चलन–चल्तीमा थियो। ब्यापारको सिलसिलामा भक्तपुरबाट यहाँको प्रख्यात भादगाउँले तथा ढाका टोपी लिएर जान्थे। उताबाट छुर्पीलगायतका सामान लिई नेपाल आउँथे। यसरी पटक–पटक काशी बनारस जाने क्रममा उहाँको भेट त्यहाँ लामो समयदेखि बसोबास गर्दै आउनुभएका काशीबहादुर श्रेष्ठसित भयो। काशीबहादुर श्रेष्ठसितको भेटले लीलाभक्तको जीवनमा धेरै परिवर्तन भयो। वास्तवमा काशीबहादुरको पुर्ख्यौली घर पनि भक्तपुर नै थियो। भक्तपुर टिबुक्छेंका काशीबहादुरका पूर्खा ब्यापारको सिलसिलामा काशी बनारसमा रहन थाले। बनारसमा काशीबहादुरको जन्म भयो। काशीमा जन्मेको हुँदा उहाँका बुबा र आमाले उहाँको नाम काशीबहादुर राखेका थिए। उहाँले सुरुमा विभिन्न ब्यापार ब्यवसाय गर्नुभयो। तर सफलता पाउन सक्नुभएन। अन्ततः मुद्रण ब्यवसायमा लाग्नुभयो। त्यस समय नेपालमा छापाखाना त्यति थिएन। नेपाली लेखकहरू आफ्नो पुस्तक छाप्न काशी बनारस पुग्थे। प्रायः नेपालीहरूको सर्म्पक उनै काशी बहादुरसित हुन्थ्यो। यसैबिच लीलाभक्तको भेट पनि काशीबहादुरसित भयो। दुवै भक्तपुरका रैथाने नेवार भएका नाताले उनीहरूको सम्बन्ध प्रगाढ बन्न पुग्यो र दुवैले आ–आफ्ना छोराको नाम दुर्गा राखे। काशीबहादुरसँगको भेटमा विशेषगरी भक्तपुरको कला–संस्कृति र इतिहासबारे लेख्न घच्घचाए। त्यसो त लीलाभक्तलाई सानैदेखि यहाँको कला–संस्कृति र सम्पदाबारे रुची रहेको हुँदा उहाँले कैयौं लेख–रचनाहरू लख्ने गर्नुहुन्थ्यो। विभिन्न लेख–रचनाहरूका साथसाथै लीलाभक्त मुनंकर्मीले सर्वप्रथम वि.सं.२०१५ सालमा भक्तपुरको मल्लकालीन इतिहास पुस्तक प्रकाशन गर्नुभयो। विशेषगरी नेपालको इतिहास विदेशी लेखकहरूले लेखेको पढ्नैपर्ने अवस्थामा लीलाभक्त मुनंकर्मीले सो पुस्तक लेख्नु ठूलो उपलब्धी हो। जुन पुस्तकको माध्यमबाट नेपालको इतिहासमा भक्तपुरको महत्त्वबारे बताउन उक्त पुस्तकले धेरै मद्दत गर्‍यो। नेपालको इतिहासमा कममात्र कलम चल्ने समयमा अर्थात वि.सं. २०१५ सालमै उहाँको सो पुस्तकबाट भक्तपुरको मल्लकालबारे केहीहदसम्म इतिहास जान्ने मौका पायो। विदेशी तथा केही स्वदेशी लेखकहरूले मात्र इतिहासमा कलम चलाउँदै आएको समयमा भक्तपुरको माटोमा जन्मि हुर्कि त्यस क्षेत्रमा लागेका लीलाभक्त मुनंकर्मी त्यसपछि कहिल्यै फर्केर पछाडि लाग्नुपरेन। यसमा आफ्नो मावली खलकका कृष्णमान सरदार (प्रधानाङ्ग)का उमेश्वरलाल प्रधानाङ्ग जो तत्कालीन शिक्षा विभागका डाइरेक्टरको सल्लाह बमोजिम वि.सं. २०२२ सालमा 'पाटनको मल्लकालीन इतिहास' नामको दोस्रो पुस्तक निकाल्नुभयो। यसबाट लीलाभक्त मुनंकर्मी भक्तपुरको मात्र नभई नेपालको अर्को महत्त्वपूर्ण नगर पाटनको इतिहासमा समेत दख्खल भएको देखियो। उता आफूले भक्तपुर र ललितपुरको मल्लकालीन इतिहास लेखिसकेको अवस्थामा कान्तिपुरको मल्लकालीन इतिहासको खाँचो महशुस गरी वि.सं. २०२३ सालमा 'मल्लकालीन नेपाल' नामको तेस्रो पुस्तक लेख्नुभयो। यही वर्ष अर्थात वि.सं.२०२३ सालमा उहाँले अर्को एउटा पुस्तक प्रकाशन गर्नुभयो। यसै क्रममा प्रायः बुढापाकाहरूको मुखबाट सुन्दै आएका ऐतिहासिक कथाहरू समेटेर 'हजार वर्षका ऐतिहासिक कथासंग्रह' निकाल्नुभयो। यसैबीच आफूले वि.सं. २०२३ सालमा लेखेको मल्लकालीन नेपाललाई संशोधन गरी वि.सं. २०२४ सालमा पुनः मल्लकालीन नेपाल निकाल्नुभयो। नेपालको जीवन्त संस्कृति, जात्रा, चाडपर्व, रहनसहन आदिलाई लिई वि.सं.२०३२ सालमा 'हाम्रो सांस्कृतिक पर्व र जात्राहरू' पुस्तक निकाल्नुभयो जुन उहाँको छैटौं कृति हो।

यसै मेसोमा नेपालको राजनैतिक, धार्मिक, ऐतिहासिक, सांस्कृतिक, आर्थिक, सामाजिक, कलाकारिता जस्ता बृहंगम पक्षसहितको लिच्छवी एवम् मल्लकालको बृहत् इतिहासको रूपमा वि.सं. २०४१ सालमा नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन तयार भयो। विगतमा लेख्नुभएका विभिन्न कृतिहरूमा यो सवैभन्दा मूल्यवान कृति हो। यो कृति अरु लेखकहरूको लागि ठूलो आधार बन्यो। अहिलेसम्म पनि यो पुस्तक उत्तिकै सान्दर्भिक छ। उहाँको यस महत्त्वपूर्ण पुस्तकको प्रकाशनपछि वि.सं.२०४४ सालमा उहाँले दुईवटा पुस्तक तयार गर्नुभयो। विशेषगरी क्याम्पसस्तरका विद्यार्थीहरूको लागि उपयुक्त सो कृति दुई भागमा प्रकाशित भयो। एउटा नेपालको ऐतिहासिक परिचय र अर्को नेपालको आधुनिक इतिहास। जुन पुस्तक विद्यार्थीहरूको लागि नेपालको पुरानो र नयाँ इतिहास थाहा पाउन कोशेढुङ्गा सावित भयो। यसरी भक्तपुरमा जन्मेर नेपालको इतिहासमा दख्खल दिन सफल लीलाभक्त मुनंकर्मीले लामो समयपश्चात् एकपटक फेरि भक्तपुरतिर ध्यान दिनुभयो। भक्तपुरमा मनाउने प्रसिद्ध बिस्का जात्राबारे एउटा कृति नै तयार गरी वि.सं. २०५३ सालमा 'बिस्केट जात्राको संस्कृति' नामको पुस्तक छपाउनुभयो। यसबाट बिस्का जात्राबारे बुझ्न धेरै सजिलो भयो। यो पुस्तक बिस्का जात्राबारे लेखेको सिङ्गो पहिलो कृति पनि हो। विशेषगरी भक्तपुर नगरपालिकामा जननिर्वाचित जनप्रतिनिधिहरूले उहाँको योगदानलाई बुझेर सो पुस्तक भक्तपुर नगरपालिकाले प्रकाशनको जिम्मा लिएको थियो। यसैबीच भक्तपुरको मल्लकालीन इतिहासमा राजा भूपतिन्द्र मल्लको योगदानको चर्चा नगरी सुखै छैन। यसलाई मध्यनजर गरी उहाँले वि.सं. २०५८ सालमा 'भूपतिन्द्र मल्लका कीर्ति र अभिलेखहरू' नामको कृति तयार गर्नुभयो। यो पुस्तक पनि भक्तपुर नगरपालिकाले नै प्रकाशन गरेको थियो। तुलजा भवानीसित उहाँको यति नजिकको सामिप्यता रह्यो कि जीवनभर तलेजु भवानी र लायकू उहाँको आफ्नो घरभन्दा पनि प्यारो ठाँउ बन्न पुग्यो। तलेजु भवानीको दैनिक पूजापर्वदेखि

समय–समयमा हुने थापुजा, पूजापर्व, लगायत जात्रा चाडपर्व, र वर्षभरि हुने विभिन्न धार्मिक, सांस्कृतिक पर्वहरूमा आवश्यक सर–सामान बुझिलिने चोकाभारीको रकमी भई उहाँले जीवनपर्यन्त कार्य गर्नुभयो। तलेजु भवानीप्रति उहाँको आस्था र निष्ठाकै कारण आफू जीवनभर भक्तपुरको तलेजु भवानीको सेवामा रहेकोलाई ध्यान दिएर लीलाभक्त मुनंकर्मीले श्री तलेजु भवानीलाई केन्द्रित गरी एउटा कृति लेख्नुभयो। जुन वि.सं. २०५९ सालमा 'तुलजा भवानीको थापूजा र पूजापर्वविधि' नाम दिई प्रकाशनमा ल्याउनुभयो। प्रकाशनको जिम्मा कुमारी प्रकाशनले गरेको थियो। स्वयम् भक्तपुरको जीवित देवीकुमारी माजुले उक्त पुस्तक विमोचन गर्नुभएको थियो। लीलाभक्त मुनंकर्मी वि.सं. २०६४ सालमा आईपुग्दा ८२ वर्षको प्रौढ उमेरमा समेत शारिरीक एवम् बौद्धिक रूपले कहिल्यै चूप लागेर बस्नुभएन। विशेषगरी आफ्नो दोस्रो जंकोको अवसरमा एउटा कृति लेख्ने निधो गर्नुभयो। नभन्दै ८२ वर्षको उमेरमा उहाँले संक्षिप्त मातृका वर्णन र देवीनाच नामको पुस्तक लेख्नुभयो। यो कृति पनि कुमारी प्रकाशनले छापेको थियो। जसमा भक्तपुर नगर बसाउँदा स्थापित अष्टमातृका गण, अष्ट भैरव, दशमहाविधालगायतको स्वरूप, वर्ण तथा परिचयले लीलाभक्त मुनंकर्मीको विद्वताबारे बताइरहन नपर्ला। यसरी २०१५ सालदेखि २०६४ सालसम्म अर्थात् आधा दशकसम्म अटुट रूपले इतिहास, कला, संस्कृति, सम्पदासम्बन्धी अनगिन्ती पुस्तक तथा लेख– रचनाहरू लेख्दै आउनुभएका मुनंकर्मीले एकजना मुर्धन्य इतिहासविद् तथा संस्कृतविद्को रूपमा आफ्नो परिचय स्थापित गर्नुभएको छ। उहाँले प्रकाशित गर्नुभएका एक दर्जनभन्दा बढी कृतिहरूको साथसाथै भक्तपुर, खोपृङ्गलगायतका पत्रिकाहरूमा सयौंको सङ्ख्याका अनुसन्धानमूलक लेख–रचनाहरू उहाँका महत्त्वपूर्ण सम्पत्ति हुन्। यसमा पनि भक्तपुर नगरपालिकाले सुरुमा पञ्चायत नामले र पछि भक्तपुर मासिक पत्रिकामा उहाँका करिब २ सय जति विभिन्न विषयका लेखहरू छापिइसकेको छ। यसबाट भक्तपुर मासिक एउटा संकलन योग्य पत्रिकामात्र बन्न पुगेन, तत्कालीन जनप्रतिनिधिहरूको लागि कला, संस्कृति र सम्पदाका विषयमा जागरुकता पैदा गराउन उत्प्रेरक भूमिका खेलेको छ। यसबाट प्रभावित भएर भक्तपुर नगरपालिकाले सिद्ध पोखरी, ५५ झ्याल दरबार, भण्डारखाल दरबार, पाँच तल्ले मन्दिर, भैरवनाथ मन्दिर, नवदुर्गा द्योछें, चतुर्ब्रम्ह महाविहार, झौरबही लगायत असङ्ख्य पाटीपौवा, सत्तल, ढुङ्गेधारा, पोखरी, मन्दिर, बाहाबही, द्योछें, बाटोघाटो, ननी, चोक, डबलीजस्ता सम्पदाहरूको पुनःनिर्माण, जीर्णोद्धार वा संरक्षण गर्न सफल भयो। अझ यहाँका दाफा–भजन, विभिन्न परम्परागत नाच, मौलिक संस्कृति, जात्रा, चाडपर्व, पोशाक, गरगहना, परम्परागत सीप, कौशल, प्रविधि आदिबारे उहाँका लेख–रचनाहरूले भक्तपुरको जीवन्त संस्कृतिको जानकारी दिन सफल भयो। उहाँले पुऱ्याउनु भएको योगदानलाई कदर गर्दै भक्तपुर नगरपालिकाले उहाँलाई वि.सं. २०५६ सालमा सम्मान गरेको थियो। यस्तै भक्तपुर विकास सहयोग समिति, नेपालभाषा साहित्य तःमुंज्या, विराट नेपालभाषा, नेपालसाहित्य मन्दिरलगायत थुप्रै संघ–संस्थाले समेत सम्मान गरेको थियो।

यसरी भक्तपुरको कला, संस्कृति, इतिहास, सम्पदाको नाम लिनासाथ लीलाभक्त मुनंकर्मीको नाम स्वतःस्फूर्त आउँछ। एक्लै यताउति आफ्नो विषयबस्तुप्रति गहन नजर लगाउनेदेखि जुनसुकै कार्यक्रम, समारोह, सभा, सेमीनार, गोष्ठी आदिमा सम्मिलित हुने उहाँको बानी नै थियो। घरमा पनि कोठाभरी, दराजभरी किताबै किताबका चाङहरू हुन्थ्यो। हुँदाहुँदा सुत्ने खातमा समेत किताबका चाङहरू छरप्रष्ट परिरहेको हुन्थ्यो। झट्ट हेर्दा उहाँको शयन कक्ष एउटा पुस्तकालय वा अझ कुनै किताब पसलझैं लाग्थ्यो। आफूलाई थाहा भएको विषय उहाँकहाँ आउनेलाई बिना संकोच बताउने बानी नै थियो। अझ आफूले लेखेका किताबसमेत उपहार दिने गर्नुहुन्थ्यो। यसरी जीवनभर देशको कला, संस्कृति, इतिहासको सेवा गर्दै रहँदा कुनै ठूलो मान, सम्मान तथा पुरस्कार पाउनुभएन। तर पनि उहाँ कुनै गुनासो राख्ने खालका ब्यक्ति हुनुहुन्थेन। कर्म गर फलको आस नगर भन्ने सिद्धान्तमा अडीग रही आफ्नो क्षेत्रमा लागि रहे। उहाँको अन्तिम पुस्तक मातृका वर्णन तथा देवी नाच निस्के पश्चातको दौडधुपले कमजोर बन्दै गइरहेको अवस्थामा वि.सं. २०६५ साल बैशाख १५ गते उहाँको नश्वर शरीरले यो संसार त्याग्य गऱ्यो। उहाँको निधनले देशले एक निःस्वार्थी संस्कृतिविद् तथा इतिहासविद् गुमाएको छ। अरु भन्दा नि उहाँको निधनमा कसैको चासो रहेन। हो, यो संसारमा सर्वगुण सम्पन्न व्यक्ति आजसम्म कोही जन्मेको छैन र सायद जन्मने पनि छैन। उहाँमा पनि केही अवगुणहरू थिए होला। झट्ट अरुलाई विश्वास नगर्ने, आफूले भनेझैं गर्नुपर्ने, दैनिक नित्यकर्म स्वस्थले साथ नदिए पनि गर्नैपर्ने, स–साना काम पनि आफै गर्नुपर्ने आदिलाई उहाँको अवगुण भन्दा पनि परिश्रमी, आत्मनिर्भर तथा स्वाबलम्बीको रूपमा लिनुपर्छ। त्यसबाहेक उहाँको समयमा प्राप्त स्रोत–साधनको आधारमा लेखेर गएका कतिपय तथ्यहरू आजको बदलिँदो परिवेशमा संशोधन गर्नुपर्ने भएको छ। इतिहासमा कुनै तिथिमिति, घटना, अभिलेख, टिपोट आदि नभएमा कथा किम्वदन्ती, कहावत् आदिलाई पनि माध्यमको रूपमा लिन सकिन्छ। यसको धेरै प्रयोग उहाँले गर्नुभएको छ। इतिहासलाई नयाँ शिराबाट लेख्ने र लेखाउने प्रचलन नहुँदा लेखिएका उहाँका कृतिहरू आफ्नै ठाँउमा उच्च छ। ती कृतिहरू आजको परिवेशमा वैज्ञानिक ढंगले पुष्टि गर्ने जिम्मा वर्तमान पुस्ताले लिनुपर्छ। वास्तवमा तिथिमिति मात्र भएको इतिहास पढ्दा लेख्दा वितृष्णा लाग्ने समयमा उहाँले आफ्नै

अनुसन्धानबाट रोचक कथा किम्वदन्ती सहितको कृतिहरूले सबैलाई मन्त्रमुग्ध पार्न सफल भएको छ। यो उहाँको ठूलो देन हो। उहाँको योगदानलाई सम्झेर उहाँका कैयौं अप्रकाशित कृतिहरू प्रकाशनमा ल्याउनु अति आवश्यक कदम हुनेछ। विशेषगरी तत्कालीन राजकीय प्रज्ञाप्रतिष्ठानले प्रकाशित गर्ने भनी उहाँबाट लगेको भक्तपुर संस्कृति नामको कृति चाँडोभन्दा चाँडो प्रकाशन गर्नुपर्ने देखिन्छ। उहाँले भक्तपुर नगरपालिकाबाट प्रकाशित भक्तपुर मासिकमा छपाउनुभएको २ सय भन्दा बढी लेखहरूको छुट्टै कृति तयार गरी प्रकाशन गर्नु अर्को महत्त्वपूर्ण कदम हुनेछ। त्यस्तै अन्य पत्र–पत्रिकाहरूमा छापेका उहाँका लेख–रचनाहरूको सँगालो कृति प्रकाशन हुनुपर्छ। उहाँबारे खोज, अध्ययन–अनुसन्धान गर्न उहाँले यस क्षेत्रमा पुऱ्याउनुभएको योगदानको कदर गर्न इतिहासविद् तथा संस्कृतिविद् लीलाभक्त मुनंकर्मीको नामबाट एउटा प्रतिष्ठान खडा हुनु उचित देखिन्छ। जसबाट उहाँप्रतिको हाम्रो सम्मान र इतिहास संस्कृति सम्पदाप्रतिको गौरव सदा–सदासम्म झल्किरहनेछ।

**संक्षेपमा स्व. लीलाभक्त मुनंकर्मी**

नाम : लीलाभक्त मुनंकमि

जन्म मिति : वि.सं. १९८४ भाद्र ३०

जन्मस्थान : घट्खा टोल, भक्तपुर

बुबाको नाम : विष्णुभक्त मुनंकर्मी

आमाको नाम : हंसमाया मुनंकर्मी

कर्मक्षेत्र : इतिहास, संस्कृति

मृत्यु : वि.सं. २०६५ बैशाख १५ गते

**प्रमुख कृतिहरू**

१. भक्तपुरको मल्लकालीन सरल इतिहास (वि.सं. २०१५)
२. पाटनको मल्लकालीन इतिहास (वि.सं. २०२२)
३. हजार वर्षको ऐतिहासिक कथा संग्रह (वि.सं. २०२३)
४. मल्लकालीन नेपाल (वि.सं. २०२३)
५. मल्लकालीन नेपाल, संशोधित संस्करण (वि.सं. २०२४)
६. हाम्रो सांस्कृतिक पर्व र जात्राहरू (वि.सं. २०३२)
७. नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन (वि.सं. २०४१)
८. नेपालको ऐतिहासिक परिचय (वि.सं. २०४४)
९. नेपालको आधुनिक इतिहास (वि.सं. २०४४)
१०. हाम्रो सांस्कृतिक पर्व र जात्राहरू संशोधित संस्करण (वि.सं. २०४३)
११. बिस्केट जात्राको संस्कृति (वि.सं. २०५३)
१२. भूपतिन्द्र मल्लको किर्ति र अभिलेखहरू (वि.सं. २०५८)
१३. तुलजा भवानीको थापूजा र पर्वपूजाविधि (वि.सं. २०५९)
१४. संक्षिप्त मातृका गण र देवी नाच (वि.सं. २०६४)


बासिबियाँलो




o{ clf/x?nf0{Pp6f hgfj/sf]gfd cfpg]u/ qmd ldnfpg'xf]; \ -pQ/ *% k[7df 5_

भक्तपुर नगरपालिकाको

रेडियो कार्यक्रम

'ख्वप सः' अर्थात्

'भक्तपुर आवाज'

भक्तपुर एफ.एम १०५.४ मेगाहर्जमा सुन्नुहोस्

बुधबार : बिहान ७:३० देखि ८:३०

शुक्रबार : बेलुकी ६:३० देखि ७:३० सम्म

अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्
सफा गर्ने बानी बसालौं
रोगदेखि टाढा बसौं।

# के लिच्छवीहरू नै मल्ल बनेका हुन् ? सन्दर्भ पूर्व मध्यकालीन नेपालको इतिहास



डा. बलराम कायस्थ

नेपालको इतिहासमा देखिएका विवादका विभिन्न विषयहरूमध्ये लिच्छवीहरूपछि नेपालको शासन सत्तामा देखा परेका मल्लहरू को थिए ? अर्थात् मल्ल वंशको अभ्युदय कसरी भयो भन्ने पनि एक हो। केही विद्वानहरूकाअनुसार लिच्छवी वंशका अन्तिमा शासकहरूको नामको पछाडि देव थर आएको र मल्ल वंशका शुरु समयतिरका शासकहरूको नाम पछाडि पनि देव थर भएकोले कहीं लिच्छवीहरू नै मल्ल बनेका त हैनन् ? भन्ने शंका गर्न सकिन्छ। वास्तवमा नेपालमा अहिलेसम्म पाइएका वंशावलीहरूमा सबैभन्दा प्राचीन र प्रामाणिक वंशावली गोपालराज वंशावली हो। त्यस वंशावलीमा प्राचीन समयदेखि सन् १३८८ सम्मका घटनाहरूको यथार्थ वर्णन उल्लेख पाइन्छ। जस्तोः नेपाल उपत्यकामा बस्तीको आवाद भएपछि सर्वप्रथम यहाँ शासन गर्ने पहिलो राजवंश गोपालवंश थियो। गोपालवंशलाई महिषपालवंशले पराजित गरेपछि यहाँ महिषपालवंशको शासन शुरु भयो। महिषपालवंशलाई किराँतीहरूले पराजित गरेपछि नेपालमा किराँतीहरूको शासन शुरु भयो। किराँतीहरूलाई पनि पराजित गरेपछि नेपालमा लिच्छवीहरूको शासन शुरु भयो। तर लिच्छवीहरूलाई मल्लहरूले कसरी र कहिले परास्त गरेर शासन हात पारे अर्थात् लिच्छवीवंशको अन्त्य कसरी भयो भन्ने कुरा उक्त वंशावलीमा उल्लेख भएको पाईदैन। हालसम्म उपलब्ध अन्य कुनै पनि ऐतिहासिक श्रोत सामग्रीहरूले पनि यस कुरालाई पुष्टि गर्न सकेको छैन्। अर्को कुरा, जसरी ऐतिहासिक श्रोत सामग्रीहरूमा लिच्छवीहरूले किराँतीहरूलाई पराजित गरेपछि किराँतीहरू भागेर पूर्वतिर लागे भन्ने उल्लेख पाइन्छ। त्यसैगरी आफ्नो शासन अन्त्य भएपछि लिच्छवीहरू कहाँ गए ? यो पनि एउटा महत्त्वपूर्ण प्रश्नका रूपमा देखिन्छ।

जयस्थिति मल्लको शासन शुरु भएपछि नै नेपाल उपत्यकामा व्यवस्थित रूपमा मल्ल वंशको शासन शुरु भएको देखिन्छ। जयस्थिति मल्ल कुन वंश र कुलका थिए भन्ने कहीं उल्लेख छैन्। गोपालराज वंशावलीमा समेत उनी मल्ल वंशका थिए भन्ने उल्लेख भएको छैन, जबकि उक्त वंशावली उनकै पालामा र उनकै आदेशले लेखिएको थियो। प्राप्त मल्लकालीन लेख, अभिलेखहरूमा पनि उनलाई केवल सूर्यवंशी मात्र भनिएको छ। उनलाई तात्कालीन डोलाजी विवाह प्रथाअनुसार नेपाल भित्र्याइएको थियो। नेपाल भित्रिएको पाँच महिनापछि उनको उपराज राजल्लदेवीसँग विवाह भयो। यसै आधारमा उपत्यकाको राजकाजमा उनको प्रभाव बढ्न गयो।

राजल्लदेवी पनि मल्ल वंशी थिईनन्। उनी कर्णाटवंशी राजकुमार जगतसिंहकी छोरी थिइन्। यसर्थ जयस्थिति मल्ललाई कसरी र किन मल्ल भनियो, त्यो बुझ्न सकिएको छैन्। यद्यपि यहाँ जयस्थिति मल्ललाई लिच्छवी वंशका भन्न खोजिएको हैन।

पूर्व मध्यकालीन नेपालको इतिहासका ज्ञाता धनबज्र बज्राचार्यज्यूकाअनुसार प्राचीन समयमा एउटा राजाको मृत्यु भएपछि उनका जेठा छोरा मात्र राजगद्दीमा रहने परम्परा थियो अर्थात् राजाको मृत्युपछि उनका जेठा छोरा राजा बन्ने चलन थियो, तर पूर्व मध्यकालमा आउँदा यस चलनमा केही अन्तर आयो। जेठा छोरा राजगद्दीमा रहेपनि उनका सबै भाइहरूको संयुक्त शासन चल्न थाल्यो। हुँदा-हुँदा यो संयुक्त शासन दाजु-भाइहरूमा मात्र सीमित नरही काका-भतिजा, बाबु-छोराको बीच पनि चल्न थाल्यो अर्थात् गद्दीका नजीकका हकदार २,३ जना छन् भने ती सबैलाई संयुक्त रूपमा राजा घोषणा गरिन्थ्यो। जस्तैः निर्भयदेव र रुद्रदेव ई.सं. १००८ मा नेपालका संयुक्त शासकका रूपमा देखा परे। त्यसको तीन वर्षपछि भोजदेव नेपालका राजा भए तुरुन्त नै रुद्रदेव र भोजदेव (काका-भतिजा) को संयुक्त शासन ई.सं. १०१२-१०१५ सम्म चल्यो। ई.सं. १०१५ मा रुद्रदेव, भोजदेव र लक्ष्मीकामदेव तीन जना एक साथ राजा भए। यी तीन जनाको संयुक्त शासन ई.सं. १०२४ सम्म रह्यो। त्यसपछि यी मध्येका प्रभावशाली लक्ष्मीकामदेवले शासन एकलौटी रूपमा हत्याए। यसरी संयुक्त शासन परम्पराको थालनी हुनु र त्यसमा सहभागीहरू बीच आपसी अधिकार एवं कार्यको स्पष्ट विभाजन नहुनुले शासनमा जो चलाख, धूर्त र शक्तिशाली हुन्थे, तिनले अरुलाई अँठ्याएर शासनलाई एकलौटी पारेका उदाहरणहरू पनि थुप्रै पाइन्छन्। यही क्रम चल्दै जाँदा पछि गएर नेपाल उपत्यकामा एउटा विचित्र शासन प्रणालीको शुरुवात भयो। जसलाई एकान्तर शासन प्रणाली पनि भन्ने गरिन्छ। यसअनुसार एउटा वंशको व्यक्ति राजा भएका छन् भने अर्को वंशका व्यक्ति युवराज हुने गर्थे अर्थात् केन्द्रको शासन सत्तामा अब आफूलाई देव लेखाउने पुरानो राजवंश र आफूलाई मल्ल भनी लेख्ने अर्को राजवंश अस्तित्वमा आए। यसरी राजवंश दुईटा भए जस्तै राजदरबार पनि दुईटै रहेका थिए, ती

मध्ये एउटा आनन्ददेवले बनाएको त्रिपुर दरबार अर्को युथनिम दरबार। यसैकारण राजा अनन्त मल्ल (ई.सं. १२७४-१३१० सम्म) गद्दीमा बस्दा उनका छोरा अरि मल्ल युवराज भएनन्। यसको सट्टा जयभीमदेवका छोरा जयआदित्यदेव युवराज घोषित गरिए, जो राजा अनन्त मल्ल भन्दा ८ वर्षले जेठा थिए। यसैले प्रशासनमा जयआदित्यदेवको प्रभाव बढेको थियो। राजा अनन्त मल्लको ई.सं. १३१० मा मृत्यु भएपछि जयभीमदेवका कान्छा छोरा जयआनन्ददेव (ई.सं. १३१०-१३२८ सम्म) राजद्दीमा बसे। राजा जयआनन्ददेव पनि राजा अनन्त मल्ल जस्तै कमजोर प्रकृतिका शासक थिए। यसैले प्रशासनमा भारदारहरू बीच शक्तिका लागि संघर्ष चल्न थाल्यो। त्यस प्रतिद्वन्द्वितामा मल्ल वंश कै तुंग मल्लका छोरा रुद्र मल्ल निक्कै शक्तिशाली भारदारका रूपमा देखा परे। रुद्र मल्ल यति शक्तिशाली बने कि उनले ई.सं. १३२० मा राजा जयआनन्ददेवसँग असन्तुष्ट भई आफ्ना नातेदार जयारी मल्ललाई पनि गद्दीमा बसाए तर यसबीच ३० वर्षको कलिलो उमेरमा ई.सं. १३२६ मा रुद्र मल्लको मृत्यु भयो। रुद्र मल्लका छोरा नभएका हुँदा उनी मरेपछि उनकै छोरी नायकदेवीको हातमा शासनको बागडोर आएको थियो। उनलाई उपराज भनियो। यी नायकदेवीको पहिलो विवाह काशीका हरिश्चन्द्रसँग भएको थियो। तर तिनी भारदारी षडयन्त्रमा परेर मारिएपछि नायकदेवीको दोश्रो विवाह देवलदेवीका छोरा तथा कर्णाटवंशी राजकुमार जगतसिंहसँग भयो। सो दम्पत्तिबाट राजल्लदेवीको जन्म भयो। राजल्लदेवी जन्मेको १० दिनमा नै नायकदेवीको मृत्यु हुँदा अब वास्तविक उपराज राजल्लदेवी भइन्। नायकदेवीलाई जस्तै राजल्लदेवीलाई पनि हुर्काउने काम त्यही दरबारमा शरण लिएर बसेकी सिम्रौनगढका पूर्व राजा हरिसिंहदेवकी रानी देवलदेवीले गरेकी थिईन्। वास्तवमा त्यसबेला देवलदेवी दरबारमा प्रभावशाली व्यक्तित्व भई देखा परेकी थिइन्।

नेपाल उपत्यकामा व्यवस्थित रूपमा मल्ल वंशको शासनको शुरुवात जयस्थिति मल्लको पालादेखि भएको थियो। यस कुरामा कुनै विवाद छैन् तर जयस्थिति मल्ल भन्दा शताब्दियौं पहिले देखि नै मल्लहरू कुनै न कुनै रूपमा नेपाल उपत्यकाको शासनमा संलग्न थिए भन्ने कुरा विभिन्न प्रमाणहरूले पुष्टि गर्दछ। जस्तो : गोपालराज वंशावलीमा वि.सं. ११६८ भाद्रकृष्ण सप्तमीका दिन दक्षिण सिम्रौनगढका डोयहरूले यहाँ आक्रमण गर्न आउँदा श्री नरमल्लदेवले डोयहरूलाई खड्गले काटे भन्ने उल्लेख पाइन्छ। त्यस्तै वि.सं. ११९९ को राष्ट्रिय संग्रहालयमा रहेको एउटा अभिलेखअनुसार दक्षिण भारतबाट आएका शंकराचार्यले यहाँका विभिन्न राजकुमारहरूलाई दीक्षा दिएको र यसरी दीक्षा पाउने राजकुमारहरूमा यशोमल्ल भन्ने पनि थिए। यशोमल्ललाई राजकुमार भनिएबाट त्यसबेला शासनमा मल्लहरूको उदय भैसकेको देखिन्छ। मल्लहरू देवथर भएका पुराना शासकहरूसँग मिलेर शासन गरिरहेको देखिन्छ। यही क्रम चल्दै जाँदा एक पल्ट अरि मल्लले शासनमा एकलौटी अधिकार पनि कायम गरेका थिए। भाषा वंशावलीमा अरिमल्लदेव कुश्ती खेल्दा-खेल्दै छोरा जन्मेकोले उनले छोरालाई मल्ल उपाधि दिएका भन्ने भनाइ छ तर अरिमल्ल स्वयं मल्ल भएकोले उनले छोरालाई मल्ल उपाधि दिइरहनु जरुरत छैन्। वास्तवमा दशौं, एघारौं शताब्दीतिर दक्षिण भारतका राज्यहरूमा मल्ल पद्वीका रूपमा धारण गर्ने चलन थियो। त्यहाँ पल्लवी, चालुक्य आदि वंशका कतिपय शासकहरूले मल्ल पद्वी लिएका थिए। 'मल्ल' एउटा युद्ध विद्या थियो, जो युद्धका लागि आवश्यक हुन्थ्यो।

लिच्छवीहरू जस्तै मल्लहरू पनि भारतबाटै नेपाल प्रवेश गरेका थिए। नेपाल आउनु भन्दा पहिले लिच्छवीहरूको भारतको वैशालीमा गणतन्त्रात्मक शासन थियो भने मल्लहरूको उत्तरी भारतको कुशीनगरमा गणराज्य थियो। वैशालीमा मगध सम्राट अजातशत्रुको आक्रमणले गर्दा लिच्छवीहरू त्यहाँबाट भागेर नेपाल प्रवेश गरे भने मल्लहरू पनि कुशीनगरमा चन्द्रगुप्त मौर्यको आक्रमणले गर्दा त्यहाँबाट भागेर नेपाल प्रवेश गरेका थिए। लिच्छवीहरू बागमती क्षेत्रमा प्रवेश गरेर कालान्तरमा यहाँको शासनमा सक्रिय भए भने मल्लहरू शुरुमा गण्डी प्रदेशमा प्रवेश गरे। त्यसपछि एकथरि मल्लहरू पश्चिम कर्णाली प्रदेशतिर लागे, जसलाई नेपालको इतिहासमा खसमल्ल भनियो भने अर्काथरि मल्लहरू नेपाल उपत्यकातिर प्रवेश गरे, जसलाई नेवार मल्ल भनियो। मल्लहरू पनि उपत्यकाको शासनमा आउन सक्रिय थिए। यस क्रममा एघारौं, बाह्रौं शताब्दीदेखि भने मल्लहरू शासनमा कुनै न कुनै रूपमा सक्रिय भई देखा परेको बुझिन्छ। तेह्रौं, चौधौं शताब्दीतिर मल्लहरू देवनामधारी पुरानो राजवंशसँग मिलेर पालैपालो गरी शासन गरिरहेको बुझिन्छ।

यसप्रकार समग्रमा भन्नु पर्दा पूर्वमध्यकालको ऐतिहासिक कालखण्डमा मल्लहरू देवनामधारीपुरानो लिच्छवी राजवंशसँग मिलेर शासन गरिरहेको देखिए पनि लिच्छवीहरू नै मल्ल बनेको तथ्य स्रोत सामग्रीको अभावमा पुष्टि हुन सकेको छैन्।

**सन्दर्भ ग्रन्थ सूची:**


- चालिसे, पुष्पराज, नेपालको पुरानो इतिहास र सभ्यता, काठमाडौं, रत्न पुस्तक भण्डार, २०४८
- Bajracharya, Dhanbajra and other, the Gopalraj Vansavali, Kathmandu, Nepal Research, 1985
- रेग्मी, जगदीशचन्द्र, नेपालको वैधानिक परम्परा, काठमाडौं, पा.वि.के.त्रि.वि, २०३६
- लम्साल, (पं.) देवीप्रसाद भाषा वंशावली भाग २, काठमाण्डौ, नेपाल राष्ट्रिय पुस्तकालय, २०३३
- शर्मा, बालचन्द्र, नेपालको ऐतिहासिक रूपरेखा, वाराणसी, कृष्ण कुमारी देवी, तेस्रो संस्करण, २०३६

# बिषादी र मानव स्वास्थ्य



सबिन ख्याजू

**पृष्ठभूमि**

कृषिको व्यवसायिकीकरण र आधुनिकीकरण भन्ने बित्तिकै बढी उत्पादन र उत्पादकत्व, बेमौसमी खेती, किसानको आय वृद्धि (नाफा), ठूलठूला ट्र्याक्टर मेशिनको प्रयोग, उन्नत जातको बीउ, सिंचाईको बन्दोबस्त, चिस्यान केन्द्रको व्यापक प्रयोग, भण्डारणको उचित बन्दोबस्त, मल र बिषादीको आवश्यक प्रयोग, बजारीकरण आदिलाई जनाउँछ । परम्परागत खेतीमा आधुनिकीकरण गर्ने यी उपायहरू सर्वमान्य हुन् । बिषादीको प्रयोग रासायनिक खेतीसँग बढी सम्बन्धित छ । बालीमा लाग्ने रोग–कीरा नियन्त्रण गर्न बिषादीको प्रयोग अपरिहार्य भएको छ । नयाँ प्रजातीका रोग–कीरा बढ्नुका साथै पुराना रोग–कीरामा बिषादी प्रतिरोध क्षमता वृद्धि हुनुले कडा प्रकारका बिषादीको आवश्यकता बढेको हो । नेपालमा हाल २,५७६ थरिका बिषादी (ट्रेड नाम) र १३९ थरिका वैज्ञानिक नामका बिषादी बिक्री–वितरण भइरहेका छन् ।

वि.सं. २०७६ असार ३ गते मन्त्रिपरिषद्को बैठकले भारतलगायतका देशहरूबाट आयात हुने तरकारी र फलफूलमा बिषादी परीक्षण गर्ने निर्णय गरेको थियो । असार १४ गते भारतीय राजदूतावासले परीक्षण नगर्न दबाब दिएपछि बिषादी परीक्षण स्थगित गरियो । नेपाल सरकारले हालसम्म पनि उक्त परीक्षण गराउन सकेका छैनन् । यस घटनाले यो सरकार नेपाली जनताप्रति उत्तरदायी नभएको दर्शाउँछ । यस घटनापछिको बहसले आम मानिसहरू आफ्नो स्वास्थ्यप्रति सचेत भएको देखाउँछ ।

बिषादीको प्रयोग आर्थिक र स्वास्थ्यको हिसाबले महँगो र जोखिमपूर्ण भएकाले सचेत किसान तथा ब्यवसायीहरू प्राङ्गारिक (अर्गानिक)खेती प्रविधि अपनाउन थालेका धेरै उदाहरणहरू छन् । प्राङ्गारिक खेतीमा रोग–किरा नियन्त्रण गर्न विविध पासो, जैविक बिषादी, खेती समय तालिका व्यवस्थापन आदि प्रयोग गरिन्छ भने रासायनिक बिषादी अन्तिम विकल्पको रूपमा प्रयोग गरिन्छ । बिषादी प्रयोगसम्बन्धी आवश्यक ज्ञान किसानहरूसँग छैन । खेतीपातीमा किसानहरूले आवश्यक मात्राभन्दा बढी बिषादी प्रयोग गरिने तथ्याक्तले उपभोक्ताहरू चिन्तित छन् । नयाँ–नयाँ रोग र समस्याहरू नेपाली उपभोक्ताको स्वास्थ्यमा देखिन थालेका छन् । कृषिमा प्रयोग गरिने रासायनिक बिषादी, त्यसको असर र जोखिम न्युनीकरणबारे यस लेख केन्द्रित छ ।

**कृषि बिषादी**

'कृषि बिषादी' भन्नाले तरकारी र फलफूल बालीका विभिन्न शत्रु रोग–कीरा नियन्त्रण गर्न प्रयोग गरिने पदार्थ भन्ने बुझिन्छ । बिषादीअन्तर्गत कीरा मार्ने कीट्नाशक (मालाथियन, साइपरमेथ्रिन, डेल्टामेथ्रिन, डाइक्लोरभस आदि) बिषादी, सुलसुले मार्ने सुलसुलेनाशक (डाइकोफल) बिषादी, ढुसी मार्ने ढुसीनाशक (क्याप्टान, कार्बोक्सिन, थिराम, जिनेव, कपर अक्सिक्लोराइड आदि) बिषादी, मुसा मार्ने मुसानाशक (ब्रोमाडियोलोन, जिंक फोस्फाइड) बिषादी, ब्याक्टेरिया मार्ने ब्याक्टेरियानाशक, झारपात मार्ने झारपातनाशक (२,४–डि, एमोनियम साल्ट अफ ग्लाइफेसेट, एट्राजिन, ब्युटाक्लोर, ग्लाइफेसेट आदि) हुन् । पछिल्लो समय जैविक बिषादी (एजाडिरेक्टिन, ब्युभेरिया बेसिआना, मेटाराइजम एनिसेपाली, ट्राइकोडर्मा भिरिडी, भर्टिसिलियम लेकानी आदि) को प्रयोग बढ्न थालेको छ । यी सबै बिषादी व्यापक प्रयोग भइरहेका छन् । तरकारी र फलफूलमा बिषादी सामान्यतः दुई चरणमा प्रयोग हुन्छः रोगकीरा नियन्त्रण र बजारीकरणको बेला ।

मानव स्वास्थ्यका लागि निकै हानिकारक केही बिषादीहरू नेपाल सरकारको विषादी पन्जीकरण तथा व्यवस्थापन शाखाले प्रतिबन्धित गरेको छ । ती बिषादीहरू क्लोरोडेन, डी. डी. टी., डाईअल्ड्रिन, ईन्ड्रिन, अल्ड्रिन, हेप्टाक्लोर, मिरेक्स, इन्डोसल्फान, टोक्साफेन, बी.यच.सी., लिन्डेन, फस्मामिडन, मिथायल पाराथायन, अर्गेनोमर्करी क्लोराईड र मोनोक्रोटोफस हुन् ।

**विश्व स्वास्थ्य संगठनले बिषादीको वर्गीकरण निम्नानुसार गरेको छ :**

१. पहिलो ए (IA)–अत्यन्त खतरनाक (Extremely hazardous)
२. पहिलो बि (IB)–खतरनाक (Highly hazardous)
३. दोस्रो (II)–मध्यम रूपले खतरनाक (Moderately hazardous)
४. तेस्रो (III)–सामान्य रूपले खतरनाक (Slightly hazardous)
५. अपेक्षाकृत सुरक्षित (Unlikely to present acute hazard/non-hazard)



सामान्यतया बिषादीलाई संकेतको आधारमा रातो रंग (ज्यादै बिषालु), पहेँलो रंग (बिषालु), निलो रंग (मध्यम रूपले बिषालु) र हरियो रंग (अपेक्षाकृत सुरक्षित) गरी चार समूहमा विभाजन गरिएको छ। विषादीको थैलीमा यो संकेत प्रष्ट रूपमा देखाइएको हुन्छ।

बिषादी छरेको दिनदेखि उपभोग गर्नुअघिको प्रतिक्षा अवधिलाई असर गर्ने केही पक्षहरू: (स्रोतः बिषादी पन्जीकरण तथा व्यवस्थापन शाखा, हरिहर भवन)

- बालीको प्रकार र यसको फिजियोलोजी,
- बाली लगाउने स्थानको मोहडा, उचाई, हावाको गति,
- विषादीको प्रयोग मात्रा,
- विषादी प्रयोग गर्दाको मौसम तथा ऋतु आदि,
- विषादीलाई माटोमा प्रयोग गर्दा प्रतिक्षा अवधि केही लामो हुने।

### बिषादीको जोखिम/असर

बिषादी 'बिष' भएकाले बिषादी प्रयोग गर्ने किसानलाई यसले प्रत्यक्ष रूपमा असर पुऱ्याउँछ। एक सर्वेक्षणअनुसार ५७ प्रतिशत मानिसलाई बिषादीबारे थाहा भएको जसमध्ये ५५ प्रतिशतले सावधानी नअपनाइएको पाइएको छ। बिषादी प्रयोग गरिएका तरकारी र फलफूलहरू एकैपटक खानु स्वास्थ्यको लागि हानिकारक हुन्छ। नब्बे प्रतिशत मानिसहरूले बिषादी प्रयोगपछि कुर्नुपर्ने समयावधिलाई बेवास्ता गरेको पाइएको छ। जस्तैः मालाथियन प्रयोग गरेको १४ दिनसम्म उपभोग गर्नुहुन्न भन्ने छ। त्यस्तै पाइपरमेथ्रिन ७ दिन, क्याप्टान २० दिन, कपर अक्सिक्लोराइड २१ दिन, जिनेव १० दिन, स्ट्रेप्टोमाइसिन सल्फेट २४ घण्टा आदि। यो समयावधिभन्दा अगाडि उपभोग गर्दा मानिसको शरीरमा नकारात्मक असर देखिन थाल्दछ।

बिषादीको गलत प्रयोग पनि धेरै हुने गरेका छन्। जस्तैः वि. सं. २०७१ सालमा आत्महत्या गर्नेहरूमा २६ प्रतिशतले यी विषादी प्रयोग गरेको प्रहरी प्रतिवेदनमा उल्लेख छ। यसकारण मानिसको जीवनमा प्रदर्शित बिषदी प्रयोग नकारात्मक असर हुँदै गए।

### मानव शरीरमा बिषादी प्रयोगबाट भएका असरका लक्षणहरूः

बिषादी मानिसको शरीरमा विभिन्न माध्यमबाट पस्छ। विशेषगरी छाला, नाक, मुख, आँखा आदिबाट मानव शरीरमा बिषादी छिर्ने गर्दछ।

**सामान्य असरहरू :** अनिन्द्रा, आँखा रातो हुने, आँखा पोल्ने, धेरै आँशु बग्ने, नाकबाट तरल पदार्थ बगिरहने, बढी ऱ्याल चुहिने, नाक पोल्ने, धमिलो देख्ने, आँखीभौ फरफराउने, रिंगटा लाग्ने, टाउको दुख्ने, स्वाँ–स्वाँ हुने, कम्पन, मांसपेशी थाक्ने, मांसपेसी बटारिने, छाला फुट्ने, छाला चिलाउने आदि।

**मध्यम असरहरू :** बान्ता हुने, छाती दुख्ने, मन भारी हुने, वाकवाक आउने, पेट बटारिने, पखाला लाग्ने आदि। कडा असरहरूः पक्षघात, मुर्छा, क्यान्सर, प्यारालाइसिस, पुरुषको सन्तान उत्पादन क्षमतामा ह्रास, बालबालिकामा टाउको ठूलो



हुने समस्या, अपाङ्गता आदि।

**वातावरणीय असर :** बालीमा लगाइएको बिषादी पानी पर्दा बगाएर खानेपानी मुहान, नजिकको खोल्सा वा खोलामा मिसिन जान्छ। यसबाट जलचर प्राणीहरू जस्तै माछा, हाँस आदिलाई असर गर्नुका साथै अप्रत्यक्षरूपमा हानी पुऱ्याउँछ।

### बिषादी परीक्षण प्रयोगशाला

नेपालमा प्रदेश नं. ६ बाहेक सबै प्रदेशमा बिषादी परीक्षण प्रयोगशालाको स्थापना गरिएको छ। प्रदेश नं.१ को बिर्तामोड, झापा, प्रदेश नं. २ को नजलपुर, सर्लाही, प्रदेश नं. ३ को कालिमाटी, काठमाडौं, प्रदेश नं. ४ को कास्की, पोखरा, प्रदेश नं. ५ को बुटवल, रूपन्देही, नेपालगञ्ज र बाँके र प्रदेश नं. ७ को अत्तरिया, कैलालीमा बिषादी परीक्षण प्रयोगशाला उपलब्ध छन्।

बि.सं. २०७१ सालमा FAO को सहयोगमा केन्द्रीय बिषादी परीक्षण प्रयोगशाला स्थापना भएको थियो। यस प्रयोगशालाबाट १६९ समूहका बिषादी परीक्षण गर्न सकिन्छ। विश्व बैंकको सहयोगमा प्रदेशस्तरका प्रयोगशालाहरू स्थापना भएका छन्। यी प्रयोगशालाहरूले दुई समूहका बिषादी मात्र परीक्षण गर्न सक्छन्। पोखरा, बुटवल र नेपालगञ्जको प्रयोगशालाहरू विगत केही समयदेखि बन्द अवस्थामा छन्।

तथ्यांकअनुसार भारतबाट आउने तरकारीमा ८० प्रतिशतसम्म बिषादी भएको पाइएको छ। कुनै तरकारी वा फलफूलमा ३५ प्रतिशतभन्दा कम विषादीको मात्रा देखिएमा ती तरकारीहरू उपभोग गर्न योग्य मानिन्छ। ३५–४५ प्रतिशतसम्म भएमा केही दिन राखेर प्रयोग गर्न सकिने र ४५ प्रतिशतभन्दा बढी भएमा नष्ट गरिनुपर्दछ।

नेपालभित्रका किसानहरूले मात्र बिषादी प्रयोग कम गरेर नेपाली उपभोक्ताको भान्सामा बिषादी प्रवेश रोक्न सकिन्न। किनकि, नेपाल सरकारले बिषादीयुक्त तरकारी तथा फलफूल विदेशबाट सजिलै आयात गर्न दिएको छ। सम्पूर्ण भन्सार नाकाहरूमा क्वारेन्टाइन (चेकजाँच) को व्यवस्था महत्त्वपूर्ण छ। तर खुल्ला सिमानाका कारण चोरी-पैठारी दैनिकजस्तै

भइरहेको छ। जसकारण क्वारेन्टाइनमा नेपाल सरकारको प्रयास असफलजस्तै भएको छ। यसको समाधान भनेकै भारतसँगको सिमाना नियमित गर्नु हो। नेपालले उचित प्रविधिको प्रयोग गरी जैविक बिषादीको व्यवसायिक उत्पादन र बिक्री-वितरणमा ध्यान दिनु आवश्यक छ।

नेपाली किसानलाई रासायनिक खेतीभन्दा प्राङ्गारिक खेतीको लागि प्रोत्साहन गरिनु उपयुक्त हुन्छ। जसको लागि पूर्ण योजना बनाउनु आवश्यक छ। प्राङ्गारिक मल र विषादी उत्पादन, रोग-कीरा नियन्त्रणको लागि व्यापक अनुसन्धान गराउनु उचित देखिन्छ। ल्याटिन अमेरिकी देश क्युवा प्राङ्गारिक खेतीको लागि प्रख्यात छ। नेपाली किसानहरूसँग भएका परम्परागत ज्ञानलाई परिष्कृत गरेर आधुनिकता प्रदान गर्न सकेमा किसानहरू पनि सक्रिय भएर लाग्ने देखिन्छ। नेपाली किसानका परम्परागत सीपमा अनुसन्धान गर्न सके विश्वलाई नयाँ प्रविधि दिन नेपाल सक्षम बन्ने देखिन्छ।

**बिषादी जोखिम न्युनीकरण**

बालीमा बिषादी प्रयोग गर्दा निम्न कुराहरूमा ध्यान दिन जरुरी छ :

- बिषादी नियन्त्रणमा जैविक विधि वा निमयुक्त जैविक बिषादीलाई प्राथमिकता दिइनुपर्दछ। विभिन्न पासो (टाँसिने पहेँलो पत्ता, फेरोमोन आदि) को प्रयोग सस्तो र लाभदायक हुन्छ।
- रासायनिक बिषादीहरूमा हरियो लेबल भएको बिषादी प्रयोगमा जोड दिनुपर्छ। यो मानव स्वास्थ्यको लागि कम हानिकारक हुने गर्छ।
- बिषादी प्रयोग गर्ने समय छाला नदेखिने गरी कपडा, पन्जा, मास्क, चस्मा, टोपी आदि शरीरलाई सुरक्षा दिने बस्तुहरूको प्रयोग गरिनुपर्छ।
- हावा चलेको दिशातिर फर्केर बिषादी छर्कनु उचित हुन्छ।
- साँझको समयमा बिषादी प्रयोग गरिनुपर्दछ।
- झारपात गोड्नेलगायतका काम सकेपछिमात्र बिषादी छर्कने र छर्केपछि त्यस स्थानबाट टाढा बस्नु राम्रो हुन्छ।
- बिषादी छर्कने काम सकेपछि हात-खुट्टा साबुन-पानीले राम्ररी धुनुपर्दछ।
- बालबालिकाको पहुँचबाट बिषादीयुक्त सामानहरू टाढा राखिनु जरुरी छ।



- बिषादीको प्लाष्टिक थैली, बोतललगायतका बस्तु अन्य घरायसी प्रयोजनमा ल्याउनुहुन्न।
- हरेक बिषादी बालीमा छर्किसकेपछि केही समय कुर्नुपर्ने हुन्छ। यसबारे जानकारी प्राप्त गरेर मात्र किसानले बाली टिप्ने र बजारमा पुऱ्याउने गर्नुपर्छ।

**निष्कर्ष**

बिषादी बिष हो। कीरा र रोगलाई जसरी यो बिषादीले नष्ट गर्छ, त्यस्तै गरी मानव स्वास्थ्यलाई पनि यसले हानी पुऱ्याउँछ। किसानको उद्देश्य कृषि उपज उत्पादन र उत्पादकत्व बढाउन रोग-कीरा नियन्त्रण गर्ने हो। बिषादीको प्रयोगबाट रोग-कीरा मार्ने तरिका र यसको असरबारे थाहा पाउनु जरुरी छ। बिषादीले रोग-कीरा नियन्त्रण गरोस् तर मानव स्वास्थ्यमा यसले हानी नपुऱ्याओस् भन्ने हेतुले बिषादीको प्रयोग गरिनु आवश्यक छ। प्रकृतिका अन्य प्राणीलाई पनि यसबाट असर गर्नुहुन्न।नेपालीहरू बिषादीलाई किरा मार्ने औषधिको रूपमा प्रयोग गर्छन्, तर बिषादीका नकारात्मक असरहरूबारे पनि किसानहरू शिक्षित हुनु आवश्यक छ। बिषादीलाई 'औषधि' होइन, बिष हो भन्ने हेक्का उनीहरूमा हुनु जरुरी छ।

नेपालको प्रमुख समस्या भ्रष्टाचार हो। नेपाल सरकारका जिम्मेवार पदाधिकारीहरू भ्रष्टाचारमा संलग्न हुनुले समस्याको जरा उखेल्न नेपाल सरकार असफल भइरहेको छ। भन्सार कार्यालयमा हुने मिलेमतोले पनि नाकामा चेकजाँचको काम प्रभावकारी हुन नसकेको देखिन्छ। क्वारेन्टाइनलाई प्रभावकारी ढंगबाट सञ्चालन गर्न सके समस्या समाधानमा मद्दत पुग्ने देखिन्छ।नेपाल सरकारले नेपाली जनताको स्वास्थ्यलाई ध्यान दिएर विदेशबाट आयत हुने फलफूल र तरकारीमा बिषादी परीक्षण गर्नु आफ्नो दायित्व सम्झनु आवश्यक छ। बिषादी परीक्षण प्रयोगशालाका आधुनिक प्रयोगशालाहरूको निर्माण र दक्ष जनशक्तिको बन्दोबस्त गरी प्राविधिहरूलाई नेपालमै बस्ने वातावरण सिर्जनागर्नु पर्दछ।

कौसी खेती शहरी क्षेत्रमा प्रख्यात हुन थालेको छ। जग्गा जमिनको कमी भएका कारण करेसाबारी र कौसी खेतीको महत्व बढेको हो। उपलब्ध थोरै जमिनमा धेरै र नियमित उत्पादन लिन सक्ने भएकाले विकसित देशहरूमा पनि कौसी खेतीले प्राथमिकता पाएको हुनुपर्छ। शहरी क्षेत्रमा बसोबास गर्ने जनताले आफूलाई आवश्यक मात्रामा आफ्नो करेसाबारी वा कौसी खेतीबाट उत्पादन गर्न सक्छन्। यसबारे सामान्य तालिम लिन सके सजिलै कृषि उत्पादन लिन सकिन्छ।

सरकारले देशव्यापी रूपमा किसानलाई बिषादी, बिषादीको उचित प्रयोग, बिषादी जोखिम व्यवस्थापनबारे प्राविधिक तालिमहरू प्रदान गरिनुपर्दछ। प्राङ्गारिक खेती र यसको उत्पादनलाई प्रोत्साहन गर्न सक्नुपर्दछ। अनधिकृत रूपमा गरिएको बिषादी बिक्री-वितरणलाई कडाईका साथ नियन्त्रण गर्नु पर्दछ।

# भैरवनाथ मन्दिरको जीर्णोद्धार



गौरीबहादुर कार्की

**सम्पदा जीर्णोद्धार र पुन:निर्माणमा भक्तपुर नगरपालिका अग्रणी देखिएकाले यसैसम्बन्धमा भैरवनाथ मन्दिरवारे प्रस्तुति**


## मन्दिरको इतिहासः

लिच्छवी राजा आनन्ददेवले भक्तग्राम (भक्तपुर)लाई राज्यको रूपमा स्थापना गरेको तथ्य वंशावलीहरूमा उल्लेख छ। यस मन्दिरको स्थापना नेपाल सम्वत् १२५ तदनुसार विक्रम सम्वत् १०६१ मा लिच्छवी राजा निर्भय देवको पालामा भएको इतिहासकार श्री लीलाभक्त मुनकर्मीले बताउनु भएकोछ। यस अघि यो मन्दिर लिच्छवी राजा आनन्ददेवको पालामा (ने.सं.२६७-२८७) स्थापना भएको बताइएको थियो।

युनेस्कोले विश्वसम्पदा सूचीमा राखेको विश्वप्रसिद्ध पाँचतले मन्दिर, भैरवनाथ मन्दिर रहेको टौमढी टोल क्षेत्र आसपासमै तीलमाधव नारायण चोक, जंगम मठ, पुवहाः दथु बहाःलगायत सम्पदाहरूले भरिएकोछ। २४ टोल मध्ये यो प्रमुख टोल हो। प्रत्येक वर्ष हुने बिस्केट जात्रामा भैरव, भद्रकालीको रथयात्रा यही चोकबाट सुरु हुन्छ।

यस मन्दिरमा भैरवको मूर्ति छ। यो भैरवनाथलाई आकाश भैरव भनिन्छ। एउटै भैरवनाथको मूर्तिलाई कहिले काशीको विश्वनाथ, कहिले आकाश भैरव र कहिले नृत्यनाथको रूपमा पुजा गरिन्छ। प्रत्येक बिहिवार, शनिवार र पुर्णिमाको दिन दायाँ मन्दिरमा विराजमान गराई काशी विश्वनाथको रूपमा पञ्चामृत मात्र चढाएर पूजा गरिन्छ। अरुबेला साक्षत भैरव मानेर तीनवटा छाना भएको मन्दिरमा राखी पशुवलि भोग गरी पूजा गरिन्छ। बिस्केट जात्रा भरी आकाश भैरवको रूपमा जात्रामा भाग लिन लगाइन्छ। वडादशै नवरात्रभर नवदुर्गा गणका प्रमुख देवता मानेर पूजा गरिन्छ।

बिस्केट जात्रा हेर्न आएका काशीका विश्वनाथलाई कुरा छेभडेल अड्डाको लगतबाट देखिन्छ। मन्दिरको पुजा पर्व जात्रा चलाउन दाताहरूबाट समय समयमा धेरै जग्गा दिएर



!^% jif{cufl8sf]cf}l8k]N8sf]rq

गुठी राखेको पाइन्छ।

त्यसपछि ६० वर्षमा २०५२।५३ मा जीर्णोद्धार भएको थियो। २०५२ मंसिर ७ गते काम शुरु भई मिति २०५३ भदौमा ९ महिनामा सम्पन्न भएको थियो। बिस्केट, वर्षा, जात्रामात्राले रोकेर काममा केही ढिलाई भएको थियो। शुरु ल. ई. ७८ लाख ९ हजार भएकोमा काठमा मात्र ११ लाख ९० हजार खर्च भएको रहेछ। अन्यमा १७ लाख २७ हजार खर्च भएको रहेछ। जम्मा खर्च २९ लाख १८ हजार भएतापनि ४१ लाख ४२ हजार काम भएको मूल्यांकन भएको रहेछ।

पहिले २०५३ सालमा २० वर्ष अगाडि भक्तपुर नगरपालिकाले जीर्णोद्धार गरेको कारणले नै २०७२ सालको भूकम्पमा बढी क्षति हुन पुगेन। भैरवनाथ मन्दिरको जीर्णोद्धार २०७५ असोज २ मा सुरु गरिएकोमा वर्षा भएकाले बाहिरी गारोको काम र छाना छाउने काम २०७६ असारमा सम्पन्न भयो। लगत इष्टमेट १ करोड ४६ लाख ३६ हजार ७४५ रुपैयाँ १३ पैसा भएकोमा हाल सम्म ५० लाख रूपैयाँ खर्च भएछ। खट राखेको बेला भएकाले मन्दिरमा बाहिरी भागमा रंग रोगनको काम पनि सम्पन्न गरिएछ।

मन्दिरको बाहिरी भाग टिलिक्क, झिलिक्क भए तापनि भित्री भागमा केही काम बाँकी रहेको पाइयो। पूर्व तर्फ

६ इन्च जग भासिएकोले जगसम्म नै भत्काएर बनाउनु पर्ने माग पुजारीहरूले गरेका थिए । तर सम्पदा विज्ञ सुदर्शनराज तिवारी सहितको विशेषज्ञहरूको टोलीले अध्ययन पछि ५ फिटको गारो सबल नै रहेको, पूरै भत्काउन नपर्ने सुझाव दिएको थियो ।

अहिले हेर्दा पनि श्रीभैरवनाथको गुह्य भण्डार कोठा र अन्य केही गारो केही फाटेको, इटा निस्केको, कतै पेट बोकेको देखिन्छ । भैरवनाथको आसन अगाडि पनि केही भासिएको छ । कतै दलिनहरू गारो छाडेका, कुहिएका, फाटेका पनि पाइन्छ । भित्री गारोमा देखिएका यी समस्याहरू जीर्णोद्धार गर्न नगरपालिकाले शुरु गरिसकेको रहेछ ।

भूइँतलादेखिनै नगरपालिकाले मर्मत र सवलीकरण शुरु गरेको रहेछ । काँचो माटोको इटा र टुक्रा इटाको बनावट भएकाले सामान्य चिरिएको ठाउँमा अन्य निजी घरमा जस्तो सिमेण्टको घोलले टाल्ने अवस्था नभएको । यो गारो पूरै भत्काउँदा मन्दिरको भार वहनमा असर पर्ने भएकाले आवश्यक ठाउँमा मात्र मर्मत गरिने रहेछ ।

उपभोक्ता समितिले स्थानीय पुराना डकर्मी, सिकर्मी दक्ष कामदारहरूको सरसल्लाहमा उनीहरूबाट मन्दिरको भित्री भागको भुइतलादेखि नै जीर्णोद्धार हुँदै गरेको रहेछ । अब भित्रीकाम आवश्यकतानुसार गर्दै जाने विज्ञहरूको भनाई पाइयो ।

मन्दिरको पूर्व पट्टिको मूल ढोकाका माथि र दक्षिण तर्फको बाहिरी ढोका माथिको तोरण पहिल्यै चोरी भइसकेको रहेछ । अब नयाँ बनाउनु पर्ने देखिन्छ ।

मूल मन्दिरका बाहिरपट्टी टेलिफोन, केवल, बिजुलीका तारहरू अशोभनीय तवरले रहेको देखिएकाले ती तारहरू हटाइनु पर्दछ । अन्य मन्दिर र सम्पदा क्षेत्रमा पनि बाहिरी भागबाट कुनै पनि तारहरू लैजान दिन र खम्वा राख्न दिनु हुँदैन ।

tof/ eP kl5sf]e/j gfy dlGb/





@)&@ dxfe'SDkkl5sf]hxf{bl lf0fsf]cfud 3/ eTs] x6f0{; lsPsf]

मन्दिरभित्रको बत्तिको वायरिंग र विद्युत प्रणालीपनि आगलागीबाट बच्ने तरिकाले सुरक्षित तवरले व्यवस्थापन गरिनु पर्दछ ।

पहिलो तलाको छानामा पश्चिम पट्टि तीन गजुर रहेको छ । विश्वनाथ भगवानको माथिको गजुर हुन ती । भैरवनाथको पुजा कोठामा मूर्तिहरू दक्षिण फर्किएका छन् । दायाँ पट्टि दुई मूर्तिहरू छन्, ती विश्वनाथ बाबाका हुन् । मन्दिरमा भगवान सदैव विश्वनाथको रूपमा बस्नु हुन्छ । यदि भैरवनाथको लागि पूजा गराउने हो भने अघिल्लो दिन नै बुक गर्नु पर्ने रहेछ, भैरवनाथको पूजा गराउन बुक भएपछि भगवानलाई भैरवको स्थानमा बिराजमान हुन पुजारीले अनुरोध गरेपछि विश्वनाथबाट भगवान भैरव भएर बायाँपट्टिको मूर्तिमा सर्नु हुँदो रहेछ ।

भक्तपुर नगरपालिकाले सम्पदा जीर्णोद्धार र पुनर्निर्माण स्थानीय कालिगढ र सम्पदाविज्ञ सहितको उपभोक्ता समितिबाट गराई नाफाको उद्देश्य नराखेकाले सरकारी लागतअनुमान भन्दा कममै गुणस्तरीय काम सम्पन्न गर्ने गरेको देखिन्छ ।

मन्दिर परिसरकै पूर्व पट्टिको बेताल घर पनि जिर्ण भई पुनर्निर्माण गर्नु पर्ने देखिएको छ । भैरवनाथ मन्दिरको दक्षिण तर्फको लाकोलाक्षे आगम घर पनि ०७२ भूकम्पमा पाताल भएकाले सो घरपनि पुनर्निर्माण हुनु पर्ने देखिएकाले मन्दिरको भित्री भागको बाँकी काम पनि भक्तपुर नगरपालिकाले छिटो सम्पन्न गर्न गराउन शुभकामना छ ।

**सन्दर्भ स्रोत**:

ओम धौभडेल, भक्तपुर मासिक नं २३३ भाद्र २०७३
भक्तपुर मासिक २०५५ माघ अतिरिक्तांक ।
लीलाभक्त मुनकर्मी, नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन,
रेणु त्वानावासु, नागरिक दैनिक

नेपाल सम्वत्मा ९३७ थपे पछि बिक्रम सम्वत् हुन्छ ।



# त्यो ढुंगाको युग यो फलामे युग

अहिले काठमाडौं, भक्तपुर र ललितपुरमा धेरै परिवर्तन आयो । कहीं रूख बुट्यान देखिँदैनन् । ठूला भवन मात्र निर्माण भए, आर्थिक उन्नति र नैतिक विकास भएको छैन । मेरो किशोर र युवावयको भक्तपुरलाई अहिलेको पुस्ताले कल्पना पनि गर्न सक्दैन । त्यतिवेला भक्तपुरबाट काठमाडौं जानुपर्दा पैदलयात्राको विकल्प थिएन । धेरैपछि सडक बन्यो र चेभ्रोलेट कम्पनीका ठुला लरी गुड्न थाले । ईँटालगायत सामान बोक्ने त्यस्ता लरीमा पछाडि बसेर जानुपर्थ्यो । पुरानो सल्लाघारी हुँदै ठिमीको ठाडो उकालो चढ्नुपर्थ्यो । घोडा पनि चढ्न नसक्ने उकालो थियो । त्यो अहिले त छाँट्दा-छाँट्दा समतलजस्तै भइसक्यो त्यो ठाउँ । वि.सं.२००० सालतिर खर्पनमा बोकाएर स्कुल जान्थ्यौँ । त्यो उकालोमा खर्पन बोक्ने मानिसलाई पनि गाह्रो हुन्थ्यो, हामी



t]h]{j/afa'UjF, ;:s[tljb\

उत्रिएर हिँड्थ्यौँ ।

नैतिक बन्धनमा बाँधिएको समय थियो । त्यो अहिले त धेरै कमर्सियलाइज्ड' र 'सेल्फ सेन्टर्ड' समाज भयो । आफ्नो मात्र भलाइ चिताउने आत्मकेन्द्रित आचरण बन्यो मानिसको । हामीलाई हजुरबुवा/आमाले बिहान-बिहान गीता र चाणक्य नीति पढाउनुहुन्थ्यो । अरू नीतिशास्त्र पनि पढ भन्नुहुन्थ्यो । त्यो सन्दर्भ अहिलेको दैनिक जीवनमा कल्पनाबाहिरको विषय हो ।

सल्लाघारीको वीरेन्द्र सैनिक बन्नुअघि त्यहाँ टुँडिखेल थियो । हामी त्यो टुँडिखेलमा खेल्थ्यौँ, चंगा उडाउँथ्यौँ । सैनिक स्कुल खुलेपछि त्यो टुँडिखेल मासियो । सिद्धपोखरीआसपास अरू पनि पोखरी थिए । सिद्धपोखरीमा नुहाउने गर्थ्यौं, त्यतिवेला । अब त सल्लाघारीको घना जंगल पनि बाँकी छैन । त्यो जंगलमा चमेरा नै चमेरा हुन्थे । ती चमेरा कता हराए कता ।

अहिलेका सहरमा त्यतिवेला खेतैखेत थिए । धान, गहुँ, मकैलगायत बाली लगाइन्थ्यो । हामी केटाकेटी छँदा भक्तपुरमा काउली रोप्ने चलन नै थिएन, काठमाडौंबाट किनेर ल्याउनुपर्थ्यो । अहिले भक्तपुरका किसानले काउली बेचेरै जीविकोपार्जन गर्छन् ।

खेतमा सिँचाइका लागि सरकारले नै कुलो बनाइदिएको थियो, जसलाई राजकुलो भनिन्थ्यो। हरेक वर्ष सबै किसान मिलेर ती कुलो सफा गर्थे। त्यतिवेलाका निरक्षर मानिसमा पनि त्यो काम आफ्नै लागि हो भन्ने चेतना थियो। निरक्षर मानिसलाई नैतिक आचरण सिकाउने काम टोल–टोलमा लगाइने पुराणले गर्थे। अहिले त संस्कृतिलाई अन्धविश्वास भनिन्छ, त्यो अन्धविश्वास थिएन भनेर बुझाउन सकिँदैन। नगरकोटको पानीको मुहानमा वर्षामा पानी जम्मा गर्ने पोखरी थियो। मानिस पनि अहिलेजस्तो धेरै थिएनन्। त्यहीँबाट पानी ल्याएर राजकुलोमार्फत खेतमा सिँचाइ गरिन्थ्यो।

त्यतिवेलाका सहरमा पनि पर्म लगाउने चलन थियो। पर्म भनेको आपसी सहकार्य हो। खेत रोप्न, बाली उठाउन एकअर्कालाई मद्दत गर्ने चलन थियो। अहिले त मानिसले पर्म भन्ने नै बिर्सिए। त्यतिवेलाका मानिस फराकिलो मनस्थितिका थिए, अहिले त झनै साँघुरा हुँदै गए। भौतिक परिवर्तनका कारण मानिसको सोचाइको धरातल पनि परिवर्तन भएको छ, अहिले।

खानेपानी शुद्ध थियो त्यतिवेला। अहिले त धेरै मुहान सुकिसके। भएका मुहान पनि शुद्ध छैनन्। तर, पाँच हजार वर्ष पुरानो सभ्यता नै हामीले अनुसरण गर्ने प्रयास गरिरहेका छौँ। सहरमा देखिने झ्यालका परम्परागत बुट्टा पाँच हजार वर्ष पुराना हुन्। हामी युवा हुँदासम्म सिमेन्ट भन्ने नै थिएन, माटोबाटै घर बन्थे। त्यो ढुंगाको युग थियो, अहिले फलामे युग हो। मानिसले मिहिन रूपमा ढुंगाको मुर्ति तयार पार्थे। मानिस सम्पन्न थिए, सबैलाई खान ⁄ लाउन पुग्थ्यो। त्यसैले, धेरै सोचेर घरका झ्यालमा बुट्टा तयार पार्थे।

त्यतिबेला माटो पोलेर बनाइएका मुर्तिहरू अहिलेसम्म जस्ताको तस्तै छन्। अब त कंक्रिट नै शील्प साधना बनेको छ। अनौपचारिक शिक्षाबाटै मानिसले कला सिर्जना गर्थे। त्यो बाजे र बाबु हुँदै पुस्तान्तरण हुन्थ्यो। सम्पन्नताले सांस्कृतिक समृद्धि ल्याउने रहेछ। आत्मनिर्भर समाज थियो त्यो, अहिलेको समाज परनिर्भर हो। अन्यत्रै फलाएको धानबाट भोक मेट्नुपर्ने भइसक्यो।

सहरका खाली ठाउँमा मानिस बस्नका लागि पिँढी हुन्थे। शान्त थियो सहर, प्रशस्त हावा लाग्थ्यो। ओखर हाम्रा लागि दशैँमा खेल्ने वस्तु थियो, अहिले त त्यो खान पनि मुस्किलले पाइन्छ। सहर प्रवेश गर्ने ढोकाहरू थिए, जुन अब अस्तित्वमा छैनन्। नगरक्षेत्रको सिमाना छुट्याएजस्तो अनुभुति हुन्थ्यो। राति ती ढोकामा आग्लो लगाउने चलन थियो। नगरक्षेत्र र बालीनालीको सुरक्षा प्रबन्ध पनि थियो त्यो। नगर राज्यको प्रचलनबाट आएको थियो त्यस्तो प्रबन्ध। नगरका राजा हटे पनि उनीहरूले सुरू गराएका चलन पछिसम्मै कायम थिए।

सुर्यविनायकलगायत ठाउँ गाउँ नै थिए, अहिले ठुला सहर बने ती। शौचालय सहरभित्र हुँदैनथे, नगरक्षेत्र बाहिर मात्र बनाउने चलन थियो। ढलुवाले ढल सफाइ गर्थे। काठमाडौँमा दिसापिसाब गर्ने 'खिकामख' हुन्थे। भक्तपुरमा त्यस्ता ठाउँलाई 'मल्ला' भनिन्थ्यो। महिला र पुरूषका लागि त्यतिवेलै अलग–अलग शौचालयको प्रबन्ध थियो।

नगरमा व्यवस्थित बस्ती हुनुपर्छ, मन्दिर र देवल हुन्छन्, जसबाट पुरातात्त्विक महत्त्व झल्किन्छ। सांस्कृतिक रूपमा त्यस्ता संरचनाको मुल्य ठुलो हुन्छ। हरेक सहरमा पुग्दा आ–आफ्नै महत्त्व झल्काउने मन्दिर निर्माण गर्नुको कारण पनि त्यही हो।

के गर्दै छ
भक्तपुर नगरपालिका ?
थाहा पाउन पढ्नुहोस्, सुन्नुहोस्
■ 'भक्तपुर' मासिक
■ 'ख्वप पौ'
■ http://bhaktapurmun.gov.np
■ www.bhaktapurkhabar.com
■ www.facebook.com/BhaktapurMunicipality/
■ ख्वप सः (भक्तपुर एफएममा) बुधबार बिहान ७:३० – ८:३० र शुक्रबार साँझ ६:३० – ७:३० सम्म
■ अडियो नोटिश फोन नं. १६१८ ०१६६१०००९६




(बसिबियाँलो (पृष्ठ७६) को उत्तर –
CAMEL

# सांस्कृतिक पहिचान खोज्दै भक्तपुर

• सपना महर्जन

वर्षा ऋतुको समाप्तिसँगै सुरु हुने शरद ऋतुमा नेपाली समाज उल्लासले भरिन्छ । विशेषत : नेवार समुदाय यो सिजनमा जात्रामय हुन पुग्छ ।

जातीय तथा सामुदायिक विविधताका कारण नेपाली समाज सांस्कृतिक रूपमा धनी छ । साउने संक्रान्तिदेखि सुरु हुने चाडपर्वको सिजनमा केही दिनको अन्तरालमै विशेष पर्व मनाइन्छ । उपत्यकामा सबैभन्दा बढी जात्रा पर्व भक्तपुरमा मनाइन्छ । नेवारहरूको बाहुल्य रहेको भक्तपुरलाई त्यहाँको भाषा, संस्कृति र परम्पराले नै जीवन्त बनाउँदै आएको छ । त्यसैले संस्कृतिलाई पहिचान बनाएर भक्तपुर विकासको गतिमा अघि बढेको छ ।

शुक्रबार कृष्णाष्टमीका दिन समापन भएको नौ दिन लामो गाईजात्रा पर्वमा भक्तपुरको सांस्कृतिक चहलपहल हेर्नलायक थियो । पश्चिमा शैली र आधुनिकीकरणको प्रभावसँगै मौलिक पहिचान जोगाउन त्यति सजिलो भने छैन ।

अहिले हाम्रो व्यस्त दिनचर्याले चाडपर्वको महत्त्वलाई ओझेलमा पारेको छ तर त्यस्ता पर्वले नै हाम्रो मौलिकता जोगाइराख्छ भन्ने हामीले बिर्सनु हुँदैन । मौलिकता जोगाउन नसक्दा हाम्रा संस्कृति मासिन्छ र संस्कृति मासिनु भनेको पहिचान गुमाउनु हो । भक्तपुरले यी सबै बुझेरै होला मौलिक पहिचानलाई उच्च प्राथमिकतामा राखेको छ । यसको ताजा उदाहरण भर्खरै समापन भएको गाईजात्रा महोत्सवमा देखियो । संस्कृतिलाई समयानुकूल बनाउन भक्तपुरको सापारू महोत्सवमा ताहासां (ताहामचा) बनाएर नगर परिक्रमा गराउँदा राजनीतिक विसंगतिमाथि पनि तीखो व्यंग्य गरियो । यसपालि भक्तपुरको गाईजात्रामा सडकमा उत्रिएका मानिसले देशभित्रको राजनीतिप्रति मात्र असन्तुष्टि पोखेनन्, अन्तर्राष्ट्रिय मुद्दामाथिसमेत व्यंग्य गरे । उनीहरूले जम्मु–कश्मीर मामलादेखि होलीवाइन, रेल, वाइडबडी काण्डका बारेमा आकृति नै बनाएर नगर परिक्रमा गरे ।

जात्रामा एसिया प्यासिफिक समिटका लागि प्रधानमन्त्री केपी शर्मा ओलीलाई दस लाख डलरको चेक दिनेदेखि बालुवाटार जग्गा काण्डमा मुछिएका नेकपाका महासचिव विष्णु पौडेलको लालपुर्जासमेत प्रदर्शन गर्न भ्याएका थिए ।

भक्तपुरका राजा जगतप्रकाश मल्लले गाईजात्राको दिन राज्यले गरेको कामको विरोध गर्न छुट दिने नियम बनाएका थिए । यो जात्रामा सबै किसिमका विकृति–विसंगतिप्रति खुलेर टीकाटिप्पणी गर्दा नागरिकलाई कुनै कानुन नलाग्ने नियम बनाइएको थियो । त्यसैले गाईजात्राका दिन विशेषगरी सरकारको कामकारबाहीप्रति असन्तुष्टि बाहिर ल्याइने गरिन्छ ।

हाल विरोध गर्ने शैली समाज हुँदै देश, राजनीति र अन्तर्राष्ट्रिय रूपमै बढेको छ । सामाजिक सञ्जालको प्रयोग बढेसँगै नाटकीय शैलीमा सांगीतिक माहोल बनाएर विरोध गर्न



सकिने यो पर्वमा राजनीतिक र अन्तर्राष्ट्रिय घटनाको समेत व्यंग्य हुन थाल्नु आधुनिक युगले परम्परागत संस्कृतिमा गरेको परिमार्जन नै बुझ्न सकिन्छ। सापारू पर्व मृत्युसंस्कारसँग सम्बन्धित छ। नेवारहरूले दिवंगत व्यक्तिका नाममा वृष सर्ग गर्छन्। गाईजात्रा पनि वृष सर्ग नै हो।

सोह्रौं शताब्दीमा काठमाडौंको गाईजात्रालाई राजा प्रताप मल्लले विकास गरेका थिए। पाटनको गाईजात्रालाई सिद्धिनरसिंह मल्लले र भक्तपुरमा राजा जगतप्रकाश मल्लले गाईजात्रालाई फरक ढंगमा मनाउन सुरु गरेका थिए। शोकलाई शक्तिमा बदल्ने मनोरञ्जनको माध्यमका रूपमा गाईजात्रालाई विकास गरिएको हो।

मृत्यु गणना गर्ने औपचारिक माध्यम नभएको समयमा गाईजात्रामा निकालिने गाईलाई नै माध्यम बनाएर मृत्यु गणना हुने गरेको बताउँछन् संस्कृतविद् ओम धौभडेल। उनी भन्छन्, 'यसैबाट राज्यले तथ्यांक संकलन गर्थ्यो। गाईजात्रा मृतकको घरबाट मात्र निकालिने कारण पनि यही हो।'

समय परिवर्तनशील छ। परिवर्तनकै क्रममा थुप्रै सांस्कृतिक परम्परा मनाउने स्वरूप बदलिने क्रम जारी छ। गाईजात्रा मनाउने प्रचलन पनि हिजोभन्दा आज परिवर्तन भएको छ। भक्तपुरमा मात्र होइन, काठमाडौं, पाटन, कीर्तिपुर, बनेपा, धुलिखेलमा पनि परिवर्तित स्वरूपमा गाईजात्रा मनाउन थालिएको छ। गाईजात्रामा निकालिने झाँकीको रूपरङ, पोसाकमा परिवर्तन भएका छन्। झाँकीको रूपमा निकालिने ताहासाको उचाइ होचो हुन थालेको छ। पहिले सिंगो बाँसबाट अग्लो ताहासा बनाइन्थ्यो। अहिले बिजुलीको तार, घनाबस्तीका कारण यो सम्भव देखिँदैन।

गाईजात्रामा आएको अर्को परिवर्तन भनेको घिन्ताङ घिसीमा प्रयोग हुने सामानको हो। यो परम्परा ठाउँपिच्छे फरक छ। काठमाडौं उपत्यकामा समेत ठाउँअनुसार भिन्नाभिन्नै तरिकाले गाईजात्रा मनाइन्छ। पछिल्लो समय बसाइँसराइ, आधुनिकीकरण र बजारीकरणले गाईजात्रा पर्व प्रभावित भएको छ।

घिन्ताङ घिसी भक्तपुरको मौलिक नाच हो। सापारू अर्थात् गाईजात्राका अवसरमा प्रदर्शन गरिने यो नाच सोह्रौं शताब्दीमै विकास भएको हो।

गाईजात्रा काठमाडौंमा एक दिन, पाटनमा दुई, ठिमीमा चार र बोडेमा पाँच दिनसम्म मनाइन्छ। तर, भक्तपुरमा नौ दिनसम्म मनाइन्छ। भक्तपुरमा जनैपूर्णिमाको दिनबाटै सापारू (गाईजात्रा) मनाइन्छ। यसलाई गुन्हि पुन्हि (नौ दिनको पर्व) पनि भनिन्छ। यो पर्व जनैपूर्णिमादेखि श्रीकृष्ण जन्माष्टमीसम्म मनाइन्छ।

भक्तपुरमा दसैं, बिस्केट जात्रा र इन्द्रजात्रासँगै गाईजात्रा सबैभन्दा लामो समयसम्म मनाइने पर्वमा पर्छ। गाईजात्राका दिन भक्तपुरमा तलेजुको भैरवनाथ, भद्रकालीको गाई, दत्तात्रय, बाराही, इन्द्रायणीजस्ता देवीदेवताको निकालिन्छ। सबै रीतिथितिलाई व्यवस्थित र मर्यादित बनाएर सञ्चालन गर्न भक्तपुर नगरपालिकाले योजना नै बनाएको थियो।

### २२ विधा ९४ प्याखं

गाईजात्राकै अवसरमा भक्तपुरले नौ दिनमा २२ विधा ९४ प्याखं (नाच) प्रदर्शन गर्‍यो। प्रदर्शन गरिएका नाचमा देवी, भैल, माक, जंगली, खिचा, ख्या, कवांच, हनुमान, गाइचा, लुसी, नागाचा, फाकंदली, ख्याल (नाटक), लाखे, कलाली, झ्याउरी, लाहुरे, झ्याझ्या, हुला, भालु, म्हेखा, दैत्य आदि प्याखं छन्।

### सांस्कृतिक नाचमा प्रतिस्पर्धा


मौलिकता झल्काउने सांस्कृतिक नाचको जगेर्ना गर्न भक्तपुर नगरपालिका लागिपरेको बताउँछन् भक्तपुर नगरपालिकाका मेयर सुनिल प्रजापति। उनी भन्छन्, 'पछिल्लो समय पुराना संस्कृति लोप हुने सँघारमा छन्।' मेयर भन्छन्, 'नगरपालिकाले सांस्कृतिक नाच बचाइराख्न भक्तपुर नगरव्यापी प्रतियोगिता आयोजना सुरु गरिएको हो। यसअघि कलाकारले इच्छा लागेमा मात्र नाच देखाउँथे। अब उत्कृष्ट नाच प्रदर्शनका लागि प्रतिस्पर्धा गर्न कलाकार लागिपरेका छन्।

पछिल्लो समय यस्ता नाचहरूमा युवाहरूको सहभागिता बढेको छ।' मेयर प्रजापति भन्छन्, 'भक्तपुर नगरपालिकाद्वारा आयोजित गाईजात्रा पर्व २०७६ मा सांस्कृतिक विधाहरूको प्रतियोगिताका २२ विधामा ९४ आटो सांस्कृतिक प्याखं (नाच) दर्ता भएका थिए। प्रतियोगिता स्थानीयसँग मिलेर गर्न लागिएको छ। गाईजात्रा निकालिने मार्गलाई पर्यटन मार्गका रूपमा विकास गरेका छौं।

### पाठ्यक्रममा घिन्ताङ घिसी

घिन्ताङ घिसी भक्तपुरको मौलिक नाच हो। सापारू अर्थात् गाईजात्राका अवसरमा प्रदर्शन गरिने यो नाच सोह्रौं शताब्दीमै विकास भएको हो। लट्ठी जुधाएर बाजाको तालमा नाचिने घिन्ताङ घिसी भक्तपुरमा गाईजात्राको अवसरमा मात्र देख्न पाइन्छ। मौलिक परम्परा जोगाउने उद्देश्य राखेर भक्तपुर नगरपालिकाले स्थानीय पाठ्यक्रममा घिन्ताङ घिसी नाच समावेश गरेको छ। बीचमा यो नाचको मौलिकता हराउँदै गएको थियो। स्कुले बालबालिकाको सहभागितामा घिन्ताङघिसी नाच चलिरहेको छ। उनीहरूले सात दिनसम्म 'ताहा मचा गना ते..' भन्दै ठाउँठाउँमा यो नाच देखाउने छन्।

*(अन्नपूर्ण २०७६ भाद्र ७ गते)*



Henry Ambrose Oldfield's

# SKETCHES FROM NIPAL 40

For many years previous to 1792 the Nipalese had encroached on the territories beyond the Himalaya, and into the plains of eastern Tibet. The Llama of Digarchi, spiritual father to the Emperor of China, applied to the Chinese for assistance, but his appli- cation was unattended to. The Nipalese, becoming emboldened by the apparent indifference of the Chinese, advanced by the Kuti pass to Digarchi, and plundered the sacred temples of that town. The Emperor of China then dispatched an army of seventy 'thousand men, in order to inflict signal punishment on "the rubber," as he styled the King of Nipal. This army advanced steadily, and, easily overcoming any resistance the Gorkhas attempted to make, reached Nayakot, only twenty miles from Kathmandu, in Sep- tember 1792. The Nipal Darbar, in despair, submitted to make a hasty aid degrading treaty, the exact terms of which are not known to us, with the Chinese authorities. On the approach of the Chinese army the Nipalese applied to Lord Cornwallis for assistance by our arms.* This Lord Cornwallis (15th September 1792) declined to afford, on account of the peace then existing between the British and Chinese, and the danger to our trade with Canton which would ensue should that peace be interrupted. He, however, offered, as soon as the Tarai opened, to send a British envoy to mediate a peace between China and Nipal. Meantime the Nipalese had succumbed to the Chinese, and the Imperial army had been withdrawn beyond the Himalayas.

As several subjects of discussion, however, between the British and Nipal Governments, still remained unadjusted, Major Kirkpatrick, the appointed envoy, though the ostensible object of his mission was now over, was allowed to proceed to Kathmandu, where he arrived on the 1st of March 1793, being the first Englishman Avho had ever visited Nipal.

The chief objects he had orders to carry out were of a commercial nature; he was to try and induce the Nipal use to act up to the Treaty of 1792, for the encouragement of trade and traders, especially the woolen 'trade with Tibet, through Nipal; and as a means of protecting such trade, as well as improv-in the friendship between the two nations, he was to urge on them the establishment of a resident British officer at the Court of Nipal. Unable to effect any of these objects, — the semblance even of coin- ciding with our views not being kept up by the Darbar, now that the exigency which had induced them to apply to us was passed, — Kirkpatrick returned to Bengal; and so, terminated our first mission to the Gorkha Court. **(To be continued)**

(* The Chinese came by the Kerang pass. The Chinese general, Thung Than, did not descend below the town of Dhaibung or mountain of that name; but part of his army came to the valley of the Trisulganga. There was an obstinate action at Khatria between the Chinese and the Nipalese, a day's march from Dhai- bung. The Nipalese were beaten.

At Hasson, midway between Dhaibung and the Koran g pass, is a stream with a bridge over it; and the Nipalese disputed the passage of the bridge with the Chinese for three days.

There was an obstinate action immediately below the Deorali (Gosainthan Mount). The Nipalese were driven hack to Dhunche thence to Khabora. )

## नेपालको संविधान २०७२ (४७)

भाग – ३३

## संक्रमणकालीन व्यवस्था

**३०१. संवैधानिक निकाय र पदाधिकारी सम्बन्धी व्यवस्था :** (१) यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका र यस संविधानमा व्यवस्था भएका संवैधानिक निकाय यसै संविधान बमोजिम गठन भएको मानिनेछ र त्यस्ता निकायमा विचाराधीन रहेका विषयलाई यो संविधानको अधीनमा रही फर्छ्यौट गर्न बाधा पुऱ्याएको मानिने छैन।

(२) यो संविधान प्रारम्भ हुँदाका बखत बहाल रहेका संवैधानिक निकायका प्रमुख वा पदाधिकारी यसै संविधान बमोजिम नियुक्त भएको मानिनेछ र निज नियुक्त हुँदाका बखतको सेवाको शर्तको अधीनमा रही आफ्नो पदमा बहाल रहनेछ।

(३) यो संविधान प्रारम्भ हुँदाका बखत अख्तियार दुरुपयोग अनुसन्धान आयोग र लोक सेवा आयोगमा यस संविधानमा उल्लेख भएको संख्या भन्दा बढी संख्यामा कार्यरत पदाधिकारी निज नियुक्त हुँदाका बखतको सेवाको शर्तको अधीनमा रही आफ्नो पदमा बहाल रहनेछ।

**३०२. प्रदेश र स्थानीय तहमा सरकारी सेवाहरूको गठन र सञ्चालन :** (१) प्रदेश र स्थानीय तहमा आवश्यक सेवा प्रवाह गर्न नेपाल सरकारले आवश्यक व्यवस्था गर्नेछ।

(२) उपधारा (१) बमोजिमको व्यवस्था गर्दा यो संविधान प्रारम्भ हुँदाका बखत सरकारी सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीलाई नेपाल सरकारले कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहमा समायोजन गरी सेवा प्रवाहको व्यवस्था मिलाउन सक्नेछ।

**३०३. स्थानीय निकाय सम्बन्धी व्यवस्था :** (१) यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका स्थानीय निकायहरू यो संविधान बमोजिम स्थानीय तहको संख्या र क्षेत्र निर्धारण नभएसम्म कायम रहनेछन्।

(२) उपधारा (१) बमोजिम कायम रहेका स्थानीय निकायका पदाधिकारीको निर्वाचन कानून बमोजिम हुनेछ।

(३) उपधारा (२) बमोजिम निर्वाचित स्थानीय निकायका पदाधिकारीहरू यो संविधान बमोजिम स्थानीय तहको निर्वाचन नभएसम्म कायम रहनेछन्।

**३०४. वर्तमान कानून लागू रहने :** (१) यो संविधान प्रारम्भ हुँदाका बखत कायम रहेका नेपाल कानून खारेज वा संशोधन नभएसम्म लागू रहनेछन्।

तर यो संविधानसँग बाझिएको कानून यो संविधान बमोजिमको संघीय संसदको पहिलो अधिवेशन बसेको मितिले एक वर्षपछि बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

(२) नेपालको अन्तरिम संविधान, २०६३ बमोजिमका शान्ति प्रक्रिया सम्बन्धी कार्यहरू यसै संविधान बमोजिम भए गरेको मानिनेछ।

**३०५. बाधा अड्काउ फुकाउने अधिकार :** यो संविधान बमोजिम संघीय संसदको निर्वाचन भई त्यसको पहिलो अधिवेशन प्रारम्भ भएसम्म यो संविधानको कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा राष्ट्रपतिले नेपाल सरकार, मन्त्रिपरिषदको सिफारिसमा त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक आदेश जारी गर्न सक्नेछ। त्यस्तो आदेश जारी भए पछि तत्काल बसेको व्यवस्थापिका-संसद वा संघीय संसद समक्ष अनुमोदनका लागि पेश गर्नु पर्नेछ। (क्रमशः)

नगरपालिका नगरवासीहरूको संस्था हो ।
करदाताहरूले समयमै कर बुझाऔं
नगरको विकासमा सघाऔं ।

## तपाईंको भान्छा

# घिउकुमारी जुसको फाइदा

घिउकुमारी एक गुणकारी औषधि हो। यसको सेवनबाट वायुजनित रोग तथा पेटको रोगबाट आराम मिल्छ। यसबाट अल्सर, अम्लपित्त, रक्तशोधक तथा पाचनप्रक्रियामा गुणकारी मानिन्छ। औषधिको दुनियाँमा यसलाइ सञ्जीवनी पनि भनिन्छ। यसलाई साइलेन्ट हिलर या चमत्कारी औषधि पनि भनिन्छ। यसको २०० भन्दा बढी प्रजाति हुन्छ। तीमध्ये ५ प्रजाति मात्र स्वास्थ्यका लागि लाभकारी हुन्छ। रामायण, बाइबल तथा वेदमा पनि घिउकुमारीको पनि चर्चा गरिएको पाइन्छ।

- घिउकुमारीमा १८ खनिज, १५ एमिनो एसिड र १२ भिटामिन पाइन्छ, जसले रगतको कमीलाई पूर्ति गर्छ र रोगप्रतिरोधक क्षमता बढाउँछ।
- घिउकुमारीको पातको रसलाई ३ देखि ४ चम्चा रस बिहान खाली पेटमा खानाले दिनभर शरीर फुर्तिलो रहन्छ।
- घिउकुमारीको जुस पिउनाले कब्जियत हट्छ।
- यसले सुगर नियन्त्रण गर्छ।
- घिउकुमारीको जुस मेहन्दीमा मिसाएर लगाउनाले कपाल चम्किलो र स्वस्थ हुन्छ।
- यसबाट पायल्स, मधुमेह तथा गर्भाशयको रोग एवम् पेटको विकार भगाउँछ।
- छालाको समस्या, खस्रो छाला, घामबाट डढेको छाला, चाउरिएको छाला, दाग एवम् आँखाको कालो घेरा हटाउँछ।
- घिउकुमारीको जुसले लामखुट्टेको टोकाईबाट हुने संक्रमणलाई कम गर्न सकिन्छ।
- रगतलाई शुद्ध बनाउँछ, जसबाट हेमोग्लोबिनको कमी पनि पूरा गर्छ।
- शरीरमा व्हाइटब्लडको सङ्ख्या बढाउँछ।
- घिउकुमारीको जुसले छालालाई नरम बनाउँछ, जसबाट छाला स्वस्थ बनाउँछ।
- नियमित सेवनले शरीरको जोर्नी दुखाई कम गर्छ।
- घिउकुमारीलाई सौन्दर्य साधनका लागि जेल, बडी लोशन, हेयर जेल, स्कीन जेल, स्याम्पु, साबुन तथा फेसियल फेम आदिमा प्रयोग गर्न सकिन्छ।
- कपालका लागि वरदान हो घिउकुमारी।
- घिउकुमारीले कपाललाई सुन्दर बनाउने मात्र होइन, जरैदेखि मजबूत बनाउँछ। यसले कपाल झर्न दिदैंन।
- घिउकुमारीको जुसलाई तालु खुईलिने, चायाँ आदिमा प्रभावकारी मानिन्छ।


*– स्वास्थ्य खबर पत्रिका*

## भक्तपुर नगरपालिकाद्वारा सञ्चालित **घरदैलो नर्सिङ सेवा**को प्रतिवेदन (२०७६ साउन महिना)

| वडा नं. | स्टाफ नर्सको नाम | परिवार सङ्ख्या | उच्च रक्तचाप | मधुमेह | दम | हाडजोर्नी | ग्याष्ट्रिक | थाइराइड | मुटुरोग | नशा रोग | मानसिक रोग | क्षयरोग | जण्डिस | सुस्त मनस्थिति | पक्षघात | मृगौला रोगी | पथरी | कोलेष्ट्रोल | क्यान्सर | अन्य | निधन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सुमी खबुजा | २५० | १०८ | ६१ | १९ | १५ | ११ | ३ | ९ | ३ | ११ | १ | १ | ० | ० | १ | ० | ४ | १ | ५ | १ |
| २ | रजनी सुवाल जरेजु | १९६ | ७४ | २३ | १३ | १६ | ९ | ३ | ८ | २ | २ | ० | ० | ० | ० | १ | २ | १ | १ | ४ | ० |
| ३ | अनु गोसाईं | ३९५ | ८४ | ५६ | ३१ | २८ | १२ | ८ | ० | २४ | १२ | २ | ० | ० | ० | ४ | ० | ६ | ८ | ० | ३ |
| ४ | बिमला कुम्पाख | ४६५ | १२३ | ४५ | २० | २० | १५ | ८ | ८ | ० | ४ | ० | ० | ० | ० | ४ | ० | ० | २ | १५ | १ |
| ५ | मञ्जु छुकां | ६०४ | १७१ | ४७ | १३ | ७ | ११ | ६ | १५ | ० | १ | ० | १ | ० | ० | ० | ० | ४ | ० | ० | ४ |
| ६ | सृजना बोहजु | ३२० | ८५ | ६० | १२ | १७ | १५ | ० | ८ | १८ | १२ | २ | ० | ० | ० | ५ | ० | ० | ६ | ४ | ० |
| ७ | सुमित्रा राजचल | १५० | १९ | ७ | ९ | ७ | ८ | ४ | १ | ० | २ | ० | ० | ० | ० | ० | ० | १ | ० | ११ | १ |
| ८ | सरिता गोसाईं | २३२ | ४७ | ११ | ० | १७ | ५ | ० | २ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | ७ | २ |
| ९ | सबिना दुवाल | १६० | ३६ | १२ | ३ | २ | २ | ३ | २ | २ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ४ |
| १० | मोनिका पही | ३७५ | ३८ | २७ | ७ | ६ | ० | ६ | ११ | ० | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ |

संकलन - कमल केशरी राजचल

# आ.व. २०७६/७७ श्रावण महिनामा भक्तपुर नगर अवलोकन गर्ने पर्यटकहरू




| गते | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | २८९ | १६१ | १७७ | २५३ | २०४ | १४३ | १५३ | २१७ | १८३ | २२२ | ३१२ | १३८ | १५३ | १८२ | २१३ | १७१ |
| ■ सार्क तथा चिनियाँ | ४०९ | २०४ | २२५ | ४०७ | १९० | २४४ | २७४ | २९२ | २४० | २८३ | ४६७ | २३४ | १९६ | २४१ | २९१ | २३८ |

| गते | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ | ३० | ३१ | ३२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | १७१ | ३१० | २४८ | ३१७ | २६५ | २७६ | २९४ | २६४ | ३६१ | ४०२ | २३७ | ३३४ | ३७७ | २९१ | ६०० | २२३ |
| ■ सार्क तथा चिनियाँ | २९६ | ४२४ | ३१२ | ३२८ | २९३ | २८५ | २७३ | ३२० | ५८९ | ३७४ | ४४५ | ३६५ | २९७ | २७६ | ५२४ | ४२० |

| | गैर सार्क | सार्क तथा चिनिया¤ | कूल पर्यटक संख्या |
|---|---|---|---|
| २०७६ श्रावण | ८,१४१ | १०,२५६ | १८,३९७ |
| २०७५ श्रावण | ७,५१५ | ८,५६४ | १६,०७९ |
| प्रगति | ६२६(८.३३%) | १,६९२ (१९.७६%) | २,३१८ (१४.१२%) |

तथ्याङ्क र चार्ट : पर्यटक सूचना केन्द्र

सम्पादकको पृष्ठ

## क्यान्सर अस्पतालमा नगरपालिकाको प्रवेश किन ?

भक्तपुर क्यान्सर अस्पताल भक्तपुर नगरपालिकाले जग्गा र पैसा प्रदान गरी स्थापना भएको अस्पताल हो । जनताकै सम्पत्तिद्वारा निर्मित अस्पताल जनताकै साझा सम्पत्ति हुनुपर्छ भन्ने जनताको चाहना र माग हो । तर क्यान्सर अस्पताल व्यवस्थापन समितिका तत्कालीन पदाधिकारीहरूले अस्पताललाई आफ्नो निजी सम्पत्ति ठाने र जनताको सम्पत्तिको दुरूपयोग गरे । आर्थिक अनियमितता गरेको घटना सार्वजनिक भएपछि नगरपालिकाले समाचारहरूको सत्य तथ्य बुझ्न पटक पटक प्रयास गऱ्यो । तत्कालीन व्यवस्थापन समितिका पदाधिकारीहरू जनप्रतिनिधिहरूसँग सम्पर्कमै आउन चाहेनन् ।

क्यान्सर अस्पतालमा भएका भ्रष्टाचारका समाचारसँगै नगरका जनताले ठाउँ ठाउँबाट छानविनको माग राख्दै निवेदन दर्ता गर्न थाले । क्यान्सर अस्पतालका चिकित्सक र कर्मचारीहरूले समेत नयाँ व्यवस्थापन समिति गठन गरी स्थितिलाई सम्हाल्न आग्रह गरी नगरपालिकामा निवेदन दिए । एक पछि अर्को भ्रष्टाचारको पोल खुलेपछि तत्कालीन अस्पताल व्यवस्थापन समितिका पदाधिकारीहरूले अस्पताल छिर्ने आँट गर्न सकेनन् । स्थानीय जनताले अस्पताल व्यवस्थापनमा पदाधिकारीहरूको अनियमितताबारे छानविनको माग र कर्मचारी तथा चिकित्सकहरू पुरानो व्यवस्थापन समितिका पदाधिकारीहरूको निर्देशनमा बस्न नसकिने भन्दै नयाँ व्यवस्थापन समिति गठनको माग गरेपछि वस्तुस्थितिलाई ध्यान दिएर २०७६ साउन ३० गते भक्तपुर नगर कार्यपालिकाको बैठक बस्यो र नगर प्रमुखको अध्यक्षतामा अस्पताल व्यवस्थापन समिति गठन गऱ्यो । नव गठित समितिले चिकित्सक कर्मचारीहरूलाई काम सुचारू गर्न आग्रह गऱ्यो । स्थिति अलिकति पनि बिग्रन दिएन । नगरपालिकाले समयमा उचित कदम चालेको कारण नगरबासीहरू र चिकित्सक एवं कर्मचारीहरू खुशी छन् । नयाँ व्यवस्थापन समितिको गठनपछि अस्पतालले विगतमा भन्दा गुणस्तरीय सेवा प्रदान गर्दै आएको छ ।

अस्पतालमा कार्यरत ३८ जना कर्मचारीहरू व्यवस्थापन समितिकै सदस्य विमल होडाको भरोसा सर्भिसेज प्रा.लि.ले अस्पतालबाट मासिक २६,०००।- भन्दा बढी बुझिलिई कर्मचारीलाई १३,०००।- मात्रै बुझाई श्रम शोषण गरेको देखियो । १०० शैय्याको अस्पतालले आफैले फर्मेसी सञ्चालन गर्नुपर्ने नियमविपरीत निजी क्षेत्रलाई सञ्चालन गर्न दिई आर्थिक अनियमितता गरेको, ल्याब सञ्चालनमा ५६ प्रतिशत अस्पताललाई र ४४ प्रतिशत निजी क्षेत्रलाई दिई कर्मचारीसमेत निजी क्षेत्रले व्यहोर्दै आएकोमा २०७४ सालदेखि ४५ प्रतिशत आम्दानी अस्पताललाई र कर्मचारीसमेत अस्पतालले व्यहोर्ने सम्झौता गरी नियोजित रूपमै अस्पताललाई नोक्सान गरेको पाइएको छ । सिटी स्क्यान अस्पतालले नै राखेर सञ्चालन गर्नु पर्नेमा निजी क्षेत्रलाई दिई प्रशस्त पैसा असुल गरिरहेको, कर चुक्ता रू.१ करोडको मात्रै देखाएको देखिन्छ जबकि वार्षिक रू. १६ करोडभन्दा बढी आम्दानी भएको रेकर्डले देखाएको बताइन्छ । यसरी जनताको साझा सम्पत्तिमाथि आँखा गाड्ने र अकूत सम्पत्ति कमाउनेहरूलाई तत्काल अख्तियारले कार्बाही गर्नुपर्ने माग भक्तपुरबासी जनताको छ । आशा छ, भक्तपुरका जनताले अस्पतालमा आर्थिक अनियमितता गर्नेहरू सबैले कानुन बमोजिम सजायँ पाएको देख्न पाउने छन् ।

# पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रमका केही झलक






# पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रमका केही झलक



